"स्वच्छ, समृद्ध र समतामूलक उर्लाबारी"

## उर्लाबारी नगरपालिका

# विपद् तथा जलवायु उत्थानशील योजना, २०८२

# Disaster and Climate Resilience Plan-2082




## स्थानीय विपद् व्यवस्थापन समिति

उर्लाबारी नगरपालिका, मोरङ

कोशी प्रदेश

२०८२



बेतेनी सिमसार क्षेत्र, उर्लावारी २

दस्तावेजः विपद् तथा जलवायु उत्थानशील योजना २०८२, उर्लाबारी नगरपालिका, मोरङ

निर्माण निर्देशिकाः स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा दिग्दर्शन, २०८१

सर्वाधिकारः उर्लाबारी नगरपालिका, कोशी प्रदेश, मोरङ ।

प्राविधिक सहयोग तथा सम्पादन: गाउँले कन्सल्टेन्सी सेवा, विराटनगरको तर्फवाट रामकुमार दाहाल, यश प्रसाद सुब्बा, सूर्यकुमार दाहाल

योजना तयारी: उर्लाबारी नगरपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिको नेतृत्व र साप्ला निर जापान र नेपाल ग्रामीण पुनर्निर्माण संस्था (RRN) को सहयोगमा योजना तर्जुमाका लागि विपद् व्यवस्थापन शाखाले नगरपालिकाका अन्य शाखा र सरोकारवालाहरूसँग समन्वय गरी कार्यसञ्चालन गरेको छ । नगरपालिकाको नेतृत्वमा वडा भेला गरी नगरभरीको विपद् विश्लेषण गरिएको छ । यो योजना नगरपालिकाका विषयगत शाखाहरू, वडा कार्यालयहरू, समुदायमा आधारित संस्थाहरू, गैरसरकारी संस्थाहरू र निजी क्षेत्र समेतको संलग्नतामा तयार गरिएको छ ।

# Abbreviation

| Short Form | Full Form | Nepali |
|---|---|---|
| CCA | Climate Change Adaptation | जलवायु परिवर्तन अनुकुलन |
| CCCM | Camp Coordination and Camp Management | क्याम्प समन्वय तथा व्यवस्थापन |
| CDCRP | Community Disaster and Climate Resilience Plan | सामुदायिक विपद् तथा जलवायु उत्थानशील योजना |
| CDPRC | Community Disaster Preparedness and Response Committee | सामुदायिक विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति |
| DDMC | District Disaster Management Committee | जिल्ला विपद् व्यवस्थापन समिति |
| DEOC | District Emergency Operation Centre | जिल्ला आपत्कालिन कार्यसञ्चालन केन्द्र |
| DPRP | Disaster Preparedness and Response Plan | विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना |
| DRRMA | Disaster Risk Reduction and Management Act 2018 | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ |
| DRRMEC | Disaster Risk Reduction and Management Executive Committee | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति |
| DRRMNC | Disaster Risk Reduction and Management National Counsel | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् |
| DTO | District Technical Office | जिल्ला प्राविधिक कार्यालय |
| DUDBC | Department of Urban Development and Building Construction | शहरी विकास तथा भवन निर्माण विभाग |
| FCHV | Female Community Health Volunteer | समुदायमा कार्यरत महिला स्वास्थ्य स्वयमसेविका |
| GBV | Gender Based Violence | लैङ्गिकमा आधारित हिंसा |
| HFA | Hygo Framework Approach | ह्योगो कार्यसंरचना |
| IEC | Information, Education and communication | सूचना, शिक्षा र सञ्चार |
| IRA | Initial Rapid Assessment | प्रारम्भिक द्रुत लेखाजोखा |
| LEOC | Local Emergency Operation Centre | स्थानीय आपत्कालिन कार्य सञ्चालन केन्द्र |
| LDCRP | Local Disaster and Climate Resilience Plan | स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना |
| LDCRF | Local Disaster and Climate Resilience Framework | स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना |
| LDMC | Local Disaster Management Committee | स्थानीय विपद् व्यवस्थापन समिति |
| NCRA | Natural Calamity Relief Act 2039 | दैवी प्रकोप उद्धार ऐन २०३९ |
| NDRF | National Disaster Response Framework | राष्ट्रिय विपद् प्रतिकार्य कार्यसंरचना |
| NDRRMA | National Disaster Risk Reduction and Management Authority | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |
| NEOC | National Emergency Operation Centre | राष्ट्रिय आपत्कालिन कार्यसञ्चालन केन्द्र |
| NEWS | National Early Warning System | राष्ट्रिय पुर्वसूचना प्रणाली |
| NFRI | Non-Food Relief Items | गैर खाद्य सामग्री |
| NRCS | Nepal Red Cross Society | नेपाल रेडक्रस सोसाईटी |
| NSDRM | National Strategy for Disaster Risk Management | विपद् जोखिमव्यवस्थापनकालागि राष्ट्रिय रणनीति |
| MIRA | Multi Cluster Initial Rapid Assessment | बहुविषयगत प्रारम्भिक द्रुत लेखाजोखा |
| PDMC | Province Disaster Management Council | प्रदेश विपद् व्यवस्थापन परिषद |
| PDMEC | Province Disaster Management Executive Committee | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति |
| PEOC | Province Emergency Operation Centre | प्रदेश आपत्कालिन कार्यसञ्चालन केन्द्र |
| PRA | Participatory Rural Appraisal | सहभागितात्मक लेखाजोखा मूल्याङ्कन |
| RRA | Rapid Rural Appraisal | द्रुत लेखाजोखा मूल्याङ्कन |
| RRT | Rapid Response Team | द्रुतप्रतिकार्य समूह |
| WDPRC | Ward Disaster Preparedness and Response Committee | वडास्तरीय विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति |

# विषयसूची

खण्ड एक :

योजनाको संक्षिप्त चिनारी

१.१ पृष्ठभूमि....7
१.२ योजनाको परिचय....7
१.३ उद्देश्यः....8
१.४ योजना निर्माणको सीमा....8
१.५ योजना निर्माणका मार्गदर्शक नीतिगत व्यवस्था....9
१.६ योजना निर्माणका क्रममा सम्पन्न गरिएका कार्यहरुः....11
१.७ तत्कालीन तथा दीर्घकालीन नतिजा....11
१.८ योजना निर्माणका क्रममा सहभागिता....11
१.९ योजना तर्जुमा विधि तथा प्रक्रिया....12
१.१० योजनाको लक्षित समूह....13

खण्ड दुइ :

उर्लाबारी नगरपालिकाको परिचय

२.१ उर्लाबारी नगरपालिका....14
२.२ नगरको वडागत जनसंख्याः....14
२.३ भूमिको वस्तुस्थिति :....16
२.४ जलस्रोत....17
२.५ जलवायु....17
२.६ भू-स्वामित्व तथा भू-सम्बन्ध....18
२.७ राजनीतिक विभाजन....20
२.८ वडागत टोलसंस्थाहरूको विवरण....20
२.९ शैक्षिक संस्थाहरुको विवरणः....28
२.१० उर्लाबारी नगरपालिकाको विषयगत समितिहरूको विवरण....29
२.११ जनप्रतिनिधिहरूको विवरण....30

खण्ड तीन :

विपद् जोखिम विश्लेषण

३.१ नगरपालिकाका मुख्य जलवायु परिवर्तन र विपद्को जोखिमहरू....32
३.१.१ भूकम्पीय प्रकोप तथा जोखिम....33
३.२ वाढीजन्य प्रकोप तथा जोखिम....36
३.३ आगलागीजन्य प्रकोपको अवस्था तथा सम्भाव्यता....47
३.४ पेट्रोल पम्प र ग्याँस डिपोहरूको विवरण....52
३.५ वन्यजन्तु आतङ्कको जोखिम....52
३.५.१ सामुदायिक कुकुरहरुको आतङ्क....53
३.६ सडक दुर्घटनाको जोखिम....54
३.७ विद्युतीय जोखिमको अवस्था....56

३.८ जलवायु परिवर्तनको प्रभाव ....57
३.८.१ जलवायु परिवर्तनको प्रभाव 59
३.८.३ जलवायु परिवर्तन र विपद् जोखिम बारे सूचना....62
३.८.४ जलवायु परिवर्तनका परिदृश्यहरु र त्यसका प्रत्यक्ष असरहरु....63
३.९ बहुप्रकोपीय जोखिम....65

खण्ड चार :

क्षमता विश्लेषण

४.१ स्वास्थ्य क्षेत्रमा विपद् व्यवस्थापनका लागि वर्तमान क्षमता....74
४.२ सडक पुल तथा अन्य भौतिक संरचना ....75
४.३ सिंचाई ....77
४.४ खानेपानी सरसफाई तथा ढलनिकास....79
४.५ सञ्चार ....81
४.६ जीविकोपार्जनका लागि तोकिएका पकेट क्षेत्रहरू....82
४.७ पालिका क्षेत्र भित्र पशुको वंशाणुगत विकास वा ब्रिडिङ सेन्टरहरू....82
४.८ नगरपालिकाभित्र कार्यालयहरूको विवरण....83
४.६ नगरपालिका क्षेत्रमा रहेका एम्बुलेन्स, दमकल र हेभ्भी इक्वीपमेण्ट....85
४.७ बैंक वा वित्तीय संस्थाहरूको विवरण ....86
४.९ सामुदायिक भवनहरूको विवरण....89
४.१० सुरक्षित र खुल्ला स्थानहरू....91
४.११ सुरक्षा संयन्त्रहरूमा विद्यमान वन्दोबस्तीका सामग्रीहरू ....92

खण्ड पाँचः

राष्ट्रिय रणनीतिक कार्ययोजनाका प्राथमिकता प्राप्त क्षेत्र तथा कार्यहरू

५.१ राष्ट्रिय रणनीतिक कार्ययोजना प्राथमिकताका क्षेत्र सम्बन्धी विषयहरु ....96
५.१.१ प्रकोपबारे बुझाई
५.१.२ विपद् तथा जलवायु उत्थानशील शासकीय पद्धति....96
५.१.३ विपद् उत्थानशीलता बृद्धि गर्न बृहत्तर जोखिमका जानकारीमा आधारित नीजि तथा सार्वजनिक लगानी ....97
५.१.४ प्रभावकारी प्रतिकार्य र पुर्नलाभ ....98
५.२ हालको क्षमता....98
५.३ स्थानीय तहको क्षमता ....98
५.४ पहिचान गरेर प्राथमिकतामा राखेका क्षमता अभिबृद्धिका तालिमहरु ....99

खण्ड छ :

समस्या, प्राथमिकता र योजना

६.१ विपद् तथा जलवायु उत्थानशील योजनाका क्रियाकलापहरू....101

खण्ड सात :

विपद् तथा जलवायु उत्थानशील योजना

७.१ सोच, लक्ष्य र रणनीति....104
७.२ स्थानीय विपद तथा जलवायु उत्थानशील योजनाका लागि प्राथमिकताका क्षेत्रहरू....104
७.३ विपद जोखिम न्यूनीकरणका उपायहरू....109

खण्ड आठ :

बजेटको विनियोजन र विकास योजनामा मूलप्रवाहीकरण

८.१ स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि लगानीको न्यूनतम लक्ष्य....118
८.२ आवधिक र वार्षिक विकास योजनामा मूलप्रवाहीकरणको योजना....118

खण्ड नौ :

सामान्य पूर्वतयारी योजना (सम्पूर्ण विषयगत क्षेत्रहरुका लागि)

९.१ प्राथमिकता प्राप्त रणनीतिक पूर्वतयारी....128
९.२ विषयगत क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्य योजना....131
९.३ विषयगत क्षेत्रहरुको विपद पूर्वतयारी र प्रतिकार्यका कृयाकलापहरु....132
९.४ बाढीको प्रतिकार्य योजना....161

खण्ड दश :

विविध

१०.१ स्रोत साधनको व्यवस्थापन....166
१०.२ अन्य निकायसँगको समन्वय र सहकार्य....166
१०.३ अनुगमन, मूल्याङ्कन तथा सिकाई योजना....166
१०.३.१ लक्ष र सूचकहरू
१०.३.२ अनुगमन, मूल्याङ्कन र योजनाको परिमार्जन....167
१०.३.३ क्षमता विकास रणनीति र योजना....168

अनुसूचीहरु

अनुसूची १ : नगरपालिकाको वडागत प्रकोप नक्साङ्कन तथा स्तरीकरण....168
अनुसूची २ उर्लाबारी नगरपालिकाका निर्वाचित पदाधिकारीहरुको सम्पर्क नम्बरहरु....169
अनुसूची ३ : स्थानीय विपद् व्यवस्थापन समितिको नामावली....170
अनुसूची ४ वडास्तरीय विपद् व्यवस्थापन समिति....170
अनुसूची ५ : नगरपालिकाको वडागत प्रकोप नक्शा....175
अनुसूची ६ : वडागत रूपमा रहेको शैक्षिक संस्थाहरूको विवरण....179
अनुसूची ७ : उर्लाबारी नगरपालिकामा रहेका स्थानीय क्लवहरुको विवरण....181
सन्दर्भ सामग्री....१८९

# खण्ड एक :
# योजनाको संक्षिप्त चिनारी

## १.१ पृष्ठभूमि

नेपाल भूकम्प, बाढी, पहिरो, आगलागी, हावाहुरी, प्रदूषण, सडक दुर्घटना, खडेरी, अतिवृष्टी, चट्याङ, सरूवा रोग, असिना, शीतलहर, वन्यजन्तु आतङ्कजस्ता प्रकोपबाट उच्च जोखिममा रहेको छ । विपद्बाट हुनसक्ने सम्भावित मानवीय क्षति तथा धन सम्पत्ति र आधारभूत सेवा सुविधाहरूको क्षति तथा नोक्सानी कम गर्नका साथै विपद्को समयमा प्रभावकारी रुपमा मानवीय सहायता परिचालन गर्न विपद् पूर्वतयारीले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। तसर्थ प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपहरूबाट हुन सक्ने विपद्का घटनाबाट मानिसको जीउधन, विकास पूर्वाधार तथा सेवाहरूको क्षतिलाई कम गर्न विपद् पूर्वतयारी तथा जोखिम न्यूनीकरण कार्यलाई मजबुत वनाउँदै उत्थानशील विकासमा केन्द्रित हुन जरुरी छ । विपद्लाई बुझ्ने भाग्यवादी चिन्तनमा आउँदै गरेको परिवर्तनका कारण विपद् जोखिम न्यूनीकरण प्रक्रियाले देशमा संस्थागत विकासको बाटो फराकिलो बनाउँदै ल्याएको छ । तथापि, आपत्कालीन मानवीय सहयोगलाई स्फूर्त, प्रभावकारी र प्रभावितको पहुँच सहज बनाउन धेरै कार्य गर्नु जरुरी छ । यस प्रयासमा देशको भूबनोट, गरिबी र जनचेतनाको कमी लगायतका आधारभूत कारणले अबरोध उत्पन्न गरिरहेको छ । विश्वव्यापी रूपमा बढ्दै गएको विपद्को जोखिम कम नगरिएसम्म दिगो विकास लक्ष्य प्राप्त हुन नसक्ने देखिएकाले यसको व्यवस्थापनका लागि बिभिन्न पक्षमा काम गर्नु आवश्यक रहेको छ।
उर्लाबारी नगरपालिका बिभिन्न प्रकारका विपद्हरुबाट प्रभावित छ । हरेक बर्ष विपद्का कारण जनधनको उल्लेखनीय क्षति भइरहेको छ । त्यसैले विपद् व्यवस्थापन र जोखिम न्यूनीकरणका लागि स्थानीय तहको संस्थागत संरचना र क्षमता विकास गरी विपद्को सामना गर्ने क्षमता अभिवृद्धि गर्दै सुरक्षित संस्कृतिको विकासमा अगाडि बढ्नु आवश्यक छ । विपद्को सामना गर्ने क्षमता अभिवृद्धिका बिभिन्न कार्यक्रम र योजना मध्ये आपत्कालीन समयमा मानवीय जीवनको रक्षा र महत्वपूर्ण सम्पत्तिको संरक्षण गर्ने उद्देश्यका साथ कार्यविभाजन सहित "विपद् तथा जलवायु उत्थानशील योजना" उत्थानशील नगरपालिका निर्माणका लागि महत्वपूर्ण दस्तावेजको रुपमा रहने छ ।

नेपालको संविधानमा, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संसोधन २०७५) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका नीतिगत र कानुनी दस्तावेजलाई आधार मानेर स्थानीय तहको विपद् जोखिम व्यवस्थापनलाई सबल बनाउन पनि यस्ता योजनाको भूमिका महत्वपूर्ण हुनेछ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ र मस्यौदानको रूपमा रहेको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा दिग्दर्शन, २०८० बमोजिम विपद्को समयमा स्थानीय विपद् व्यवस्थापन समिति र नगरपालिकाले जिल्ला विपद् व्यवस्थापन समितिसँगको सहकार्य र प्रदेश तथा सङ्घीय सरकारको सहयोगमा गर्ने आपत्कालीन कार्य र शीघ्र पुनर्लाभका क्रियाकलापहरु पहिचान गर्दै विपद् जोखिम न्यूनीकरणका लागि प्रमुख क्रियाकलापहरू, कार्यान्वयन गर्ने मुख्य संस्था, सहायक संस्थाको पहिचान गरेर विपद् हुनुअघि र विपद्को समयमा गरिने कार्यका लागि समयावधि र बजेट प्रक्षेपण गर्दै सन् २०३० सम्ममा उर्लाबारी नगरपालिकालाई उत्थानशील नगरको रूपमा विकास गर्नका लागि यो योजना तयार गरिएको छ।

## १.२ योजनाको परिचय

मोरङ जिल्लाको उर्लाबारी नगरपालिका विपद्को उच्च जोखिम क्षेत्रको रूपमा रहेको छ । नगर क्षेत्रमा विपद्बाट हुनसक्ने क्षति घटाउनको लागि विकास योजना निर्माण तथा सञ्चालन गर्दा विपद्को जोखिम घटाउन र नयाँ जोखिम उत्पन्न हुन नदिई विपद् तथा जलवायु उत्थानशील समावेशी विकासका निमित्त यो योजना तयार गरिएको छ । यस योजनाले नगरपालिका क्षेत्रमा रहेका विद्यमान विपद्जन्य जोखिम र जलवायु परिवर्तनका असर घटाएर दिगो, भरपर्दो, प्रतिफलदायी र सुरक्षित विकास प्रक्रियालाई प्रवर्द्धन गर्नेछ । नगरपालिकामा सञ्चालन हुने विषयगत विकास क्षेत्रमा जोखिम पहिचान

गरी न्यूनीकरण गर्ने, जलवायु परिवर्तनबाट पर्ने प्रतिकूल प्रभावको सामना गर्न अनुकुलन क्षमता विकास गर्ने कार्यमा यस योजनाले मार्गदर्शनका रुपमा सहयोग गर्नेछ। तसर्थ, विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरणलाई विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्दै जोखिम घटाउने र विपद् भईहालेमा तत्काल विपद् प्रतिकार्य गरी प्रभावित व्यक्ति तथा परिवारको लागि उद्धार, प्राथमिक उपचार तथा आवश्यक आपत्कालीन मानवीय सहयोग उपलब्ध गराउन तथा मानव जीवन र जिवीकोपार्जनका साधन तथा सम्पत्ति[1] को संरक्षणका कार्यहरू गर्न नगरपालिकाका जिम्मेवार शाखा, वडा कार्यालयहरू र समुदायका प्रतिनिधिहरूबीच योजनाबद्ध रूपमा जिम्मेबारी बाँडफाँड सहित स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको दस्तावेज तयार गरिएको छ। यो योजना विपद् जोखिम न्यूनीकरण सम्बन्धी राष्ट्रिय र प्रादेशिक नीति तथा रणनीतिक कार्ययोजनाले पनि मार्गदर्शन गरेको विपद् तथा जलवायु उत्थानशील समुदायको विकासमा आधारित अवधारणा अनुरुप तर्जुमा गरिएको छ।

## १.३ उद्देश्यः

उर्लाबारी नगरपालिका क्षेत्रभित्र रहेका सम्भावित विपद् तथा जलवायुजन्य जोखिम न्यून गर्न, विपद्को समयमा आपत्कालीन कार्य सम्पादन गर्न, विपद्पछि पुनःस्थापना तथा पुनर्निर्माणका लागि योजनावद्ध क्रियाकलाप, जिम्मेबारी तथा बजेट सहित दिशानिर्देश गर्नु यस योजनाको प्रमुख उद्देश्य रहेको छ। यस योजनाको विशिष्ट उद्देश्य निम्नानुसार रहेका छन्:

- सहभागितामूलक विधि प्रक्रियाबाट उर्लाबारी नगरपालिका क्षेत्रको ९ वटा वडामा विद्यमान प्राकृतिक तथा मानव सृजित प्रकोपहरुको बारेमा छलफल गरी पहिचान गर्ने ।
- सहभागितामुलक विधिबाट वडागत रुपमा गरिएको छलफलबाट प्राप्त सूचनाको आधारमा नगरपालिकाको विपद् जोखिमको प्रोफाईल तयार गर्ने ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई क्षेत्रगत विकास योजनामा मूलप्रवाहीकरण गरी नगरपालिकाको विपद् तथा जलवायु उत्थानशील योजना तयार गर्ने ।
- विपद् जोखिमको प्रोफाईलको आधारमा सन् २०३० सम्ममा नगरलाई विपद् उत्थानशील बनाउन कृयाकलापहरू किटान गर्ने ।
- विपद् प्रतिकार्यको कामहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डहरुलाई स्थानीयकरण गर्ने।
- दिगो र उत्थानशील विकासका माध्यमबाट गरीबी घटाउने कार्यमा योगदान गर्ने।
- विपद् जोखिम राष्ट्रिय रणनीतिक कार्ययोजना (NSDRM) को लक्ष हासिल गर्न योगदान गर्ने।
- नगरको विकास निर्माणको कामहरुलाई दिगो र उत्थानशील बनाउने।

## १.४ योजना निर्माणको सीमा

**यस योजनाका सीमाहरु देहाय बमोजिम रहेका छन्।**

- यो योजना उर्लाबारी नगरपालिका क्षेत्रभित्र घटेका र घट्न सक्ने प्रकोपका घटनाहरू र यसबाट सिर्जित विपद्का कारण हुने क्षतिलाई कम गर्नका लागि तयार गरिएको छ।
- यो योजना उर्लाबारी नगरपालिका क्षेत्रभित्र विगतमा घटेका प्रकोपका घटनाहरु र यसबाट सिर्जित विपद्का अवस्था, स्थानीय स्तरमा उपलब्ध जानकारी तथा स्थानीय समुदाय र सरोकारवालाहरुका विपद् व्यवस्थापन सम्बन्धी बुझाई र अवधारणाहरुमा आधारित भै तयार गरिएको छ।

---

*सम्पति [1] मानवीय सम्पत्ति, प्राकृतिक सम्पत्ति, सामाजिक सम्पत्ति, भौतिक सम्पत्ति र आर्थिक सम्पत्ति*

- प्राकृतिक तथा मानवीय कारणबाट भविष्यमा हुनसक्ने बिभिन्न प्रकोपहरुको विश्लेषण, वडा स्तरको जोखिम विश्लेषण, विपद् सम्बन्धमा नेपालको वैधानिक अभिलेखहरु र उर्लाबारी नगरपालिकाको प्रोफाइलको आधारमा तयार गरिएको छ।
- यस योजना अन्तर्गत तर्जुमा गरिएका गतिबिधिहरु नगरपालिकाले विपद् व्यवस्थापनका लागि गर्नुपर्ने आधारभूत कार्यहरुका साथै नगरको दिगो विकास तथा विपद् उत्थानशीलता अभिवृद्धिका लागि क्षेत्रगत विकास योजनामा विपद् व्यवस्थापनका गतिविधिहरूलाई मूलप्रवाहीकरण कार्यमा केन्द्रित गरिएको छ। तथापी ठूला विपद्को अवस्थामा यो योजना कार्यान्वयनका लागि थप वाह्य स्रोतहरू समेत परिचालन गर्नुपर्ने भएकाले जिल्ला, प्रदेश र संघीय तहसम्म समन्वय र सहकार्य गर्नु पर्ने अवस्था रहेको छ।
- उर्लाबारी नगरपालिकाका ९ वटै वडामा वडास्तरीय जोखिम विश्लेषण गरी प्राप्त तथ्याङ्कका आधारमा नगरपालिकाको विपद् पार्श्वचित्र तयार गरिएको छ र यसैको आधारमा योजना तर्जुमा गरिएको छ।

## १.५ योजना निर्माणका मार्गदर्शक नीतिगत व्यवस्था

नेपाल प्राकृतिक प्रकोप तथा जलवायु परिवतर्नका कारण हुनसक्ने प्रतिकूल प्रभावबाट पनि नेपाल संवेदनशील अवस्थामा रहेको छ। जलवायु परिवर्तनको प्रत्यक्ष प्रभाव खासगरी जीविकोपार्जन, कृषि तथा खाद्य सुरक्षा, वन तथा जैविक विविधता, जलस्रोत तथा उर्जा, जलवायुजन्य प्रकोप, मानव स्वास्थ्य र ग्रामीण बसोबास तथा भौतिक पूर्वाधारको क्षेत्रमा देखा पर्न थालेको यथार्थलाई राष्ट्रिय अनुकूलन कार्यक्रम (NAPA) २०६७ मा उल्लेख गरिएको छ। जलवायु परिवर्तनसँगै विपद्का घटनाहरू बढ्दै गएका र निरन्तर दोहोरिरहने क्रम बढेको छ। जलवायु परिवर्तन एवं विपद्का कारण सामाजिक, आर्थिक, पर्यावरणीय र विकासका संरचनाहरूमा प्रतिकूल असर परेको कुरा बिभिन्न तथ्याङ्क र प्रमाणहरूले पुष्टि गरेका छन्। यसको असरबाट गरिब, विपन्न, महिला, बालबालिका, जेष्ठ नागरिकहरू, साधन स्रोतको पहुँचमा कमी रहेका र प्राकृतिक स्रोतमा आश्रित समुदाय बढी प्रभावित हुने गरेको तथ्य बिभिन्न अध्ययनहरूले पुष्टि गरिसकेका छन्।

जलवायु परिवर्तनको प्रतिकूल असर नेपाल र नेपालजस्ता अति कम विकसित एवं विकासोन्मुख देशहरूमा धेरै परिरहेको छ। नेपाल विश्वका १९८ मुलुकमध्ये भूकम्पीय जोखिमको हिसाबले ११ औं, पानीजन्य विपद्का दृष्टिले ३०औं स्थानमा रहेको छ।[२] त्यसैगरी नेपाल जलवायु परिवर्तनको प्रभावको दृष्टिले विश्वका २०५ मुलुकमध्ये दशौं जोखिमयुक्त मुलुक रहेको छ।[३] खासगरी ग्रामीण क्षेत्रमा जीविकोपार्जनका स्रोतमा जलवायु परिवर्तनका कारणले प्रत्यक्ष र अप्रत्यक्ष दुवै प्रकारको प्रभाव पारिरहेको छ ।

जलवायु परिवर्तन समानुकूलनलाई स्थानीय तथा राष्ट्रिय विकास योजना प्रक्रियामा समायोजन गर्ने लक्ष्य अनुरुप वातावरण मन्त्रालयले स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय ढाँचा (LAPA Framework) २०६८ ल्याएको देखिन्छ। नेपाल सरकारले जलवायु परिवर्तन अनुकूलन सम्बन्धी आवश्यकताहरू पहिचान तथा प्राथमिकीकरण गर्ने र सोही आधारमा मध्यकालीन (सन् २०३० सम्म) र दीर्घकालीन (सन् २०५० सम्म) समयका लागि वन तथा वातावरण मन्त्रालयको समन्वयमा राष्ट्रिय अनुकूलन योजना तयारी भएको छ। त्यसैगरी जलवायु अनुकूलनका लागि नेपाल सरकारले लागू गरेको राष्ट्रिय अनुकूलन कार्यक्रम (NAPA) २०६७, जलवायु परिवर्तन नीति, २०७६ कार्यान्वयन भइरहेको छ। जसले जलवायु परिवर्तन अनुकूलनका लागि प्राथमिकता दिनुका साथै उपलब्ध बजेटको ८० प्रतिशत स्थानीय तहमै लगानी गनुपर्ने व्यवस्था गरेको छ।

नेपाल सरकारबाट विपद् जोखिम व्यवस्थापनको क्षेत्रमा पूर्वतयारी तथा जोखिम न्यूनीकरण कार्यलाई विशेष महत्व दिई विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ का साथै स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८ बमोजिम योजना निर्माण, मूलप्रवाहीकरण तथा कार्यान्वयनमा जोड दिँदै आएको छ। हाल नेपालको संविधान

---

[2] UNDP/BCPR, *सन् २००४ ।*

[3] *जर्मन वाच, सन् २०२१ ।*

२०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (परिमार्जन २०७५ सहित), विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण नियमावली २०७६, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० जस्ता नीतिगत व्यवस्थाले विपद् व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैर-प्राकृतिक विपदबाट सर्वसाधारणको जीउधन र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षणमा जोड दिएको छ। त्यसैगरी कोशी प्रदेशले प्रदेश विपद् व्यवस्थापन नीति २०७६, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५, विपद् जोखिम न्यूनीकरणका लागि प्रदेश रणनीतिक कार्ययोजना सन् २०२०-२०३० तयार गरी कार्यान्वयनमा ल्याएको छ।

विद्यमान ऐन कानूनले स्थानीय तहलाई प्रत्याभूत गरेको अधिकारको प्रयोग गरी उर्लाबारी नगरपालिकाले तयार गरेको उर्लाबारी नगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५, उर्लाबारी नगरपालिका विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि २०७५, र राष्ट्रिय, प्रादेशिक र स्थानीय तहबाट तयार भई जारी भएका नीतिगत मार्गदर्शनका आधारमा उर्लाबारी नगरपालिकाले स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी यसलाई पूर्णता प्रदान गरेको छ। यस योजना निर्माणका मार्गदर्शक सिद्धान्त निम्नानुसार रहेका छन् ।

- संघ, प्रदेश र नगरपालिकाबाट लागू हुने कानून र नगरपालिकाले लागु गर्ने विकास नीति तथा कानूनी व्यवस्थालाई आधार मानिएको छ ।
- नगरपालिकामा विपद् व्यवस्थापनका लागि सहजीकरण, व्यवस्थापन, नियन्त्रण तथा नियमन गर्ने प्रमुख जिम्मेबारी नगर प्रमुखको हुने भएकाले सो जिम्मेबारी पूरा गर्न नगरपालिकाले स्थानीय विपद् व्यवस्थापन समिति र वडास्तरीय विपद् व्यवस्थापन समिति गठन गरी परिचालन गरेको छ। यसैगरी यस नगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा भएको संस्थागत विकासले यो योजना तर्जुमा र कार्यान्वयनका लागि आधार प्रदान गरेको छ।
- यस योजनाको कार्यान्वयनका लागि सार्वजनिक क्षेत्र, विकास साझेदार, सरोकारवाला संघसंस्थाहरू तथा समुदाय, निजी क्षेत्र, नागरिक समाजको सहभागिता तथा साझेदारी अभिवृद्धिको अवधारणालाई योजना निर्माणको आधारस्तम्भको रूपमा लिइएको छ ।
- आपत्कालीन प्रतिकार्यका क्रममा नगरवासीको जीवन, सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, सांस्कृतिक तथा वातावरणीय सम्पदाको रक्षा गर्दै मानव अधिकार तथा विकासको अधिकारलाई संरक्षण गर्ने अधिकारमुखी, लैङ्गिक तथा समावेशीकरणको अवधारणा समेत यस योजनाको निर्माणको आधार रहेको छ ।
- यस योजनालाई आधार मानेर विपद्को जोखिममा रहेका समुदायको उत्थानशीलता बढाएर विपद्को सामना गर्ने क्षमताको विकास कार्यक्रमहरू पहिचान गरिएको। त्यसका लागि आपत्कालीन समयमा गरिने मानवीय सहयोगका क्रममा विशेष गरी जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका ,दीर्घरोगी र अति गरिब समुदायलाई प्राथमिकतामा राखिनेछ र सेवा प्रवाहमा उनीहरूको पहुँच बढाउने वातावरणा सृजना हुनेछ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा सूचना तथा प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्नुका साथै स्थानीय श्रोतसाधन, ज्ञान, सीप तथा श्रमलाई उपयोग गर्दै प्रविधि हस्तान्तरणलाई प्राथमिकता दिइने छ।
- जलवायु परिवर्तन अनुकूलन, दिगो विकास लक्ष्य, खाद्य सुरक्षा, स्वास्थ्य सुरक्षा, विपद् ज्ञान व्यवस्थापनमा आधारित शिक्षा, वातावरण संरक्षण र विपद् उत्थानशील विकास बीच सामञ्जस्य कायम गरिनेछ।

## १.६ योजना निर्माणका क्रममा सम्पन्न गरिएका कार्यहरुः

- विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय, प्रदेश तथा स्थानीय ऐन नियम, निर्देशिका तथा प्रतिवेदनहरुको समीक्षा
- उर्लाबारी नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम, योजना र वजेट साथै यस अघि विपद् व्यवस्थापनको कामहरुको समीक्षा गरिएको थियो ।
- उर्लाबारी नगरपालिकाको ९ वटै वडामा वडास्तरको भेला गरी जोखिम नक्शाङ्कन गरिएको थियो । प्रकोपको कारण उत्पन्न जोखिमको अल्पकालीन तथा दीर्घकालीन प्रभावहरुको विश्लेषण गरिएको थियो ।
- नगर क्षेत्रमा विद्यमान प्रकोप विश्लेषणको लागि सरोकारवालाहरुसँग परामर्श छलफलहरु सञ्चालन गरिएको थियो।
- वडास्तरमा भएको छलफलको आधारमा नगरपालिका स्तरको विपद् जोखिम प्रोफाईल तयार गरिएको।
- प्रोफाईलको आधारमा उर्लाबारी नगरपालिकाको विपद् तथा जलवायु उत्थानशील योजना र उत्थानशील सहर निर्माणका लागि आधाररेखा तयार गरिएको छ ।

## १.७ तत्कालीन तथा दीर्घकालीन नतिजा

- उर्लाबारी  नगरपालिकाको ९ वटै वडामा प्रकोपको जोखिम विश्लेषण गरिएको छ ।
- सन् २०३० सम्ममा उर्लाबारी नगरपालिकालाई विपद् उत्थानशील बनाउनका लागि आधाररेखा तयार भएको छ। जसको आधारमा विपद् तथा जलवायु उत्थानशील योजना तयार भएको छ ।
- जोखिम विश्लेषणका आधारमा उर्लाबारी नगरपालिकाले क्षेत्रगत विकास योजनामा निर्माण प्रक्रियामा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गरी उत्थानशीलता विकास अवधारणालाई प्रवर्द्धन गर्नेछ ।
- नेपाल सरकारको विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाको लक्ष प्राप्तिका लागि सहयोग पुग्ने आधार तयार भएको छ ।
- नगरपालिकाको स्वमूल्याङ्कनको क्षेत्रमा थप सहयोग पुग्न दस्तावेज तयार भएको छ ।
- उर्लाबारी नगरपालिकाको  जोखिमको सूचना डिजिटल माध्यमबाट पनि जोसुकैले हेर्न सक्ने गरी विद्युतीय नक्शा तयार भएको छ ।

## १.८ योजना निर्माणका क्रममा सहभागिता

विपद तथा जलवायु उत्थानशील वनाउँनका लागि पालिकाको योजना अनुसार नगर स्तरीय विपद व्यवस्थापन समितिको अगुवाइमा सरोकारवालाहरूको भेला तपसिलको मितिमा भएको छ । यो भेलाले पालिका स्तरको जोखिम विश्लेषणका सम्पुर्ण प्रकाय सुनिश्चित गर्छ । सो अनुसार पालिका स्तरको प्रकोप जोखिमको अवस्था विश्लेषणका लागि यस अघि २०८० मा नै जोखिम सम्वेदनशिल भूउपयोग योजना निर्माण गरिएको र विपद पूर्वतयारी तथा प्रतिकार्य योजना समेत तयार गर्दा प्रतयेक वडामा गइ समस्याको विश्लेषण गरिएको प्रोफाइ तयार गरिएको छ ।

त्यसैले यो विपद तथा जलवायु उत्थानशील योजना तयार गर्दा चाहिने आवश्यक सूचनाहरू यही प्रोफाइलमा समेटीएको भएको हुनाले डिटेलमा जोखिम विश्लेषण गर्नु नपर्ने र तत्काल २०८१ मा भएको क्षति र संरचनामा भएका र नीतिगत परिवर्तनका कुराहरूलाई मात्र यसमा अपडेट गरी विद्यमान रहेको सूचनाबाट नै योजना निर्माणको काम सम्पन्न गर्ने भनि भएको सहमति अनुसार प्रत्येक वडामा वडा अध्यक्षको नेतृवमा तत्काल भएका र परमार्जन गर्नुपर्ने सूचनाहरूलाई परिमार्जन गरी पठाउने गरी वडास्तरमा फर्मेटहरू पठाइएको थियो र वडाबाट प्राप्त सूचना र अन्य द्बितीय सूचनाहरूलाई आधार मानी योजना लेखनको काम गरिएको छ ।

तालिका नम्वर १ : परामर्श कार्यशालामा सहभागिता विवरण

| वडा नं | मिति | पुरूष | महिला | जम्मा |
|---|---|---|---|---|
| परामर्श कार्यशाला | २०८१ भाद्र २३ | २१ | ६ | २७ |
| | जम्मा | २१ | ६ | २७ |

श्रोत : वडास्तरीय कार्यशाला २०८१

## १.९ योजना तर्जुमा विधि तथा प्रक्रिया

यस योजनाको तयारीका क्रममा निम्न ५ चरणहरू अवलम्बन गरिएको छ ।

**चरण-१: समन्वय र प्रारम्भिक तयारी:**

- योजना निर्माणको लागि समन्वय वैठक सम्पन्न भएपछि स्थानीय विपद् व्यवस्थापन समितिको वैठक बसी आवश्यक नीतिगत निर्णयहरू भएका छन् ।
- नगरक्षेत्र भित्र सञ्चालित कार्यक्रमहरू तथा तयार भएका कानून, नीति, मापदण्डहरूको समीक्षा गरी जोखिम लेखाजोखाको पुनरावलोकन गरिएको छ।
- मस्यौदा योजना तयारीको लागि नगरपालिका र नेपाल ग्रामीण पुनर्निर्माण संस्थाको साझेदारीमा विज्ञसहितको टोली परिचालन गरिएको छ।
- योजना निर्माणका क्रममा सबै वडाहरूमा भेलाहरूको आयोजना गरी सूचना संकलन गरी सूचना तथा तथ्याङ्कलाई विश्लेषण गरिएको छ। जसमा जोखिम तथा क्षमताका क्षेत्रहरूको मोवाइल एप्लिकेसनबाट लोकेसन ट्र्याक गरी प्राप्त सूचनाहरूलाई पनि यसमा समाहित गरिएको छ ।
- नगरपालिका भित्रका वडा र समुदायबाट संकलित विपद् सम्बन्धी सूचना तथा तथ्याङ्कलाई समेत समीक्षा गरी यस योजनालाई पूर्णता प्रदान गरिएको छ।

**चरण-२: सङ्कटासन्नता तथा क्षमता लेखाजोखा**

- योजना निर्माणको लागि स्थानीय विपद् व्यवस्थापन समितिको नेतृत्वमा नगरस्तरीय बैठक तथा कार्यशालाको आयोजना गरिएको छ। नगरपालिकाको संकटासन्नता, सम्मुखता तथा जोखिमलाई सहभागितामूलक विधिबाट वडास्तरमा छलफल गरिएको छ।
- मस्यौदा योजना र विश्लेषण गरिएको सूचना तथा तथ्याङ्कको त्रिकोणात्मक जाँच, स्थलगत अवलोकन र समुदायसँगको छलफलबाट योजना तयार गरिएको छ।
- नगरपालिकाको भूउपयोगको अवस्था, नदी प्रणाली, बाढीको जोखिम क्षेत्र पहिचानका लागि विगतमा तयार भएका भौगोलिक सूचना प्रणालीको पुनरावलोकन गर्ने र सोही अनुरुप स्रोत तथा संकटासन्नता नक्साङ्कन गरिएको छ ।
- उल्लेखित विधि प्रक्रिया पुरा गरेर नगरपालिकामा विपद् तथा जलवायुजन्य जोखिमको लेखाजोखा गरी विपद् तथा जलवायुजन्य जोखिम पार्श्वचित्र तयार गरिएको छ।
- जोखिम पार्श्वचित्रबाट प्राप्त नतिजाबारे नगरपालिका प्रमुख, उपप्रमुख, वडाध्यक्षहरू, वडासदस्यहरू, संघसंस्थाका प्रतिनिधिहरू नगरपालिका स्तरमा उपलब्ध राजनैतिक दलका प्रतिनिधिहरू र समुदायसँग छलफल गरी तथ्याङ्कलाई वैधता र आधिकारिकता प्रदान गरिएको छ।

**चरण–३: विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा**

- नगरपालिकाले योजना कार्यान्वयनका लागि अपनाउनु पर्ने नीति र रणनीति, समन्वय, संयन्त्र, उपसमितिहरुको व्यवस्था, वित्तीय व्यवस्था, अनुगमन तथा मूल्याङ्कन र योजनाको पुनरावलोकनका विषयलाई समावेश गरी मस्यौदा तयार गरिएको छ।

- नगर क्षेत्रको विपद् जोखिम पार्श्वचित्रको नतिजाको आधारमा पहिचान गरिएका विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरणका क्रियाकलापहरूलाई समेटेर नगरपालिकाको विपद् तथा जलवायु उत्थानशील योजनालाई अन्तिम रूप प्रदान गरिएको छ। यस क्रममा नगरपालिकाको क्षेत्रगत विकास योजनाको समीक्षा गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई मूलप्रवाहीकरण गरिएको छ।

**चरण–४: योजनाको स्वीकृति तथा कार्यान्वयन**

- उल्लेखित विधि प्रक्रिया पुरा गरी तयार भएको योजनाको मस्यौदामाथि नगर विपद् व्यवस्थापन समिति र सरोकारवालाबीच छलफल गरी प्राप्त पृष्ठपोषण र सुझाव अनुसार अन्तिम रूप प्रदान गरिएको छ।
- मस्यौदा योजनाको भाषा सम्पादन गरी अन्तिम तयारी पश्चात योजनालाई नगर कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याइनेछ।

### चरण– ५ अनुगमन, मूल्याङ्कन र पुनरावलोकन

- अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त भएका नतिजाहरूलाई नगरकार्यपालिका तथा अन्य मञ्चहरूमा सिकाईका रूपमा आदान प्रदान गरिनेछ।
- यस योजना अन्तर्गतका कृयाकलापहरूको तोकिएको ढाँचामा नगरपालिकाले अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

## १.१० योजनाको लक्षित समूह

यस योजनाको पहिलो लक्षित समूह विपद् र जलवायु परिवर्तनका कारण उच्च जोखिममा रहेका समुदाय रहेका छन्। यसका साथै यस योजनाले समग्र नगरपालिकालाई समेटेको हुँदा लक्षित समूहलाई निम्नअनुसार विभाजन गरिएको छः

- राष्ट्रिय जनगणना २०७८ अनुसार ९ वटै वडाका १७,६५० घरधुरीमा बसोबास गर्ने ७०,९०८ (महिला-३७,५५२ र पुरुष–३३,३५६) यस योजनाका प्राथमिक लक्षित समूह हुन्।
- यस योजनाको कार्यान्वयनका लागि कार्यक्रम र बजेट उपलब्ध गराउने मूल निकाय भएकोले नगरपालिका यस योजनाको लक्षित निकायका रूपमा रहेको छ।
- साथै पहिचान भएका पालिकाका उच्च जोखिम तथा संकटासन्न क्षेत्रमा बसोबास गर्ने समुदाय, लक्षित समुदाय र पछाडि परेका समुदायहरू यस योजनाको प्रमुख लक्षित समूहका रूपमा रहेका छन्।
- यस योजनाको सम्बन्ध नियमित विकास योजना, विद्यालय, स्वास्थ्य केन्द्र, सुरक्षा निकाय, वडाका कृषक समूह, आमा समूह, युवा समूह लगायतसँग रहने हुँदा यी निकाय र समूहसँग आवद्ध व्यक्ति तथा घरपरिवार यस योजनाका लक्षित वर्गका रूपमा रहेका छन्।
- यस नगरपालिकासँग सामाजिक वा अन्य विषयगत क्षेत्रमा साझेदारी तथा सहकार्यमा कार्यरत वा भविष्यमा साझेदारीमा काम गर्ने दाता, गैरसरकारी संस्था र निजी क्षेत्र समेत यस योजनाका लक्षित निकाय वा समूह रहेका छन्।
- यस योजनाको कार्यान्वयनका लागि संघीय र प्रदेश सरकारको समेत सहयोग आवश्यक पर्ने भएको हुँदा योजनाको कार्यान्वयनका लागि सहयोगीका रुपमा संघ र प्रदेश सरकारसमेत यस योजनाका लक्षित निकाय हुन।

# खण्ड दुइ :
# उर्लाबारी नगरपालिकाको परिचय

## २.१ उर्लाबारी नगरपालिका

१७ औं शताब्दीका लिम्बु राजा माउरोङ्ग मुङ्ग हाङ्गको शासन कालमा मोरङ राज्यको राजधानी किल्ला उर्लाबारी भन्ने स्थानमा भएकोले हाल सोही स्थानलाई उर्लाबारी नामाकरण गरिएको ऐतिहासिक पुष्टि रहेको छ । मोरङ्ग जिल्लाको सदरमुकाम विराटनगरबाट करिव ५५ किलोमिटर पूर्वमा अवस्थित उर्लाबारी नगरपालिकालाई नेपाल सरकारको मिति २०७१ बैशाख १५ गतेको निर्णय अनुसार नगरपालिकाको रूपमा घोषणा गरी तत्पश्चात नेपाल सरकारको मिति २०७३ फागुन २७ गतेको पुनरसंरचनाको निर्णय अनुसार साविक उर्लाबारी नगरपालिका र साविक राजघाट गा.वि.स. का सबै वडा तथा साविक मधुमल्ला गा.वि.स. को वडा नं ७, ८ र ९ समायोजन गरी हालको उर्लाबारी नगरपालिकाको रूपमा स्थापित भएको छ ।

मोरङ जिल्लाकै नमूना नगरको रूपमा परिचित हुन उन्मुख रहेको यस नगरपालिकाको पूर्वमा झापा जिल्लाको दमक नगरपालिका, पश्चिममा पथरी शनिश्चरे नगरपालिका र लेटाङ नगरपालिका, उत्तरमा मिक्लाजुङ्ग गाउँपालिका र दक्षिणमा रतुवामाई नगरपालिकासंग सिमाना जोडिएको छ। यस नगरपालिकाको क्षेत्रफल ७४.६२ वर्ग कि.मि. रहेको छ। यहाँको अधिकांस भूभाग खेतीयोग्य जमिन भएता पनि वढ्दो शहरीकरणले गर्दा समयमै यस नगरको विकासलाई व्यवस्थित गर्नका लागि अहिलेबाटै योजनाहरू बनाइ कार्य गर्नु पर्ने जरूरी देखिन्छ। उर्लाबारी नगरपालिका पर्यटन प्रवर्द्धन र विकासको बढी सम्भावना बोकेको नगरपालिका रहेको छ जसका लागि उर्लाबारी चोक देखि उत्तर मधुमल्ला हुँदै पाँचथरको रविसम्म जाने बाटो एवं दक्षिणतर्फ सिधा सदरमुकाम पुग्ने बैकल्पिक सडक समेत रहेको छ जसको प्रबर्द्धनमा नगरपालिका र स्थानीय स्तरमा प्रयास भइरहेको छ।

यस स्थानको नामा यहाँ रहेको सन्थाल जातीले बोल्ने सन्थाल भाषाको दुइ शब्दहरू उर्ला (बाघ) र बाडी (ठाउँ) अथवा बाघ बस्ने ठाउँको रूपमा परिचित पुरानो जङ्गल क्षेत्रको फडानी गर्दै मानवीय वसोवासको बृद्धिसंगै उक्त शब्दमा समेत क्रमशः परिवर्तन हुँदै गएर आधुनिक उर्लाबारी नगरीको रूपमा विकसित भइ हाल आफ्नो छुट्टै पहिचान सहित एक सुन्दर नगरको रुपमा आफुलाई परिचित र स्थापित गराउँदै आइरहेको छ।

## २.२ नगरको वडागत जनसंख्याः

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार नेपालमा २,९१,६४,५७८ जनसंख्या रहेको छ । जसमध्ये पुरुषको संख्या १,४२,५३,५५१ (४८.८७ प्रतिशत) छ । महिलाको जनसंख्या १,४९,११,०२७ (५१.१३ प्रतिशत) छ । सोही नतिजा अनुसार उर्लाबारी नगरपालिकामा १७,६५० घरधुरी रहेका छन् जहाँ पुरूष ३३,३५६ र महिला ३७,५५२ गरी जम्मा ७०,९०८ जनसंख्या रहेको छ। नगरपालिकाको वडा नं ४ मा सबैभन्दा धेरै घरधुरी २,४४८ र वडा नं ५ मा सबैभन्दा कम घरधुरी १,३९० रहेको छ।

तालिका नम्वर २ विद्यमान जनसंख्या, जनसंख्या वृद्धिदर र प्रक्षेपणको विवरण

| वडा | साविक गाविस तथा नगरपालिका र वडाहरू | वार्षिक वृद्धिदर (२०७८ अनुसार) | विद्यमान जनसंख्या (जनगणना अनुसार) | | | प्रक्षेपित जनसंख्या | |
|---|---|---|---|---|---|---|---|
| | | | २०५८ | २०६८ | २०७८ | २०८८ | २०९८ |
| १ | मधुमल्ला (७, ८ र ९) | २.५७ | ५९१६ | ६९९५ | ८८०४ | ११०८१ | १३९४७ |
| २ | उर्लाबारी (७, ८ र ९) | २.८९ | ५७०० | ६५३१ | ८४१३ | १०८३७ | १३९५९ |
| ३ | उर्लाबारी ६ | २.४७ | ३६६३ | ५८५७ | ७३०२ | ९१०४ | ११३५१ |
| ४ | उर्लाबारी (१ र ९) | ४.०३ | ४३३८ | ६९८० | ९७९० | १३७३१ | १९२५८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | उर्लाबारी २ | ६.०२ | २११६ | ३४५५ | ५५३५ | ८८६७ | १४२०५ |
| ६ | उर्लाबारी ३ | २.१२ | ३५४० | ४६८० | ५६७० | ६८६९ | ८३२२ |
| ७ | उर्लाबारी ४ | ३.९९ | ६३८५ | ७६६३ | १०७१९ | १४९९४ | २०९७४ |
| ८ | राजघाट (१, २, ३, ४ र ९) | २.०६ | ६१०१ | ६५१२ | ७८५१ | ९४६५ | ११४११ |
| ९ | राजघाट (५, ६, ७ र ८) | १.३३ | ६६२१ | ६०२३ | ६८२४ | ७७३२ | ८७६१ |
| कुल | | ३.०५ | ४४३८० | ५४६९६ | ७०९०८ | ९२६८० | १२२१८८ |

*स्रोत: सर्भे विभाग*

तालिका नम्वर ३ : उर्लाबारी नगरपालिकाको लिङ्गको आधारमा जनसंख्या विवरण

| वडा | घरधुरी | जनसङ्ख्या | | | घर परिवारको औसत आकार | लिङ्ग अनुपात |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | |
| १. | २१९० | ८८०४ | ४१६१ | ४६४३ | ४।०२ | ८९।६२ |
| २. | २१०१ | ८४१३ | ३९५५ | ४४५८ | ४।०० | ८८।७२ |
| ३. | १९०२ | ७३०२ | ३४८६ | ३८१६ | ३।८४ | ९१।३५ |
| ४. | २४४८ | ९७९० | ४६२१ | ५१६९ | ४।०० | ८९।४० |
| ५. | १३९० | ५५३५ | २५६६ | २९६९ | ३।९८ | ८६।४३ |
| ६. | १४४० | ५६७० | २६४९ | ३०२१ | ३।९४ | ८७।६९ |
| ७. | २६०० | १०७१९ | ५०६८ | ५६५१ | ४।१२ | ८९।६८ |
| ८. | १९५५ | ७८५१ | ३६३९ | ४२१२ | ४।०२ | ८६।४० |
| ९. | १६२४ | ६८२४ | ३२११ | ३६१३ | ४।२० | ८८।८७ |
| जम्मा | १७६५० | ७०९०८ | ३३३५६ | ३७५५२ | ४।०२ | ८८।८३ |

स्रोत: राष्ट्रिय जनगणना २०७८

चित्र नम्वर २ : उर्लाबारी नगरपालिकाको जनसंख्या चित्र




स्रोत: राष्ट्रिय जनगणना २०७८

## २.३ भूमिको वस्तुस्थिति :

### भौगोलिक अवस्थिति :

उर्लाबारी नगरपालिका नेपालको कोशी प्रदेशको मोरङ्ग जिल्लामा अवस्थित छ। भौगोलिक रूपमा २६.५५° देखि २६.७२° अक्षांश र ८७.५७° देखि ८७.६५° देशान्तरसम्म फैलिएको छ। यो नगरपालिका समुद्री सतहबाट ११६ मि. देखि १६४ मि. सम्मको उचाइमा रहेको छ। जम्मा ७४.६२ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएर रहेको यस नगरपालिकालाई ९ वटा वडामा विभाजन गरिएको छ। जसलाई निम्न तालिकामा देखाइएको छ।

तालिका ४ : उर्लाबारी नगरपालिकाको भौगोलिक अवस्थिति

| वडा नं | क्षेत्रफल वर्ग किमी | साविक गाविस तथा नगरपालिका र वडाहरू |
|---|---|---|
| १ | १३.०१ | मधुमल्ला (७, ८ र ९) |
| २ | ८.३५ | उर्लाबारी (७, ८ र ९) |
| ३ | २.९६ | उर्लाबारी ६ |
| ४ | ८.६८ | उर्लाबारी (१ र ९) |
| ५ | २.७३ | उर्लाबारी २ |
| ६ | २.५५ | उर्लाबारी ३ |
| ७ | २.८३ | उर्लाबारी ४ |
| ८ | २०.३९ | राजघाट (१, २, ३, ४ र ९) |
| ९ | १३.०८ | राजघाट (५, ६, ७ र ८) |
| **कुल** | **७४.६२** | |

*स्रोत : उर्लाबारी नगरपालिकाको प्रोफाइल २०७६*

### भौगर्भिक अवस्था :

भौगर्भिक विभाजन अनुसार उर्लाबारी नगरपालिका नेपाल हिमालयको सबैभन्दा दक्षिणी क्षेत्र अर्थात तराईमा पर्दछ। नेपालको तराई क्षेत्र इण्डो-ग्याङ्गेटिक प्लेन (Indo-Gangetic Plain) को सबैभन्दा उत्तरी भाग समेत मानिन्छ। हिमालय पर्वत श्रृङ्खलाको उत्पत्ती हुने क्रममा यस क्षेत्र भएर बग्ने नदीहरुले थुपारेका ग्रेगर, बालुवा, र मसिनो माटोको थुप्रो नै कालान्तरमा तराईको रुपमा विकसित भएको हो । हालसम्म पनि नदी तथा खोलाहरुले पहाड र हिमालबाट कटान गरी ल्याएका थेग्र्यानहरु तराईको समथर मैदानमा थुपार्ने गर्दछन्। उर्लाबारी नगरपालिका मावा खोला, बक्राहाखोला, सोल्टी खोला, सुनझोडा खोला लगायतका साना ठूला खोलाहरू रहेको छ । तसर्थ यस नगरपालिका क्षेत्रभित्र  खुकुलो गरी रहेका ग्रेगरदेखि मसिनो बालुवा र मिहिन माटोसम्मका थेग्र्यानहरुको (sediments) तह देख्न सकिन्छ। नदी बग्ने धार, बगर, र पहिले नदी बगेका धारहरुमा थेग्र्यानहरुको आकार मसिनो वालुवा देखि बोल्डरसम्म मिश्रित भएपनि अन्य स्थानका जमिन सतहमा एकरुपले बालुवा, सिल्ट र अझै मिहिन आकारमा माटोका कणहरु मिलेर बसेको भेटिन्छ। तर जमिन सतहभन्दा ३-४ मिटर मुनि खनेर हेर्दा पुनः ग्राभेलजन्य थेग्र्यानहरुको बाहुल्यता देखिन्छ। यी सबै थेग्र्यानहरुको वितरण हेर्दा यस नगरपालिका क्षेत्र धेरै पहिले देखि नै नदीहरुले अनवरत रुपमा थुपार्दै आएका थेग्र्यानबाट बनेको प्रष्ट हुन्छ।

तराईकै एक भाग भएका कारण पनि पुरै नगरपालिकामा वालुवा देखि ठूलो गेग्र्यानसम्मका पत्रहरु खुकुलो भएर बसेका छन्। माटोका यी पत्रहरु खोला तथा नदीको वेगले सजिलै कटान गर्न सक्दछन् र नदीले धार परिवर्तन गर्न सक्ने सम्भावना पनि च्च रहन्छ। सतहमा बलौटे माटोको प्रचुरता तथा जमिनदेखि ३-४ मिटर मुनि भूमीगत जलसतह भेटिने भएको र नगरपालिकाको मध्य भागमा भूकम्पीय चिरा पनि रहेकाले केही स्थानहरु ठूलो भूकम्प जाँदा जमिनको तरलीकरण हुनसक्ने सम्भावना पनि रहेको देखिन्छ।

**भू-उपयोग :**

यस पालिकाको विद्यमान अवस्थिती जम्मा ७,४६४ हेक्टर मध्ये वर्तमान भू-उपयोगको अवस्थालाई हेर्दा कृषि क्षेत्र (३,५९१ हेक्टर), व्यावसायिक क्षेत्र (१,००६ हेक्टर), वन (२८४ हेक्टर), आवासीय क्षेत्र (२,०२४ हेक्टर), खाली क्षेत्र (३९४ हेक्टर), नदी र ताल (११८ हेक्टर) र अन्य क्षेत्र (४७ हेक्टर) रहेको छ।

राष्ट्रिय भू-उपयोग नीति २०७२ को मर्म अनुसार यस नगरपालिकामा भइरहेको बसाइसराइको चाप तथा विद्यमान भू-उपयोगमा भइरहेको परिवर्तन समेत आधार मानेर भू-उपयोग ढाँचालाई कृषि क्षेत्रका लागि ५,८३२ हेक्टर (७८.१ प्रतिशत), औद्योगिक तथा व्यावसायिक क्षेत्रका लागि ३० हेक्टर (०.४ प्रतिशत), आवासीय क्षेत्रका लागि ५१६ हेक्टर (६.९ प्रतिशत), वन क्षेत्रका लागि १५१ हेक्टर (२.० प्रतिशत), नदी, नाला, पोखरीका लागि ७१२ हेक्टर (९.५ प्रतिशत) र अन्य (पुरातात्विक, धार्मिक, बाटो तथा सार्वजनिक) प्रयोजनका लागि २२३ (३.० प्रतिशत) जमिन प्रक्षेपित गरिएको छ। जसलाई निम्न तालिका र नक्सामा पनि देखाइएको छ।

तालिका ५ : उर्लाबारी नगरपालिकाको विद्यमान भू-उपयोगको अवस्था र प्रक्षेपण

| भू-उपयोग/वडा | विद्यमान क्षेत्रफल | | | प्रस्तावित क्षेत्रफल | | |
|---|---|---|---|---|---|---|
| | वर्ग कि.मि. | हेक्टरमा | प्रतिशत | वर्ग कि.मि. | हेक्टरमा | प्रतिशत |
| कृषि तथा खेतीयोग्य क्षेत्र | ३५.९१ | ३,५९१ | ४८% | ५८.३१६ | ५,८३२ | ७८.१% |
| व्यावसायिक तथा औद्योगिक क्षेत्र | १०.०६ | १,००६ | १३% | ०.३०४ | ३० | ०.४% |
| आवासीय क्षेत्र | २०.२४ | २,०२४ | २७% | ५.१६ | ५१६ | ६.९% |
| वन क्षेत्र | २.८४ | २८४ | ४% | १.५१ | १५१ | २.०% |
| नदी/नाला/पोखरी | ५.१२ | ५१२ | ७% | ७.१२ | ७१२ | ९.५% |
| अन्य (पुरातात्विक/धार्मिक, बाटो तथा सार्वजनिक क्षेत्र | ०.४७ | ४७ | १% | २.२३ | २२३ | ३.०% |
| **जम्मा** | ७४.६४ | ७,४६४ | | ७४.६४ | ७४६४ | |

*स्रोतः उर्लाबारी नगरपालिकाको तीनवर्षे रणनीतिक योजना २०७९ भुउपयोग नक्सा*

## २.४ जलस्रोत

यस नगरपालिकाको समग्र क्षेत्रफलमध्ये करीब ९.५ प्रतिशत जमिन खोलानाला पोखरी, नदी किनारमा रहेको बालुवाको भाग तथा कुलोहरूले ओगटेको छ। नगरपालिका क्षेत्र र वरिपरी रहेका प्रमुख नदीहरूमा बक्राहा खोला, भालुखोला, मावा खोला, मिक्लुङ खोला, नुन्सरी, रतुवा, सफेवा, सोल्टी, सुनझोडा, र तेली खोला रहेका छन्। यिनै खोलाहरूबाट यस नगरपालिकाका वडा नं १, ४, ६ र ९ मा विभिन्न सिंचाइ कुलोहरू सञ्चालन भइ खेतिपातिमा सघाउ पुर्याइरहेका छन्। यहां डिप बोरिङ र पम्पिङ सेटको प्रयोग गरी सिंचाइ गर्ने प्रचलन समेत रहेको छ । विवरण क्षमताको खण्डमा दिइएको छ।

## २.५ जलवायु

यस नगरपालिकाको जलवायुको अध्ययनका लागि https://open-meteo.com/en/docs/historical-weather बाट सन् १९७५ देखि २०२३ सम्मको तापक्रम र वर्षाको तथ्याङ्क संकलन गरी विश्लेषण गरिएको छ। जस अनुसार उक्त ४९ वर्षको उच्च तापक्रमको औसत तापक्रम ३८.३८ डिग्री सेल्सियस, न्यूनतम तापक्रमको औसत तापक्रम ६.५९ डिग्री सेल्सियस रहेको छ। हालसम्म यहाँको सबभन्दा उच्च तापक्रम २०४९ बैशाख २ गते ४२.४ डिग्री सेल्सियस मापन गरिएको छ भने सबभन्दा न्यून तापक्रम २०३४ पौष २१ गते ४.३ डिग्री सेल्सियस मापन गरिएको छ। यसैगरी यस पालिकाको उक्त अवधिमा प्राप्त तथ्याङ्क अनुसार वार्षिक औसत वर्षा २०७५.२ मिलिमिटर रहेको छ भने दैनिक रूपमा

हेर्दा सबैभन्दा बढी पानी २०४७ श्रावण ३ गते ३२८.७ मिलिमिटर रेकर्ड भएको देखिन्छ। सबैभन्दा बढी वर्षा हुने महिनाको रूपमा जुलाई (असार १७ देखि श्रावण १६ गतेसम्म) महिना रहेको छ। संकलित तथ्याङ्क अनुसार ४९ वर्षको वर्षाको प्रवृत्तिलाई विश्लेषण गर्दा जुलाई महिनामा औसत वर्षा ५६१.५२ मिलिमिटर रहेको देखिन्छ।

नक्सा २ भू-उपयोग नक्सा




स्रोत : उर्लावारी नगरपालिकाको ३ वर्षे रणनीतिक योजना २०७९

## २.६ भू-स्वामित्व तथा भू-सम्बन्ध

यस नगरपालिकामा रहेका जग्गाको नापी बिभागबाट प्राप्त कित्ताको तथ्यांक अनुसार जम्मा ३७६९६ कित्ता जमिन रहेको छ। जसमध्ये ३४६७७ कित्ता अर्थात ९२ प्रतिशत जमिनको कित्ता नीजि (आवासीय, कृषि, व्यापारिक र औद्योगिक) छन् भने ३०१९ अर्थात ८ प्रतिशत जग्गाका कित्ताहरू सार्वजनिक (जङ्गल, नदी र ताल, सार्वजनिक सेवा र प्रयोग, सांस्कृतिक र पुरातत्व) किसिमका रहेका छन्।

हरेक वडामा रहेको कित्ताको किसिम तथा त्यसको संख्या निम्न तालिकामा प्रस्तुत गरिएको छ। परिवर्तित देशको अवस्था अनुसार उर्लाबारी नगरपालिका क्षेत्रको भौगोलिक क्षेत्रको सदुपयोगको अवस्था पनि स्वाभाविक रूपमा परिवर्तन हुने हुन्छ। त्यसैले स्थानीय सरकारले यस कुरालाई मद्यनगर गर्दै आफनो भौगोलिक क्षेत्रको योजना निर्माण गर्नु जरूरी छ।

यसरी वस्तीको स्वरूप र अवस्थालाई नियन्त्रित रूपमा अगाडी वढाउँनका लागि स्थानीय सरकारको अहम भुमिका हुनु पर्दछ । भुमि सवै स्थानमा एकै प्रकार र गुणका हुदैनन् । भुखण्ड, माटोको प्रकार, अन्य शहरहरूसंगको अन्तरसम्वन्धको हिसावे विकासक्रम अगाडी वढ्ने गर्दछ। सोही अनुसार रणनीतिक रूपमा नीतिगत निर्णयहरू समयमा लिन सकेन भने समाज अगाडी वढीसके पछि स्थानीय सरकाले त्यसको स्वरूप परिवर्तन गर्न नसक्ने भएकाले स्थानीय सरकारले आफ्नो भूगोल अनुसारको विकासको रणनीतिक योजना निर्माण गरि समयमा नै लागु गर्नु पर्छ। स्वाभाविक रूपले खोला किनारको

वस्तीहरूलाई कसरी  सुरक्षित वनाउने, सुरक्षित स्थानहरूमा वस्तीको विकास कसरी गर्ने जसमा उव्जाउ भुमिलाई कृषिको पकेट क्षेत्रको रूपमा कसरी विकास गर्ने भन्ने नीतिगत निर्णयहरू स्थानीय सरकारले निर्ममरूपमा लिनु पर्छ।

**नक्सा ३ कित्ता अनुसार भू-स्वामित्व नक्सा**



तालिका ६ नगरपालिकाको कित्ताको किसिम तथा संख्या

| वडा | आवासीय | कृषि | व्यापारिक | औद्योगिक | जङ्गल | नदी र ताल | सार्वजनिक | | सांस्कृतिक र पुरातत्व | जम्मा कित्ता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | सेवा | प्रयोग | | |
| १ | १०१० | १२१८ | | | ३० | ४६ | २३ | १४९ | | २४७६ |
| २ | ३९१ | १११५ | ५० | ३ | १०१ | | | १५६ | | १८१६ |
| ३ | ७४३ | २४८३ | ८ | ५१ | ६२ | ८८ | २९ | ९३ | | ३५५७ |
| ४ | ६१६ | १८६६ | | | ८८ | | | ७० | | २६४० |
| ५ | ४२८५ | ३७१२ | १७८ | २ | ११४ | | | ६८० | | ८९७१ |
| ६ | १ | ३ | | | | | | १ | | ५ |
| ७ | २०४० | ३२४८ | २८ | | ११६ | १०५ | ५ | २४३ | | ५७८५ |
| ८ | १७८६ | ६१७४ | ११८ | १७ | १५ | १३८ | ६३ | २३३ | ७ | ८५५१ |
| ९ | १९३१ | १४३२ | १६८ | | ६५ | | | २९९ | | ३८९५ |
| **जम्मा** | **१२८०३** | **२१२५१** | **५५०** | **७३** | **५९१** | **३७७** | **१२०** | **१९२४** | **७** | **३७६९६** |
| **प्रतिशत** | **३३.९६** | **५६.३७** | **१.४६** | **०.१९** | **१.५७** | **१.०** | **०.३२** | **५.१** | **०.०२** | **१००** |

*स्रोत: सर्भे विभाग*

## २.७ राजनीतिक विभाजन

नेपालको संविधानको धारा २९५ को उपधारा ३ वमोजिम गठित आयोगको प्रतिवेदन तथा नेपाल सरकार (मन्त्री परिषद) बाट गठन भएका राजनीतिक बिभाजनको पुनरावलोकन समितिको सिफारिस समेतका आधारमा नेपाल सरकारले गाउँपालिका तथा नगरपालिकाको सङ्ख्या नाम पहिचान र कार्यक्षेत्र तोकिए बमोजिम सञ्चालनमा छन् । संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको व्यवस्था गर्नुका साथै तीनवटै तहको अधिकार अनुसूचीमा उल्लेख गरेको छ । संविधान प्रदत्त अधिकारको प्रभावकारी कार्यान्वयन गर्न सक्षम र सबल रुपमा परिचालन गर्न नेपाल सरकार मन्त्री परिषदको मिति २०७४ जेष्ठ ८ गतेको निर्णय अनुसार ७५३ स्थानीय तहको संरचना तयार भई निर्वाचित जनप्रतिनिधि मार्फत तीनै तहको सरकार पूर्णरुपमा कार्यरत छन् । राज्यको पुनरसंरचनाको क्रममा देहाय अनुसार निम्नानुसार गा.वि.स. हरूलाई समायोजन गरी उर्लाबारी नगरपालिकाको रचना गरिएको छ ।

तालिका नम्वर ७ : उर्लाबारी नगरपालिकाको पुनर्संरचनाको विवरण

| क्र.सं. | नयाँ वडा | समावेश गाविस / नगरपालिका | जनसंख्या | क्षेत्रफल (वर्ग कि.मी.) |
|---|---|---|---|---|
| १ | १ | मधुमल्ला (७-९) | ८८०४ | १३.०१ |
| २ | २ | उर्लाबारी (७-९) | ८४१३ | ८.३५ |
| ३ | ३ | उर्लाबारी (६) | ७३०२ | २.९९ |
| ४ | ४ | उर्लाबारी (१,५) | ९७९० | ८.६८ |
| ५ | ५ | उर्लाबारी (२) | ५५३५ | २.७३ |
| ६ | ६ | उर्लाबारी (३) | ५६७० | २.५५ |
| ७ | ७ | उर्लाबारी (४) | १०७१९ | २.८३ |
| ८ | ८ | राजघाट (१-४,९) | ७८५१ | २०.३९ |
| ९ | ९ | राजघाट (५-८) | ६८२४ | १३.०८ |
| | **जम्मा** | | **७०९०८** | **७४.६१** |

श्रोत : गाउँपालिका तथा नगरपालिकाहरूको संक्षिप्त परिचय पुस्तिका २०७६ र राष्ट्रिय जनगणना २०७८

## २.८ वडागत टोलसंस्थाहरूको विवरण

नेपालमा राज्यको पुनरसंरचनापछि स्थानीय सरकार सञ्चालनका लागि गाउँ विकास समितिहरूलाई गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाको रूपमा अगाडि सारिएको छ। अहिले राज्यको तल्लो अंग वडा कार्यालयहरू

हुन्। राज्यको पुनर्संरचना अघिका कतिपय गाविसहरू वडामा परिणत भएका छन्। त्यसैले ती साविकमा रहेका वडाहरू हाल टोल संगठनको आकारमा देखिएका छन्। उर्लाबारी नगरपालिका क्षेत्र भित्र ती टोलसंस्थाहरूको विवरण निम्नानुसार छ।

तालिका नम्वर ८ उर्लाबारी नगरपालिकाको वडा र टोलहरूको विवरण

| टोल | टोलमा विद्यमान सरकारी तथा सामाजिक संरचनाहरू | समस्याहरु र यसको कारण |
|---|---|---|
| वडा नं १ | | |
| लक्ष्मीझार टोल | लक्ष्मी माध्यमिक विद्यालय, मधुमल्ला चिल्ड्रेन स्कूल, सिर्जना मन्टेश्वरी, सुनौलो पाथिभरा सहकारी, धनलक्ष्मी सहकारी, जलकन्या मन्दिर, जालपादेवी मन्दिर, शिवालय मन्दिर, किराँत आत्मा माङहिम, विलियस लगायत ३ वटा चर्च, मनोहर पार्क, प्रगति पार्क, मनोहर सामुदायिक वनको सामुदायिक भवन, भ्याल श्रेष्ठ सामुदायिक भवन, कोल्वोटे श्रेष्ठ वंश समाज र मन्दिर, मनोहर सामुदायिक वन, प्रगतिशील सामुदायिक वन, लक्ष्मीझार युवा क्लव, धानखेती रेञ्जपोष्ट। | वन क्षेत्र भएकोले बँदेलले वालीजोत्ने र माटो मुनीका सबै वाली नोक्सान गर्ने गरेको। टोलमा ३ वटा सरकारी विद्यालय पनि बाढीको जोखिममा छन्। भूकम्प, कुकुर आतङ्क, हात्ती आतङ्क आगलागी र सुख्खा खडेरी जस्ता विपदबाट टोल आतङ्कित छ। |
| कत्ले चिसापानी टोल | बाघझोडा सिमसार शिवालय, ग्रामथान, नमूना झण्डा, हरियाली सामुदायिक वन, जनज्योति सामुदायिक वन, मिक्लुङ सामुदायिक वन | चिसापानी क,ख,ग, नुनसरी र सर्वेश्वर टोल खोलाको जखिममा छन्। बक्रा, मिक्लुङ, बाहुनी र सोल्टी खोलाको जोखिम यो टवलमा रहेको छ। करिव ७ किलोमिटर तटबन्ध निर्माण गर्दा बस्ती सुरक्षित हुन्छ। खडेरी, जनावर आतङ्क र सुख्खा खडेरी प्रकोप पनि धेरै छ। |
| सर्वेश्वर टोल | वडा कार्यालय, सर्वेश्वर मन्दिर, सिंहदेवी मन्दिर, एल.आई.सी. चर्च, पिपलडाँगी, काना.इ.सी. चर्च, सुन्दध्यापिङ, जनज्योति सामुदायिक वन, पञ्चेश्वर क्रसर उद्योग, चारधरे दुग्ध सहकारी संस्था जनसरोकार कृषि सहकारी संस्था। | नजिकमा खोला छ, बाढीको प्रकोप छ। सुख्खा खडेरीका कारण वालीनाली वारी मै सुक्छ। बक्रा, मिक्लुङ र सोल्टी खोलाले वर्षादको समयमा कटान र डुवान गर्दछ । आगलागी पनि यस टोलको जोखिम हो। |
| शारदा टोल | ईन्द्रेणी बहुउद्देश्यीय सहकारी संस्था, नागेश्वर शिवालय मन्दिर, चारघरे गुम्वा, शारदा माध्यमिक विद्यालय, वाल विकास केन्द्र, पूर्वेली क्सर उद्योग | पशुवाली रोग, विद्यत दुर्घटना र आगलागी पनि धेरै हुन्छ। करिव ३१० घर आगलागीको उच्च जोखिममा छन्। |
| वालज्योति टोल | वालज्योति आधारभूत विद्यालय, झारसाँदी वोडिङ, नेपाल रेडक्रस सोसाइटी, धिमाल भवन, आधारभूत स्वास्थ्य केन्द्र | राम्री खोला, नुनसरी खोला, ठूलो पैनी र निकासी पैनीबाट पानीको भेल बस्तीमा पस्छ। राम्री खोला, नुनसरी खोलामा ३ Km तटबन्ध निर्माण गर्नु पर्ने। |
| नुनसरी टोल | मन्दिर भवन टप्पु, टप्पु छेउको चर्च, नुनसरी आधारभूत विद्यालय, सिद्धार्थ क्रसर उद्योग | सोल्टी खोला, वाहुनी खोला, मिक्लुङ जस्ता खोलाका कारण डुवान र कटानोको समस्या छ। पशुवाली रोग, जनावर आतङ्क पनि टोलको जोखिम हो। |
| **वडा नं २** | | |

| टोल | टोलमा विद्यमान सरकारी तथा सामाजिक संरचनाहरू | समस्याहरु र यसको कारण |
|---|---|---|
| सुनझोडा टोल | सुनझोडा साकोस, सुनझोडा मा वि, बाँसेचौरी सिमसार (२० विघा), बाँसेचौरी खेलमैदान, सुनझोडा फुटवल क्लव, दुर्गाकाली मन्दिर, दुर्गा मन्दिर, बढाठाकुर महाराजाथान (१० विघा), पोखरी ट्रस पुल, जनटोल संस्था | तेलीखोलाको बाढी तटबन्ध छैन। विद्यालय नै जोखिममा। समुदायबाट निर्मित कच्ची तटबन्ध छ।कुकुर, हात्ती, बाँदर, भ्याउसो, बँदेलको आतङ्क। |
| भुसी टोल | शान्ति आ वि, महाराजाथान (१५ कट्ठा), शिवालय मन्दिर, लामपाते सिमसार (१० विघा), सामुदायिक वनको भवन र सभाहल, नेमाङ धिमाल भवन | सुनझोडा (तेली) खोलामा तटबन्ध छैन। खोलाको कटानले १२ घर क्षति हुनसक्ने। |
| सालबारी टोल | शिवालय मन्दिर, महाराजाथान (१५ कट्ठा), उर्लावारी खेल मैदान (३ बिघा), सालवारी सामुदायिक वनको भवन ब्रिलियण्ट बोर्डिङ, प्रगतिशील महिला भवन, प्रगतिशील महिला संस्था | वनमा सटेकोले डढेलो वन्यजन्तु हात्ती, हरिण, बाँदर, बँदेल आतङ्क सिँचाइको अभावमा सुख्खा खडेरी। सुनझोडा खोलामा तटबन्ध नभएर बाढीको कटान |
| कटहरे सुनपकुवा | वडा कार्यालय, आधारभूत स्वास्थ्य चौकी, RRN कार्यालय, शिवालय मन्दिर, महाराजाथान, फिस्टन चर्च, गोविन्दबाबा मन्दिर, धामी बैद्य कुटी | सिँचाइ नहुँदा आकासे खेती।तेलीखोलाको शाखा छ तर हाल तटबन्ध हुँदै गरेको ७५% सम्पन्न।डिप बोरिङको पहल भएको। |
| सिरुझार (क) | सरस्वती आ वि, शिवालय मन्दिर, सृजना सामुदायिक वनको भवन, दुर्गा मन्दिर, दनुवारको महाराजथान | तेलीखोलाको कटान हाल RRN ले तटबन्ध निर्माण हुँदै। वन्यजन्तुको आतङ्क धेरै छ। |
| तीनघरे टोल | सुनझोडा सामुदायिक वनको भवन, शिवालय मन्दिर, बौद्ध गुम्बा, किरात थान, उर्नी महाराजाथान (१ विघा), सुनझोडा मा वि को खेलमैदान (१ विघा) | सामुदायिक वनको भवनबाट भेलबाढी आउने। सामुदायिक कुकुर र वन्यजन्तुबाट आतङ्कित। |
| सिरुझार (ख) | सिर्जना सामुदायिक वनको भवन, नवप्रतिभा सहकारी, शिवालय मन्दिर | तेलीखोलाको कटान। हाल तटबन्ध हुँदैछ।सिरुझार जाने स्थानमा डुम्रेखोलामा पुल अत्यावश्यक। |
| श्रृजना | शिवालय, बौद्ध गुम्बा, खेलमैदान (३ कट्ठा) | हात्ती बाँदर बँदेल हरिणको आतङ्क।आगलागी । |
| एकता चोक डुम्रे टोल | बेतेनी सामुदायिक वनको भवन, बाल केन्द्र, जालपादेवी मन्दिर, ओमेगा चर्च, बेतेनी सिमसार पर्यापर्यटन क्षेत्रका बिभिन्न संरचनाहरु जस्तैः बाल उद्यान, वनभोज स्थलहरु, फोटो स्टेशन, चौतारा, शौचालयलगायत | धार परिवर्तन गरिरहने डुम्रेखोलाको कटान।<br>सोल्टी खोलाको नियमितरुपमा कटान<br>पर्यटकीय क्षेत्रका संरचनाहरुमा नदी कटानको जोखिम ।<br>खोला नजिकका वस्तीहरुमा कटानको जोखिम |
| देवी झोडा | कालीकोटे कुल मन्दिर, पाथिभरा मन्दिर (निर्माणाधिन) | तेलीखोला कटान छ।हाल बाँध बाँधिदै छ।पुल आवश्यक छ। |
| एकता टोल | जालपादेवी मन्दिर, चर्च, वेतेनी सिमसार (२७ विघा), डुम्रे खेलमैदान (३ विघा), महाराजाथान | सोल्टीखोला पश्चिमको वस्ती।तटबन्ध छैन। बेतेनी जङ्गलबाट वन्यजन्तु आउने। कुकुरको आतङ्क पनि। |
| मंगलवारे | ईलाका प्रशासन कार्यालय, सुनपकुवा मा वि, राधाकृष्ण मन्दिर, जलेश्वर मन्दिर, शिवालय, जालपादेवी मन्दिर, बेतनी सामुदायिक वन | सोल्टीखोलाको कटानमा १०० घर। तेलीखोलाको जोखिममा १५ घर । तटबन्ध छैन। |

| टोल | टोलमा विद्यमान सरकारी तथा सामाजिक संरचनाहरू | समस्याहरु र यसको कारण |
|---|---|---|
| प्रकृति टोल | धिमाल महाराजाथान, शिवालय, बाक्लो सुकुम्वासी वस्ती | आगलागी जोखिम। वन्यजन्तु आतङ्क। सिँचाइको समस्या। |
| **वडा नं ३** | | |
| सालवरी टोल | गुरु गोरखनाथ मन्दिर, जनजीविका सहकारी | तेली खोला, बक्रा खोला, सोल्टी खोला र सुनझोडा खोलाहरुले टोलका अधिकांश भागमा डुवान हुन्छ साथै कटान पनि । जनावर आतङ्क, हावाहुरी, सुख्खा खडेरी र पशुवाली रोगका कारण हरेक महिना कुनै न कुनै प्रकोपकै जोखिम छ । |
| शिवालय टोल | मिर्मिरे लघुवित्त, शिवालय मन्दिर, सालवारी सामुदायिक भवन अफिस, ब्रिलियन बोडिङ स्कुल | नयाँ बाटोघाटो निर्माणका कारण धुलो, सामुदायिक कुकुर आतङ्क, बाढी र डुवान, हावाहुरी र आगलागी पनि समयसमयमा हुने गरेको। |
| संगम टोल | वडा कार्यालय, स्वास्थ्य कार्यालय, विद्याज्योति बोडिङ स्कुल | बाटो निर्माणका क्रममा नाला वा रिटेनिङ वाल बनाउँदा पानीको निकास नभएर डुवान हुन्छ। पशुवाली रोग, जनावर आतङ्क, ग्राभेल र कच्ची बाटोका कारण धुलो र सडक दुर्घटना पनि। |
| चन्दने टोल | TBT इट्टाभट्टा | बक्रा खोला र सुनझोडा खोलाको पानी तथा वडा कै सबैभन्दा तल्लो भाग भएका कारण वडा भरीबाट पानीको बहाव चन्दने टोलमा पुग्छ र वडा कै सबैभन्दा बढी डुवान हुन्छ र कटान पनि। टोलमा TBT इट्टाभट्टा छ, धुवा धुलो र छाइको प्रकोप रहेको छ। |
| मंगलवारे टोल | मदन भण्डारी स्मृति प्रतिष्ठान, दुर्गा उ.मा.वि. बालाजी लघु उद्योग, सहारा साकोस, कर्णाली साकोस, सवडिभिजन वन कार्यालय, दुर्गा मन्दिर, साकेला, गुम्वा, अपाङ्ग भवन, TON, हाम्रो बचत, मंगलवारे युवा क्लव, रिसोर्ट र अस्थायी प्रहरी कार्यालय | बजार क्षेत्र सामुदायिक कुकुर, फोहोरमैला, नालाको राम्रो प्रवन्ध नहुनु, थापा चोक, अस्पताल चोक समेत भएकाले सडक दुर्घटनाको जोखिम, बक्रा खोला र नयाँ मंगलवारेदेखिको पानीले डुवान हुन्छ। |
| सुनपकुवा टोल | प्राइम कमर्सियल बैक, मिलन सहकारी, सुनपकुवा साकोस, गणपति कृषि सहकारी, सनसाइन बोडिङ स्कुल, शुभकामना बोडिङ स्कुल | जंगली जनावर, सामुदायिक कुकुर, पशुवाली रोग तथा सुख्खा खडेरीको प्रकोप, हावाहुरी र आगलागी मध्यम रहेको। |
| रामनगर टोल | मदन भण्डारी अस्पताल एण्ड ट्रमा सेण्टर, हिमालय बोडिङ स्कुल, ईलाका प्रशासन कार्यालय, मोरङ र मंगलवारे खानेपानी आयोजना | होचो भूभाग डुवानको समस्य, वाली रोग, जनावर आतङ्क तथा सुख्खा पडेरी पनि रहेको। नजिकको खोलामा तटबन्ध निर्माण गर्नसके बाढी डुवान कम हुन्छ। |
| **वडा नं ४** | | |
| किसान चोक | सिर्जना साकोस, सिर्जना कृषक समूह, नेशनल भिजन बोर्डिङ, सोमनाथ शिवालय, वंगुर फर्म (३), माछाफर्म (३), धिमाल ग्रामथान (५ कट्टा) | सोल्टीखोलाको कारण जग्गा र फर्महरु कटान हुनसक्ने |
| थापा डागी | थापाडागी युवा क्लव, थापाडागी कृषक समूह, वंगुर फर्म (५), माछाफर्म (५), लुईंटेल कूल मन्दिर | बक्राहा र सोल्टीको कटान क्षेत्र। बक्राहामा १ किलो मिटर र सोल्टीमा १.५ किलोमिटर तटबन्ध छैन। |

| टोल | टोलमा विद्यमान सरकारी तथा सामाजिक संरचनाहरू | समस्याहरु र यसको कारण |
|---|---|---|
| आइतवारे | वडा कार्यालय, हुलाक कार्यालय, क्षयरोग निवारण संस्था, सिर्जना आ वि, नारी विकास संघ, सेण्ट स्टेफेन बोर्डिङ, सिद्धार्थ मन्टेश्वरी, रामेश्वर मन्दिर र सामुदायिक भवन, अभिषेक मण्डली, दुर्गा मन्दिर, वागेश्वरी साकोस, कभर्डहल, सिर्जना कृषक समूह, ज्ञानज्योति कृषक समूह, कोशेली घर, लेकाली मौरी फर्म, आइतवारे युवा क्लव, बक्राहा घाट | लागु औषध दुर्व्यसनीको समस्या जटिल छ। महेन्द्र राजमार्गमा पर्ने भएकोले सडक दुर्घटना अत्यधिक छ।निकास नभएकोले उत्तरतर्फका नालीहरुबाट आएको र वर्षादको पानी जमेर महेन्द्र राजमार्ग देखि उत्तरतर्फ १०० मिटर माथिसम्म वर्षेनी डुवान हुन्छ। हाइवेका पुराना कल्भर्टहरु पुरिएकाले पनि पानी निकास हुँदैन। |
| विशाल टोल | जेष्ठ नागरिक समन्वय एकता केन्द्र, विशाल टोल युवा क्लव, संयुक्त क्रिस्चियन समाज, शिव मन्दिर, दाहाल स्टिल उद्योग, महिला विकास समूह, तामाङ घेदुङ संघ, ह्याभेन्ली पाथ, वंगुर फर्म (१), कुखुराफर्म (३) | लागु औषध दुर्व्यसनीको समस्या जटिल छ। बक्राहा खोलाको कटान कम भएको छ तर बक्राहामा बाढी आउँदा राम्रीखोला फुलेर १०० घर डुवानमा पर्छन्। |
| खोर्सानी बारी | खोर्सानीबारी सामुदायिक भवन, अनन्त चर्च, अधिकारी वंश प्रतिष्ठान, खोर्सानीबारी युवा कलव, महिला विकास समूह (२ वटा), कृषि फर्म (१), आमा समूह, सयपत्री युवा क्लव, उर्लावारी मौरीपालन कृषक समूह | लागु औषध दुर्व्यसनीको समस्या जटिल छ।राम्री खोला फुलेर ३५ घर डुवानमा पर्ने। पुरानो राजघाटे पैनी पुरिएको छ भने आठहजारे पैनी अतिक्रमणमा परेकोले पानीको सहज निकास हुनसक्दैन र डुवान हुन्छ। |
| आदर्श स्कूल डाँडा | समझदारी साकोस, सप्तकोशी बोर्डिङ (२ विघा १० कट्टा), ॐ सत्यसाई पेट्रोल पम्प, शुभलक्ष्मी फर्निचर, कृष स्टिल उद्योग, मनकामना स्टिल उद्योग, नमूना काष्ठ उद्योग, पिल्टर उद्योग, पेवल्स (ब्लक) उद्योग, फुटसल, बशिष्ट पार्टी प्यालेस | लागु औषध दुर्व्यसनीको समस्या जटिल छ। महेन्द्र राजमार्गमा पर्ने भएकोले सडक दुर्घटना अत्यधिक छ। निकास नभएकोले उत्तरतर्फका नालीहरुबाट आएको र वर्षादको पानी जमेर महेन्द्र राजमार्ग देखि उत्तरतर्फ १०० मिटर माथिसम्म वर्षेनी डुवान हुन्छ। हाइवेका पुराना कल्भर्टहरु पुरिएकाले पनि पानी निकास हुँदैन। |
| परिवर्तन टोल | उर्लावारी बहुमुखी क्याम्पस, नेपाल रेडक्रस सोसाइटी उपशाखा, सर्पदंश उपचार केन्द्र, पशु शाखा भवन, महिला सचेतना केन्द्र, पूर्व विद्यार्थी मञ्च | बक्राहा खोलामा तटबन्ध बनेको छ तर बाँधमा अव्यवस्थितरुपमा ९० परिवार सुकुम्बासी रहेका छन्। १२ फुटको भिगामारी पैनी व्यक्तिले अतिक्रमण गरेका छन्।क्याम्पसको जग्गाबाट पैनी लगिएकोले खेलमैदानको समस्या छ। होचो जमिन भएको र निकास नभएकोले डुवानको समस्या छ । |
| भद्रमारी टोल | उर्लावारी नगरपालिका कार्यालय, बारुणयन्त्र कार्यालय, सरस्वती भजन किर्तन मण्डली र सभाहल, राधामाधव सेवा समिति, प्रिण्टिङ प्रेस, मूर्तिकला केन्द्र, प्रहरी बिट, आधारभूत स्वास्थ्य केन्द्र | लागु औषध दुर्व्यसनीको समस्या जटिल छ। महेन्द्र राजमार्गमा पर्ने भएकोले सडक दुर्घटना अत्यधिक छ। सडक वत्ति नभएर समस्या छ। |
| नपा त्रिवेणी टोल | हिमचुली बोर्डिङ स्कूल, चन्द्र सूर्य साकोस, ग्लोवल युवा क्लव, पूर्वेली कृषि समूह | सडक दुर्घटना अत्यधिक छ। पैनी सफा नहुँदा पानी निकास नभएर डुवान । बाटोको ड्रेन सानो भएकोले ओभरफ्लो भएर डुवान हुन्छ। |
| लक्ष्मी नारायण टोल | भानु आ वि, लक्ष्मी नारायण पाञ्चायन मन्दिर र सभाहल, महिला विकास समूह, लक्ष्मी नारायण कृषक समूह | सबै सुकुम्वासी वस्ती। आयोगले पूर्जा दिएपनि मोठ कायम हुन बाँकी। रातेहोलीका कारण १२ घर डुवान |

| टोल | टोलमा विद्यमान सरकारी तथा सामाजिक संरचनाहरू | समस्याहरु र यसको कारण |
|---|---|---|
| सिसौली टोल | भानु पुस्तकालय र मन्दिर, विद्युत प्राधिकरण, सशस्त्र प्रहरी बल बेश क्याम्प, सिसौली हातेमालो कृषि समूह, सन्थाल समूह | सुकुम्बासी ५० घर। लागु औषध दुर्व्यसनी। भानु पुस्तकालय क्षेत्रमा यौन हिँसा भइरहने । बक्राहाको गँगटे पैनी दक्षिण ५०० मिटर तटबन्ध भएपनि अब २०० मिटर बाँकी छ । माथिल्लो क्षेत्रको पानी आएर यहाँ डुवान हुने गर्दछ । विद्युत प्राधिकरणसम्म ड्रेन बनेको छ अब ३०० मिटर बनाउनु पर्नेछ । |
| **वडा नं ५** | | |
| ओमशान्ति नमूना टोल | NMB बैक, लक्ष्मी बैक, कृषि विकास बैक, सगरमाथा साकोस, उर्लावारी साकोस, महिला उत्थान साकोस, सुदर्शन साकोस, दादो मन्दिर, NIC लधुवित्त, राजयोग सेवा केन्द्र भवन, गोदावरी अस्पताल। | महेन्द्र राजमार्ग भएका कारण सडक दुर्घटना, राजमार्ग उत्तर रकेको टोल पानी निकास नभएर डुवान, विद्युत दुर्घटना, आगलागी समेत हुन्छ। उर्लावारी मधुमल्ला सडक क्रस गराएर मावा खोला र स्कुलडाँडा सडक क्रस गराएर वडा नं.-४ हुँदै बक्रा खोलामा पानीको निकास दिँदा डुवानको स्थायी समाधान हुन्छ। |
| आमा मिलन गुम्वा टोल | आमा मिलन संस्था, बौद्ध गुम्वा, अरनिको अस्पताल, कुमारी सहकारी, ससकशी बोडिङ, वालवाटिका बोडिङ, नमूना मन्टेश्वरी स्कुल | उर्लावारी मधुमल्ला सडक क्रस गराएर मावा खोला र स्कुलडाँडा सडक क्रस गराएर वडा नं.-४ हुँदै बक्रा खोलामा पानीको निकास दिँदा डुवानको स्थायी समाधान हुन्छ । आगलागी र सडक दुर्घटना पनि बगाडिनै छ । |
| उद्योग बाणिज्य टोल | बाणिज्य संघको भवन, नेवा सामुदायिक भवन, सत्सङ मन्दिर, नवोदय सहकारी | सडक दुर्घटना, सामुदायिक कुकुर आतङ्क, धुवाधुलोको जोखिम रहेको। सुख्खा खडेरीका कारण करेसावारी र गमला पनि सुक्ने अवस्थामा। |
| कृषि टोल | वडा कार्यालय, आधारभूत स्वास्थ्य केन्द्र, सुनगाभा बोडिङ, ज्येष्ठ नागरिक भवन, किरात राई याख्खा भवन, आकार फाउण्डेशन | धुवाधुलोको जोखिम रहेको, सडक दुर्घटना, सामुदायिक कुकुर आतङ्क र विद्युत दुर्घटना सहित आगलागीको समस्या रहेको। |
| सिर्जना टोल | पाथिभरा मन्दिर, वेकरी उद्योग | सडक दुर्घटना, जनावर आतङ्क,सामुदायिक कुकुर आतङ्क र डुवानको समस्या रहेको छ। |
| सुनाखरी टोल | | खडेरी पर्नु, सिंचाईको लागि पानीको पर्याप्तता नहुनु, विसादीले माटोको उर्भराशक्ति कम हुनु, उन्नत विउविजनको अभाव, बर्खामा बाढी पसेर वाली नोक्सान गर्नु। |
| डि.वि.तरुण टोल | लिटल एन्जेल बोडिङ, चिकन ससेस फ्याक्ट्री, चर्च वाउज क्लव, कृषि फर्म | व्यवस्थित ढलनिकास नहुनु, विद्यालय, उद्योग समेत छन् सडक दुर्घटनाको जोखिम छ । |
| तरुण सिसौली टोल | मदन भण्डारी स्मृति प्रतिष्ठानको साइन्स र कृषि विभाग, भेटनरी, थुक्पा उद्योग | मदन भण्डारी स्मृति प्रतिष्ठानको ट्रमा सेण्टर, साइन्स र कृषि विभाग, भेटनरी, उद्योग समेत रहेको छ । बाटो साँगुरो र सवारी साधनको भीडभाड हुने भएकोले सडक दुर्घटनाको जोखिम रहेको छ। |
| एकता टोल | पल्लवी विद्या मन्दिर | एकता टोलमा ६० घर छन्। बाढीको उच्च जोखिम छ । खेतमा पानी ल्याएको कुलतर्फ नै खोला फर्किएर बक्रा खोला नम्वरी जग्गामा बगेको छ। तटबन्ध नै यसको विकल्प हो। |
| झुम्रा टोल | हुमपाइप उद्योग, मन्जिल मूर्तिकला, आस्फाल फ्याक्ट्री, मनकामना मन्टेश्वरी, टुङ्गा वौद्ध गुम्वा, धिमाल ग्रामथान, दाख कृषि फर्म, चर्च। | हुमपाइप उद्योग, आस्फाल फ्याक्ट्री जस्ता उद्योग भएका कारण ध्वनि र धुलोको प्रदुषण रहेको। हिउँदमा सुख्खा खडेरी छ, नहरपैनीलाई दीर्घकालीन हुने गरी निर्माण गर्न आयश्यक। वर्षादमा डुवान र बक्रा खोलाको कटान छ, बक्रा खोलामा २ किलोमिटर तटबन्ध निर्माण गर्दा १५० घर सुरक्षित र राम्री खोलामा दुवैतर्फ गरी ६ तटबन्ध निर्माण गर्दा ३०० घर सुरक्षित हुने। |

| टोल | टोलमा विद्यमान सरकारी तथा सामाजिक संरचनाहरू | समस्याहरु र यसको कारण |
|---|---|---|
| **वडा नं ६** | | |
| सिमाना वस्ती | मोडल पब्लिक बोर्डिङ स्कूल | सुकुम्वासीहरुको बाक्लो वस्ती भएकोले र विद्युतका तारहरु व्यवस्थित नभएकोले आगलागीको जोखिम। |
| सूर्यचोक सिसौली | महारुद्र शिवालय र सभाहल, पुस्तकालय, सामुदायिक विकास मञ्च, पानी ट्याङ्की, सूर्य साकोस | बाटोको नाला व्यवस्थित नभएकोले सामान्य डुवान । कहिले कहिँ हात्ती आएर क्षति गर्ने गरेको। यस वर्ष ३ घर भत्काएर १ थाङ्ग्रा मकै र १० मन धान खाएको |
| तरुण चोक | स्वास्थ्य क्लिनिक, ढुङ्गाना मन्दिर र सभाहल | तरुणचोक मार्ग, होली चाइल्ड मार्ग, रमाइलो मार्ग सडकहरु पूर्व पश्चिम भएर निर्माण भएका र पर्याप्त निकास नभएकोले करिव ४० घर डुवानमा पर्ने । |
| जनपथ टोल | वडा कार्यालय, आधारभूत स्वास्थ्य केन्द्र, होली चाइल्ड बोर्डिङ, धिमाल महाराजथान (२ कट्टा), निर्माणाधिन कभर्डहल, लघुवित्त संस्था | तरुणचोकबाट आएको पानीले १० घर डुवानमा पर्ने। |
| सिद्धेश्वर टोल | राधिका मा वि, पञ्चावती अस्पताल (बच्चा), उर्लावारी खानेपानी कार्यालय र पानी ट्याङ्की, सिद्धेश्वर शिवमन्दिर, सिद्धेश्वर गुरुकुल, घिमिरे कुल बन्धु प्रतिष्ठान, राधिका खेलमैदान (१ विघा), मुडुला कार्की कुल प्रतिष्ठान, कुडोस विद्या सदन, उर्लावारी जेसिस, सञ्चार क्लवको भवन निर्माण स्थल (६ कट्टा) | सिद्धेश्वर टोलमा प्रगति मार्ग र सचेत मार्ग पूर्व पश्चिम भएकोले निकास नभएर ६० घर डुवान। |
| हाटखोला टोल | कृषि बजार, कृष्ण मन्दिर, मोरङ मोडल बोर्डिङ, उर्लावारी युवा क्लव, उर्लावारी फुटवल क्लव | सुकुम्वासीहरुको बाक्लो वस्ती भएकोले र विद्युतका तारहरु व्यवस्थित नभएकोले आगलागीको जोखिम। |
| आत्मानन्द टोल | सत्य नारायण मन्दिर, निजी क्लिनिक (५), आयुर्वेदिक क्लिनिक (१), आँखा क्लिनिक (१), बजरंगवली साकोस, लालीगुराँस विद्या मन्दिर, जनजाति महासंघ कार्यालय (भाडामा) | वानडाँडामा सुकुम्वासीहरुको बाक्लो वस्ती भएको र विद्युतका तार अव्यवस्थित भएकोले आगलागीको जोखिम<br>बजार क्षेत्र बाक्लो वस्ती, ग्याँसको प्रयोग, लत्रिएका विद्युतीय तारहरु तर आगलागी सम्बन्धी ज्ञान नभएको |
| सिद्धार्थ टोल | आत्मानन्द माङसुमाङ्गिम (लिम्बु धर्मस्थल), तमु गुम्बा, उर्लावारी साप्ताहिक हटिया (१ विघा लिज), निर्माणाधिन वसपार्क (१ बिघा ३ कट्टा) | बजार क्षेत्र बाक्लो वस्ती, ग्याँसको प्रयोग, लत्रिएका विद्युतीय तारहरु तर आगलागी सम्बन्धी ज्ञान नभएको। सडक दुर्घटनाको जोखिममा रहेको । झण्डै ५ किलोमिटरको **मधुमल्ला सडक**मा तीव्र गति, फुटपाथमा सामान राख्ने गर्दा सडकबाट पैदलयात्रु हिँड्दा र अत्यधिक सवारी चापका कारणले सवारी दुर्घटना भइरहने गरेको |
| **वडा नं ७** | | |
| शान्ति टोल | मदरासा, इलाका प्रहरी, ट्राफिक प्रहरी विट, वौद्ध गुम्वा, नवदुर्गा मन्दिर, हनुमान मन्दिर, सतसंघ, वित्तीय संस्था र वैकहरू २० वटा यी सवै इटहरी रोडमा छन् । | ५ स्थानमा मावा खोलाको पानी निकासको लागि कल्भर्ट नभएकोले डुवानको समस्या |
| पशुपतिमार्ग टोल | वित्तीय संस्था र वैंकहरू १४ वटा, गोदावरी अस्पताल, दुर्गा मन्दिर, पन्चेश्वर मन्दिर, टेलिकम, बोर्डिङ स्कुल २, ग्यारेज ३ घरेलु उद्योग र फर्निचर उद्योग १० वटा । | अव्यवस्थित संरचनाहरुको निर्माणले वर्षेनी सडक र वस्ती डुवानमा हुने गरेको। |

| टोल | टोलमा विद्यमान सरकारी तथा सामाजिक संरचनाहरू | समस्याहरु र यसको कारण |
|---|---|---|
| स्कूल डाँडा | राधिका मावि, नेपाल दर्शन कलेज, नेपाल आदर्श मावि, पन्चेश्वर मन्दिर, पार्लिस स्कुल वोर्डिङ, कवाडि संकलन केन्द्र, मह उद्योग, चाउचाउ उद्योग, विस्कुट उद्योग, थुक्पा उद्योग, तालजाली उद्योग, डेरी उद्योग हेब्रोन चर्च। | भुकप्पीय चिरा यो वस्तीमा देखिएको छ । |
| वरगाछी | मिल मेसिनरी ४ वटा, ग्रिल उद्योग, सहकारी, बोर्डिङ | वर्षाको समयमा पानी निकास हुन नसकी डुवान हुने गरेको । |
| आश्रम टोल | नमुना वाल आश्रम, चाउचाउ उद्योग, विस्कुट, रिङ कारखाना, कृषक समूह, स्कुल | |
| मुनाल टोल | ब्याग कारखाना, जुत्ता चप्पल कारखाना, च्युरा मिल, कृषक समूह | फोहर व्यवस्थापनको अभावले सरसफाइमा चुनौति |
| त्रिवेणी टोल | बेभेल एकेडेमी, दिपशिखा वोर्डिङ, च्याउ खेती | आगलागीको उच्च जोखिममा यो वस्ती रहेको अवस्था छ । |
| पूर्वेली टोल | पाथिभारा मन्दिर, माछापालन, कृषक समूह, गाउँ पालन, पाखा पालन, वडा कार्यालय, स्वास्थ्य चीकी | यो वस्ती डुवानको उच्च जोखिममा रहेको अवस्था छ। |
| गणेश मन्दिर | सिद्धि विनायक गणेश मन्दिर | गणेश मन्दिर वस्तीमा खोलाको अवस्थिति देखिएता पनि डुवानको जोखिमबाट मुक्त रहेको छ । |
| मिलडाँडा भद्रमारी | राधाकृष्ण मन्दिर, लालीगुराँस बोर्डिङ स्कूल | मिलडाँडा भद्रमारी वस्तीमा पनि खोलाको अवस्थिति देखिएता पनि डुवानको जोखिमबाट मुक्त रहेको छ । |
| नवदुर्गा शक्ति मार्ग | सिद्धार्थ बैंक, कामना बैंक, सेवा ग्लोवल आइएमइ बैंक, सिटिजन्स बैंक, नविल बैंक, मितेरी बैंक, सप्तकोशी बैंक | नवदुर्गा शक्ति मार्गमा वस्ती अव्यवस्थित रहेको र आगलागीको उच्च जोखिममा रहेको कुरा आएको छ । |
| **वडा नं ८** | | |
| हाम्रो राजघाट | मन्दिर, पर्यकीय क्षेत्र | डुवान र कटानको उच्च जोखिम क्षेत्र |
| राजघाट | वरपिपल चौतारी, पथरी सनिश्चरे ड्याम क्षेत्र | कटान र डुवानको उच्च जोखिम क्षेत्र |
| गंगटे | वरपिपल चौतारी, पथरी सनिश्चरे ड्याम क्षेत्र | गंगटे क्षेत्र डुवानको उच्च जोखिममा छ। |
| पानीटंकी | सामुदायिक विद्यालय | पर्यटीय क्षेत्रको सम्भावना बोकेको स्थमन |
| खाइवा चोक | वडा कार्यालय | वडाको मुख्य केन्द्र |
| कदमटोल दुर्गापुरी, राते जररूवा पानी टोल | पर्यटकीय क्षेत्र(होली) | पर्यटकीय सम्भावना वोकेको क्षेत्र |
| वाल विसौनी | पर्यटकीय क्षेत्र(होली) | पर्यटकीय सम्भावना वोकेको क्षेत्र सिमसार क्षेत्र छ |
| अठीया वारी | मन्दिर, विद्यालय | खासै जोखिम नभएको क्षेत्र |
| नागेश्वर | सामुदायिक विद्यालय | सिमसार क्षेत्र |
| खाइवा चोब | स्वास्थ्य चौकी, सामुदायिक विद्यालय, मन्दिर , वडा कार्यालय, | वडाको प्रमुख प्रशासनिक केन्द्र |
| **वडा नं ९** | | |

| टोल | टोलमा विद्यमान सरकारी तथा सामाजिक संरचनाहरू | समस्याहरु र यसको कारण |
|---|---|---|
| महाराजथान टोल | महाराज आधारभूत विद्यालय, ज्ञानोदय बोडिङ, स्वास्थ्य चौकी, दुर्गा मन्दिर, राधाकृष्ण महाराजथान, भिमसेन मन्दिर, महाराजथान साकोस, कुटानीपिसानी मिल। | टाटी टिना र चचरीबाट बनेका अधिकांश घरहरु छन् । खोलाका किनारमा बस्ती छन् । पालिका र नागरिकको सहकार्यबाट सामान्य रोकथाम मात्र भएको छ । आवश्यकताको पहिचान गरी वडामा करिव ३ किलोमिटर तटबन्ध निर्माण गर्नु पर्ने । |
| बोर्डरलाईन टोल | नवजवान युवा क्लव र हेब्रन चर्च | कृषियोग्य जमिन, पानी, मलविउ, आवश्यक राय सल्लाह, कृषि र पशुपालनमा सहयोग आवश्यक । |
| शान्तिचोक टोल | वृद्ध चौतारी र एउटा चर्च | सामुदायिक कुकुरले घरपालुवा जनावर र वालवालिकालाई नोक्सान पुर्याउनु, |
| खोपीडाँडा टोल | प्रभात आधारभूत विद्यालय, खोप केन्द्र, लालिमा युवा क्लव, कुलझोडा सिमसार, दोभान सिंचाई, ओली कुटानी पिसानी मिल | पुराना र साँगुरा बाटाहरु, तिब्र गति, ट्राफिक सचेतना, निरीक्षण र नियमनको जरुरत रहेको । |
| छिन्ताङे टोल | जालपादेवी मन्दिर कुलझोडा सिमसार, कुलझोडा फलफुल तथा तरकारी सहकारी | पशुवालीमा रोग, जनावर आतङ्क, डुवान, हावाहुरी र आगलागी रहेको। उन्नत विउविजन र प्राविधिक सल्लाह तथा कृषिचुनको आवश्यकता। |
| चक्रे टोल | कामना साकोस | पशुवाली रोग, बाढी डुवान तथा सडक दुर्घटना यहाँको उच्च जोखिम हो। उपयुक्त कुराहरुलाई नियन्त्रण गर्न सके मानवीय र वालीनालीमा क्षति कम हुन्छ। |
| डाँडाटोल टोल | सार्वजनिक आधारभूत विद्यालय, चासोक स्थल, गाउँघर क्लिनिक, ग्रामथान | विद्यालय क्षेत्र भवनहरु कमजोर अवस्यामा रहेको । जनावर आतङ्क, डुवान, हावाहुरीको जोखिम। सामुदायिक कुकुर नियन्त्रण, सुख्खा खडेरीको लागि सिंचाईको आवश्यककता। |
| आसामे टोल | आसामेटोल सामुदायिक भवन, आसामेटोल खेलमैदान, खानेपानी ट्याङ्की, युवा क्लव | बाढी, डुवान, आगलागी, हावाहुरी र सामान्य आर्थिक अवस्था भएका नागरिक कृषि र पशुवालीमा रोगका कारण जिविकोपार्जनमा समस्या |

स्रोत : वडास्तरीय छलफल २०८१

## २.९ शैक्षिक संस्थाहरुको विवरणः

यस पालिकाभित्र ७२ वटा शैक्षिक संस्थाहरू रहेका छन्। जसमा सामुदायिक २२ वटा संस्थागत ४१ वटा, धार्मिक ४ वटा र उच्च तह अध्यापन गर्ने २ वटा रहेका छन्। उक्त विद्यालयहरूमा ९४६ जना शिक्षक र २२,२३८ विद्यार्थिहरू अध्ययनरत रहेका छन्। शिक्षाको तहगत विश्लेषण गर्दा आधारभुत (०-५) का २५ वटा, (०-८) का १३ वटा, मा वि तर्फ (०-१०) का ९ वटा र (०-१२) का १२ वटा तथा उच्च तहका २ वटा कलेजहरू रहेका छन्। जसको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ९ शैक्षिक संस्थाहरूको तहगत विवरण

| **वडा** | **सामुदायिक** | | | | | **संस्थागत** | | | | | **धार्मिक** | **उच्च तह** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **बाल विकास** | **आधारभूत** | | **मा वि** | | **बाल विकास** | **आधारभुत** | | **मा वि** | | | | |
| | | **०-५** | **०-८** | **०-१०** | **०-१२** | | **०-५** | **०-८** | **०-१०** | **०-१२** | | | |
| १ | | १ | १ | २ | | १ | ३ | | | | | | ८ |
| २ | | | २ | १ | १ | | १ | | | | | | ५ |
| ३ | | | | | १ | | ६ | | | | | १ | ८ |
| ४ | | | २ | | | १ | १ | १ | १ | १ | १ | | ८ |
| ५ | | | | | | ३ | ५ | | | १ | २ | | ११ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | | | | | १ | | | ३ | | २ | १ | | ७ |
| ७ | | १ | | १ | | २ | | १ | ४ | २ | | १ | १२ |
| ८ | | २ | | | २ | | ३ | | | | | | ७ |
| ९ | | | ३ | | १ | | २ | | | | | | ६ |
| **जम्मा** | ० | ४ | ८ | ४ | ६ | ७ | २१ | ५ | ५ | ६ | ४ | २ | ७२ |

स्रोत : उर्लाबारी नगरपालिका शिक्षा शाखा

## २.१० उर्लाबारी नगरपालिकाको विषयगत समितिहरूको विवरण

उर्लाबारी नगरपालिकामा समग्र विकासलाई नेतृत्व गर्ने जम्मा ५ वटा विकास समितिहरूको संरचना विकास गरिएको छ। जसमा सामाजिक विकास समिति, आर्थिक विकास समिति, वन वातावरण तथा विपद् व्यवस्थापन समिति, पूर्वाधार विकास समिति र सुशासन तथा संस्थागत विकास समिति रहेका छन्। यी समितिहरूको वार्षिक योजना निर्माण कार्यान्वयनमा मुख्य भूमिका रहेको छ। त्यसैले यो स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माणको योजनालाई यसै संरचनाद्धारा मुल प्रवाहिकरण सजिलो र सहज हुने यहि ५ वटा विकास समितिहरूको संरचना अनुसार मिलाईएको छ ।

तालिका नम्वर १०  पालिकाको विषयगत समितिहरूको विवरण

| क्रसं | नाम थर | विषयगत समितिको जिम्मेवारी | हालको जिम्मेबारी |
|---|---|---|---|
| **सामाजिक विकास समिति** | | | |
| १ | कृष्ण वहादुर वर्देवा | संयोजक | कापा सदस्य |
| २ | सुनिल धिमाल | सदस्य | कापा सदस्य |
| ३ | सीता वुढाथोकी | सदस्य | कापा सदस्य |
| ४ | शालिग्राम काफ्ले | सदस्य सचिव | शिक्षा शाखा प्रमुख |
| **आर्थिक विकास समिति** | | | |
| १ | नविना लामा | संयोजक | वडा अध्यक्ष |
| २ | कल्याण कुमार राई | सदस्य | वडा अध्यक्ष |
| ३ | कल्पना कामी रोक्का | सदस्य | कापा सदस्य |
| ४ | अम्विका प्रसाद लुइटेल | सदस्य सचिव | शाखा प्रमुख |
| **वन वातावरण तथा विपद् व्यवस्थापन समिति** | | | |
| १ | कुमार कडेल | संयोजक | वडा अध्यक्ष |
| २ | भिष्मराज वुढाथोकी | सदस्य | वडा अध्यक्ष |
| ३ | मनमाया तामाङ | सदस्य | कापा सदस्य |
| ४ | नगेन्द्र प्रसाद तिम्सिना | सदस्य सचिव | विपद् व्यवस्थापन सम्पर्क व्यक्ति |
| **पूर्वाधार विकास समिति** | | | |
| १ | कुल वहादुर कार्की | संयोजक | वडा अध्यक्ष |
| २ | कुमार कडेल | सदस्य | वडा अध्यक्ष |
| ३ | सन्त कुमारी विश्वकर्मा | सदस्य | कापा सदस्य |
| ४ | पोखराज साह | सदस्य सचिव | शाखा प्रमुख (पूर्वाधार) |
| **सुशासन तथा संस्थागत विकास समिति** | | | |
| १ | तिलक कुमार पाण्डे | संयोजक | वडा अध्यक्ष |
| २ | उर्मिला थापा | सदस्य | वडा अध्यक्ष |
| ३ | कृष्ण वहादुर वर्देवा | सदस्य | कापा सदस्य |
| ४ | विकास दाहाल | सदस्य सचिव | शाखा प्रमुख (योजना) |
| | | | |

स्रोतः उर्लाबारी नगरपालिका

## २.११ जनप्रतिनिधिहरूको विवरण

उर्लाबारी नगरपालिकामा जम्मा ९ वटा वडामा गरी ४५ जना जनप्रतिनिधिहरू रहेका छन् । महिला दलितहरूको समावेशीकरणको नीतिगत व्यवस्था अनुसार ९ जना दलित महिलाहरूको संलग्नता रहेको छ । महिला २१ र पुरूष २४ जना रहेको अवस्था छ । अध्यक्ष पदमा वडा नं ७ मा पनि महिलाले नेतृत्व गरेको अवस्था छ । नामावली र सम्पर्क नम्बर अनुसूचीमा उल्लेख गरिएको छ ।

अनुसूचि ११ उर्लाबारी नगरपालिकाका निर्वाचित पदाधिकारीहरुको सम्पर्क नम्बरहरु

| सि नं | पद | नामथर | सम्पर्क नम्वर | सि नं | पद | नामथर | सम्पर्क नम्वर |
|---|---|---|---|---|---|---|---|
| १ | नगरप्रमुख | गंगा प्रसाद खरेल | ९८५१०९२३२८ | २ | उपप्रमुख | मिनाकुमारी खतिवडा | ९८४२२९०६८५ |
| वडा नं १ | | | | वडा नं २ | | | |
| १ | अध्यक्ष | तिलककुमार पाण्डे | ९८१५३५०७६९ | १ | अध्यक्ष | कुमार कट्टेल | ९८१५०६८३८० |
| २ | सदस्य | सन्तकुमारी वि.क. | ९८२४३७२८२७ | २ | सदस्य | रुद्र बहादुर धिमाल | ९८११३८०२४६ |
| ३ | सदस्य | टीका भूजेल | ९८१५३८५४५० | ३ | सदस्य | नर बहादुर धिमाल | ९८१८३५३८४ |
| ४ | सदस्य | गणेशकुमार माझी | ९८१७३६५६२२ | ४ | सदस्य | सिता डाँगी | ९८४२२०१६४५ |
| ५ | सदस्य | गौरीशंकर दाहाल | ९८६२०२८७२१ | ५ | सदस्य | हेम कुमारी दर्जी | ९८१९०००५३२ |
| वडा नं ३ | | | | वडा नं ४ | | | |
| १ | अध्यक्ष | भिष्मराज बुढाथोकी | ९८४२१३५२२२ | १ | अध्यक्ष | कल्याण कुमार राई | ९८५२०२९२३७ |
| २ | सदस्य | ज्योति धिमाल | ९८१०५५६३५० | २ | सदस्य | कृष्णमाया कडरिया | ९८४२०२४२५१ |
| ३ | सदस्य | कृष्णकुमारी बिश्वकर्मा | ९८१९३३६३०३ | ३ | सदस्य | अमृता नेपाली | ९८१०५९७८२९ |
| ४ | सदस्य | कृष्णकुमार थापा | ९८५२६७६६७३ | ४ | सदस्य | सुरेन्द्र न्यौपाने | ९८४२३४८८९८ |
| ५ | सदस्य | मित्र प्रसाद ढकाल | ९८५२०२३६२९ | ५ | सदस्य | शेखरनाथ दाहाल | ९८४२४९३८६१ |
| वडा नं ५ | | | | वडा नं ६ | | | |
| १ | अध्यक्ष | रविन लामा | ९८००९१३२६१ | १ | अध्यक्ष | चिन्तामणि पौड्याल | ९८५२०३४०२२ |
| २ | सदस्य | देवीकला राई | ९८४२३७५९६५ | २ | सदस्य | दुर्गावती लिम्बु | ९८४२०७९३९४ |
| ३ | सदस्य | रामकुमारी वि.क. | ९८०४०९५३२३ | ३ | सदस्य | पवित्रा विश्वकर्मा | ९८२९३२४३६९ |
| ४ | सदस्य | सुरेश आचार्य | ९८०७३०७५३० | ४ | सदस्य | बम बहादुर श्रेष्ठ | ९८४२११६८०३ |
| ५ | सदस्य | विनोद धिमाल | ९८२५३७२२५८ | ५ | सदस्य | मानबहादुर धिमाल | ९८०४०१०५४० |
| वडा नं ७ | | | | वडा नं ८ | | | |

| सि नं | पद | नामथर | सम्पर्क नम्वर | सि नं | पद | नामथर | सम्पर्क नम्वर |
|---|---|---|---|---|---|---|---|
| १ | अध्यक्ष | उर्मिला थापा | ९८४२१३०७९९ | १ | अध्यक्ष | कुल वहादुर कार्की | ९८४२१८८२७७ |
| २ | सदस्य | मन माया तामाङ | ९८४२०६९०१७ | २ | सदस्य | रूद्रप्रसाद लामिछाने | ९८४२१७९६०९ |
| ३ | सदस्य | मन्जु परियार | ९८०५३४३०५२ | ३ | सदस्य | डम्वर वराल | ९८४२१८८३५७ |
| ४ | सदस्य | सन्तोष निरौला | ९८४१८१८३९७ | ४ | सदस्य | चन्द्रा डाँगी | ९८०४०५८८४७ |
| ५ | सदस्य | सुमन कार्की | ९८४२५९०५५६ | ५ | सदस्य | कल्पना रोक्का कामी | ९८०४३६५३५३ |
| वडा नं ९ | | | | | | | |
| १ | अध्यक्ष | नरबहादुर मोक्तान | ९८२८३४४५११ | ४ | सदस्य | गणेशबहादुर राई | ९८१९३०९१५२ |
| २ | सदस्य | विमला लिम्वु | ९८४२०२७२१५ | ५ | सदस्य | प्रकाश कन्दङ्वा | ९८०५३५७४५५ |
| ३ | सदस्य | सावित्रा विश्वकर्मा | ९८२९३००२०६ | | | | |

स्रोत : वडास्तरीय छलफल २०८०

# खण्ड तीन :

# विपद् जोखिम विश्लेषण

## ३.१ नगरपालिकाका मुख्य जलवायु परिवर्तन र विपद्को जोखिमहरू

समुदायस्तरमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको ज्ञान र बुझाइ अभिवृद्धि गरी सबैको प्रतिनिधित्व र अर्थपूर्ण सहभागिताबाट परिवार र समुदायस्तरमा नै पूर्वतयारी र जोखिम न्यूनीकरण गर्नसके पालिकाले लिएको लक्ष प्राप्ति हुनाका साथै विपद् उत्थानशील समुदाय निर्माणमा टेवा पुग्दछ।

सबै वडामा गरिएको वडास्तरीय छलफलबाट उर्लाबारी नगरपालिकामा हुने विपद्का घटनाहरूलाई सूचीकरण गरी तुलनात्मक रूपमा गरिएको स्तरीकरणका आधारमा हेर्दा निम्नानुसार वडागत रूपमा प्रकोपहरूको क्रम देखिएको छ । यसलाई प्राथमिकता क्रममा ल्याउनका लागि खास गरी ३ वटा सूचकहरूलाई राखेर छलफल गरिएको थियो ।

१. प्रकोपका कारणले सबैभन्दा बढी मानवीय मृत्यु केबाट भएको छ ?

२. आर्थिक तथा सामाजिक सम्पत्ति केबाट बढी क्षति भएको छ ?

३. बारम्बारता कुन प्रकोपको बढी रहेको छ ?

उल्लेखित सूचकहरूलाई आधार मानेर छलफल गर्ने क्रममा ९ वटै वडाबाट निम्न अनुसार प्रकोपको अंकभारको आधारमा देहायनुसारको प्राथमिकताक्रम देखिएको छ ।

तालिका नम्वर १२ : उर्लाबारी नगरपालिकाको प्रकोप स्तरीकरण

| वडा नं | बाढी | आगलागी | हावाहुरी | सडक दुर्घटना | सर्पदंश | चट्याङ | वन्यजन्तु आतङ्क | पशु तथा बालीरोग | महामारी | सुख्खा खडेरी | शीतलहर | विद्युत दुर्घटना | सामुदायिक कुकुर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १० | ८ | ५ | ४ | ६ | ३ | १२ | ११ | ७ | ९ | १ | २ | १ |
| २ | १२ | ७ | ६ | ० | ३ | २ | १० | ११ | १ | ८ | ५ | ४ | ९ |
| ३ | १२ | ५ | ६ | १० | ८ | २ | ४ | ११ | ९ | ३ | १ | ७ | ४ |
| ४ | १२ | ८ | ४ | ११ | २ | १ | ७ | ९ | ५ | ३ | ० | ६ | १० |
| ५ | ९ | ७ | ६ | १२ | ३ | १ | ८ | ११ | ४ | १० | २ | ५ | ४ |
| ६ | १२ | ८ | ७ | ११ | २ | १ | ४ | ९ | ५ | ३ | ० | ६ | १० |
| ७ | १२ | ६ | ५ | ११ | ३ | १ | ० | ९ | ४ | १० | २ | ७ | ८ |
| ८ | ११ | ६ | ४ | ८ | २ | ३ | ० | १२ | ९ | १० | १ | ७ | ५ |
| ९ | १२ | ५ | ६ | १० | ८ | २ | ० | ११ | ९ | ३ | १ | ७ | ४ |
| **जम्मा** | **१०२** | **६०** | **४९** | **७७** | **३७** | **१६** | **४५** | **९४** | **५३** | **५९** | **१३** | **५१** | **५५** |

**नोटः** नेपालको भौगर्भिक र भौगोलिक अवस्था, भवन संरचनाहरुको अवस्था, नागरिकहरुमा भएको सचेतना आदिलाई मध्यनजर गर्दा भूकम्प पहिलो प्रकोपका रुपमा मानेर स्तरीकरण गरिएको छैन ।

त्यसपछिको प्रमुख प्रकोपको रुपमा क्रमशः बाढी, पशु तथा बालीमा रोग, सडक दुर्घटना, आगलागी, सुख्खा खडेरी, सामुदायिक कुकुर आतङ्क, महामारी, विद्युत दुर्घटना, हावाहुरी, वन्यजन्तु आतङ्क, सर्पदंश, चट्याङ र शीतलहर देखिन आएका छन् ।

स्रोत : वडास्तरीय छलफल २०८०/०८१

## ३.१.१ भूकम्पीय प्रकोप तथा जोखिम

भूकम्प एक भौगर्भिक प्रक्रिया हो जसलाई रोक्न तथा हालसम्मको अध्ययन अनुसन्धानवाट यसको भबिष्यवाणी गर्न भूवैज्ञानिकहरु सफल भएका छैनन्। टेक्टोनिक प्लेटहरुबीचको अन्तरसंघर्षको कारणले भूकम्पहरु जाने गर्दछन्। भूकम्पीय जोखिम विश्लेषण गर्दा भौगोलिक संरचना र यसको वरपरका क्षेत्रको टेक्टोनिक परिवेशको विश्लेषण गर्नुपने हुन्छ। नेपाल हिमालयको टेक्टोनिक परिवेश अध्ययन गर्दा पुरै हिमालय पर्वतमालालाई भौगर्भिक हिसाबले दक्षिणबाट उत्तरतिर पाँचवटा खण्डमा विभाजन गरिएको छ। ती टेक्टोनिक संरचनाहरूलाई भ्रंस वा चिरा (Thrust) पनि भनिन्छ। उर्लाबारी नगरपालिका नगरपालिका आसपासका क्षेत्रमा भूकम्पको जोखिम उत्पन्न गर्न सक्ने प्रमुख चिराहरूमा मुख्य सिमा भ्रंस (Main Boundary Thrust) र मुख्य फ्रण्टल थ्रस्ट (Main Frontal Thrust) यस नगरपालिकाको मध्य भागबाट गएको देखिन्छ। सिवालिक (चुरे पहाड) भन्दा दक्षिण चट्टानी भूभागका सतहमा देखिने यी चिराहरू नेपालकै पूर्व पश्चिम फैलिएको छन्। हिमालयको टेक्टोनिक प्लेटको हलचलमा अहम् भूमिका निभाउने यि भ्रंसहरूले ९ म्याग्निच्युडसम्मको भूकम्प उत्पन्न गर्न सक्ने अध्ययनहरूले देखाएका छन्। यस अर्थमा भूकम्पीय जोखिम स्थनीय स्तरको प्रकोप नभई क्षेत्रीय स्तरको हुने सम्भावना बढी हुन्छ। कुनै एक स्थानमा केन्द्रबिन्दु बनाई जाने ठूलो भूकम्पले धेरै टाढासम्म कम्पन महसुस गराउन सक्दछ भने क्षति पनि सोही अनुसार क्रमैसँग कम हुँदै जान्छ। विभिन्न कालखण्डमा नेपालको सेरोफेरोमा गएको भूकम्पको विवरण हेर्दा उर्लाबारी नगरपालिका Z८ मा पर्दछ। यस क्षेत्रलाई केन्द्रबिन्दु बनाएर ठूलो प्रकृतिको भूकम्प गएको देखिँदैन।

नक्सा ५ नेपालको भूकम्पीय स्रोत क्षेत्र र भूकम्पीय चिराको नक्सा




*स्रोत: Thapa, Dilli & Wang, Guoxin. (२०१३). Probabilistic seismic hazard analysis in Nepal. Earthquake Engineering and Engineering Vibration. १२. ५७७-५८६. १०.१००७/s११८०३-०१३-०१९१-z.*

तालिका १३ भूकम्पीय स्रोत क्षेत्रका लागि अपेक्षित अधिकतम भूकम्प परिमाण र स्थानीय वितरण कार्यहरू

| Number | Seismic source zone | Maximum magnitude | Spatial distribution functions | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | *M*= 4.0–6.4 | *M*= 6.5–6.9 | *M*= 7.0–7.4 | *M*= 7.5–7.9 | *M*= 8.0–8.4 |
| 1 | $Z_1$ | 6.5 | 0.0220 | 0 | 0 | 0 | 0 |
| 2 | $Z_2$ | 6.5 | 0.0332 | 0 | 0 | 0 | 0 |
| 3 | $Z_3$ | 6.5 | 0.0243 | 0 | 0 | 0 | 0 |
| 4 | $Z_4$ | 6.5 | 0.0292 | 0 | 0 | 0 | 0 |
| 5 | $Z_5$ | 6.5 | 0.0215 | 0 | 0 | 0 | 0 |
| 6 | $Z_6$ | 6.5 | 0.0299 | 0 | 0 | 0 | 0 |
| 7 | $Z_7$ | 7.0 | 0.0452 | 0.0873 | 0 | 0 | 0 |
| 8 | $Z_8$ | 6.5 | 0.0169 | 0 | 0 | 0 | 0 |
| 9 | $Z_9$ | 8.0 | 0.0506 | 0.0977 | 0.1071 | 0.1113 | 0 |
| 10 | $Z_{10}$ | 8.5 | 0.0344 | 0.0664 | 0.0727 | 0.0756 | 0.1166 |
| 11 | $Z_{11}$ | 8.5 | 0.0562 | 0.1086 | 0.1190 | 0.1237 | 0.1909 |
| 12 | $Z_{12}$ | 8.0 | 0.0537 | 0.1038 | 0.1137 | 0.1182 | 0 |
| 13 | $Z_{13}$ | 7.5 | 0.0179 | 0.0346 | 0.0379 | 0 | 0 |
| 14 | $Z_{14}$ | 8.5 | 0.0464 | 0.0896 | 0.0982 | 0.0251 | 0.0750 |
| 15 | $Z_{15}$ | 8.5 | 0.0400 | 0.0772 | 0.0846 | 0.0479 | 0.0557 |
| 16 | $Z_{16}$ | 8.5 | 0.0579 | 0.1118 | 0.1225 | 0.1073 | 0.0564 |
| 17 | $Z_{17}$ | 8.5 | 0.0597 | 0.1153 | 0.1263 | 0.1313 | 0.2026 |
| 18 | $Z_{18}$ | 8.0 | 0.0555 | 0.1073 | 0.1175 | 0.1222 | 0 |
| 19 | $Z_{19}$ | 6.5 | 0.0368 | 0 | 0 | 0 | 0 |
| 20 | $Z_{20}$ | 6.5 | 0.0541 | 0 | 0 | 0 | 0 |
| 21 | $Z_{21}$ | 6.5 | 0.0191 | 0 | 0 | 0 | 0 |
| 22 | $Z_{22}$ | 6.5 | 0.1035 | 0 | 0 | 0 | 0 |
| 23 | $Z_{23}$ | 6.5 | 0.0914 | 0 | 0 | 0 | 0 |

*स्रोतः Thapa, Dilli & Wang, Guoxin. (२०१३). Probabilistic seismic hazard analysis in Nepal. Earthquake Engineering and Engineering Vibration. १२. ५७७-५८६. १०.१००७/s११८०३-०१३-०१९१-z.*

उच्चतम धरातलीय कम्पन (Peak Ground Acceleration - PGA) र तरलीकृत जोखिम (Liquefaction risk) को विस्तृत अध्ययन गर्नुपर्दछ, जसलाई यस अध्ययनमा समेट्न सकिदैन।

नेपालका हिमालय र सबैतिर (26º–31.7ºN, 79º–90ºE) गएका पुरानो भूकम्पहरूको गहिराइ वितरणको मापन खासै हुन सकेको छैन वा कमजोर रहेको छ। यस क्षेत्रमा भूकम्पको केन्द्रविन्दुको गहिराइलाई सीमित गर्नको लागि अद्यावधिक गरिएका उपकरणहरूले भूकम्पको गहिराइ पर्याप्त रूपमा निर्धारण गर्न सकेको छैन। यद्यपि, नेपालमा अद्यावधिक गरिएको एकीकृत उपकरण भूकम्पको गहिराइ वितरणले अधिकांश घटनाहरू माथिल्लो क्रस्टमा हुन्छन्, र थोरै मात्र घटनाहरू तल्लो क्रस्ट र माथिल्लो आवरणमा भएको देखाएको छ।

भूकम्पीय जोखिम वा सम्भावित क्षति उक्त स्थान रहेको भौगोलिक क्षेत्रको जमिनको सतह र भूमिगत भौगर्भिक बनोटले मात्र नभई घर लगायतका मानव निर्मित संरचनाको बहन क्षमताले पनि निर्धारण गर्दछ । जसलाई त्यस क्षेत्रमा रहेको भूकम्पीय जोखिम र घटना र संकटासन्नताले निर्धारण गर्दछ।

जहाँ, भूकम्पीय जोखिम = प्रकोप (PGA) * संकटासन्नता (Vulnerability) मानिएको छ। यसमा प्रकोप (PGA) लाई Maximum-Minimum पद्दती वाट Normalized गरेर ०.१-१ मात्रा रुपान्तरण गरिएको छ। संकटासन्नता (Vulnerability) लाई वडा भित्र रहेको घरहरुको Foundation र wall को प्रकार/प्रकृतिको आधार सूचांक निकालिएको छ र त्यसलाई पनि Maximum-Minimum पद्दती बाट Normalized गरेर ०.१-१ मात्रा रुपान्तरण गरिएको छ । यहाँ घरको जग (Foundation) को बनावट र भित्ता (outer wall) मा प्रयोग गरिएको सामग्रीलाई जोखिम विश्लेषण गरिएको छ।

जगका लागि सुचांक= ((माटोले बाँधिएको ईँटा/ढुङ्गा*१)+ (काठका स्तम्भहरू*०.७५)+ (सिमेन्ट बन्डेड इट्टा / ढुङ्गा*०.५)+(आरसिसी / पिलर*०.५)+(अन्य *०.३)+०.२५)

घरको भित्ताको लागि सुचांक= ((माटोले बाँधिएको ईँटा/ढुङ्गा*१)+ (काठका स्तम्भहरू*०.७५)+ (सिमेन्ट बन्डेड इट्टा / ढुङ्गा*०.५)+(अन्य *०.३))

यस नगरपालिकाको पूर्वपश्चिम राजमार्गको दक्षिणी भागमा वडा नं ६, ७, ४ र ३ बाट नगरपालिकालाई बिचैमा काटेर भूकम्पीय चिरा वारपार गएकाले भूकम्पीय जोखिम उच्च रहेको देखिन्छ जसलाई निम्न नक्साहरूमा देखाइएको छ।

*नक्सा ६ घरको जग र भित्तामा प्रयोग गरिएको सामग्रीको आधारमा भूकम्पीय जोखिम*

**घरको जगका आधारमा भूकम्पीय जोखिम**




श्रोत : राष्ट्रिय जनगणना २०७८

**घरको भित्ताका आधारमा भूकम्पीय जोखिम**




यस नगरपालिकामा रहेका भवनहरू निर्माणमा जगमा प्रयोग भएका सामग्रीहरूको आधारमा भवनहरूको वर्गिकरण गरिएको छ। जस अनुसार ढुङ्गा ईंटा र माटोको जोडाइ भएका ७१२, ढुङ्गा ईंटा र सिमेण्टको जोडाइ भएका ८,४०२, पिलर रड सहितको पक्की संरचना ५,२७६, काठको खाँबो प्रयोग भएका ३,१९६ र बाँकी अन्य सामग्री प्रयोग गरी बनाइएको छ।

तालिका १४ उर्लाबारी नगरपालिका भित्र रहेका घरहरूको जगको विविवरण

| वडा नं | जम्मा | जगको प्रकार | | | | |
|---|---|---|---|---|---|---|
| | | ढुङ्गा ईंटा र माटोको जोडाइ | ढुङ्गा ईंटा र सिमेण्टको जोडाइ | पिलर रड सहितको पक्की संरचना | काठको खाँबो | अन्य |
| १ | २१९० | २०३ | ११३९ | ३१४ | ५२७ | ७ |

| वडा नं | जम्मा | जगको प्रकार | | | | |
|---|---|---|---|---|---|---|
| | | ढुङ्गा ईंटा र माटोको जोडाइ | ढुङ्गा ईंटा र सिमेण्टको जोडाइ | पिलर रड सहितको पक्की संरचना | काठको खाँबो | अन्य |
| २ | २१०१ | १६१ | ८१६ | ४७६ | ६३६ | १२ |
| ३ | १९०२ | ३४ | ७४६ | ७८२ | ३३५ | ५ |
| ४ | २४४८ | ९६ | १४१२ | ७३७ | २०० | ३ |
| ५ | १३९० | १३ | ४४७ | ८३३ | ९४ | ३ |
| ६ | १४४० | ३५ | ७१९ | ५४१ | १४५ | ० |
| ७ | २६०० | ३२ | ११५४ | ११४६ | २६३ | ५ |
| ८ | १९५५ | ५९ | १२२१ | २७४ | ३७८ | २३ |
| ९ | १६२४ | ७९ | ७४८ | १७३ | ६१८ | ६ |
| **जम्मा** | **१७६५०** | **७१२** | **८४०२** | **५२७६** | **३१९६** | **६४** |

श्रोत : राष्ट्रिय जनगणना २०७८

यसैगरी यहाँ रहेका भवनहरू निर्माणमा घरको भित्तामा प्रयोग भएका सामग्रीहरूको आधारमा पनि भवनहरूको वर्गिकरण गरिएको छ। जस अनुसार ढुङ्गा ईंटा र माटोको जोडाइ भएका ३६५, ईंटा र सिमेण्टको जोडाइ भएका १२७२१, काठको फलेकको १४२८, बाँस, काँचो इट्टा, कर्कटपाता, प्रिफेब तथा अन्य सामग्री प्रयोग भएको ६२६ रहेको छ। जसको विवरण निम्नानुसार रहेको छ।

*तालिका १५ उर्लाबारी नगरपालिका भित्र रहेका घरहरूको वालको विवरण*

| वडा नं | जम्मा | गारोको प्रकार | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | माटो र ईंटाको | सिमेण्ट र ईंटाको | काठको तखती | बाँस | काँचो ईटा | कर्कटपाता | प्रिफेव सिट | अन्य |
| १ | २१९० | ७८ | ११४८ | २०५ | ६७८ | १ | ७७ | ० | ३ |
| २ | २१०१ | ४८ | ११८५ | २६४ | ५५४ | ३ | ४७ | ० | ० |
| ३ | १९०२ | ३५ | १५१३ | १११ | २०५ | ८ | २३ | ७ | ० |
| ४ | २४४८ | ४० | २०५३ | १११ | १९३ | ६ | ४३ | ० | २ |
| ५ | १३९० | ६ | १२६० | ६६ | ४७ | १ | ९ | १ | ० |
| ६ | १४४० | २४ | ११९० | १३८ | ७६ | २ | ८ | १ | १ |
| ७ | २६०० | ३४ | २२९४ | १४६ | १०० | २ | २४ | ० | ० |
| ८ | १९५५ | ३७ | १३०४ | १६५ | ४०० | १ | ३८ | ० | १० |
| ९ | १६२४ | ६३ | ७७४ | २२२ | ५३५ | १ | २७ | ० | २ |
| **जम्मा** | **१७६५०** | **३६५** | **१२७२१** | **१४२८** | **२७८८** | **२५** | **२९६** | **९** | **१८** |

श्रोत : राष्ट्रिय जनगणना २०७८

## ३.२ बाढीजन्य प्रकोप तथा जोखिम

टोपोग्राफिक नक्साहरू ALOS 5m DEM, Google Earth र Landsat (https:// glovis.usgs.gov/) बाट प्राप्त समय-श्रृङ्खला उपग्रह तस्बिरहरू बाढी जोखिम क्षेत्र नक्साङ्कन गर्न प्रयोग गरिन्छ र यसलाई स्थलगत भ्रमणबाट प्रमाणीकरण र अद्यावधिक गरिन्छ। नदी, खोला र तिनको किनारमा जम्मा भएका गेग्रानहरूको आकार विज्ञानको आधारमा बाढी, किनाराको कटान र नदी धार परिवर्तनबाट हुने बाढीको जोखिमलाई चित्राङ्कन गरिएको छ। बाढी प्रभावित क्षेत्रहरूमा विगतका बाढीको पदचिह्न, च्यानल स्क्रोलहरू,

पुराना/प्यालियो च्यानलहरू, नदी धार परिवर्तन, पुरानो र सक्रिय नदी टारहरू र सक्रिय बाढी मैदानहरूद्वारा प्रतिनिधित्व गरिने छ। साथै, नदी तटीय क्षेत्रको भू-उपयोग र नदीको बहावदेखि खेती गरिएको जमिनको उचाइ नियमित अन्तरालमा स्थलगत मापन गरिएको छ। यस पालिकामा रहेका बक्राहा खोला, भालुखोला, देवीझोडा, मावाखोला, मिक्लुक खोला, नुनसरी खोला, रतुवा खोला, सफेवा खोला, सोल्टी खोला, सुनझोडा र तेली खोलाहरूको औसत र अधिकतम गहिराइ, किनाराको पूर्ण चौडाइ र नदीको तटबन्धहरूको मापन र मूल्याङ्कन गरिएको छ।

नक्सा ७ : नदी र बस्तीको तुलनात्मक अवस्था (२००० र २०२२)




Source : Google Historical Image

सक्रिय वा पुरानो बाढी मैदानमा भएका गतिविधिहरू जस्तैः खेती, ग्रामीण सडक निर्माण र अन्य तटबन्धको / बायो-इन्जिनियरिङ जस्ता संरचनात्मक उपायहरू पनि प्रभावकारिता विज्ञको निर्णय अनुसार मूल्याङ्कन गरिएको छ। यसरी प्राप्त जानकारीलाई बाढीको सम्भावित क्षेत्रको नक्सा बनाउन एकीकृत गरिएको छ।

यस पालिकामा रहेका बक्राहा खोला, भालुखोला, देवीझोडा, मावाखोला, मिक्लुक खोला, नुनसरी खोला, रतुवा खोला, सफेवा खोला, सोल्टी खोला, सुनझोडा र तेली खोलाहरू रहेका छन्। यी खोलाहरूको अवस्थिति, विगतमा पुर्याएका प्रभाव, बाढीको फैलावट तथा क्षतिका आधारमा बाढी प्रक्षेपण गर्दा बक्राहा खोलाको दायाँबायाँ ३५० मिटर, मावाखोलाको दायाँबायाँ २५० मिटर, सोल्टी र देवीझोडा खोलाको दायाँबायाँ १०० मिटर, सुनझोडा खोलाको दायाँबायाँ ५० मिटर र अन्य खोलाको दायाँबायाँ ३० मिटर बाढी क्षेत्र प्रक्षेपण गरिएको छ। जस अनुसार २५१४.४ हेक्टर जमिन र त्यस क्षेत्रमा रहेका पूर्वाधारहरू जोखिममा रहेको देखिन्छ।

नक्सा ८ उर्लाबारीका नदीहरू र बाढीको जोखिम प्रक्षेपण

| **उर्लाबारीका नदीहरू** | **नदीमा आउने बाढीको जोखिम प्रक्षेपण** |
|---|---|
|  |  |

Source: Global flood modeling google earth engine

समुदायमा बाढीको जोखिमका बारे छलफल गर्ने क्रममा प्राप्त भएका सूचना आधारमा निम्न क्षेत्र कटान तथा डुवानका कारण प्रभावित भएको देखिन्छ।

तालिका १६ बाढी कटानको विवरण

| वडा | प्रभावित टोल र घरधुरी | खोला पैनी | जोखिमको कारण | समस्या समाधानका उपायहरु |
|---|---|---|---|---|
| १ | चिसापानी क, ख, ग (२५०) नुनसरी सर्वेश्वर (१५०) | बक्राहा र मिक्लुङ | खोला नजिकमा बस्ती हुनु र नम्बरी जग्गामा खोला बग्नु नदी नियन्त्रण नहुनु | बक्राहा खोलामा २ किमि, मिक्लुङ खोलामा २ किमि, बाहुनी खोला १ किमि, सोल्टी खोलामा २ किमि, तटवन्ध निर्माण |
| | बालज्योति र तीनखोप्रे टोल (२५०) | राम्री खोला (नुनसरी), | खोलामा पानी छेक्ने उचित प्रवन्ध नहुनु । राम्री खोला (नुनसरी), ठूलो पैनी र निकासी पैनीबाट पानीको भेल बस्तीमा पस्छ । | राम्री खोला, नुनसरी खोलामा ३ किमि तटबन्ध निर्माण गर्नु पर्ने । |
| २ | सुनझोडा वस्ती, जनटोल, भुसी (१२), सालवारी | सुनझोडा (तेली) | खोलामा तटबन्ध नभएकोले विद्यालय समेत सुनझोडा वस्ती, जनटोल, भुसी, सालवारीक्षेत्रमा कटान गर्छ। | सुनझोडा (तेली) खोलामा जनतौल देखि बाँसेचौरी सिमसार सम्म २ कि मि तटबन्ध गर्ने । |

| वडा | प्रभावित टोल र घरधुरी | खोला पैनी | जोखिमको कारण | समस्या समाधानका उपायहरु |
|---|---|---|---|---|
| | सृजना टोलमा (१००), देवीझोडा, डुम्रे, पुरानो मंगलवारे (१००), अमिलडागी, सुनपकुवा मा वि समेत वस्ती (१५) | डुम्रेखोला | धार परिवर्तन गरिरहने चञ्चले डुम्रेखोलाले कटान गर्छ। | हाल RRN संस्थाले कटहरे सुनपकुवाटोल सिरुझार देवीझोडा टोलमा डुम्रे खोलामा तटबन्ध गरिरहेको छ। बाँकी सबै क्षेत्रमा तटबन्ध गर्नुपर्ने। |
| | तीनघरे, कटहरे, सालवारी | सिरुझार खोला | जङ्गलमा उछाल भएर आउने सिरुझार खोलाले तीनघरे, कटहरे हुँदै सालवारी सम्म कटान र डुवान | RRN संस्थाको सहयोगमा तटबन्धको काम सम्पन्न भइसकेकोले जोखिम कम भएको छ। |
| ३ | शिवालय टोल ()<br>सालवारी टोल ()<br>चन्दने टोल (३०)<br>मंगलवारे टोल (१५)<br>रामनगर टोल (२०) | बक्राहा खोला<br>सोल्टी खोला<br>सुनझोडा खोला | यि वस्तीहरु खोलाका किनारमा छन्। टाटी टिना र चचरीबाट बनेका अधिकांश घरहरु छन् । समुदायमा गरिवीको अवस्था छ । नगरपालिका र नागरिकको तर्फबाट सामान्य रोकथाम मात्र भएको छ | • बक्राहा खोलाको पश्चिम क्षेत्रमा १ किमि तटबन्ध निर्माण गर्ने<br>• सोल्टी खोलाको मंगलवारे क्षेत्रमा १ किमि तटबन्ध निर्माण गर्ने।<br>• सुनझोडा, चन्दने र शिवालय क्षेत्रमा ४ किमि तटबन्ध निर्माण गर्ने।<br>• मंगलवारेका ३० घर चन्दनेका ३० घर र रामनगरका १५ घर स्थानान्तरण गर्ने। |
| ४ | किसान चोक थापाडागीका ४२ घर र सिसौली | सोल्टी खोला<br>बक्राहा खोला | सोल्टीखोलामा तटबन्ध नभएकोले किसान चोकमा जग्गा र कृषि फर्महरु कटान।<br>थापाडागीमा बक्राहाले २२ घर र सोल्टीखोला २० घर सहित कटान।<br>सिसौलीको दक्षिणमा बक्राहा खोलामा तटबन्ध नभएकोले जग्गा कटान। | • थापाडागी र किसानचोकमा सोल्टी खोलामा १.५ किलोमिटर, थापाडागीमा बक्राहा खोलामा १ किलोमिटर र सिसौलीको दक्षिणमा बक्राहामा २०० मिटर तटबन्ध गर्ने । |

| वडा | प्रभावित टोल र घरधुरी | खोला पैनी | जोखिमको कारण | समस्या समाधानका उपायहरु |
|---|---|---|---|---|
| ५ | झुम्रा टोल ११५, एकता टोल ६० (धाउन्ने क्षेत्र) | बक्राहा खोला राम्री खोला | झुम्रा टोल ११५, एकता टोल ६० (धाउन्ने क्षेत्र) मा बक्राहा खोलाको बाढीका कारण नदीकिनारमा रहेका घरहरु बग्छन्, पुननिर्माण पनि गर्छन्। पहिले खोला थिएन। कुलो खनेर पानी ल्याउदै गर्दा खोला नै त्यता फर्किएर आयो र नम्वरी जग्गामा बग्न थाल्यो। राम्री खोलामा आएको बाढीका कारण पनि वस्ती डुवान हुन्छ। झुम्रा टोलका २०/२५ घर वाढीको बेलामा अन्यत्र सर्ने र पछि फर्किएर आउने गरेका | • बक्राहा खोलामा २ किलोमिटर (झुम्रा क्षेत्र) तटबन्ध निर्माण गर्यो भने १५० घर सुरक्षित हुन्छन्। राम्री खोलामा दुवैतर्फ गरी ६ किलोमिटर तटबन्ध गर्दा धाउन्ने, झुम्रा, लांगाली, तरुण सुसेली, टोलका करिव ३०० घर र खेतीयोग्य जमिन सुरक्षित हुन्छ। करिव ५० घर स्थानान्तरण गर्दा क्षति कम हुन्छ |
| ६ | सूर्यचोक सिसौली आत्मानन्द टोल | • | सूर्यचोक सिसौलीटोलमा मावाखोलामा करिव ६०० मिटर तटबन्ध नभएकोले खोलाको कटान।<br>आत्मानन्द टोलमा वसपार्क र बजार क्षेत्र मावाखोलामा करिव ७०० मिटर तटबन्ध नभएकोले खोलाको कटान रहेको । | • मावाखोलामा सूर्यचोक सिसौलीमा ६०० मिटर र<br>• आत्मानन्द टोलमा ७०० मिटर तटबन्ध गर्ने । |
| ७ | त्रिवेणी १७७, पूर्वेली ११९, मुनाल १८१ | • | त्रिवेणी १७७, पूर्वेली ११९, मुनाल १८१ वडाको सवै क्षेत्रमा तटवन्ध गरिसकेको छ । यसमा केही क्षेत्रमा काम वाँकी भएकोले सो स्थानबाट खोलामा बाढी आउँदा पानी छिरेर कटान हुने गर्दछ । | • वाँकी काम पुरा भए पछि डुवान र कटानको समस्या पनि हट्छ । |
| ८ | राजघाट १००, गंगटे २०, मुनाल २०, सिसौली २० | वक्राहा खोला | राजघाट १००, गंगटे २०, मुनाल २०, सिसौली २० घर खोलाधारमा वसोवास गरेका सवै घरहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिसकिएको छ । | • सिसौली, खैरेनी हुदै गंगटे सम्म जम्मा ४ किमि सम्म लन्चिङ ड्याम हाल्ने<br>• लन्चिङ ड्यामको पछाडिबाट बायो इन्जिनीयरिङ विधि (काँस, |

| वडा | प्रभावित टोल र घरधुरी | खोला पैनी | जोखिमको कारण | समस्या समाधानका उपायहरु |
|---|---|---|---|---|
| | | | वक्राहा खोलामा १४०० मिटर लन्चिङ डयाम लगाइएको छ । | वाँस र घाँस) को अभियान सन्चालन गर्ने ।<br>• सो क्षेत्र हुँदै कोरिडोर निर्माण |
| ९ | महाराजथान र गाईघाट, मावाखोलाका कारण आम्वारी, फाइवेली डाँडा, चक्रेटोल (१००),, बोर्डरलाईन(१००), आदर्श चौक, महाराजथान (६०)र गाईघाट टोल(४०) छिन्ताङे टोल (५०) | रतुवाखोला मावाखोला कट्नु होली रातेहोली कुलझोडा होली | **रतुवाखोला**को कारण महाराजथान र गाईघाट, **मावाखोला**का कारण आम्वारी, फाइवेली डाँडा, चक्रेटोल, बोर्डरलाईन, आदर्श चौक, महाराजथान र गाईघाट टोल, कट्नु होलीको कारण महाराजथान र गाईघाट, रातेहोलीका कारण दुर्गापुरी र सुदुनी डाँडा, कुलझोडा होलीका कारण भोटेपुल, खोपीडाँडा र बोर्डरलाईन प्रभावित हुने गरेका छन् । चक्रेटोल, छिन्ताङे टोल, महाराजथान टोल, बोर्डरलाईन टोल, गाईघाट उच्च जोखिममा रहेका । | सबै खोला तथा होलीहरुमा तटबन्ध निर्माण गर्ने । |

स्रोत वडा स्तरीय छलफल २०८०

तालिका १७ बाढी डुवानको जोखिम विवरण

| वडा नं | प्रभावित टोल र घरधुरी | खोला पैनी | जोखिमको कारण | समस्या समाधानका उपायहरु |
|---|---|---|---|---|
| १ | चिसापानी क, ख, ग (२५०) नुनसरी सर्वेश्वर (१५०) | बक्राहा र मिक्लुङ | खोला नजिकमा बस्ती हुनु र नम्बरी जग्गामा खोला बग्नु नदी नियन्त्रण नहुनु। | बक्राहा खोलामा २ किमि, मिक्लुङ खोलामा २ किमि, बाहुनी खोला १ किमि, सोल्टी खोलामा २ किमि तटवन्ध निर्माण |
| | बालज्योति र तीनखोप्रे टोल (२५०) | राम्री खोला (नुनसरी ), | खोलामा पानी छेक्ने उचित प्रवन्ध नहुनु। राम्री खोला (नुनसरी), ठूलो पैनी र निकासी पैनीबाट पानीको भेल बस्तीमा पस्छ र डुवान हुन्छ | राम्री खोला, नुनसरी खोलामा ३ किमि तटबन्ध निर्माण गर्नु पर्ने । |

| वडा नं | प्रभावित टोल र घरधुरी | खोला पैनी | जोखिमको कारण | समस्या समाधानका उपायहरु |
| --- | --- | --- | --- | --- |
| २ | कटहरे र सालवारी | सिरुझार खोला र होली | जङ्गलमा उछाल भएर आउने सिरुझार खोलाले तीनघरे, कटहरे हुँदै सालवारी सम्म डुवान गर्छ ।<br>• तीनघरेमा सामुदायिक वनको भवनबाट भेल आएर डुवान हुने ।<br>• प्रकृतिटोलमा जङ्गलबाट आउने सानो होलीका कारण डुवान हुने । | ३०० मिटर ड्रेन बनाएर करम होली र वडा नं ३ तर्फ पठाउने । |
| ३ | त्रिवेणी टोल (२१+५०) चन्दने टोल (३०+१५) नयाँ मंगलवारे टोल (१५+५) रामनगर टोल (२०+१८) | सोल्टी र सुनझोडा | • सोल्टी र सुनझोडा खोलाका कारण त्रिवेणी टोल, चन्दने टोल, नयाँ मंगलवारे, रामनगरका घरहरु डुवानको जोखिममा । | सोल्टी र सुनझोडा खोलामा तटबन्ध गर्ने र वस्तीको पानी निकासका लागि ड्रेन बनाउने |
| ४ | आदर्श टोल, परिवर्तन टोल र किसानचोक विशाल चोक १०० घर र खोर्सानीबारीमा ३५ | बक्राहा राम्री खोला ८ हजारे पैनी रातेहोली भिगामारी पैनी | • महेन्द्र राजमार्ग उत्तरका आदर्श टोल, परिवर्तन टोल र किसानचोकमा पुराना कल्भर्टहरु पुरिएकोले पानीको निकास नभएकोले करिव ३०० मिटर उत्तरसम्म डुवान हुने।<br>• बक्राहामा बाढी आउँदा राम्री खोला फुलेर विशाल चोक टोलको उत्तरमा १०० घर र खोर्सानीबारीमा ३५ घर डुवान गर्ने। खोर्सानीबारीमा ८ हजारे पैनी अतिक्रमण र राजघाटे कुलो पुरिएकोले डुवान हुने ।<br>• नपा त्रिवेणी टोलमा पैनी पुरिएको र ड्रेन सानो भएकोले ओभरफ्लो भएर बजार क्षेत्रदेखिको पानीले डुवान हुने<br>• लक्ष्मी नारायण टोलमा रातेहोलीका कारण डुवान हुने ।<br>• परिवर्तन टोलमा भिगामारी पैनी अतिक्रमण भएकोले डुवान हुने ।<br>• भानु सिसौलीको शान्तिमार्ग गहिरो र पानीको निकास नभएर डुवान। | • आदर्श टोल देखि महेन्द्र राजमार्गको उत्तरबाट १.५ किमी ड्रेन बनाएर बक्राहामा मिसाउने र किसानचोकमा पनि यहि अनुसारको ड्रेन बनाएर बक्राहामा मिसाउने।<br>• वडामा भएका ८ हजारे पैनी, रातेहोली र भिगामारी पैनीहरुको नियमित सफाइ गर्ने। अतिक्रमण भएका पैनीहरुको सिमाङ्कन गरेर खोल्ने ।<br>• सानो र रोकावट भएको ड्रेन ठूलो बनाएर नियमित सफाइ गर्ने । |

| वडा नं | प्रभावित टोल र घरधुरी | खोला पैनी | जोखिमको कारण | समस्या समाधानका उपायहरु |
|---|---|---|---|---|
| ५ | आमा मिलन, गुम्वा टोल र ओमशान्ति नमूना टोलका २५० | नाली तथा ढल निकास नहुनु | • आमा मिलन, गुम्वा टोल र ओमशान्ति नमूना टोलका २५० घर डुवानमा पर्ने। व्यवस्थित ढलनिकास नहुनु, पूर्वमा मधुमल्ला सडकले छेक्छ, पश्चिममा वडा नं-४ ले, हाइवेमा क्रसड्रेन एउटा छ पानी पास गर्न वडा नं.- ७ ले दिदैन । भित्री नालीहरुमा पनि पानी बग्दैन र जाम हुनाले वस्तीमा डुवानको समस्या छ । | • मधुमल्ला सडक क्रस गराएर मावा खोलामा र स्कूलडाँडाको सडक क्रस गराएर वडा नं.-४ हुँदै बक्राहा खोलामा पानी झार्ने हो भने डुवानबाट वडालाई सुरक्षित गर्न सकिन्छ । |
| ६ | तरुण चोक टोल, तरुणचोक मार्ग, होली चाइल्ड मार्ग, रमाइलो मार्ग | गहिरो भाग निकास नभएर डुवान हुने | • तरुण चोकटोलमा, तरुणचोक मार्ग, होली चाइल्ड मार्ग, रमाइलो मार्ग सडकहरु पूर्व पश्चिम भएर निर्माण भएका र पर्याप्त निकास नभएकोले करिव ४० घर डुवानमा पर्ने । | • तरुणचोक मार्गबाट ड्रेन बनाएर मावा खोलामा मिसाउने । यसको डिपिआर भएको ।<br>• राधिका मा वि को जग्गाको बीचबाट ड्रेन बनाएर पुरानो ड्रेनमा जोड्ने ।<br>• सूर्यचोक सिसौलीमा बाटोको नाली व्यवस्थित र निकास योग्य बनाउने । |
| | सिद्धेश्वर टोल प्रगति मार्ग र सचेत मार्ग ६० घर | सडकले पानी रोकेकोले डुवान हुने | • सिद्धेश्वर टोल, प्रगति मार्ग र सचेत मार्ग पूर्व पश्चिम भएकोले निकास नभएर ६० घर डुवान।<br>• सूर्यचोक सिसौलीमा बाटोको नाला व्यवस्थित नभएकोले सामान्य डुवान र जनपथ टोलमा तरुणचोकबाट आएको पानीले १० घर डुवानमा पर्ने। | • स्थलगत अध्ययन गरी पूर्व पश्चिम भएर बनेका सडकको उपयुक्त स्थानमा निकास हुने संरचना निर्माण गर्ने ।<br>• नाली निर्माण गरी पानीको निकास गराउने । |
| ७ | दुर्गा मन्दिरको ५०० घर र वरगाछी टोल १५०० घर | माथिबाट आएको पानीको उपयुक्त निकास नहुनु | • दुर्गा मन्दिरको ५०० घर र वरगाछी टोल १५०० घर व्यवस्थित ढल निकासको अभावको कारण वडा नं ५ र ६ बाट पानी वडा नं ७ तिर भरिएर आउँछ र वडा नं ७ डुवान हुन्छ । | • |

| वडा नं | प्रभावित टोल र घरधुरी | खोला पैनी | जोखिमको कारण | समस्या समाधानका उपायहरु |
|---|---|---|---|---|
| **समस्या समाधानका उपायहरु:**<br>• मेन रोडको उत्तरबाट पूर्वपट्टि मावाखोला र पश्चिम तिरको पानी वक्राहा खोलामा १.५ कि.मि पक्कि ड्रेन हाल्नु पर्छ<br>• दुर्गामन्दिरको दक्षिण तिरबाट ड्रेन निर्माण गरी पानीको निकास गर्ने ।<br>• अन्य स्थानको हाल विद्यमान रहेको पैनी सरसफाइ गरी व्यवस्थित गर्ने।<br>• वडा नं ७ क्षेत्रमा पर्ने खोलामा वाँध निर्माण गरिएको छ । केहि कार्यसम्पन्न गर्न मात्र वाँकी रहेको छ ।तर सो स्थानमा पनि भूगोल हेरेर होचो जमिन भएको स्थानहरूमा पानीको निकासका लागि ह्युमपाइप राख्ने ।<br>• ढल निकासको व्यवस्थित योजना निर्माण गर्ने । | | | | |
| ८ | राजघाट, गँगटे, कदम टोल, खैरेनीमा राजघाट वगर टोलको जम्मा २२ घर | | • राजघाट, गँगटे, कदम टोल, खैरेनीमा राजघाट वगर टोलको जम्मा २२ घर उच्च जोखिममा भएकोमा १८ घरलाई सारिएको छ। वाँकी ४ घरलाई तत्काल सार्नु पर्ने भएको छ | खोलामा लगाइएको डयाममा भूगोल हेरेर होचो जमिनको क्षेत्रहरूमा ह्युमपाइप लगाएर पानीको निकास वनाउने । राजघाट वगरटोलको चार घरलाई तत्काल सुरक्षित स्थानमा सार्ने व्यवस्था मिलाउने |
| ९ | चक्रेटोल (१००), छिन्ताडे टोल (५०), महाराजथान टोल (६०), बोर्डरलाईन टोल (१००), गाईघाट (४०) आदर्श चौक २५ घर दुर्गापुरी र सुदुनी डाँडाका ५ घर, बोर्डरलाईनका १० घर | रतुवाखोला मावाखोला र होलीहरु | • रतुवाखोलाको कारण महाराजथान र गाईघाट, मावाखोलाका कारण आम्वारी, फाइवेली डाँडा, चक्रेटोल, बोर्डरलाईन, आदर्श चौक, महाराजथान र गाईघाट टोल, कट्नु होलीको कारण महाराजथान र गाईघाट, रातेहोलीका कारण दुर्गापुरी र सुदुनी डाँडा, कुलझोडा होलीका कारण भोटेपुल, खोपीडाँडा र बोर्डरलाईन प्रभावित हुने गरेका। चक्रेटोल, छिन्ताडे टोल, महाराजथान टोल, बोर्डरलाईन टोल, गाईघाट उच्च जोखिममा रहेका छन् | महाराजथान र गाईघाटका १० घर, चक्रेटोल, बोर्डरलाईन, आदर्श चौकका २५ घर दुर्गापुरी र सुदुनी डाँडाका ५ घर र भोटेपुल, खोपीडाँडा र बोर्डरलाईनका १० घर स्थानान्तरण गर्ने। मावाखोलामा फाइवेलीडाँडा, बोर्डरलाईन, महाराजथान, गाईघाट र चक्रेटोललाई सुरक्षित बनाउन स्थायी तटबन्ध निर्माण गर्ने ।<br>• रतुवा खोलामा महाराजथान र गाईघाट टोलमा स्थायी तटबन्ध निर्माण गरी टोलहरु सुरक्षित गर्नु पर्ने । |

स्रोत वडा स्तरीय छलफल २०८०

तालिका १८ डुवान, यसको आबृति र टोल स्तरीय जोखिम विवरण

| वडा नं | ठूलो बाढी आएको साल | खोलाको नाम | डुवानको अवस्था | | |
|---|---|---|---|---|---|
| | | | उच्च डुवान भएका टोलहरूको नाम र घरधुरी | मध्यम डुवानमा भएका टोलहरू | डुवान कम भएका टोलहरू |
| १ | २०५७-२०५९ | बक्रा खोला नुनसरी खोला | चिसापनी टोल क - ९७<br>चिसापनी टोल ख - २७<br>चिसापनी टोल ग - २५<br>कत्ले चिसापानी (क.ख.ग.) हिलेडाँगी, मेचेडाँगी, तीनखोप्रे र चारघरेमा सयौ विघा जमिन नष्ट, अहिले बक्रा खोला नम्बरी जग्गामा बगेको छ। | डाँगी – १२<br><br>चारघरेमा ८ घर सामान्य डुवान | |
| | २०७२ | बक्रा खोला | वालज्योति टोल - ५० | वडाभरीमा १०० | १५ |
| | २०७८ कार्तिक | वडामा रहेका सबै खोला र | वडाका ६ वटै टोलहरु उच्च जोखिममा रहेका | वडा भरीमा २००० | |
| | २०७२ साल | निकासी र साल्पाली पैनी | हिलेडाँगी, मेचेडाँगी, तीनखोप्रे, कसेनी र चारघरेमा ५/७ घर डुवानमा परेका ३० विघा जमिन खोलामा परिणत भएको, बाटोघाटो | | |
| | | साना खोल्सी (डाँगीको होली) | साना खोल्सी (डाँगीको होली) मा बाढीको पानी आउने र कटान गरेका कारण धेरै जमिनमा क्षति भएको छ, खोल्सीको दुवैतर्फ वाल लगाउने र पानी बक्रा खोलामा हाल्यो भने समाधान हुन्छ । | | |
| वडा नं २ | २०४४ | सुनझोडा तेली | सुनझोडा, भुसी, सालवारी, तीनघरे, सृजना सिरुझार | कटहरे, मंगलवारे, डुम्रे अमिलडागी, देवीझोडा, | एकता टोल, प्रकृतिटोल |
| | २०४९ | सुनझोडा तेली | सुनझोडा, भुसी, सालवारी, तीनघरे, सृजना सिरुझार | कटहरे, मंगलवारे, डुम्रे अमिलडागी, देवीझोडा, | एकता टोल, प्रकृतिटोल |
| | २०५६ | सुनझोडा तेली | सुनझोडा, भुसी, सालवारी, तीनघरे, सृजना सिरुझार | कटहरे, मंगलवारे, डुम्रे अमिलडागी, देवीझोडा, | एकता टोल, प्रकृतिटोल |
| | २०७८ | सुनझोडा तेली | सुनझोडा, भुसी, सालवारी, तीनघरे, सृजना सिरुझार | कटहरे, मंगलवारे, डुम्रे अमिलडागी, देवीझोडा, | एकता टोल, प्रकृतिटोल |

| वडा नं | ठूलो बाढी आएको साल | खोलाको नाम | डुवानको अवस्था | | |
|---|---|---|---|---|---|
| | | | उच्च डुवान भएका टोलहरूको नाम र घरधुरी | मध्यम डुवानमा भएका टोलहरू | डुवान कम भएका टोलहरू |
| ३ | २०७८ कार्तिक | तेली, बक्राहा, सोल्टी, सुनझोडा | सुनझोडा खोलाले नयाँ मंगलवारे १०० घर, सालवारी टोल ६० घर र वनलाई डुवान र कटान सुनपकुवा टोल २०, मंगलवारे टोल २००, चन्दने टोल ५० | वडाका सबै जसो टोलहरु मध्यम जोखिममा रहेका छन् | |
| | हरेक वर्ष | तेली खोला बक्रा खोला सोल्टी खोला सुनझोडा खोला | | नयाँ मंगलवारे ३००, सालवारी टोल २००, सुनपकुवा टोल ३५०, मंगलवारे टोल २००,<br>चन्दने टोल १६०, सुनपकुवा टोल २५०, संगम टोल २५१ | |
| ४ | २०४२ | बक्राहा | परिवर्तन, आइतवारे, त्रिवेणी, सिसौलीमा डुवान | नपा भद्रमारी, भानु | अन्य टोलहरु |
| | २०७८ कार्तिक | बक्राहा | सिसौली, परिवर्तनमा डुवान | आइतवारे, त्रिवेणी | |
| ६ | २०७८ | मावा खोला | सिद्धेश्वर, जनपथ मार्ग, आत्मानन्द टोल ५१ घर र तरुण चोक, सिद्धार्थ टोल, हाटखोला टोलका खेतीयोग्य जमिन | सिसौली, सूर्यचोक, सिमाना वस्ती | |
| ७ | २०७७ र २०७९ साल | मावाखोला | शान्ति टोल पशुपति टोल र मुनाल टोलमा १०० घर र नवदुर्गा शान्तिठोलमा २० घरधुरी | पूर्वेली टोल | स्कूलडाँडा राधिका स्कूल क्षेत्र |
| ९ | २०७८ कार्तिक | मावा खोला रतुवा खोला र रातेहोली खोल्सी | आम्वारी, फाइवेली डाँडा, चक्रेटोल, बोर्डरलाईन, आदर्श चौक, महाराजथान र गाईघाट टोल | बाँकी सबै | चक्रेटोल, बोर्डर लाईन, आदर्शचौक, महाराजथान का २५ घर |
| | २०७८ साल कार्तिकमा आएको बेमौसमी बाढीका कारण काटेको र काट्न बाँकी धान लगायतका वाली उठाउनु परेन । माछा फर्म, कुखुरा फर्म बाखापाठा सुगुर लगायत हजारौको संख्यामा क्षति । | | | | |
| | २०५९ | रातेहोली खोल्सी | दुर्गापुरी र सुदुनी डाँडाका ७० घर | | ५ घर |
| | हरेकवर्ष रातेहोलीका कारण वरिपरिका वस्तीहरु डुवानको जोखिममा छन् । | | | | |

| वडा नं | ठूलो बाढी आएको साल | खोलाको नाम | डुबानको अवस्था | | |
|---|---|---|---|---|---|
| | | | उच्च डुवान भएका टोलहरूको नाम र घरधुरी | मध्यम डुवानमा भएका टोलहरू | डुवान कम भएका टोलहरू |
| | हरेक वर्ष | कुलझोडा होली | भोटेपुल, खोपीडाँडा र बोर्डरलाईनका ८० घर | | १० |
| | हरेक वर्ष | कट्नु होली | महाराजथान र गाईघाटका ५० घर | | |

स्रोत वडा स्तरीय छलफल २०८०

उर्लाबारी नगरपालिकाको डुवानको अवस्था हेर्दा केही भागहरू खोला क्षेत्र भन्दा होचो भएको, खोला छेउछाउ बस्ती भएको सडक विस्तार गर्दा बनाइएका पूर्वाधारहरूले पानी छेकिएर, जङ्गलबाट आउने वर्षाको पानीको निकास नभएर डुवान हुने गरेको देखिन्छ। जसलाई निम्न नक्सामा देखाइएको छ।

नक्सा ८ उर्लाबारीका जलाधार क्षेत्र तथा डुवानको जोखिम क्षेत्र नक्साङ्कन

| उर्लाबारीको डुवान क्षेत्र नक्साङ्कन | उर्लाबारीको जलाधार नक्साङ्कन |
|---|---|
|   |  |

Source: Global flood modeling google earth engine

## ३.३ आगलागीजन्य प्रकोपको अवस्था तथा सम्भाव्यता

नगरपालिकामा बनेका १७,६५० घरहरु मध्ये ७५ घर फुसको छाना भएका छन् जो आगलागीका लागि उच्च जोखिममा रहेका छन् । खाना पकाउने इन्धनको रुपमा दाउराको प्रयोग गर्नेको संख्या ३,७९६ अर्थात् (२१.५१ प्रतिशत) छ । लापरवाही सुख्खा खडेरी वन डढेलोका अतिरिक्त आगलागीको अर्को कारण हाल विस्तार भइरहेको विद्युतीकरण र खाना पकाउने इन्धनकोरुपमा एलपि ग्याँसको प्रयोग पनि रहेको छ । यस्ता इन्धनको प्रयोगमा

बढोत्तरी भएपनि यसका सुरक्षाका उपाय र आगलागी भएमा नियन्त्रण गर्नसक्ने सीपको कमीका कारण आगलागीका घटनाहरु हुन थालेका छन् । बत्ति बाल्न १७,५३१ घर (९९.३३ प्रतिशत) ले विद्युतको प्रयोग गर्दछन् तर व्यवस्थित वायरिङ र विद्युतीकरण नहुँदा आगलागीको जोखिम बढिरहेको पाइन्छ ।

तालिका नं १९ घरको छानाको प्रकार

| वडा नं | जम्मा घरधुरी | घरको छानाको प्रकार | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कर्कट पाता | सिमेन्ट ढलान | खरको | टायल | ढुंगा | काठ | माटो | अन्य |
| १ | २१९० | २०२१ | १३० | १५ | ७ | १२ | ५ | ० | ० |
| २ | २१०१ | १९२२ | १६० | ७ | ५ | ४ | ३ | ० | ० |
| ३ | १९०२ | १२१५ | ६६७ | ८ | ७ | ३ | २ | ० | ० |
| ४ | २४४८ | १६३५ | ७८४ | ९ | ६ | ११ | २ | ० | १ |
| ५ | १३९० | ५९६ | ७८७ | २ | ४ | १ | ० | ० | ० |
| ६ | १४४० | ८६५ | ५६४ | ३ | ४ | १ | ३ | ० | ० |
| ७ | २६०० | ११०१ | १४८४ | ९ | १ | ५ | ० | ० | ० |
| ८ | १९५५ | १६२० | ३०९ | १० | ४ | ६ | ३ | ० | ३ |
| ९ | १६२४ | १४६२ | १३८ | १२ | ६ | १ | ४ | ० | १ |
| **जम्मा** | **१७६५०** | **१२४३७** | **५०२३** | **७५** | **४४** | **४४** | **२२** | **०** | **५** |

तालिका नम्बर २० : खाना पकाउनका लागि उर्जाको प्रयोगको विवरण

| वडा नं | जम्मा घरधुरी | खाना पकाउने इन्धनको प्रयोग | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | दाउरा | एलपि ग्याँस | विद्युत | गोवर ग्याँस | बायो ग्याँस | मट्टितेल | अन्य |
| १ | २१९० | १०३९ | १०५१ | ३२ | २ | ६६ | ० | ० |
| २ | २१०१ | ९६७ | १०७७ | १९ | ० | ३६ | ० | २ |
| ३ | १९०२ | ३४८ | १५४३ | ४ | २ | ५ | ० | ० |
| ४ | २४४८ | २९५ | २१२५ | ४ | १ | २१ | ० | २ |
| ५ | १३९० | ७० | १३०५ | १० | ० | ५ | ० | ० |
| ६ | १४४० | ८८ | १३३६ | ७ | ० | ८ | ० | १ |
| ७ | २६०० | १२१ | २४६० | ८ | ० | ९ | ० | २ |
| ८ | १९५५ | ३८० | १४७१ | ११ | ७ | ८६ | ० | ० |
| ९ | १६२४ | ४८८ | १०४० | ७ | ० | ८९ | ० | ० |
| **जम्मा** | **१७६५०** | **३७९६** | **१३४०८** | **१०२** | **१२** | **३२५** | **०** | **७** |

स्रोत : राष्ट्रिय जनगणना २०७८

तालिका नम्बर २१ : वत्ती वाल्नका लागि उर्जाको प्रयोगको विवरण

| वडा नं | जम्मा घरधुरी | वत्ति वाल्नको लागि इन्धन | | | | |
|---|---|---|---|---|---|---|
| | | विद्युत | सोलार | मट्टितेल | वायो ग्याँस | अन्य |
| १ | २१९० | २१६९ | ५ | ११ | ० | ५ |
| २ | २१०१ | २०८२ | १० | ७ | ० | २ |

| वडा नं | जम्मा घरधुरी | वत्ति वाल्नको लागि इन्धन | | | | |
|---|---|---|---|---|---|---|
| | | विद्युत | सोलार | मट्टितेल | वायो ग्याँस | अन्य |
| ३ | १९०२ | १८९५ | २ | ३ | १ | १ |
| ४ | २४४८ | २४३५ | ३ | १० | ० | ० |
| ५ | १३९० | १३७० | २० | ० | ० | ० |
| ६ | १४४० | १४३८ | २ | ० | ० | ० |
| ७ | २६०० | २५९९ | १ | ० | ० | ० |
| ८ | १९५५ | १९३६ | ५ | १४ | ० | ० |
| ९ | १६२४ | १६०७ | ८ | ५ | ० | ४ |
| **जम्मा** | **१७६५०** | **१७५३१** | **५६** | **५०** | **१** | **१२** |

तालिका २२ : आगलागीजन्य प्रकोपको अवस्था तथा सम्भाव्यता

| वडा | जोखिमयुक्त घरधुरी र जोखिमको कारण | समस्या समाधानका उपायहरु |
|---|---|---|
| १ | • शारदा टोल-१६० घर, लक्ष्मीझार-१५० घर, टाटीटिना र फुसको छाना भएका घरहरु हुनु, व्यवस्थित बसोवास नहुनु, गरिवी, जनचेतनाको कमी र कागजातका कारण सरकारी सुविधा नपाउनु । | • वसोवासलाई व्यवस्थित गरी जनचेतना फैलाउने<br>• खरको छाना हटाउने अभियान सञ्चालन गर्ने ।<br>• आगो निभाउन समुदायमा पानीपोखरी निर्माण गर्ने |
| २ | • प्रकृति टोल, एकता टोल, अमिलडागीको सिरान, डुम्रे, सुनझोडा जनटोल, सिरुझार, सालवारी आदिमा बाक्लो सुकुम्बासी वस्ती भएकोले आगलागीको जोखिम ।<br>• सालवारी, प्रगतिटोल वनमा सटेकोले डढेलेको कारण आगलागी हुनसक्ने ।<br>• अन्य सबै टोलहरुमा परालको माच कुन्यु र घरमा समेत फाट्टफुट्ट आगलागी हुने गरेको । | • आगलागीको सम्भावित क्षेत्रका वनमा अग्नीरेखा बनाउने ।<br>• खरको छाना हटाउने अभियान सञ्चालन गर्ने ।<br>• आगो निभाउन समुदायमा पानीपोखरी निर्माण गर्ने ।<br>• आगो लगाउनेको पहिचान गरी कडा कार्वाही गर्ने । |
| ३ | रामनगर र शिवालय टोलमा विद्युत सट भएर विगतमा आगलागीहरु भएका छन् । | • व्यवस्थित विद्युतीकरण र सचेतना |
| ४ | • परिवर्तन टोलमा बक्राहाखोलाको बाँधमा ९० घर सुकुम्वासीको वसोवास भएको स्थान ।<br>• बजार क्षेत्र बाक्लो वस्ती, ग्याँसको प्रयोग, लत्रिएका विद्युतीय तारहरु तर आगलागी सम्बन्धी ज्ञान नभएको<br>• आदर्श टोलमा पेट्रोल पम्प र आइतवारेमा ग्याँस डिपो २ वटा तर सुरक्षाका उपायहरु अवलम्वन नगरिएको | • सुकुम्बासी वस्तीलाई सुरक्षित स्थानमा एकिकृत वस्ती निर्माण गरी स्थानान्तरण गर्ने ।<br>• पेट्रोल पम्प र ग्याँस डिपो तथा डिलरहरुको न्यूनतम सुरक्षा मापदण्ड तयार गरी कार्यान्वयन गराउने ।<br>• विद्युतीय तारहरु व्यवस्थित गर्ने । |

| | | |
|---|---|---|
| ५ | उर्लाबारी चोकबाट उत्तर पश्चिम क्षेत्रका झुम्रा, धाउन्ने, एकता, गोले टोलका २१० घर । फुस, टाटीटिना, काठ, बाँसबाट बनेका घरहरु तथा बस्ती नजिकै काँसघारी र बुट्यान एवं कमजोर विद्युतीकरण भएका कारण वस्ती आगलागीको जोखिममा छ । जनचेतना सँगै विजुलीका तारहरु व्यवस्थापन गर्न थालिएको छ । | • फुसका घरहरु हटाएर टिनको छानो,<br>• वस्ती नजिकको काँसघारी र बुट्यान हटाउने<br>• विद्युतीय जोखिम न्यूनीकरणका लागि नाङ्गोतार हटाएर कालोतार लगाउनु पर्ने । |
| ६ | • आत्मानन्द टोलको वानडाँडा, हाटखोला र सिमानावस्तीमा सुकुम्वासीहरुको बाक्लो वस्ती भएकोले र विद्युतका तारहरु व्यवस्थित नभएकोले आगलागीको जोखिम ।<br>बजार क्षेत्र बाक्लो वस्ती, ग्याँसको प्रयोग, लत्रिएका विद्युतीय तारहरु तर आगलागी सम्बन्धी ज्ञान नभएको | • सुकुम्बासी वस्तीलाई सुरक्षित स्थानमा एकिकृत वस्ती निर्माण गरी स्थानान्तरण गर्ने ।<br>पेट्रोल पम्प र ग्याँस डिपो तथा डिलरहरुको न्यूनतम सुरक्षा मापदण्ड तयार गरी कार्यान्वयन गराउने ।<br>• विद्युतीय तारहरु व्यवस्थित गर्ने । |
| ७ | • शान्ति टोल १५, दुर्गामन्दिर टोल २०, भृकुटी टोल १० घर उच्च जोखिममा रहेका<br>• यस बर्ष २०८० कातिक २६ गते इटहरा रोड नवदुर्गा शक्ती मार्ग टोलमा पनि ३ जनाको ज्यान गएको छ भने २२ जना घाइते भएका छन् । | • सचेतनामुलक कार्यक्रमहरू गर्ने ।<br>• विशेष गरेर उर्लाबारीमा हाल विद्युत र ग्याँसबाट तथा खोले पकाउने स्थानहरूबाट हुन थालेकोले भान्सा कोठाको सुरक्षाको कुरासंग आगलागीको जोखिम न्यूनीकरणका कामहरूलाई जोड्नु पर्ने भएको छ । |
| ८ | • चौधरी टोल, सन्थाल टोल, दनुवार टोल, अठियावारी र वगर टोल घना वस्तीको कारण आगलागीको जोखिम छ<br>• राजघाटको खास गरी २ वटा वस्तीहरू सन्थाल र राई टोलको ४०, ४० घरहरू वाक्लो वस्ती रहेको छन् भने छानाको कारण आगलागीको सम्भावना वढी रहेको छ<br>• घरमा भन्दा पनि पराल तथा गोठमा र काँस घारीमा आगलागी हुने गरेको पाइएको छ । | • कार्तिक देखि वैशाख महिनासम्म सवैभन्दा वढी आगलागीको दुर्घटना हुने गरेकोले सो वेलामा सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने ।<br>• ग्याँस र इलेक्ट्रिक सर्टबाट भान्साकोठामा आगलागी हुने गरेकोले भान्साकोठा सुरक्षा सम्बन्धी तालिम वडामा नियमित गर्ने ।<br>• भान्साकोठा सुरक्षाका लागि मापदण्ड तयार गर्ने |

स्रोत वडा स्तरीय छलफल २०८०

**नक्सा ९ उर्लाबारी नगरपालिकाको आगलागी तथा वनडढेलोको जोखिम नक्साङ्कन**




विभिन्न मापदण्ड निर्धारण गरी उर्लाबारी नगरपालिकाको शहरी आगलागीको सम्भाव्यता अध्ययन गरिएको थियो जसका आधारमा यस पालिकाको केहि भागहरू उच्च जोखिममा रहेका जसलाई संगैको नक्सामा देखाइएको छ।

## ३.४ पेट्रोल पम्प र ग्यासँ डिपोहरूको विवरण

तालिका नम्वर २३ पेट्रोल पम्प र ग्यास डिपोहरूको विवरण

| वडा नं | पेट्रोल पम्प वा ग्याँस डिपोको नाम | स्थान | क्षमता | ५०० मि. वरीपरी रहेका घर | सुरक्षाका लागि तयारीहरू |
|---|---|---|---|---|---|
| पेट्रोल पम्प | | | | | |
| वडा नं ४ | ॐ सत्य साई | आइतवारे | | ५० | फायर एक्स्टिङ्ग्युसर ४ |
| वडा नं ७ | मालवासे पेट्रोल पम्प | वडा नं ७ | | ५०० | छैन |
| ग्याँस डिपो | | | | | |
| वडा नं १ | मनिस किराना पसल | शारदा टोल | | ४० | नभएको |
| | सुप्रिमा इलेक्ट्रोनिक्स | सर्वेश्वर टोल | ४०-५० | ३० | नभएको |
| | राजु किराना पसल | लक्ष्मीझार | ५०-६० | २० | नभएको |
| | महेन्द्र किराना पसल | शारदा टोल | ५०-६० | २० | नभएको |
| वडा नं २ | बल बहादुर धिमाल | सुनझोडा | ५० | १५० | नभएको |
| | बुद्धि बहादुर कार्की | सुनझोडा | ५० | १५० | नभएको |
| वडा नं ४ | सुनिल बोहरा २ वटा | आइतवारे | १००० | १०० | नभएको |
| वडा नं ५ | कोशी ग्याँस | कृषि विकास बैक छेउ | १२०० | ६० | फायर एस्टिङ्गुसर |
| | अलमाई ट्रेडर्स | | १००० | ५० | नभएको |
| वडा नं ६ | सुरेश ग्याँस | सिमानावस्ती | १०० सिलिण्डर | १०० | नभएको |
| वडा नं ७ | | | | | |
| वडा नं ८ | कोशी ग्ञास | खाइवा चोक | ५०० सिलिण्डर | १०० घर परिवार | नभएको |
| | त्रिशक्ति ग्ञास | अठियावारी | ५०० सिलिण्डर | १५० घर परिवार | नभएको |
| वडा नं ९ | | | | | |
| | शाह किराना पसल | महाराजथान | ३० सिलिण्डर | ६० | नभएको |
| | वनियाँ किराना पसल | महाराजथान | ३० सिलिण्डर | ७० | नभएको |
| | खड्का किराना पसल | खोपिडाँडा | ४० सिलिण्डर | ८० | नभएको |
| | पौड्याल किराना | दुर्गापुरी | ६० सिलिण्डर | ३०० | नभएको |

सोत : वडास्तरीय छलफल २०८०

## ३.५ वन्यजन्तु आतङ्कको जोखिम

जङ्गल नजिकै वस्तीहरु हुनु, झाडी फँडानी गर्नोले जङ्गली जनावरलाई जङ्गलमा पर्याप्त खाना नहुनु, माँसाहारी जनावरहरुको लोप भएका कारण साकाहारी जङ्गली जनावरको संख्यामा अत्यधिक बृद्धि हुनु, वनजङ्गलमा मानिसको अतिक्रमण र प्रभाव बढ्नु, जङ्गलको खानेकुरा भन्दा मानिसले लगाएको बाली मीठो लागेर बानी पर्नु, जङ्गलमा पानी पर्याप्त नहुँदा पानी खान जनावरहरु वस्ती तर्फ आउनु, वन्यजन्तुहरुको स्वाभावमा परिवर्तन हुनु वा अटेरी र आक्रामकपन बढ्दै जानु, गरिबी अशिक्षा सचेतनाको अभाव जस्ता कारणले मानिसले परम्परागत कृषि प्रणालीबाट माथि उठ्न नसक्नु, जङ्गली जनावरहरु मार्न नपाउनु, पारिस्थितिक पद्धती खलबलिनु, मानिस र वन्यजन्तुबीचको द्वन्द बढ्दै जानु, जंगलमा खानेकुरा नपाएर, वनडढेलोका

समयमा वन्यजन्तु मानववस्ती तथा खेतिबालीमा पसेर क्षति पुर्याउने गरेको पाइन्छ। जसको विवरण निम्न तालिकामा दिइएको छ।

तालिका २४ वन्यजन्तुका कारण जोखिमको अवस्था

| वडा | जोखिम भएका स्थान घरधुरी र जोखिमको कारण | समस्या समाधानका उपायहरु |
|---|---|---|
| १ | लक्ष्मीझार (४६), कत्ले चिसापानी (९७) मा जङ्गल नजिकैको बस्ती, हात्ती, वाँदर, बँदेलको आतङ्क। जंगलमा खानेकुरा नपाउनु | हात्ती आउने बाटोमा सेन्सर र साइरन राख्ने, जङ्गलमा फलफुलजन्य वाली लगाउन आवश्यक |
| २ | एकता टोल, सिरुझार, सुनझोडा, तीनघरे, अमिलडागी, देवीझोडा सालवारी डुम्रे लगायत वडाको पूर्वी उत्तरी र पश्चिमी भागमा पुरै वनक्षेत्र भएकोले हात्ती, बाँदर, भ्याउसो आदिको आतङ्क भइरहेको | • हात्ती आउने बाटोमा सेन्सर र साइरन राख्ने,<br>• नियन्त्रणका लागि बैकल्पिक व्यवस्था गर्ने।<br>• जङ्गलमा फलफुलजन्य वाली लगाउने । |
| ३ | चन्दने टोल शिवालय र सालवारी टोलहरु वनक्षेत्रको नजिक भएकोले हात्ती र बाँदर लगायतका वन्यजन्तुको प्रकोप रहेको छ । | • हात्ती आउने बाटोमा सेन्सर र साइरन राख्ने,<br>• हात्ती नियन्त्रणका लागि बैकल्पिक व्यवस्था गर्ने। जङ्गलमा फलफुलजन्य वाली लगाउने । |
| ४ | किसानचोक र थापाडागीको पश्चिमी सिमानामा हात्ती र बाँदरको आतङ्क रहेको । | • हात्ती आउने बाटोमा सेन्सर र साइरन राख्ने,<br>• नियन्त्रणका लागि बैकल्पिक व्यवस्था गर्ने।<br>• जङ्गलमा फलफुलजन्य वाली लगाउने । |
| ५ | **झुम्रा टोल र एकता टोल**हरुका धेरैजसो घरहरु कच्ची छन् । उक्त क्षेत्र हात्तीको बाटो पर्ने तथा जंगल खोला क्षेत्र र केही बुट्यान पनि भएकोले हात्ती लगायत जंगली जनावरको आतङ्क छ, | • हात्ती आउने बाटोमा सेन्सर र साइरन राख्ने,<br>• हात्ती नियन्त्रणका लागि उपयुक्त बैकल्पिक व्यवस्था गर्ने।<br>• जङ्गलमा फलफुलजन्य वाली लगाउने । |
| ६ | सूर्यचोक सिसौली (१० घर) मा कहिले कहिँ हात्ती आएर क्षति गर्ने गरेको। यस वर्ष ३ वटा घर भत्काएर १ थाङ्ग्रा मकै र १० मन धान खाएको | • हात्ती आउने बाटोमा सेन्सर र साइरन राख्ने,<br>• |

स्रोत वडा स्तरीय छलफल २०८०

### ३.५.१ सामुदायिक कुकुरहरुको आतङ्क

गाउँघरमा हिंडडुल गर्ने र आफैं आहारा खोजेर जीवन निर्वाह गर्ने सामुदायिक कुकुरहरुको सङ्ख्या अत्यधिक मात्रामा रहेको छ ।

एउटै कुकुरले ६ वटा भन्दा बढी छाउरा छाउरी जन्माउने गर्दा कुकुरको संख्यामा दिनानुदिन बृद्धि हुँदै गएको र कुकुरहरुले पेटभरी खान नपाएको कारण ग्रामीण क्षेत्रमा गएर खसी बाखा पाठा मार्ने, पशुचौपायाहरुलाई टोकिदिने साथै मानिसहरुलाई पनि आक्रमण गरी घाइते बनाएका घटनाहरु दैनिकरुपमा भइरहेका छन् । यसले मानिसको आर्थिक नोक्सानी हुनुका साथै रेविज जस्तो प्राणघातक रोगको सिकार हुनुपरेको छ । अहिले त झन विद्यालय जाने र घरमा एक्लै दोक्लै बस्ने बालबालिकाहरुलाई कुकुरबाट जोगाउन मुस्किल हुन थालेको छ ।

प्रत्येक दिन कुकुरले टोकेका घटनाहरु आइरहेका छन् । खान नपाएर हिँस्रक बनेका कुकुरले पशुचौपाया मानिसलाई समेत आक्रमण गरी घाइते बनाउने तथा ज्यान समेत लिने गरेका छन् ।

नगरपालिकाबाट समय समयमा रेविज विरुद्धको खोपहरु सञ्चालनमा ल्याएतापनि छाडा कुकुर नियन्त्रणका लागि खासै केही गर्न नसकेको अवस्था छ ।

कुकुरको संख्या नियन्त्रण गर्नका लागि कुकुरको वन्ध्याकरणको काम नगरपालिकाले सञ्चालन गरेको छ । तर यसले पनि खासै कुकुरको वृद्धि नियन्त्रण गर्न सकेको छैन ।

छाडा सामुदायिक कुकुर नियन्त्रण गर्न र यसबाट हुने क्षति न्यूनीकरण गर्न सरकारी तथा गैरसरकारी संस्थाहरु र नागरिक समाजको सहयोग अनिवार्य छ । यहाँका किसानहरुलाई जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी दिर्घकालीन समाधानका उपायहरु खोज्न जरुरी भैसकेको छ । दिर्घकालीन समाधानका लागि कुकुरहरुको बन्ध्याकरण गर्ने, व्यवस्थितरुपमा मात्र पाल्ने, अव्यवस्थित कुकुरहरुका लागि खाना तथा बस्ने व्यवस्थाका लागि तत्काल विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न जरुरी भैसकेको छ । नत्र समयान्तरमा यो समस्या झनै विकराल बन्दै जाने सम्भावना छ ।

**वडामा भएका छलफलका आधारमा सहभागीहरुले सामुदायिक कुकुर र छाडा पशुचौपायाहरुको समाधानका उपायहरु देहायअनुसार सुझाएका थिए:**

- कुकुरलाई बन्ध्याकरण गर्ने । सम्भव भए बाहिरी बजारमा बेच्ने ।
- सामुदायिक कुकुरहरु नियन्त्रणका लागि वडा तथा टोलहरुमा सेडहरु निर्माण गरी कुकुरलाई खान दिएर बन्ध्याकरण गरी राख्ने ।
- छाडा पशुचौपायाहरुको लागि कान्जी हाउस निर्माण गरी आवश्यक नीति बनाई जरिवाना गरेर नियन्त्रण गर्ने ।
- साँढेहरुलाई कोशी टप्पु वन्यजन्तु आरक्षमा पठाउने ।
- उपयुक्त स्थानमा पशुबजारको व्यवस्था गर्ने ।

## ३.६ सडक दुर्घटनाको जोखिम

यस पालिकामा पर्ने पूर्वपश्चिम राजमार्ग, हुलाकी राजमार्ग तथा अन्य स्थानमा विकास भएका सडक क्षेत्रमा सडक दुर्घटनामा बृद्धि भएको छ साथै यसबाट हुने मानवीय तथा अन्य क्षति पनि वृद्धि हुदै गइरहेको छ। जसको विवरण निम्न तालिकामा दिइएको छ।

तालिका २५ सडक दुर्घटनाको कारण जोखिमको अवस्था

| वडा | जोखिमको कारण | समस्या समाधानका उपायहरु |
|---|---|---|
| १. | सबैतिर सडक नबनेको र सवारी साधनहरु कमैमात्र चल्ने भएकोले सडक दुर्घटना न्यून छ । | • नियमितरुपमा फुटपाथ व्यवस्थापन ।<br>• उपयुक्त स्थानहरुमा जेब्रा क्रसिङ निर्माण ।<br>• उपयुक्त पार्किङ व्यवस्थापन ।<br>• प्रहरी सहितको सचेतनामूलक कार्यक्रम (विद्यालय तथा क्याम्पसका विद्यार्थी, पैदल यात्रीहरु तथा सवारी चालकहरुलाई)<br>• ट्राफिक संकेत र सचेतनामूलक जानकारी लेखिएको बोर्ड सार्वजनिक स्थानमा स्थापित । |
| २. | सबैतिर सडक नबनेको र सवारी साधनहरु कमैमात्र चल्ने भएकोले सडक दुर्घटना न्यून छ । | |
| ३. | शिवालय टोल, सालवारी टोल, मंगलवारे टोल, सुनपकुवा टोल, रामनगर टोलमा पुराना र साँगुरा बाटाहरु, तिब्र गति, ट्राफिक सचेतना र निरीक्षणको अभाव रहेकोले बारम्बार सडक दुर्घटना भइरहने गरेको । महेन्द्र राजमार्गको पश्चिम सुनझोडादेखि पूर्व बक्राहा खोलासम्म तिब्र गतिका कारण सडक दुर्घटना भइरहने | |

<table>
<tr><th>वडा</th><th>जोखिमको कारण</th><th>समस्या समाधानका उपायहरु</th></tr>
<tr><td>४.</td><td>आदर्श स्कूलडाँडा आइतवारे परिवर्तन भद्रमारी र किसान चोक टोलहरु महेन्द्र राजमार्ग क्षेत्रमा पर्दछन् । तीव्र गति, साँघुरो सडक, फुटपाथको अभाव, अत्यधिक सवारी चापका कारणले सवारी दुर्घटना भइरहने गरेको ।</td><td rowspan="6">• गति सिमित, विद्यालय क्षेत्र, शाखा सडक, दुर्घटना सम्भावित क्षेत्र जस्ता सचेतना बोर्डहरुको स्थापना ।<br>• उत्तेजक प्रचारात्मक सामग्रीहरुको होडिङ बोर्ड बनाएर हाइवेमा राख्न निरुत्साहित गर्ने ।<br>• सडकमा तीव्र गति नियन्त्रण गर्ने ।<br>• मादक पदार्थ सेवन गरी सवारी चलाउन रोक्ने र कारवाही गर्ने । यसको लागि ब्रेथलाईजर पर्याप्त व्यवस्था गर्ने ।<br>• सवारी गति नियन्त्रण गर्न राडार गनको व्यवस्था गर्ने ।<br>• उर्लाबारी चोक, आइतवारे र मंगलवारेमा उच्च क्षमताको सि सि क्यामेरा जडान गर्ने ।<br>• सडक बत्ति नभएका स्थानमा सडक बत्तिको व्यवस्था ।<br>• विद्यालयको पाठ्यक्रममा सडक प्रयोग र ट्राफिक व्यवस्थाका बारेमा पठनपाठन गर्ने ।<br>• उर्लाबारी चोकमा आकासे पुल निर्माण र केही पछि ट्राफिक लाईटको व्यवस्था ।<br>• अत्यावश्यक सम्पर्क नम्बरहरु सार्वजनिक स्थानहरुमा राख्ने । जस्तैः नेपाल प्रहरी, सशस्त्र प्रहरी, ट्राफिक, दमकल, एम्बुलेन्स, नगरपालिका<br>• दुर्घटना हुँदा चेपिएका घाइतेहरुको उद्धारका लागि आवश्यक पर्ने उपकरण र साधनहरुको व्यवस्था गर्ने ।<br>• फलाम वा धातु काट्ने औजार र सिमेण्ट ढलान काट्ने उपकरणको व्यवस्था गर्ने ।<br>• गल्लीमा पनि जान सक्ने पोर्टेवल अग्नी शमन मेसिनको व्यवस्था गर्ने ।</td></tr>
<tr><td>५.</td><td>प्रमुख रुपमा आमा मिलन १५ ओमशान्ति १० उर्लाबारी-मधुमल्ला सडक १०० मा साँगुरो सडक, तिब्र गति, ट्राफिक नियमको पालना नगर्नु र मापसे गरेर सवारी चलाउनु । सडक सुरक्षाका संकेत वोर्डहरु धुलोले नदेखिने भएका छन्</td></tr>
<tr><td>६.</td><td>झण्डै ५ किलोमिटरको मधुमल्ला सडकमा तीव्र गति, फुटपाथमा सामान राख्ने गर्दा सडकबाट पैदलयात्रु हिँड्दा र अत्यधिक सवारी चापका कारणले सवारी दुर्घटना भइरहने गरेको ।</td></tr>
<tr><td>७.</td><td>गणेश मन्दिर टोल, आश्रम टोल, दुर्गा मन्दिर टोल, वरगाछी टोल, उर्लाबारी मेनचोक, स्कूल डाँडा, शान्ति टोलहरुमा खास गरी हाइवे र राजघाट उर्लाबारी मार्गमा अव्यवस्थित सडकव्यवस्थापन र ट्राफिक नियमको विषयमा जनचेतना छैन हालका दिनमा हाइवेमा साइड पार्किङको व्यवस्था मिलाएको सडकमा खाल्डाखुल्डी पुर्ने काम नियमित गरिएको र अनावश्यक हम्सहरू हटाइएको छ ।</td></tr>
<tr><td>८.</td><td>उर्लाबारी वरडङगा सडकमा बढीमात्रामा सडक दुर्घटना हुने गरेको छ।</td></tr>
<tr><td>९.</td><td>उर्लाबारी-आम्वारी-सिजुवा सडकमा रहेका आम्वारी, भोटेपुल र खोपीडाडा वस्तीक्षेत्रमा र उर्लाबारी-सिजुवा सडकको खाइवाचोक र जोरबाटोमा सडक साँघुरो र तिब्र गतिका कारण बढी सवारी दुर्घटना हुने गरेको छ ।</td></tr>
</table>

स्रोत वडा स्तरीय छलफल २०८०

## ३.७ विद्युतीय जोखिमको अवस्था

विद्युत वितरण अब्यवस्थित भएको, घरमा गरिने वायरिङ्गको कुनै मापदण्ड तयार गरी लागु गरिएको देखिदैन जसका कारण विद्युतजन्य आगलागी भएको पाइन्छ। जसको विवरण निम्न तालिकामा दिइएको छ।

तालिका २६ उर्लाबारी नगरपालिकाको विद्युतजन्य जोखिमको अवस्था

| **वडा** | **उच्च जोखिम रहेको वस्तीको नाम** | **जोखिमको कारण** | **समाधानका उपायहरु** | **विद्युत नपुगेको टोल** |
|---|---|---|---|---|
| १ | सर्वेश्वर, शारदा टोल, चारघरे टोलमा रहेको कार्की टोल | पानीको ट्याङ्कीमा करेण्ट सर्ट भएर एकको मृत्यु<br>ट्रिपरबाट सामान अनलोड गर्दा एकजनाको मृत्यु | नियमित चेकजाँच र जनचेतना | |
| २ | त्रिवेणी चोक | ट्रान्सफरमरमा आगलागी | ट्रान्सफरमर व्यवस्थित गर्ने | लाम्पाते सिमसार, सुनझोडा दक्षिण, ढकाल मार्ग |
| ४ | स्कूल डाँडा आदर्श टोल भद्रमारी परिवर्तन लगायत | धेरै प्रकारका नेटवर्कका तारहरु गुजुल्टिएका र अव्यवस्थित | अनावश्यक तारहरु हटाउने । राम्ररी तन्काएर केही उचाइबाट तारहरु लैजाने व्यवस्था गर्ने | खोर्सानीबारी उत्तर टोल |
| ५ | खानेपानी टोल | तारहरु लत्रिएका | पोल बलियो गाडेर तार तन्काउने | |
| ६ | सिमानावस्ती | कमजोर र घर नजिक पोल | | |
| ७ | जनपथ टोल र रमाइलो टोल | पोलको दूरी टाढा भएर | थप पोल लगाएर तार व्यवस्थित गर्ने | |
| ८ | सिद्धार्थ टोल | बाटोमा पोल र लत्रिएका तार र सडक क्रस तारहरु | बाटोबाट पोल सार्ने र विद्युत लाईन व्यवस्थित गर्ने | |
| ९ | वडाको शाखा सडकहरू | शाखा रोडहरूमा लगिएको वत्तिका तारहरू होचो स्थानबाट लगिएको छ | उर्लाबारीको शाखा रोडहरूमा विजुलीको होचो गरी लगाइएको हुनाले दमकल आवतजावत गर्ने कुरामा समस्या भइरहेको छ ।<br>गंगटे टोलमा विजुलीको तारबाट हुक लगाएर माछा मार्ने क्रममा करेन्ट लागेर एकजनाको मृत्यु भएको छ | |

- विजुलीको तारलाई कम्तीमा ३० फिट उचाइबाट राखेर तान्ने ।
- नाङगो तार व्यवस्थापन गर्ने र फाइवर कभर भएको तार स्थापित गर्ने ।
- नाङ्गो तारबाट हुक लगाएर विजुलीको दुरूपयोगको नियमित अनुमगन गरी नियमन गर्ने ।

| वडा | उच्च जोखिम रहेको वस्तीको नाम | जोखिमको कारण | समाधानका उपायहरु | विद्युत नपुगेको टोल |
|---|---|---|---|---|
| १० | सडकको साइडमा | सडक किनारामा लगाएका बोट विरुवाले छोएर र पोलहरु लामो दुरीमा भएका कारण तार लत्रिएर | पोल नजिक गाड्नु पर्छ | |

स्रोत वडा स्तरीय छलफल २०८०

## ३.८ जलवायु परिवर्तनको प्रभाव

यस नगरपालिकाको जलवायुको अध्ययनका लागि https://open-meteo.com/en/docs/historical-weather बाट सन् १९७५ देखि २०२३ सम्मको तापक्रम र वर्षाको तथ्याङ्क संकलन गरी विश्लेषण गरिएको छ। जस अनुसार उक्त ४९ वर्षको उच्च तापक्रमको औसत तापक्रम ३८.३८ डिग्री सेल्सियस, न्यूनतम तापक्रमको औसत तापक्रम ६.५९ डिग्री सेल्सियस रहेको छ। हालसम्म यहाँको सबभन्दा उच्च तापक्रम २०४९ बैशाख २ गते ४२.४ डिग्री सेल्सियस मापन गरिएको छ भने सबभन्दा न्यून तापक्रम २०३४ पौष २१ गते ४.३ डिग्री सेल्सियस मापन गरिएको छ। यसैगरी यस पालिकाको उक्त अवधिमा प्राप्त तथ्याङ्क अनुसार वार्षिक औसत वर्षा २०७५.२ मिलिमिटर रहेको छ भने दैनिक रूपमा हेर्दा सबैभन्दा बढी पानी २०४७ श्रावण ३ गते ३२८.७ मिलिमिटर रेकर्ड भएको देखिन्छ। सबैभन्दा बढी वर्षा हुने महिनाको रूपमा जुलाई (असार १७ देखि श्रावण १६ गतेसम्म) महिना रहेको छ। संकलित तथ्याङ्क अनुसार ४९ वर्षको वर्षाको प्रवृत्तिलाई विश्लेषण गर्दा जुलाई महिनामा औसत वर्षा ५६१.५२ मिलिमिटर रहेको देखिन्छ। रेखाचित्र १ उर्लाबारी नगरपालिकाको जलवायु परिवर्तनको औसत मासिक अवस्था (सन् १९७५ देखि २०२३)




स्रोतः https://open-meteo.com

**रेखाचित्र २ उर्लाबारी नगरपालिकाको जलवायु परिवर्तनको वार्षिक औसत अवस्था (सन् १९७५ देखि २०२३)**




स्रोत: *https://open-meteo.com*

विश्व बैंक समूह (WBG) को जलवायु परिवर्तन ज्ञान पोर्टल (CCKP) को मुख्य डाटा स्रोत Coupled Model Inter-comparison Project Phase ५ (CMIP५) लाई भविष्यको तापक्रम र वर्षाको अनुमान प्रदान गर्न जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानल (IPCC) को पाँचौं मूल्याङ्कन प्रतिवेदन (AR५) को प्रयोग गरिन्छ।

यस अन्तर्गत चारवटा Representative Concentration Pathways (RCP) (जस्तै RCP2.6, RCP4.5, RCP6.0, र RCP8.5) तिनीहरूको कुल विकिरण शक्ति (सबै स्रोतहरूबाट GHG उत्सर्जनको एकीकृत मापन) मार्गहरू र सन् २१०० का लागि मापन स्तरहरू द्वारा चयन गरी परिभाषित गरिएको छ। जस अन्तर RCP२.६ र RCP८.५, न्यून र उच्च उत्सर्जनको चरम सीमाहरूमा केन्द्रित रहेका छन् भने RCP२.६ सुदृढ न्यूनीकरण गरिएको परिदृश्यलाई प्रतिनिधित्व गर्ने मापन स्तर हो भने RCP८.५ हालकै जस्तो सामान्य परिदृश्यलाई प्रतिनिधित्व गर्दछ।

नेपालको लागि, यी मोडेलहरूले निरन्तर तापक्रमको प्रवृत्ति देखाउँछन् जुन उत्तरी हिमाली क्षेत्रहरूको लागि अझ बढी महत्त्वपूर्ण रहने प्रतिवेदनमा देखाइएको छ। यसमा गरिएको वर्षा प्रक्षेपणहरू कम निश्चित छन् र दुबै RCP परिदृश्य र मोडेलहरूद्वारा भिन्न हुन्छन्, अनुमानित वर्षा प्रवृतिले २०५० सम्मको अवधिमा वर्षामा कमी र त्यसपछि २०९० सम्मको अवधिमा वर्षामा वृद्धि हुने देखाउँदछ। वर्षाको तीव्रतामा वृद्धि हुने र चरम घटनाहरूको कारणबाट थप वर्षा हुने अनुमान गरिएको छ। तलको तालिकाले सबै RCPs को लागि १९८६-२००५ लाई आधार अवधि मानेर देखि २०४०-२०५९ र २०८०-२०९९ को लागि नेपालमा अधिकतम, न्यूनतम र औसत दैनिक तापमानमा सेल्सियस डिग्रीमा हुने अनुमानित परिवर्तन देखाइएको छ। तालिकामा जलवायु परिवर्तन ज्ञान पोर्टल (CCKP) मोडेल समूहहरूको मध्यक (median) र कोष्ठहरूमा १० देखि ९० सम्मको प्रतिशतक देखाइएको छ।

तालिका २७ : विभिन्न परिदृष्यमा जलवायु परिवर्तनको प्रक्षेपण

| परिदृष्य | **औसत दैनिक उच्च तापक्रम** | | **औसत दैनिक उच्च तापक्रम** | | **औसत दैनिक उच्च तापक्रम** | |
|---|---|---|---|---|---|---|
| | २०४०-२०५९ | २०६०-२०९९ | २०४०-२०५९ | २०६०-२०९९ | २०४०-२०५९ | २०६०-२०९९ |
| RCP2.6 | १.४ (-०.७, ३.४) | १.४ (-०.६, ३.६) | १.४ (-०.३, ३.१) | १.४ (०.२, ३.२) | १.४ (-०.४, ३.५) | १.४ (-०.५, ३.५) |
| RCP4.5 | १.८ (-०.४, ३.९) | २.५ (०.३, ५.०) | १.७ (-०.१, ३.४) | २.५ (०.६, ४.४) | १.७ (-०.१, ३.८) | २.५ (०.६, ४.८) |
| RCP6.0 | १.५ (-०.६, ३.७) | ३.१ (०.७, ५.५) | १.६ (-०.१, ३.४) | ३.१ (१.२, ५.१) | १.७ (०.२, ३.५) | ३.३ (१.२, ५.४) |
| RCP8.5 | २.४ (०.१, ४.४) | ५.० (२.५, ७.५) | २.३ (०.६, ४.०) | ४.८ (२.९, ७.१) | २.४ (०.६, ४.७) | ५.० (२.९, ७.४) |

स्रोत: *Climate Risk Country Profile: Nepal (2021): The World Bank Group and the Asian Development Bank*

### ३.८.१ जलवायु परिवर्तनको प्रभाव

पृथ्वीको तापमान गत १५० बर्षमा मानव गतिविधिका कारण १ डिग्रीले बढेको छ। पृथ्वीको वायुमण्डलका केही ग्यासँहरू जस्तै हरितगृह ग्यासँहरू (कार्बनडाइअक्साइड, मिथेन आदि) ले ताप पृथ्वीबाट बाहिर निस्कन रोक्दछ। यी ग्यासँहरू प्राकृतिक रूपमा नै वायुमण्डलमा हुन्छन् र पृथ्वीलाई स्थिर तापक्रममा राख्दछन् यद्यपि मानवीय क्रियाकलापहरू - जस्तै जीवाश्म ईन्धनहरू (पेट्रोल, डिजल) जलाउनु, सबारी साधनहरू चलाउनु, खाद्यान्न उत्पादन, वन विनाश तथा अत्यधिक खपतले वातावरणमा अधिक मात्रामा हरितगृह ग्यास उत्सर्जित गर्दछ जसले प्राकृतिक चक्रलाई नै परिवर्तन गरी पृथ्वीलाई तातो बनाइ राखेको छ। जलवायु परिवर्तनले समाज, अर्थव्यवस्था र पारिस्थितिक प्रणाली *(Ecosystem)* लाई असर गर्न सक्छ। यसले जटिल तथा खतरनाक मौसमका घटनाहरू, जैविक विविधतामा ह्रास, स्वास्थ्य जोखिम बढाउने, र मानिस विस्थापित हुनुपर्ने सम्मको स्थिति निम्त्याउन सक्दछ। जलवायु परिवर्तनका कारणले बढ्दै गइरहेको जटील मौसमजन्य घटनाहरुका कारण प्रकोपका घटनाक्रमहरु बढ्ने र यसले गर्ने क्षतिमा समेत वृद्धि हुदै गैरहेको छ।

यस नगरपालिकामा जलवायु परिवर्तनको प्रभाव वन तथा जैविक विविधता, उर्जा, मानव स्वास्थ्य, पर्यटन, पूर्वाधार विकास लगायत जीविकोपार्जनसँग जोडिएको क्षेत्रहरुमा प्रत्यक्ष वा अप्रत्यक्ष महसुस गरिएको छ। जसबाट बाढी, हावाहुरी तथा डढेलो जस्ता जलवायुजन्य प्रकोपहरुका कारण हरेक बर्ष ठूलो संख्या र मात्रामा जनधनको क्षति भइरहेको छ। यो पृष्ठभूमिमा जलवायु परिवर्तनका असरहरुको जोखिम न्यूनीकरण गर्दै उत्थानशील समाजको निर्माण गर्नेतर्फ बिभिन्न तह र विषयगत क्षेत्रहरुमा नीतिगत अभ्यास गर्ने उद्देश्यले जलवायु परिवर्तनको जोखिमका विषयहरुलाई यो स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनामा समेटिएको छ। यसको लागि समुदायले अनुभूत गरेका जलवायु परिवर्तनका सवालहरुलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

### ३.६.२ बालीनालीमा जलवायु परिवर्तनको प्रभाव

जलवायुको कारण बालीको जीवन चक्रमा परिवर्तन भएको समुदायले महसुस गरेका छन्। यो नगरपालिका कृषि, पशुपालन क्षेत्रको लागि अत्यन्तै उपयुक्त क्षेत्र मानिन्छ । हाल यहाँको स्थानीय जातको नुनिया, वीरम्फुल, चनाचुर, मोटा जात, बलम्सार धान, मन्सुली, दुम्सी धान, कर्मा, नागी, रश्मी धान, सिँगारे उखु, अघनी धान, खेरहा धान, लोकल सेतो बासमति जस्ता पुरानो बिउहरू हराईसकेको किसानहरूको अनुभव छ। अहिले सबैले स्थानीय जातका सट्टामा हाइब्रिड बिउको प्रयोग गर्ने गरेको पाइएको छ। रैथाने बिउको तुलनामा हाइब्रिड बिउबाट कृषि उत्पादन धेरै र थोरै समयमा हुने भएकोले किसानको आकर्षण बढेको देखिन्छ। यसैगरी नगरपालिकाले पकेट क्षेत्र विस्तार गरी तोकिएका क्षेत्रहरूमा थप पशुपालन वा कुखुरा पालन र बंगुरपालनलाई प्रोत्साहन गरी अनुदानका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ । यसरी खेती गर्दा रसायनिक मल र विषादीको प्रयोग विस्तारै घटाउन सहयोग पुग्दछ। यसरी खेती गर्ने ढाँचा, जलवायु परिवर्तनले मौसम तथा वातावरणमा पारेको प्रभाव जस्ता कुराहरूले गर्दा कृषकहरूले गर्ने खेतीपातीको पात्रोमा समेत प्रभाव पारेको छ, जसलाई तालिकामा देखाइएको छ।

तालिका नम्वर २८ जलवायु परिवर्तनले कृषिमा परेका असरहरु

| क्र.स | जलवायु परिवर्तनका जोखिमहरु | क्र.स | जलवायु परिवर्तनका प्रभावहरु |
|---|---|---|---|
| १ | पुराना रैथाने बालीनालीहरु लोप हुँदै गएका । जसले गर्दा रोग प्रतिरोधात्मक बालीनालीको सट्टा हालका दिनमा उत्पादन बढी दिने हाइब्रिड बालीको प्रयोग बढेको । | १ | नुनीया, बिरम्फुल, चनाचुर, मोटा जात, बलम्सार धान, बास धान, दुम्सी धान, मन्सुली धान, कर्मा, नागी, रश्मी धान, सिँगारे उखु, अघनी धान, खेरहा धान, लोकल सेतो बासमती धानहरु लोप |

| क.स | जलवायु परिवर्तनका जोखिमहरु | क.स | जलवायु परिवर्तनका प्रभावहरु |
|---|---|---|---|
| २ | बालीको असफलता र उत्पादनमा हेरफेर हुनु । परम्परागत रूपमा भइरहेको बाली लोप हुँदै जानु वा उत्पादन घट्दै गएकाले किसानले नलगाउनु | २ | वार्षिक रुपमा हुने मनसुन तथा बर्षाचक्रमा हेरफेर हुनु |
| ३ | बालीनाली छिटो पाक्ने तर कम पौष्टिक तत्व भएका हुने | ३ | अतिबृष्टि, अनाबृष्टि, खण्डबृष्टि हुने । |
| ४ | बालीनाली लगाउने तरिका र व्यवस्थापनमा परिवर्तन | ४ | ठण्डा दिन र रात दुवैको सँख्या पहिले भन्दा कम भएको । |
| ५ | जमिनको गुणस्तर तथा उत्पादकत्वमा ह्रास | ५ | लामो समय सम्म खडेरी |
| ६ | सिचाईको लागी बढी पानीको आवश्यकता तथा सिँचाइ खर्चमा वृद्धि | ६ | लम्विदो गर्मी मौसम |
| ७ | परम्परागत कृषि प्रणालीमा परिवर्तन | ७ | दिन रात दुवै पहिलेको भन्दा तातो भएको |
| ८ | घरपालुवा र जङ्गली जनावरलाई आवश्यक पर्ने पानीको मागमा वृद्धि | ८ | बर्षामा छोटो समयमा धेरै पानी परेर बाढी तथा डुवान आउँदा भूक्षय तथा कृषि जमिनमा असर पर्ने |
| ९ | खेतीबालीमा रोग कीराको वढ्दो प्रकोप | ९ | बालीनालीको उत्पादन तथा गुणस्तरमा कमी |
| १० | घरपालुवा जनावरहरूमा खोरेत, लम्पिस्किन लगायतका संक्रमणमा वृद्धि | १० | घरपालुवा जनावरको मृत्यु |

स्रोत : वडास्तरीय छलफल २०८१

तालिका नम्वर २९ कृषि अनुकुलनका कार्यहरू र जलवायु परिवर्तनबाट यस क्षेत्रमा परेका असरहरु

| क.स | जलवायु मैत्री कृषि अनुकुलन कार्यहरु | क.स | वातवरणीय परिवर्तन वाट कृषि क्षेत्रमा हुने मूख्य मूख्य असरहरु |
|---|---|---|---|
| १ | दिगो कृषि प्रणालीको लागि स्रोतको सदुपयोग । | १ | वातावरणमा कार्वन डाइअक्साईडको मात्रा बढी भएमा गहुँ तथा बोडी, भटमास जस्ता कोसेबालीको उत्पादनमा ३० प्रतिशत सम्म वृद्धि हुन्छ |
| २ | जलवायु परिवर्तन अनुकुलन हुने बालीनालीका जातको विकास | २ | धेरै गर्मी भएमा सुख्खा खडेरी भइ बालीनालीको उत्पादनमा ह्रास आउँछ भने अधिक बर्षा भएका कारण लगाएको अन्नबाली क्षति हुन्छ। |
| ३ | फडानी र डढाउने कृषि प्रणालीलाई निरुत्साहन । | ३ | विश्वव्यापी उष्णताले धेरैजसो बालीको उत्पादनमा कमी भई खाद्य सामग्रीको मुल्य वृद्धि हुने सम्भावना हुन्छ । |
| ४ | पूर्व अनुमान र पूर्व जानकारी प्रणालीको विकास । | ४ | बढी उष्णताले पशुहरुमा दुध उत्पादनमा कमी आउने, वाँझोपना बढ्ने र रोगको प्रकोप बढी हुने गर्दछ । |
| ५ | धान खेत तथा वस्तुभाउवाट उत्सर्जन हुने मिथेन ग्याँसको व्यवस्थापन । | ५ | बढी सुख्खा भएमा चरणको अभाव हुन गई पशुदानाको उपलव्धतामा निकै कमी आउँछ । |
| ६ | जल तथा वातावरण प्रदूषण | ६ | रोगका कारण दुध उत्पादनमा कमी र वाँझोपनामा बृद्धि हुन्छ |

स्रोत : वडास्तरीय छलफल २०८१

समुन्द्री सतहबाट २६.५५° देखि २६.७२° अक्षांश र ८७.५७° देखि ८७.६५° देशान्तर भूभागमा यस नगर पालिका अवस्थित रहेको पाइन्छ । अधिकांश भू—भाग खेतियोग्य जमिन भएतापनि बढ्दो शहरीकरणले यस क्षेत्रको विकासमा

व्यवस्थित योजना बनाई कार्य गर्नुपर्ने जरुरी भएको अवस्था छ । नगरपालिकाको मंगलबारे देखि उर्लाबारी बजार सम्म महेन्द्र राजमार्ग आसपासका क्षेत्र उत्तर मधुमल्ला सडक आसपास क्षेत्र र दक्षिण ईंटहरा सडकको दायाँबायाँ क्षेत्रमा वस्ती विकासको सम्भावना प्रचुर मात्रामा देख्न पाइन्छ । यी बाहेकका अन्य क्षेत्रहरु कृषियोग्य जमिनको रुपमा रहेका छन् ।

तालिका नम्वर ३० : बाली पात्रो

| उर्लाबारी नगरपालिकाको बालीपात्रो | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाली | | | बैशाख | जेष्ठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पुष | माघ | फाल्गुण | चैत्र | कैफियत |
| धान | बिउ राख्ने | ३० बर्ष पहिले | | √ | | | | | | | | | | | |
| | | अहिले | √ | √ | | | | | | | | | | | |
| | रोप्ने | ३० बर्ष पहिले | | | √ | √ | √ | | | | | | | | |
| | | अहिले | | √ | √ | √ | | | | | | | | | |
| | काट्ने | ३० बर्ष पहिले | | | | | | | √ | √ | √ | | | | |
| | | अहिले | √ | √ | √ | | | √ | √ | √ | | | | | |
| गहुँ | छर्ने | अहिले | | | | | | | | √ | √ | | | | |
| | | ३० बर्ष पहिले | | | | | | | | √ | √ | | | | |
| | काट्ने | ३० बर्ष पहिले | √ | | | | | | | | | | | √ | |
| | | अहिले | √ | | | | | | | | | | | √ | |
| मकै | छर्ने | ३० बर्ष पहिले | | | | | | | | | | | √ | √ | |
| | | अहिले | | | | | | | √ | √ | | | | | |
| | काट्ने | ३० बर्ष पहिले | √ | √ | √ | | | | | | | | | | |
| | | अहिले | √ | √ | √ | | | | | | | | √ | √ | |
| दाल | छर्ने | ३० बर्ष पहिले | | | | | | | √ | √ | | | | | |
| | | अहिले | | √ | √ | | √ | | √ | √ | | | | | |
| | काट्ने | ३० बर्ष पहिले | | √ | | | | | √ | √ | √ | √ | √ | √ | |
| | | अहिले | | √ | | | | | √ | √ | √ | √ | √ | √ | |
| तोरी | रोप्ने | ३० बर्ष पहिले | | | | | | √ | | | | | | | |
| | | अहिले | | | | | | √ | √ | √ | | | | | |
| | काट्ने | ३० बर्ष पहिले | | | | | | | | | √ | √ | | | |
| | | अहिले | | | | | | | | | √ | √ | | | |
| वर्खेधान | रोप्ने | ३० बर्ष पहिले | | | | | | | | | | √ | | | |
| | | अहिले | | | | | | | | √ | √ | | | | √ |
| | काट्ने | ३० बर्ष पहिले | | | | | √ | | | | | | | | |
| | | अहिले | √ | √ | √ | | √ | | | | | | | | |
| स्रोत : वडास्तरीय छलफल २०८१ | | | | | | | | | | | | | | | |

जलवायु परिवर्तन र त्यसबाट उत्पन्न प्रकोप, मानिसको जीवनस्तरमा परेको असरको लेखाजोखा गर्न यस बालीपात्रोले सहयोग गरेको छ। यसका साथै यस नगरपालिकाका बिभिन्न वडा तथा बस्तीहरुमा खाद्यान्न बालीमा लाई, डडुवा,

ढुसी, गवारो, पात सुक्ने, पतेरो आदी जस्ता रोगहरु लाग्ने गरेको छ भने तरकारीमा विशेषगरी लाई, खुम्रे, डडुवा, ढुसी तथा गवारो, राते जस्ता रोग देखा परेको छ। यसका अतिरिक्त फौजी कीरा, सलह जस्ता कीराहरूले दुःख दिने गरेको देखिन्छ। पशुपालनमा खोरेत, पिपिआर, नाम्ले, जुका, लम्की स्किन जस्ता रोगहरू देखिएका छन्। सामुदायिक छलफलबाट तयार गरिएको बालीपात्रोका आधारमा निम्न अवस्था देखिएको छ।

- धान पहिले एक बाली मात्र हुन्थ्यो भने हाल सिँचाइ र हाईब्रिड तथा उन्नत जातका बीउको सुविधा रहेका ठाउँहरूमा दुई बाली लगाउने गरेको देखिन्छ। पहिले एक बाली मात्र हुने र अहिले दुइ बाली धान उत्पादन हुँदा यहाँ धानको उत्पादन बढेको कृषकको अनुभव छ ।
- समुदाय स्तरमा भएका छलफलले बालीमा जलवायु परिवर्तनको असर देखिन थालेको निष्कर्षमा पुग्न सकिन्छ । उदाहरणका लागि चैत्र वैशाखमा फल्ने सजिउन कार्तिक महिनामा नै फल्न थालेको देखिएको छ ।
- केही बर्षयता बालीनाली पहिला भन्दा छिटो पाक्ने गरेको छ, गर्मीयाम लामो समयसम्म रहने हुँदा छिटो पाक्न थालेको स्थानीयको अनुभव रहेको पाइन्छ ।
- गेडागुडी लगाउने समयमा व्यापक परिवर्तन देखिन थालेको छ। बर्षा हुने समय परिवर्तन हुन थालेको र रोप्ने बेला र फूल तथा दाना लाग्ने बेला हुने खडेरीले गर्दा यसको खेतीमा पर्याप्त मात्रामा असर परेको देखिन थालेको छ।
- हिउँदे बर्षा घट्दै गएका कारण गहुँ खेती क्रमशः घट्दै गएको अनुभव किसानहरूको रहेको छ ।
- जङ्गलमा जङ्गली जनावरको संख्या वृद्धि भएसंगै उनीहरूको आहार विहार क्षेत्र कमी भएका कारण यस नगरपालिका केहि वडाहरूमा मानव र जनावरका बीच सधै द्वन्द्व भइरहन्छ। सामुदायिक कुकुरले कतिपय वडामा पशुपक्षी मारेर खाने गरेको वडा स्तरको छलफलमा आएको छ।

## ३.८.३ जलवायु परिवर्तन र विपद् जोखिम बारे सूचना

जलवायु परिवर्तन भन्नाले विश्वव्यापी रुपमा तापमान र मौसमको स्वरुपमा लामो अन्तरालमा आउने परिवर्तनलाई बुझाउँछ। जलवायु प्राकृतिक रुपमा नै परिवर्तनशील छ तर हालको जलवायु परिवर्तन, विश्वव्यापी तापमानमा वृद्धिका कारण भएको हो। यसको मुख्य कारक मानवीय गतिविधि हुन् जसले वायुमण्डलको संरचनामा बदलाव ल्याएको छ। भूमण्डलीय उष्णीकरण (Global warming) भनेको धेरै बर्षमा अभिलेख गरिएको पृथ्वीको तापमानमा भएको वृद्धि हो।

परापूर्वकालदेखि नै नेपाली सनातन परम्पराले बिभिन्न वनस्पति तथा प्राणीलाई बिभिन्न भगवानका रूपमा आस्था राखी पूजा गर्दै आएको छ । विशेषगरी सबै धर्मावलम्बीले वर, बेल, रुद्राक्ष र अशोकलाई भगवान् शिव, पीपल र बाबियोलाई भगवान् विष्णु, शमी र दुबोलाई गणेश, तुलसी र अमलालाई लक्ष्मी, कुश र पलाँसलाई ब्रह्मा अनि खयरलाई अग्निका रूपमा स्वीकारेको देखिन्छ । त्यसैगरी किरात मुन्धुमलाई त पूर्ण रूपमै भूमि तथा जैविक विविधताका पुजारी मानिन्छ।

नाग पञ्चमीमा सर्पको पूजा गर्ने, पानी नपर्दा भ्यागुताको विवाह गराउने, घरमा तुलसीको मोठ बनाउने, बाटोमा वर पिपल रोपेर चौतारा निर्माण गर्ने, धान नाच गर्ने, दही, चामलको अक्षता बनाउने, कुभिण्दोको वलि चढाउने, फूलपातीको चलन आदिले नेपालमा रहेका बिभिन्न जातजातिका मानिसहरु परम्परादेखि नै जैविक विविधतासँग कुनै न कुनै रुपमा जोडिएका छन् भन्ने प्रमाण दिन्छन् ।

धार्मिक, सांस्कृतिक, औषधी उपचार, खाद्यान्न, नगदेबाली, लत्ता कपडा आदि कुरामा वनस्पति तथा विविध जनावरसँगको सामिप्यता देख्न सकिन्छ । कृषि कार्यमा सहयोग पुर्याइरहेका गाई, गोरु, राँगा, भैंसी, भेडाबाख्रा, तिनको गोवरको महत्वको

व्याख्या गरेर सकिन्न। चिया कफी पिउनेदेखि अभिजालो र चरीअमिलो माडेर खोकीको औषधि गर्ने हाम्रा हजुरबा र हजुराआमाबाट सिकेका हौं । जथाभावी उम्रने आँकका पातले सेक्नेदेखि घोड्ताप्रेका पातको पानी खान हामीले अघिल्लो पुस्ताबाटै सिकेका हौं । नेपालमा करिब बाह्र हजार प्रजातिका वनस्पतिहरु सूचीकृत छन् । त्यस्तै दुई सय १८ प्रजातिका स्तनधारी, दुई सय ३० प्रजातिका माछा, छ सय ५३ प्रजातिका पुतली, आठ सय २२ प्रजातिका ढुसी र च्याउ, तीन सय ८३ प्रजातिका ऊनिउँ, तीन सय ६३ प्रजातिका सुनाखरी, आठ सय ९१ प्रजातिका चराहरु सूचीकृत भएका छन् भन्ने जैविक विविधताका अध्येताहरूको लेख पढ्न पाइन्छ।

जलवायु परिवर्तनको प्रभावका रूपमा अत्यधिक गर्मिका कारण पटक पटक विद्यालय वन्ध गर्नुपर्ने अवस्थाहरू सृजना भएका छन् । थोरै मात्र वनक्षेत्र रहेको यो नगरपालिकामा पुर्णिमा सामुदायिक वन १५ कट्ठामा रहेको पाइन्छ भने गोल्डेन पार्क सामुदायिक वन २० बिगामा सिमित रहेको पाइन्छ।

तालिका नम्वर ३१ उर्लाबारी नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक वनहरूको विवरण

| वडा न | वनको नाम र स्थान | वनको क्षेत्रफल | लाभान्वित घरधुरी | वन्यजन्तुबाट प्रभावित टोल र घरधुरी | डढेलोबाट प्रभावित हुने बस्ती र घरधुरी |
|---|---|---|---|---|---|
| १ | मनोहर सामुदायिक वन | | १०० | ४५० | २५० |
| १ | प्रगतिशील सामुदायिक वन | २२ हेक्टर | ७०० | ५०० | |
| १ | हरियाली सामुदायिक वन कत्ले | | | ७०० | |
| १ | जनज्योति सामुदायिक वन | | | २०० | |
| १ | मिक्लुङ सामुदायिक वन | | | | |
| १ | जलज्योति सामुदायिक वन | | | | |
| २ | सुनझोडा सामुदायिक वन | | | | |
| २ | सृजना सामुदायिक वन | | | | |
| २ | बेतेनी सामुदायिक वन | | | | |
| २ | सालवारी सामुदायिक वन | | | | |

श्रोत  वडा स्तरीय छलफल २०८१

### ३.८.४ जलवायु परिवर्तनका परिदृश्यहरु र त्यसका प्रत्यक्ष असरहरु

यस पालिकामा जलवायु परिवर्तनका प्रत्यक्ष असरहरु कम देखिएता पनि विस्तारै यसको प्रभाव वढ्दै गएको तथ्य वडास्तरीय छलफलबाट प्राप्त भएको छ। छलफलकै क्रममा बर्षा थोरै समयमा धेरै मात्रामा हुने र यसले जनधनको क्षति पुर्याएको छ। साथै यस्ता अतिवृष्टिका कारण बाढीजन्य विपद्हरू सृजना हुन्छ र कृषि बालीलाई धेरै प्रभाव पारेको छ। यस नगरपालिकामा बग्ने नदीहरु निम्न अनुसार रहेका छन्। यस नगरपालिकाको वडाको वडा सिमाना तथा यहाँका नदीहरुको विवरण तालिकामा देखाइएको छ।

तालिका नम्वर ३२ प्रमुख खोला एवम् नदीहरु साथै तिनले क्षति गर्ने मुख्य स्थानहरु

| सि नं | खोला-नदीको नाम | प्रभावित हुन सक्ने वडाका टोलहरु र घरधुरी | जम्मा |
|---|---|---|---|
| १. | बक्राहा खोला | **वडा नं १** चिसापानी क, ख, ग (२५०)<br>**वडा नं ३** मंगलवारे टोल (१५) र ५० विघा जग्गा<br>**वडा नं ४** थापाडागीका २२ घर र सिसौलीको जग्गा<br>**वडा नं ५** झुम्रा टोल ८५, एकता टोल ४० (धाउन्ने क्षेत्र)<br>**वडा नं ८** राजघाट १००, गंगटे २०, मुनाल २०, सिसौली २० | **६३२** |

| | | | |
|---|---|---|---|
| २. | नुनसरी (राम्री) | **वडा नं १** नुनसरी सर्वेश्वर (१५०)<br>**वडा नं ४** विशाल चोक टोलको उत्तरमा १०० घर र खोर्सानीबारीमा ३५ घर डुवान | **२८५** |
| ३. | सोल्टी | **वडा नं ३** चन्दने टोल (३०) मंगलवारे टोल (१५) रामनगर टोल (२०)<br>**वडा नं ४** किसान चोक थापाडागीका २० घर | **८५** |
| ४. | सुनझोडा (तेली) | **वडा नं २** सुनझोडा वस्ती, जनटोल, भुसी (१२), सालवारी<br>**वडा नं ३** शिवालय टोल (५०) सालवारी टोल (४०) | **१०२** |
| ५. | मिक्लुङ | **वडा नं १** कत्ले चिसापानी (१५०) | **१५०** |
| ६. | डुम्रे खोला | **वडा नं २** सृजना टोलमा (१००), देवीझोडा, डुम्रे, पुरानो मंगलवारे (१००), अमिलडागी, सुनपकुवा मा वि समेत वस्ती (१५) | **२१५** |
| ७. | सिरुझार खोला | **वडा नं २** तीनघरे, कटहरे, सालवारी (१००) | **१००** |
| ८. | मावा खोला | **वडा नं ६** सूर्यचोक सिसौली (२५) आत्मानन्द टोल (५०)<br>**वडा नं ९** आम्वारी, फाइवेली डाँडा, चक्रेटोल (५०),, बोर्डरलाईन(५०), आदर्श चौक, महाराजथान (६०) र गाईघाट टोल (४०) छिन्ताङे टोल (५०) | **३२५** |
| ९. | रतुवाखोला | **वडा नं ९** महाराजथान (६०) र गाईघाट (४०) | **६०** |
| १०. | कट्नुहोली | **वडा नं ९** महाराजथान र गाईघाट | **०** |
| ११. | रातेहोली | **वडा नं ९** दुर्गापुरी र सुदुनी डाँडा (२०) | **२०** |
| १२. | कुलझोडा होली | **वडा नं ९** भोटेपुल, खोपीडाँडा र बोर्डरलाईन (१००) | **१००** |
| **जम्मा प्रभावित हुने घरधुरी** | | | **२०७४** |

स्रोतः वडाहरुमा गरिएको छलफल २०८०

यस नगरपालिकामा रहेका उल्लेखित खोला तथा खोल्सीहरू १२, १३ वटा साना ठुला खोला खोल्सीहरू रहेका छन् । तर जोखिम न्यूनीकरणका कामहरू पालिकाले गरेको भए पनि दोहवना नयाँ बजार क्षेत्रमा खोला उकासमा बसोबास गर्ने ३५ घर तत्काल स्थानान्तरण गर्नु पर्ने अवस्था भएको वडा स्तरीय छलफलमा आएको छ । विषेश गरेर बक्राहा र डाँसखोलामा चुरेबाट आउने पानीनले डुवान गराउँछ भने गेउरीया खोलामा स्थानीय खेतबारीबाट भेलाहुने पानीले समस्या उत्पन्न गरिरहेको अवस्था छ । विषेश गरी २०७४, २०७६ र २०७८ मा भएको बाढी डुवानको कार अन्नबाली र तरकारी खेतीमा ठुलो नोक्सान पुर्याएको थियो । बाढीको समयमा हालसम्म पचासौ वटा कुखुरा र वाखा फमहरू वगाएर क्षति पुर्याएको छ । पालिकाले समुदायमा डुवान र कटानको जोखिम न्यूनीकरण गर्नका लागि सबै खोलाहरूमा तट्वन्ध निर्माणको कामलाई निरन्तरता दिएको छ ।

यस नगरपालिका क्षेत्रमा एक बर्षमा परिवर्तन हुने मौसमको अवस्था वा मौसमी चक्र र त्यहाँ उत्पन्न हुने प्रकोपको अवस्थाको पहिचान गरिएको छ। समुदायमा आधारित सूचना तथा सङ्कलित सूचना अनुसार विगत ३० बर्षको तुलनामा अहिले गर्मी, जाडो दुबैको अवधि लम्बिएको छ। यसैगरी बर्षभरी हुने बर्षाको मात्रा उस्तै रहेता पनि छोटो अवधिमा धेरै पानी पर्ने गरेको छ जसले गर्दा बाढी तथा डुवानको घटना बढ्नुका साथै यसबाट हुने क्षति पनि बढेको छ। त्यसैको आधारमा विपद्जन्य घटनामा पनि परिवर्तन भएको देखिएको छ।

**क)गर्मी**

१० बर्ष पहिले वैशाख, जेष्ठ, आषाढ, श्रावण र भाद्रको दोस्रो सातासम्म गर्मी हुने गरेकोमा हाल त्यसको अवधि फाल्गुणको तेस्रो सातादेखि भाद्र महिनासम्म गर्मी हुने गरेको छ। यसबाट स्पष्ट हुन्छ गर्मीको समय बढ्दै गएको र एकाएक गर्मी बढ्ने क्रम तीव्र हुँदैछ। यसले तापक्रम वृद्धि हुँदै आएको स्पष्ट हुन्छ।

**ख) जाडो**

यस क्षेत्रमा कार्तिक महिनादेखि माघ फागुनसम्म जाडो हुने गरेकोमा फागुनको दोस्रो सातासम्म चिसो हुने गरेको छ र यस क्षेत्रमा हुस्सु बेलाबेलामा प्रकोपको रूपमा देखिन्छ भने हाल कम हुदै गएकोछ। यसबाट स्पष्ट हुन्छ कि यस नगरपालिकामा जाडोको समय क्रमशः घट्दै गइरहेको छ।

**ग) वर्षाः**

समुदायमा भएको छलफलका आधारमा बर्षाको प्रवृत्तिमा समेत अनियमिता हुने गरेको छ। अतिवृष्टि, अनावृष्टि र खण्डवृष्टि हुने गरेको छ। बर्षा हुने समय पनि पहिलाको तुलनामा कम र बर्षा शुरु हुने समय अलि पछि धकेलिएको छ। साथै हिँउदमा हुने बर्षा कमजोर हुँदै गएको भएतापनि कुनै बर्ष वेमौसमी अत्यधिक बर्षा भई खेतबारीमा लगाएको बालीनाली क्षति हुने गरेको छ। २०७८ को कार्तिक महिनामा भएको बेमौसमि बर्षाले ठुलो धनजनको नक्शानी यस पालिकाले पनि व्यहोरेको छ ।

**घ) बाढी/डुवान**

पालिकाले बाढी डुवानको क्षति न्यूनीकरणका लागि खोलानालाहरूमा तटवन्धहरू गरेको छ । तर अझै पनि खोलाधार तथा खोला उकास क्षेत्रमा बसोबास रहेकोले ती बस्तीहरू बाढीबाट उच्च जोखिममा रहेका छन् । केहि बस्तीमा बर्षा याममा हरेक बर्ष विस्थापित हुने पर्ने अवस्था रहेको छ ।

**ङ) खडेरीः**

समुदायमा छलफल गरी तयार भएको मौसमी पात्रो अनुसार खडेरी पनि पहिलेको तुलनामा धेरै लम्बिन थालेको छ। खडेरीका कारण अन्नबाली उत्पादनमा ह्रास आउनुका साथै खोलानालाहरू सुकेर तथा प्रदुषणका कारण प्रयोगका लागि पानी समेत अभाव हुने अवस्था सिर्जना भएको छ। खडेरीका कारण बालीमा रोग लाग्ने र उत्पादन समेत घट्ने घट्दै गएको छलफलका क्रममा सहभागीहरूले बताएका छन्।

**च) हुरीबतास तथा असिनाः**

हावाहुरी आउने समयमा पनि वृद्धि भएको छ र क्षति पनि बढ्दै गएको छ। पहिले फागुनदेखि वैशाखसम्म बढी हुरीबतास चल्थ्यो भने पछिल्लो समयमा जेठ र असार महिनामा समेत हुरी चल्ने गरेको छ । हावाहुरी र असिनाका कारण घर तथा विद्यालय भवनको छाना उडाउने अन्नबाली, तरकारी, फलफुल तथा नगदे बाली क्षति भइ आर्थिक नोक्सानी धेरै भएको छलफलबाट प्राप्त तथ्याङ्कले देखाएको छ।

समग्रमा जलवायु उत्पन्न प्रकोपहरूको लेखाजोखा अनुसार खडेरी र असिना पर्ने समयमा परिवर्तन देखिएको छ। साथै, अन्य प्रकोपका घटनाको बारम्बारता वा दोहोरिने क्रम बढ्दो रुपमा रहेको छ। चट्याङ जुनसुकै बेलामा पर्ने र यसको दर अहिले वृद्धि हुँदै गएको छ र यसबाट मानवीय क्षति तथा धनसम्पत्तिको नोक्सानी समेत बढ्दै गएको छ। यसरी जलवायु परिवर्तनका अमुक कारणले प्रकोपको प्रारुप र त्यसले पार्ने प्रभाव पनि निरन्तर परिवर्तन हुने क्रम बढेको छ।

## ३.९ बहुप्रकोपीय जोखिम

समग्रतामा हेर्दा यस नगरपालिकामा रहेको विभिन्न प्रकोपजन्य घटना र यसबाट भएको क्षतिको विवरणलाई बहुप्रकोपीय दृष्टिबाट विश्लेषण गर्दा १३९ जनाको ज्यान गएको ४५६ जना घाइते भएको र करोडौंको आर्थिक नोक्सानी भएको तथ्याङ्कले देखाएको छ जसलाई वडा स्तरीय रूपमा विश्लेषण गर्दा वडा नं १, २ र ९ उच्च जोखिममा रहेको ३, ५, ६ र ८ मध्यम जोखिममा रहेको र ४ र ७ नं वडा न्यून जोखिममा रहेको देखिन्छ। जसको विवरण निम्न तालिकामा दिइएको छ।

तालिका ३३ वडा स्तरीय विपद् सम्मुखताको स्तर

| वडा | मृत्यु | घाइते | घर पूर्ण क्षति | बाढीको सम्मुखतामा रहेका टोलहरू | सम्मुखतामा रहेको घरधुरी | स्थानान्तरण गर्नु पर्ने घरधुरी | सम्मुखताको स्तर |
|---|---|---|---|---|---|---|---|
| १ | १७ | ३५ | ५० | चिसापानी क, ख, ग (२५०) नुनसरी सर्वेश्वर (१५०) बालज्योति र तीनखोप्रे टोल (२५०) | ६५० | ० | उच्च |
| २ | ४ | २४ | १० | सुनझोडा वस्ती, जनटोल, भुसी (१२), सालवारी सृजना टोलमा (१००), देवीझोडा, डुम्रे, पुरानो मंगलवारे (१००), अमिलडागी, सुनपकुवा मा वि समेत वस्ती (१५) तीनघरे, कटहरे, (११५) | ३४२ | ० | उच्च |
| ३ | ९ | ५० | ४८ | शिवालय टोल (५०) सालवारी टोल (४०) चन्दने टोल (३०) मंगलवारे टोल (१५) रामनगर टोल (२०) | १५५ | ७५ | मध्यम |
| ४ | १५ | ५१ | २ | किसान चोक थापाडागीका ४२ घर र सिसौली | ४२ | ९० | न्यून |
| ५ | ५ | १०० | ४ | झुम्रा टोल ११५, एकता टोल ६० (धाउन्ने क्षेत्र) | १७५ | ५० | मध्यम |
| ६ | २६ | ५९ | ९ | सूर्यचोक सिसौली आत्मानन्द टोल | २०० | ० | मध्यम |
| ७ | १७ | ३५ | ५ | दुर्गा मन्दिरको ५०० घर र वरगाछि टोल १५०० घर डुवान | ० | ० | न्यून |
| ८ | ४० | ८७ | २२ | राजघाट १००, गंगटे २०, मुनाल २०, सिसौली २० | १६० | ० | मध्यम |
| ९ | ६ | १५ | ५ | महाराजथान र गाईघाट, मावाखोलाका कारण आम्वारी, फाइवेली डाँडा, चक्रेटोल (१००),, बोर्डरलाईन(१००), आदर्श चौक, महाराजथान (६०)र गाईघाट टोल(४०) छिन्ताडे टोल (५०) | ३५० | ५० | उच्च |
| जम्मा | १३९ | ४५६ | १५५ | | २०७४ | २६० | |

स्रोत वडा स्तरीय छलफल २०८०

तालिका ३४ वडास्तरीय विपद् जोखिमको स्तर

| वडा नं | मानवीय मृत्यु | | | | | | | | | | | | | | | | | | आर्थिक क्षति | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बाढी | | भूकम्प | | आगलागी | | स.दु. | | चट्याङ | | ज.आ. | | महामारी | | वि.दु. | | जम्मा | | चौपाया क्षति | घर पूर्ण क्षति | जग्गा नष्ट (बिघा) | बाढीको उच्च जोखिममा रहेको | तत्काल सार्नु पर्ने | जोखिमको स्तर |
| | मृत्यु | घाइते | मृत्यु | घाइते | मृत्यु | घाइते | मृत्यु | घाइते | मृत्यु | घाइते | मृत्यु | घाइते | मृत्यु | घाइते | मृत्यु | घाइते | मृत्यु | घाइते | | | | | | |
| १ | ४ | | | | | | ३ | | | | | | १० | ३५ | | | १७ | ३५ | १०० | ५० | १३० | ६५० | ० | |
| २ | | ३ | | | | | १ | १ | | | | | ३ | २० | | | ४ | २४ | ११० | १० | ० | ३४२ | ० | |
| ३ | | | | २० | | | | | | | | | ९ | ३० | | | ९ | ५० | ९५ | ४८ | १२० | १५५ | ७५ | |
| ४ | | | | | | | ३ | १ | | | | | १२ | ५० | | | १५ | ५१ | १०० | २ | ० | ४२ | ९० | |

| वडा नं. | मानवीय मृत्यु | | | | | | | | | | | | | | | | | | आर्थिक क्षति | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बाढी | | भूकम्प | | आगलागी | | स.दु. | | चट्याङ | | ज.आ. | | महामारी | | वि.दु. | | जम्मा | | चौपाया क्षति | घर पूर्ण क्षति | जग्गा नष्ट (बिघा) | बाढीको उच्च जोखिममा रहेको | तत्काल सार्नु पर्ने | जोखिमको स्तर |
| | मृत्यु | घाइते | मृत्यु | घाइते | मृत्यु | घाइते | मृत्यु | घाइते | मृत्यु | घाइते | मृत्यु | घाइते | मृत्यु | घाइते | मृत्यु | घाइते | मृत्यु | घाइते | | | | | | |
| ५ | | | | | | | | | | | | ५५ | ५ | ४५ | | | ५ | १०० | ३० | ४ | ० | १७५ | ५० | |
| ६ | ० | ० | ० | ० | ५ | ३२ | ६ | २० | | | ० | ३ | १५ | ० | | ४ | २६ | ५९ | ४० | ९ | ० | २०० | ० | |
| ७ | १ | | | | ६ | ३२ | ६ | | | | | ३ | ४ | | | | १७ | ३५ | ० | ५ | ० | ० | ० | |
| ८ | १ | | | | | | १० | | १ | | ३ | ५० | २५ | ३५ | १ | २ | ४१ | ८७ | ३० | २२ | १०० | १६० | ० | |
| ९ | | | | | | | ४ | १० | १ | | | ५ | १ | | १ | | ७ | १५ | ३५ | ५ | ० | ३५० | ५० | |
| | ६ | ३ | ० | २० | ११ | ६४ | ३३ | ३२ | २ | | ३ | ११६ | ८४ | २७५ | २ | ६ | १४१ | ४५६ | ५३८ | १५५ | ३५० | २०७४ | २६० | |

*स्रोत : वडास्तरीय छलफल २०८०*

### (क) शिक्षा तथा विद्यालयहरुको अवस्था

भूकम्पीय हिसावले सबै क्षेत्रहरू जोखिममा रहेने नै भए। खोला छेउ भएका विद्यालयहरू बाढी कारण जोखिममा रहेका छन् । बेला बेलामा यहाँका विद्यालयहरूलाई बाढी, चटयाङ र भूकम्पले क्षति पुर्याएको देखिन्छ। प्राप्त तथ्याङ्क अनुसार विद्यालयहरूमा कटान रोक्न तटवन्ध लगाउनु पर्ने, खेलमैदान डुवान हुने जसको कारण अतिरक्त कृयाकलापहरूमा समस्या भइरहेको कुराहरू छलफलमा आएको थियो।

यस नगरपालिकामा रहेका सामुदायिक तथा संस्थागत दुवै प्रकारका विद्यालयहरूको संरचनागत अवस्था र अवस्थितिलाई अवलोकन गर्दा विषेश गरेर भौतिक पूर्वाधारहरू भूकम्प, हावाहुरी तथा बाढीको उच्च जोखिममा रहेको पाइएको छ। यस नगरपालिका रहेका विद्यालयबाट प्राप्त तथ्याङ्क अनुसार ३८ प्रतिशत भवन र कक्षाकोठाहरू भूकम्पीय जोखिमबाट सुरक्षित छैनन।

तथ्याङ्क लिइएका २३ वटा सामुदायिक विद्यालयहरूमा जम्मा १४० वटा विद्यालय भवनहरू रहेका छन् जसमा ५० वटा विद्यालयहरू अर्थात ३६ प्रतिशत भवनहरू कमजोर अवस्थामा रहेका छन् भन्ने तथ्याङ्क प्राप्त भएको छ । सो विद्यालयमा भएका जम्मा कोठा संख्या ४०० वटामा १५६ वटा कोठाहरू अर्थात ३९ प्रतिशत कोठाहरू जीर्ण अवस्थामा रहेका छन् जुन प्रवलीकरण र पुनर्निर्माणका पर्खाइमा रहेका छन्।

यस नगरपालिकाकाका २ वटा विद्यालय बाहेक सुनपकुवा मा वि मंगलबारे र सरस्वती आ वि सिरुझार बाहेक कुनै पनि विद्यालयहरूमा विद्यालय विपद् व्यवस्थापन समितिहरू गठन गरिएको छैन । सुरक्षित विद्यालयका क्रियाकलाप विद्यालयहरूमा कार्यान्वयन भएका छैनन्। विद्यालय सुधार योजना तर्जुमा मार्गदर्शन र बृहत विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधिमा विद्यायलको जोखिम विश्लेषण, विपद् व्यवस्थापन सम्बन्धी योजना तथा यस सम्बन्धी चेतनामूलक कामहरू गर्नुपर्ने कुरा उल्लेख भएको भए पनि यो कार्यान्वयनमा आएको छैन। विद्यालय सुधार योजनाले अनिवार्य गरेको विद्यालय व्यवस्थापन समिति गठन, विपद् व्यवस्थापन सम्बन्धी सम्पर्क व्यक्ति, लैंगिक सम्पर्क व्यक्ति तोकिनु पर्नेमा सो हुन सकेको छैन। यसका साथै विपद्का बेलामा सुरक्षित आश्रय स्थलको रुपमा विद्यालयको प्रयोग गर्ने अभ्यास रहेकोले विद्यार्थीको शिक्षाको हकलाई बन्चित नगर्न स्थानीय तहले अन्य सुरक्षित स्थान तथा भवनहरुको व्यवस्थापन गर्नुपर्ने कुरालाई विशेष प्राथमिकता दिनुपर्ने देखिन्छ।

यस पालिकाभित्र ७२ वटा शैक्षिक संस्थाहरू रहेका छन्। जसमा सामुदायिक २२ वटा संस्थागत ४४ वटा, धार्मिक ४ वटा र उच्च तह अध्यापन गर्ने २ वटा रहेका छन्। उक्त विद्यालयहरूमा ९४६ जना शिक्षक र २२,२३८ विद्यार्थिहरू अध्ययनरत रहेका छन्। शिक्षाको तहगत विश्लेषण गर्दा आधारभुत (०-५) का २५ वटा, (०-८) का

१३ वटा, मावि तर्फ (०-१०) का ९ वटा र (०-१२) का १२ वटा तथा उच्च तहका २ वटा कलेजहरू रहेका छन्। विद्यालयहरुको विस्तृत विवरण अनुसूचीमा राखिएको छ।

तालिका ३५ विद्यालय, बालबालिका र शिक्षामा रहेको जोखिम र कम गर्न गरिएका प्रयास

| सम्भावित जोखिम | जोखिम हुनुको कारण | समाधानका लागि भएका प्रयाश के गरियो ? | के गर्दा ती समस्याहरू समाधान हुन सक्छन ? |
|---|---|---|---|
| ८. | साकेला सामुदायिक भवन | मंगलवारे टोल | राई यायोक्खा | मनिराज राई | ९८२३६८४८८२ |
| ९. | दुर्गा मन्दिर सामुदायिक भवन | मंगलवारे टोल | मन्दीर समिति | दुर्गा थापा | ९८०८७०२३३२ |
| | वडा नं ४ | | | | |
| १०. | जेष्ठ नागरिक भवन | आइतवारे | कार्य समिति | ज्ञान प्रसाद निरौला | ९८४२१०४१२२ |
| ११. | खोर्सानीबारी सामुदायिक | खोर्सानीबारी | टोल समिति | | |

| क सं | सामुदायिक भवनको नाम | टोलको नाम | कसको संरक्षणमा | सम्पर्क व्यक्ति | सम्पर्क नम्वर |
|---|---|---|---|---|---|
| १२. | भानु पुस्तकालय | भानुटोल | पुस्तकालय | प्रह्लाद थापा | |
| १३. | लक्ष्मी नारायण मन्दिर | लक्ष्मीनारायण | मन्दिर समिति | | |
| १४. | रामेश्वर मन्दिर सभाहल | आइतवारे | मन्दिर समिति | | |
| | वडा नं ५ | | | | |
| १५. | ज्येष्ठ नागरिक भवन | कृषि मार्ग | समितिको संरक्षणमा | इमिलाल भण्डारी | ९८४२०९८८७० |
| | वडा नं ६ | | | | |
| १६. | सिद्धेश्वर शिवालय | सिद्धेश्वर | मन्दिर समिति | गजेन्द्र दंगाल | ९८१५९५६९९९ |
| १७. | जेष्ठ नागरिक भवन | सिद्धेश्वर | कार्य समिति | भक्ति प्रसाद पोखेल | ९८४२११२६३८ |
| १८. | वसपार्क कार्यालय भवन | आत्मानन्द | नगरपालिका | | |
| १९. | मारवाडी सामुदायिक भवन | सिद्धार्थटोल | | | |
| २०. | ढुङ्गाना सामुदायिक भवन | चन्द्रमाचोक | | | |
| २१. | घिमिरे प्रतिष्ठान | सूर्यचोक | | | |
| २२. | तमु गुम्वा | आत्मानन्द | गुम्वा समिति | | |
| २३. | कृष्ण मन्दिर धर्मशाला | हाटखोला | | | |
| २४. | शिवालय धर्मशाला | सूर्यचोक | | | |
| २५. | तामाङ गुम्वा | आत्मानन्द | | | |
| २६. | कवर्डहल | | | | |
| | वडा नं ७ | | | | |
| २७. | परोपकार सामुदायिक भवन | दुर्गा पशुपति | | | |
| २८. | नमुना वाल आश्रम | आश्रम टोल | | | |
| २९. | एच नेपाल | वरगाछी टोल | | | |
| ३०. | दुर्गा देवीस्थान मन्दिर | दुर्गा पशुपति | | | |
| ३१. | गणेश मन्दिर सामु. भवन | गणेश मन्दिर | | | |
| | वडा नं ८ | | | | |
| ३२. | खैरेनी सामुदायिक भवन | खैरेनी टोल | खैरेनी समाज से.स. | विजय न्यौपाने | ९८४२१३२८७९ |
| ३३. | गणैश महारानी मन्दिर | खाइवा चोक | खाइवा टोविस | पृतम श्रेष्ठ | |
| ३४. | सिद्धेश्वर मन्दिर | राजघाट | | | |
| ३५. | ग्रामथान | पानीटयाङकी | | | |
| | वडा नं ९ | | | | |
| ३६. | लालिमा समाज सेवा केन्द्र | खोपीडाँडा टोल | टोल विकास संस्था | भूपेन्द्र शर्मा | ९८०१४४३५३१ |
| ३७. | जाल्पादेवी मन्दिर | छिन्ताङ टोल | | इश्वर बराल | |
| ३८. | सिंहदेवी मन्दिर | भोटेपुल टोल | | | |
| ३९. | सामुदायिक भवन | आसामे टोल | टोल विकास संस्था | तोयानाथ फागो | ९८६४२०९९०७ |
| ४०. | दुर्गा मन्दिर | नेगी टोल | टोल विकास संस्था | | |
| ४१. | नवज्योति भवन | राना टोल | | | |
| ४२. | गुरुङ टोल बौद्ध गुम्वा | गुरुङ टोल | समुदाय | नरबहादुर गुरुङ | ९८०४३७०३२४ |

| क सं | सामुदायिक भवनको नाम | टोलको नाम | कसको संरक्षणमा | सम्पर्क व्यक्ति | सम्पर्क नम्वर |
|---|---|---|---|---|---|
| ४३. | मलामी विश्राम घर | महाराजथान | टोल विकास संस्था | माधव सुवेदी | ९८०४००४३० |

स्रोत वडा स्तरीय छलफल २०८०

## ४.१० सुरक्षित र खुल्ला स्थानहरू

यसमा सार्वजानिक, जग्गा, खुल्ला चौर, ठूला सामुदायिक भवन जहाँ १० परिवार भन्दा माथि विपद प्रभावितहरूलाई अस्थायी आवास दिन सकिन्छ त्यस्ता स्थलहरूलाई समावेश गरिएको छ।

तालिका ५८ उर्लाबारीमा रहेका सुरक्षित र खुल्ला स्थानहरूको विवरण

| सि.नं | खुल्ला र सुरक्षित स्थानको विवरण | रहेको ठेगाना वा टोल | क्षेत्रफल | कति परिवार राख्न सकिन्छ | पूर्वाधार के के वनाइएको छ ? |
|---|---|---|---|---|---|
| | वडा नं १ | | | | |
| १. | मनोहर सामुदायिक वन | लक्ष्मीझार टोल | ३००-३५० | २० परिवार | सामुदायिक हल, |
| २. | प्रगति सामुदायिक वन | लक्ष्मीझार टोल | २००-२१० | १२ परिवार | सामुदायिक भवन |
| ३. | हरियाली सामुदायिक वन | कत्ले चिसापानी | २००-२१० | १५ परिवार | फुटवल ग्राउण्ड |
| ४. | जनज्योति सामुदायिक वन | सर्वेश्वर टोल | २००-२५० | २० परिवार | घेरावारा |
| ५. | मिलनचोक पूर्व सार्वजनिक जग्गा | लक्षमीझार टोल | १५ धुर | २ परिवार | खुल्ला चौर |
| ६. | कान्छीचौक फुटवल ग्राउण्ड | लक्षमीझार टोल | १ विघा | ५० परिवार | खुल्ला चौर |
| ७. | वदगे मेला | कत्ले चिसापानी | २ विघा | १०० | खुल्ला चौर |
| ८. | खेलमैदान टप्पु | नुनसरी टोल | २ विघा | १०० | खुल्ला चौर |
| | वडा नं २ | | | | |
| १. | बाँसेचौरी खेलमैदान | सुनझोडा | २ विघा | १०० परिवार | |
| २. | बुढाठाकुर महाराजथान | सुनझोडा | १० विघा | ५०० परिवार | |
| ३. | सुनझोडा मा वि को खेलमैदान | तीनघरे | १ विघा | ५० परिवार | |
| ४. | उर्नी महाराजथान | तीनघरे | १ विघा | ५० परिवार | |
| ५. | सृजना खेलमैदान | सृजना | ३ कट्ठा | १० परिवार | |
| ६. | महाराजथान | भुसी | १५ कट्ठा | ४० परिवार | |
| ७. | सालवारी महाराजथान | प्रगतिटोल | १५ कट्ठा | ४० परिवार | |
| ८. | धिमाल महाराजथान | प्रकृतिटोल | १ विघा | ५० परिवार | |
| ९. | सुनपकुवा मा वि खेलमैदान | मंगलवारे | १ विघा | ५० परिवार | |
| | वडा नं ३ | | | | |
| १० | चाइनिज क्याम्प खेलमैदान | मंगलवारे टोल | १३.१ हे | ५००० | खाली मैदान |
| | वडा नं ४ | | | | |
| ११ | ससकोशी बोर्डिङ | आदर्शटोल | २.५ विघा | | |
| १२ | उर्लाबारी बहुमुखी क्याम्पस | परिवर्तन टोल | २ विघा | | |
| | वडा नं ५ | | | | |
| १३ | कृषि कलेज क्षेत्र | मदन भण्डारी कृषि कलेज | २ विघा | १०० परिवार | क्याम्पसका भवनहरु |

| सि.नं | खुल्ला र सुरक्षित स्थानको विवरण | रहेको ठेगाना वा टोल | क्षेत्रफल | कति परिवार राख्न सकिन्छ | पूर्वाधार के के वनाइएको छ ? |
|---|---|---|---|---|---|
| | वडा नं ६ | | | | |
| १४ | राधिका मा वि खेलमैदान | हाटखोला | २ विघा | | |
| १५ | वस पार्क | आत्मानन्द | २३ कट्ठा | | |
| १६ | हटिया क्षेत्र | आत्मानन्द | १ बिघा | | |
| १७ | सञ्चार क्लवको जमिन | सिद्धेश्वर | ६ कट्ठा | | |
| | वडा नं ७ | | | | |
| १८ | राधिका माविको खेलमैदान | | १० कट्ठा | २० | छैन |
| १९ | वडा कार्यालय दक्षिण नगरपालिकाको जग्गा | | १ विगा १० कट्ठा | ३० | छैन |
| | वडा नं ८ | | | | |
| २० | अरनिको मावि | पानी टयाङकी | ६ विगा | १०० | विद्यालय भवन |
| २१ | लक्ष्मी मावि | नागेश्वर | १ विगा | ३० | विद्यालय भवन |
| २२ | शान्ति स्कुल | वाल विसौनी | ५ कठ्ठा | १० | विद्यालय भवन |
| २३ | वहादुर वावा | राजघाट | १० कठ्ठा | २० | विद्यालय भवन |
| | वडा नं ९ | | | | |
| २४ | आम्वारी खेलमैदान | आम्वारी | १ हे | ८० परिवार | खेलमैदान |
| २५ | आसामेटोल सामुदायिक भवन | आसामे | ०.५ हे | १२ परिवार | भवन तथा खेलमैदान |
| २६ | महाराजथान आ.वि. | महाराजथान | १ हे | ८० परिवार | भवन तथा खेलमैदान |
| २७ | प्रभात आ.वि. | खोपीडाँडा | ०.१६ हे | २० परिवार | भवन तथा खेलमैदान |
| २८ | राजघाट आ.वि. | छाप्पन | ०.१६ हे | २० परिवार | भवन तथा खेलमैदान |
| २९ | सार्वजनिक मा.वि. | आम्वारी | ३ हे | ४० परिवार | भवन तथा खेलमैदान |

स्रोत : वडास्तरीय छलफल २०८१

## ४.११ सुरक्षा संयन्त्रहरूमा विद्यमान वन्दोबस्तीका सामग्रीहरू

तालिका नम्वर ५९ पालिका क्षेत्रका नेपाल प्रहरी/सशस्त्र प्रहरी युनिटमा रहेका खोज तथा उद्धार सामग्रीहरुको विवरणः

| सि नं | युनिटको नाम | जनशक्ति | खोज तथा उद्धार सामग्रीहरु |
|---|---|---|---|
| १. | ईलाका प्रहरी कार्यालय, उर्लाबारी | १९ | लाईफ ज्याकेट १५ थान, झम्पल ५ थान, बेल्चा १३ थान, गमबुट १० जोर, स्ट्रेचर ३ थान, गैंति ४ थान, बाल्टिन २ थान, प्लास्टिक वाटर ट्युव ४ थान, रबर ट्युव २ थान, कोदालो ७ थान, रेस्क्यु डोरी ५० मिटर, फायर एक्स्टिङग्युसर ७ थान |
| २. | प्रहरी चौकी राजघाट | ६ | बेल्था ३ थान |
| ३. | अ प्रहरी चौकी मंगलवारे | ७ | लाईफ ज्याकेट २ थान, स्ट्रेचर १ थान |
| ४. | स प्र बल उर्लाबारी बेस | | लाईफ ज्याकेट १५ थान, झम्पल २ थान, बेल्चा ६ थान, गैंति १० थान, रबर ट्युव २ थान, रेस्क्यु डोरी ५० मिटर, थ्रो व्याग २ थान |

स्रोत : वडा स्तरीय छलफल २०८१

**समुदाय तहमा विपद् व्यवस्थापन समिति**

साप्ला निर जापान र RRN को सहयोग र उर्लावारी नगरपालिकाको समन्वयमा उर्लावारी नगरपालिका वडा नं २ र ३ को विभिन्न टोलहरूमा गठन भइ परिचालित सामुदायिक विपद व्यवस्थापन समितिहरू परिचालन भएका छन् । ती सामुदायिक विपद् व्यवस्थापन समितिहरूले समुदाय स्तरका विपद व्यवस्थापनमा अगुवाइ गर्ने गरेका छन् भने समुहहरूमा खोज तथा उद्धारका सामग्रीहरू व्यवस्थापन गरिएको छ ।

तालीका नम्बर ६० समुदाय तहमा गठन भइ परिचालन भएका विपद् व्यवस्थापन समितिको विवरण

| क्र.स. | नाम थर | पद | ठेगाना | फोन नं |
|---|---|---|---|---|
| **१.** सामुदायिक विपद व्यवस्थापन समिति , देबि झोडा 'ख' | | | | |
| १ | रुद्र प्रसाद आचार्य | अध्ययक्ष | | ९८४२०६८८५५ |
| २ | सोम प्रसाद तिमिल्सिना | उपाध्यक्ष | देबि झोडा 'ख' | ९८२३०२७२६९ |
| ३ | राजन पोखेल | सचिव | देबि झोडा 'ख' | ९८४४०४१५०१ |
| ४ | टिका देबी कार्की | कोषाध्यक्ष | देबि झोडा 'ख' | ९८१८४७२३६८ |
| ५ | टंक गजमेर | सदस्य | देबि झोडा 'ख' | ९८२५३५९११७ |
| ६ | उमा आचार्य | सदस्य | देबि झोडा 'ख' | |
| ७ | सोवित बहादुर श्रेक्ष्ठ | सदस्य | देबि झोडा 'ख' | ९८११३१३७८९ |
| ८ | सविता पाण्डे | सदस्य | देबि झोडा 'ख' | ९८१४३९५४७६ |
| ९ | इन्दिरा बोहरा | सदस्य | देबि झोडा 'ख' | ९८१९०८५७२५ |
| **२.** सामुदायिक विपद व्यवस्थापन समिति , देबि झोडा 'क' | | | | |
| १ | रेवतमान बराल | अध्ययक्ष | देबि झोडा 'क' | ९८१०५९५६१२ |
| २ | पिताम्बर खुलाल | सचिब | देबि झोडा 'क' | ९८२७०३३९८० |
| ३ | शोभा विष्ट | कोषाध्यक्ष | देबि झोडा 'क' | ९८०८३२३७९९ |
| ४ | मन माया खड्का | सदस्य | देबि झोडा 'क' | |
| ५ | मुना बराल | सदस्य | देबि झोडा 'क' | ९८१७३५६९०३ |
| ६ | कविता परियार | सदस्य | देबि झोडा 'क' | ९८२७३०९६२१ |
| ७ | खेम बहादुर विष्ट | सदस्य | देबि झोडा 'क' | ९८१२३६७५२७ |
| **३.** सामुदायिक विपद व्यवस्थापन समिति , सिरुझार 'क' | | | | |
| १ | रत्न बहादुर श्रेष्ठ | अध्ययक्ष | सिरुझार 'क' | ९८६२२८८६५४ |
| २ | बिमला पौडेल | सचिब | सिरुझार 'क' | ९८०७३६८९८६ |
| ३ | टिका डाँगी | कोषाध्यक्ष | सिरुझार 'क' | ९८१९३२७६६९ |
| ४ | शालीग्राम चौहान | सदस्य | सिरुझार 'क' | ९८१८६६७७०१ |
| ५ | नगेन्द्र बहादुर याख्खा | सदस्य | सिरुझार 'क' | ९८११०६३३७० |
| ६ | सिता रम्तेल | सदस्य | सिरुझार 'क' | ९८१४३५७२९४ |
| ७ | धिरेन्द्र श्रेष्ठ | सदस्य | सिरुझार 'क' | |
| ८ | र्सर्य बहादुर र्राई | सदस्य | सिरुझार 'क' | ९८२४३६४३१८ |
| ९ | बैसु दनुवार | सदस्य | सिरुझार 'क' | ९८४२११७०४३ |
| ४. सामुदायिक विपद व्यवस्थापन समिति , सिरुझार 'ख' | | | | |
| १ | शेर बहादुर भण्डारी | अध्ययक्ष | सरुझार 'ख' | ९८४२०९०८७२ |
| २ | सुमित्रा श्रेष्ठ | सचिब | सरुझार 'ख' | ९८४२२०३०१७ |
| ३ | कुल बहादुर कार्की | कोषाध्यक्ष | सरुझार 'ख' | ९८००९६५९५४ |
| ४ | अनिता र्राई | सदस्य | सरुझार 'ख' | ९८००९६१६३५ |
| ५ | बनुलाल दनुवार | सदस्य | सरुझार 'ख' | ९८२५३५७२७५ |
| ६ | निरावती यादब | सदस्य | सरुझार 'ख' | ९८१६३२२६१३ |
| ७ | नईन्द्र तमाङ्ग | सदस्य | सरुझार 'ख' | ९८१३०३१५५१६ |

| | | | | |
|---|---|---|---|---|
| ८ | भिम बहादुर श्रेष्ठ | सदस्य | सरुझार 'ख' | ९८१००५२०१० |
| ९ | कमली कुमारी दनुवार | सदस्य | सरुझार 'ख' | |
| ५. सामुदायिक विपद व्यवस्थापन समिति , सिरान डुम्रे | | | | |
| १ | कृष्ण प्रसाद दाहाल | अध्ययक्ष | सरान डुम्रे | ९८४२१५५०५२ |
| २ | शुरेस लिम्बु | सचिब | सरान डुम्रे | ९८१९०४६०९६ |
| ३ | बिमला राई | कोषाध्यक्ष | सरान डुम्रे | ९८२९३२०८७९ |
| ४ | हरि बहादुर खड्का | सदस्य | सरान डुम्रे | ९८१९३७८३९५ |
| ५ | टंक प्रसाद दाहाल | सदस्य | सरान डुम्रे | ९८४२०४८५३१ |
| ६ | मिना खड्का | सदस्य | सरान डुम्रे | ९८००९५९२१७ |
| ७ | चन्द्रकला राई | सदस्य | सरान डुम्रे | |
| ८ | गंगा श्रेष्ठ | सदस्य | सरान डुम्रे | |
| ९ | लक्ष्मी खड्का | सदस्य | सरान डुम्रे | |
| ६. सामुदायिक विपद व्यवस्थापन समिति , अमिल डाँगी/तल्लो डुम्रे | | | | |
| १ | रोहित आचार्य | अध्ययक्ष | तल्लो डुम्रे | ९८१०१९७३५९ |
| २ | खेम कुमार गौतम | सचिब | तल्लो डुम्रे | ९८१०५११३६० |
| ३ | मुना भण्डारी | कोषाध्यक्ष | तल्लो डुम्रे | ९८१०५८११०२ |
| ४ | संगीता अधिकारी | सदस्य | तल्लो डुम्रे | ९८०७९४३१८१ |
| ५ | डम्बर गौतम | सदस्य | तल्लो डुम्रे | ९८१२३७२२७८ |
| ६ | शारदा थापा,श्रेष्ठ | सदस्य | तल्लो डुम्रे | ९८४२२०३४१५ |
| ७ | मणी लिम्बु | सदस्य | तल्लो डुम्रे | ९८५२०४५३१८ |
| ८ | मोहन सिह लिम्बु | सदस्य | तल्लो डुम्रे | ९८०५३१६३२१ |
| ९ | सन्तोष लिम्बु | सदस्य | तल्लो डुम्रे | ९८४२१२०४७७ |
| ७. सामुदायिक विपद व्यवस्थापन समिति , त्रिवेणी चोक ,सुजना टोल | | | | |
| १ | मनिराज याखा देवान राई | अध्ययक्ष | ,सुजना टोल | ९८२३६२४२८२ |
| २ | रुपनारायण सुवेदी | सचिब | ,सुजना टोल | ९८१५३३५९४५ |
| ३ | मिना ढकाल | कोषाध्यक्ष | ,सुजना टोल | ९८१९३२४६५० |
| ४ | देउ कुमार चेम्लीङ्ग लिम्बु | सदस्य | ,सुजना टोल | ९८०३६२८१५० |
| ५ | दिपकला लावती | सदस्य | ,सुजना टोल | |
| ६ | दधिराम ढकाल | सदस्य | ,सुजना टोल | ९८०३७६९५१२ |
| ७ | प्रेमकला ओनेम | सदस्य | ,सुजना टोल | ९८०५३८०३५३ |
| ८ | केशब धिमाल | सदस्य | ,सुजना टोल | ९८०५३४८६५० |
| ९ | माया धिमाल | सदस्य | ,सुजना टोल | ९८१९०१२१९१ |
| १० | अनिता थापा मगर | सदस्य | ,सुजना टोल | ९८०४३५३७९२ |
| ११ | राम बहादुर दर्जी | सदस्य | ,सुजना टोल | ९८१६३७४१९० |
| ८. सामुदायिक विपद व्यवस्थापन समिति , तिन घरे | | | | |
| १ | सतेन्द्र खनाल | अध्ययक्ष | तिन घरे | ९८४२५९८२०१ |
| २ | इन्द्र तमाङ्ग | सचिब | तिन घरे | ९८१९३७९९८१ |
| ३ | प्रतिमा घिमिरे | कोषाध्यक्ष | तिन घरे | |
| ४ | गंंगामाया लिम्बु | सदस्य | तिन घरे | ९८००९८३०९० |
| ५ | ध्रुब विष्ट | सदस्य | तिन घरे | ९८२६३२८१४६ |
| ६ | जिर बहादुर तमाङ्ग | सदस्य | तिन घरे | ९८१६३८७६९१ |
| ७ | भिम बहादुर सार्की | सदस्य | तिन घरे | ९८१९०९१९५७ |
| ८ | भिममाया तमाङ्ग | सदस्य | तिन घरे | |
| ९ | चन्द्रमाया तमाङ्ग | सदस्य | तिन घरे | ९८१६३८७४३८ |
| ९. सामुदायिक विपद व्यवस्थापन समिति , पुरानो मंगलबारे | | | | |
| १ | नर बहादुर श्रेष्ठ | अध्ययक्ष | पुरानो मंगलबारे | ९८४२०६२५२२ |

| | | | | |
|---|---|---|---|---|
| २ | नारद प्रसाद खतिवडा | सचिब | पुरानो मंगलबारे | ९८४२२९०४६१ |
| ३ | विष्णु दाहाल | कोषाध्यक्ष | पुरानो मंगलबारे | ९८१०४२५४२७ |
| ४र् | हर्क माया बि क | सदस्य | पुरानो मंगलबारे | |
| ५ | दर्ुगा  देबी घिमिरे | सदस्य | पुरानो मंगलबारे | ९८४२७६१९६४ |
| ६ | संजीव बुढाथोकी | सदस्य | पुरानो मंगलबारे | |
| ७ | सानुमाया श्रेष्ठ | सदस्य | पुरानो मंगलबारे | |
| ८ | बम बहादुर डाँगी | सदस्य | पुरानो मंगलबारे | ९८४२१६४५३४ |
| ९ | गोपाल खरेल | सदस्य | पुरानो मंगलबारे | ९८४२१३३७२५ |
| १० | प्रदिप ढकाल | सदस्य | पुरानो मंगलबारे | ९८११३२७९७७ |

स्रोत : वडा स्तरीय छलफल २०८१

साप्ला निर जापान र RRN को सहयोग तथा उर्लावारी नगरपालिकाको समन्वयमा समुदायमा आधारित विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय र स्काउटका प्रतिनिधिकहरूलाइ सन्उर्वावारी नगरपालिका वडा नं २ मा खोज तथा उद्धारको तालीम दिइएको छ । विपद् परेको समयमा जुनसुकै वेला पनि परिचालन हुनसक्ने गरी दक्ष मानवस्रोत समुदायमा नै उपलब्ध हुने अवस्था सृजना भएको छ । ती मानवस्रोतको विवरण निम्नानुसार छ ।

| S.N. | Name | Name of CDMC | Remarks |
|---|---|---|---|
| 1 | Maniraj Dewan | Triveni | |
| 2 | Yam Bahadur Dhimal | | |
| 3 | Pramila Rajbansi | | |
| 4 | Bhanubhakta Rimal | Devijhoda “B” | |
| 5 | Anil Acharya | | |
| 6 | Geeta Bohora | | |
| 7 | Khet Man Baral | DeviJhoda “A” | |
| 8 | Khem Bd BK | | |
| 9 | DhanaMaya Karki | | |
| 10 | Ramesh Khadka | Katahare | |
| 11 | Dil Bd Limbu | | |
| 12 | Luma Pariyar | | |
| 13 | Satendra Khanal | Tinghare | |
| 14 | Bishnu Maya Limbu | | |
| 15 | Subhash Thapa | | |
| 16 | Nilam Subbha | Amildangi | |
| 17 | Mohan Raiya | | |
| 18 | Indrakala Shrestha | | |
| 19 | Chandrakala Rai | Upper Dumre | |
| 20 | Hari Bd. Khadka | | |
| 21 | Gopal Dhungana | | |
| 22 | Rajan Poudel (Sunpakuwa School) | Purano Manglabare | |
| 23 | Mandan Khatiwada | | |
| 24 | Rahul Pandey | | |
| 25 | Ser Bd Bhandari | Sirujhar “B” | |
| 26 | Anita Rai | | |
| 27 | Aakash Danuwar | | |
| 28 | Shaligram Chauhan | Sirujhar “A” | |
| 29 | Indu Shrestha (Saraswati School) | | |
| 30 | Durga Shrestha | | |

स्रोत : वडा स्तरीय छलफल २०८१

# खण्ड पाँचः

# राष्ट्रिय रणनीतिक कार्ययोजनाका प्राथमिकता प्राप्त क्षेत्र तथा कार्यहरू

## ५.१ राष्ट्रिय रणनीतिक कार्ययोजना प्राथमिकताका क्षेत्र सम्बन्धी विषयहरु

### ५.१.१ प्रकोपबारे बुझाई

यस नगरपालिकाका बारम्बार दोहोरिइरहने बाढी, असिना, हावाहुरी, आगलागी, सरूवा रोग, भूकम्प, चट्याङ, सामुदायिक कुकुरको आतङ्क, वन्यजन्तु र मानवबीचको द्वन्द्व, सडक दुर्घटना जस्ता प्रकोपका घटनाबाट सृजना हुने विपद् र यसबाट हुने जोखिमका बारेमा समुदाय स्तरमा बुझाइ अझ वढाउनु पर्ने देखिएको छ। बाढीका कारण हुने जोखिममा रहेका क्षेत्रहरू पहिचान गरेर नगरपालिका तथा वडाको पहलमा तटवन्ध लगाएको छ । नगरको बार्षिक योजना तर्जुमाको लागि तोकिएको बजेटको सिलिङभित्र रहेर वडाहरूले योजना छनौट गर्नुपर्ने कारणले गर्दा विपद् व्यवस्थापन बस्तीस्तरमा वन्ने साना योजनाहरू प्राथमिकतामा नपर्ने गरेको समुदायको बुझाइ छ। नेपालको संविधान २०७२ ले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि स्थानीय सरकारलाई साझा तथा एकल अधिकार मार्फत र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले १२ वटा काम कर्तव्य र अधिकार तोकेर जिम्मेवार बनाएता पनि यसबारे स्थानीय तहमा अझै पनि विपद् निम्त्याउने प्रकोपका घटना, प्रकोपको संकटसन्नता, विपद्को जोखिमका बारेमा न्यून ज्ञान रहेको पाइएको छ। स्थानीय तहमा जोखिम पहिचान, विपद् सूचना प्रणाली, विपद् जोखिम न्यूनीकरणलाई विकास योजनामा मूलप्रवाहीकरण, नगर क्षेत्रभित्र सञ्चालन गरिने भौतिक पूर्वाधार तथा संरचनागत विकासलाई जोखिममुक्त बनाउनका लागि व्यवस्थित र योजनावद्ध प्रयासहरू चाहिने देखिएको छ । यसैगरी पूर्वसूचना प्रणालीलाई व्यवस्थित गरी समुदायसम्म प्रकोपका बारेमा जानकारी तथा सन्देश प्रवाह गर्ने संयन्त्र तथा प्रणालीको विकास भएको पाइदैन।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी क्षमता विकासका केही तालिमहरू सञ्चालन भएता पनि उक्त तालिमहरूबाट उत्पादन भएका दक्ष जनशक्तिहरूको विवरण वडा तथा नगरस्तरमा सूचीकृत गरी रोष्टर निर्माण गर्ने र स्वयम् सेवक परिचालनको संस्थागत प्रयास थालनी भएको छैन । कृषिबालीमा बर्षा, हावाहुरी र असिनाको कारण भएको अन्नबाली, तरकारी, फलफुल र नगदेबालीको क्षतिको तथ्याङ्क संकलन व्यवस्थित रूपमा गरी अभिलेखीकरण र प्रशारणको लागि विपद् पोर्टलसँग जोडिनु जरूरी छ । यसैगरी स्थानीय तहमा स्थापना गरी सञ्चालन गरिनु पर्ने स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना र सञ्चालनको कार्यले पूर्णता पाएको छैन । नगरपालिकाले अन्य पालिकाको सहकार्य र प्रदेशको सहयोगमा सूरूवात गर्न लागेको मुख्य मन्त्री अत्यावश्यक सेवाकेन्द्र, स्थानीय आपतकालीन सेवाकेन्द्रसंग जोडेर लाने गरी संरचनाको विकास गर्न जरूरी छ । विपद्का घटनाबाट प्रभावित समुदायलाई राहत वितरणका लागि स्थानीय विपद् व्यवस्थापन कोषको स्थापना गरिएको छ कार्यपालिकाको निर्णयले जोखिम न्यूनीकरणका कामहरू भएको देखिन्छ तर कार्यविधि परिमार्जन गरेर कार्यान्वयन गर्न जरूरी छ ।

### ५.१.२ विपद् तथा जलवायु उत्थानशील शासकीय पद्धती

जलवायु उत्थानशीलता अभिवृद्धिका लागि स्थानीय तहको शासकीय संरचनाबाट नै कार्यक्रमहरू बन्नु पर्छ । विपद् व्यवस्थापनमा समुदायको क्षमता विकास विना जोखिम न्यूनीकरण सम्भव छैन । त्यसैले समुदाय तहसम्म शासकीय संरचनाले काम गरेको छ कि छैन भन्ने कुरा सुनिश्चित गर्नु जरूरी छ । यसरी हेर्दा विकास साझेदारहरू र सरकारी योजना अनुसार पनि विपद् व्यवस्थापनमा कामहरू भएको देखिन्छ । तर अझै पनि पालिकाले समुदाय स्तरमा टोल विकास संस्थाहरू विकास गरेर विपद् व्यवस्थापन सम्वन्धी सचेतनामूलक प्रशिक्षण कार्यक्रमहरू गर्नु पर्ने देखिन्छ ।

वडास्तरमा वडा विपद् व्यवस्थापन समितिहरू बनेको छन् । द्रुत लेखाजोखा मार्गदर्शन अनुसार वडास्तरमा द्रुत लेखाजोखा समितिहरू बन्नु पर्दछ र त्यो टिमले वडामा भएका घटनाहरूको आधिकारिक सूचना पालिकालाई उपलब्ध गराउनु पर्दछ। तर यो संरचना वडामा भएको पाइएन ।

पालिका स्तरमा विपद् व्यवस्थापन कार्यक्रम सञ्चालनका लागि छुट्टै विषयगत समितिको व्यवस्थापन गरिएको छ । यो समिति अन्तर्गत विपद् व्यवस्थापन शाखा रहेको छ । दमकल तथा एम्बुलेन्स व्यवस्थापन गरिएको छ । दक्ष मानवश्रोत सहित दमकल परिचालन गरिएको छ । स्थानीय आपत्कालीन कार्यसञ्चालनका लागि पूर्वाधारहरू जोडजाम गरिएको छ तर यसलाई विधिसम्मत तरिकाले यसको कार्यविधि, युनिटहरूको गठन, सूचना सम्प्रेषणका लागि आवश्यक टुलकिटहरूको निर्माण गरी सञ्चालनमा ल्याएको छैन । पर्याप्त दक्ष जनशक्ति अभावमा वारूणयन्त्रलाई समयानुकुल व्यवस्थित उपकरण र प्रविधियुक्त बनाउन सकिएको छैन।

आपत्कालीन प्रतिकार्यको लागि बेलाबेलामा बिभिन्न तालिमहरू सञ्चालन भएको भएता पनि त्यस किसिमको जनशक्तिहरूलाई वडा कार्यालयले सूचीकरण गरी परिचालन गर्ने अभ्यासको थालनी गरेको छैन। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक नियमावली, रणनीतिक कार्ययोजना, स्थानीय अनुकुलन योजना, जोखिम संवेदनशील भू उपयोग योजना, स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना, जस्ता अत्यावस्यक दस्तावेजहरु तर्जुमा गर्न सकिएको छैन।

### ५.१.३ विपद् उत्थानशीलता बृद्धि गर्न बृहत्तर जोखिमका जानकारीमा आधारित नीजि तथा सार्वजनिक लगानी

नगरपालिकामा उद्योग कलकारखाना, व्यवसायिक कम्पनी, पेशागत संस्थाहरू र सहकारीहरूको स्थापना तथा सञ्चालनमा रहेका छन्। यी उद्योग व्यवसायहरूको आफ्नो प्रभावित क्षेत्रमा सामाजिक उत्तरदायित्व रहेको हुन्छ । जस अन्तरगत नगरपालिकासँग समन्वय गरी आफ्नो व्यवसाय र वरिपरीको समुदायलाई विपद्का बारेमा सचेत गराउने, न्यूनीकरणका क्रियाकलापहरू सञ्चालन गर्ने कार्यमा उनीहरूको संलग्नतालाई प्रभावकारी वनाउन सकिएको छैन । उद्योग व्यवसाय, कलकारखाना, बैंक तथा वित्तिय संस्था र सहकारी संस्थाहरूमा सामाजिक उत्तरदायित्व अन्तर्गत छुट्याएको रकमलाई विपद् जोखिम न्यूनीकरणमा लगाउन प्रयास भएको देखिदैन। यसैगरी निजी क्षेत्रलाई विपद् व्यवस्थापनको क्षेत्रमा परिचालन गर्न उनीहरूसंग छलफल, परामर्श तथा साझेदारी हुन सकेको देखिदैन।

### क) विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकुलनका लागि समर्पित योजना तथा कार्यक्रमहरुमा लगानी

यस नगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकुलनका लागि छुट्टै योजना निर्माण गरी लागु गरिएको भएतापनि प्रभावकारी कार्यन्वयन हुन सकेको छैन। विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी कार्यान्वयनमा ल्याइएको छ । विपद् प्रतिकार्यको लागि विपद् व्यवस्थापन कोष स्थापना गरी प्रभावितहरुलाई राहत वितरण कार्य हुँदै आएको छ। पछिल्ला बर्षहरुमा खोला कटानबाट सृजित जोखिम नियन्त्रणका लागि आर आर एन लगायतका संस्थाहरुसँगको समेत सहयोगमा तटवन्ध निर्माणको कार्य भइरहेको छ। यसलाई जोखिम क्षेत्र पहिचान गरी विस्तारका लागि पूर्वाधार विकास समिति अन्तरगत योजनाहरु तयार गरी लागु गर्नुपर्ने देखिन्छ । यसका अलावा भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, महिला, बालबालिका, अपाङ्गता तथा जेष्ठ नागरिक तथा अन्य क्षेत्रगत विकास योजनामा विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा लगानी वढाउनु पर्ने अवस्था छ। जङ्गली जनावर र सामुदायिक कुकुरबाट हुने क्षति कम गर्नका लागि समुदाय देखि राज्यको माथिल्लो तहसम्मको प्रयास रहनु पर्छ यसको लागि नगरस्तरमा रहेको वन, वातावरण र विपद् व्यवस्थापन समितिले नेतृत्व लिनु पर्दछ।

### ख) विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकुलन एकीकृत गरिएका योजनाहरुका लागि लगानी

यस पालिकाको २०८१/०८२ को योजना तथा कार्यक्रमा विषयगत क्षेत्रहरुमा विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशीलतालाई मुलप्रवाहीकरण गरी योजनाहरु राखिएका छन्। नगरपालिकाको योजना तथा कार्यक्रममा तिनै तहको सरकारबाट प्राप्त हुने गरी प्रकोप व्यवस्थापन कोष स्थापना गरी रकम विनियोजन गरिएको छ। विपद् व्यवस्थापन क्षेत्रमा नीजि क्षेत्र, गैसस तथा सरकारी निकायहरु बीचमा समन्वयमा कमि रहेको देखिन्छ। विपद् व्यवस्थापन सम्वन्धी वुझाईको कमीले सम्पन्न गरिएका भौतिक पूर्वाधार रहेका क्षेत्रहरूमा जोखिम सृजना भएका छन् ।

### ५.१.४ प्रभावकारी प्रतिकार्य र पुर्नलाभ

विपद् पूर्वतयारी र प्रतिकार्यका लागि वडा स्तरको विपद् व्यवस्थापन समिति निर्माण गरिएको छ। नगरपालिकाले तर्जुमा गरेको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तथा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणमा नेतृत्व गरेको छ। तथापी यस सम्वन्धी थप ज्ञान तथा क्षमताको विकास गर्दै एकिकृत प्रतिकार्य हुन जरूरी छ।

वडा स्तरमा विपद् व्यवस्थापनमा प्रभावकारी भूमिका खेल्नको लागि क्षमता अभिवृद्धि तथा कृत्रिम घटना अभ्यास हुन जरूरी देखिन्छ। यसका साथै जोडिएका वडा, पालिका, जिल्ला, प्रदेश तथा संघीय तहमा समन्वय प्रभावकारी वनाउनु पर्ने देखिन्छ।

सरूवा रोग नियन्त्रण तथा रोकथाम (प्रतिकार्य) मा वडाको क्षमता र भौतिक पूर्वाधारहरूको स्तरउन्नति गर्नुपर्छ । जुन कोभिड जस्तो सरूवा रोग संक्रमणका लागि फिजिकल डिस्टेन्स हुने खालको वसाइ व्यवस्थापनका लागि विद्यालयहरूमा संरचनाहरूको विकास गर्न जरूरी छ । यसैगरी पूर्णरूपमा वन्दावन्दीको अवस्थामा गरिब तथा रोजगारी गुमाएका परिवारलाई राहत वितरणमा वडाले नेतृत्व लिइ कार्य गरेको छ।

## ५.२ हालको क्षमता

नगरपालिकामा नगरपालिका स्तरीय र सबै वडास्तरीय विपद् व्यवस्थापन समिति गठन भएको छ । आवश्यक परेमा विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि तत्काल परिचालित हुन सक्छ। वडामा आधारभूत स्वास्थ्य केन्द्रहरू रहेका छन् । आपतकालीन अवस्थामा तत्काल प्राथमिक उपचारको लागि दक्ष जनशक्ति उपलब्ध छ। उर्लाबारी नगरपालिका भित्र केही साना तथा ठूला उद्योगहरू सञ्चालनमा रहेका छन् । साना तथा मझौला उद्योगहरुमा पनि प्रायः कुटानी पिसानी मिलहरु, पाउरोटी उद्योग, डेरी उद्योग, फर्निचर उद्योगहरू रहेका छन् । बजार र हाइवे क्षेत्रमा पेट्रोल पम्प रहेको छ तर दुर्गम गाउँहरूमा भने खुल्ला ड्रम र बोतलमा राखेर पेट्रोल विक्री वितरण गर्ने गरिएको छ। यी व्यवसायिक संस्थाहरूसंग हातेमालो गरेर वडाको विपद् व्यवस्थापनमा महत्वपूर्ण कामहरू गरेर मानिसको जिउज्यान र धनसम्पत्ति जोगाउन सकिन्छ। यस नगरपालिकाका सबै वडाहरूमा सामुदायिक भवनहरू रहेका छन्। केही वडामा बाहेक प्रायः सबै वडाहरूमा खुल्ला स्थानहरू रहेका छन्। यसैगरी आपतकालीन अवस्थामा सुरक्षित आश्रय स्थलको रूपमा प्रयोग गर्न सकिने सामुदायिक विद्यालयहरू रहेका छन्। तथापी विद्यालयलाई आश्रय स्थलको रूपमा प्रयोग गरिनु हुन्न भन्ने मत अगाडि आएको देखिन्छ। विपद्का समयमा परिचालित हुन सक्ने महिला समूह, सहकारी तथा वित्तीय संस्था, कृषि तथा पशुपालन समूह, शिक्षक, पत्रकार तथा सामाजिक समूहहरूका साथै नीजिक्षेत्र समेत यस पालिकामा रहेका छन्। सबै पालिका क्षेत्रमा प्राथमिक उपचार तालिम प्राप्त व्यक्तिहरू, महिला स्वास्थ्य स्वयम सेविका, अस्थायी आवास निर्माण तालिम प्राप्त जनशक्ति र तालिम प्राप्त पशु चिकित्सकहरू समेत रहेका छन्। माथि उल्लेख गरिएको पालिकाको विपद् तथा जलवायु उत्थानशील क्षमतालाई निम्न अनुसार विश्लेषण गरिएको छ ।

## ५.३ स्थानीय तहको क्षमता

तालिका ६१ : स्थानीय तहमा रहेको विपद् व्यवस्थापन सम्बन्धी क्षमताको विवरण

| सिनं | नीतिगत दास्तवेज | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १ | स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन | | | |
| २ | विपद् व्यवस्थापन नीति | | | |
| ३ | स्थानीय विपद् जोखिम रणनीतिक कार्ययोजना निर्माण | | | |
| ४ | पालिका स्तरको विपद् व्यवस्थापन समिति गठन | | | |
| ५ | वडास्तरको विपद् व्यवस्थापन समिति गठन | | | |
| ६ | विपद् व्यवस्थान कोषको छुट्टै वैङ्क खातामा राख्ने गरेको | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | विपद् व्यवस्थापन कोष परिचालन कार्यविधि (पालिकाको आफ्नै) | | | |
| ८ | विपद् व्यवस्थापन कोष परिचालन कार्यविधि २०७९ वमोजिम पालिकाको आफ्नो कार्यविधिलाई परिमार्जन गरेको | | | |
| ९ | पालिकाले आफ्नो राहत मापदण्ड निर्माण गरेको छ | | | |
| १० | स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माण | | | |
| ११ | स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण | | | |
| १२ | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना गरेको | | | |
| १३ | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र सञ्चालन कार्यविधि निर्माण | | | |
| १४ | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र युनिट गठन भएको | | | |
| १५ | विपद् लेखाजोखा मार्गदर्शन २०७५ वमोजिम प्रत्येक वडामा द्रुत लेखाजोखा समिति | | | |
| १६ | पालिका स्तरमा खोज तथा उद्धारका सामग्री भण्डारण गरिएको | | | |
| १७ | हरेक वडामा खोज तथा उद्धार सामग्री भण्डारण तथा व्यवस्थापन | | | |
| १८ | विकास निर्माणका काममा विपद् प्रभाव मूल्याङ्कन कार्यविधि निर्माण | | | |
| १९ | हेलिप्याडको निर्माण | | | |
| २० | हस्पिटल वाहेक छुट्टै आईसोलेसन सेन्टरको निर्माण | | | |
| २१ | पालिका स्तरमा स्वयमसेवक टोली गठन गरी परिचालन गरिएको | | | |
| २२ | खुल्ला तथा सुरक्षित स्थान पहिचान र नक्साङ्कन | | | |
| २३ | आपत्कालीन अवस्थाको लागि व्यवस्थापकीय सहयोगको क्षेत्र Logistic Support Area (LSA) हरू पहिचान गरिएको , | | | |

श्रोत : नगरस्तरीय कार्यशाला २०८१

नोट : नगरपालिकाको विपद् फोकल पर्सन वाहेकको कर्मचारी तथा जनप्रतिनिधिहरुको विपद् व्यवस्थापन सम्बन्धी तालिमको विद्यमान अवस्थाको आधारमा सूचना राखिएको छ ।

## ५.४ पहिचान गरेर प्राथमिकतामा राखेका क्षमता अभिबृद्धिका तालिमहरु

- नगरपालिकाका निर्वाचित प्रतिनिधिहरू, कार्यरत कर्मचारीहरू, विषय क्षेत्रगत समितिका पदाधिकारीहरू र विषयगत क्षेत्र (क्लष्टर) का पदाधिकारीहरूलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र आधारभूत मानवीय मापदण्डको विषयमा क्षमता विकास तालिम सञ्चालन गर्ने।
- वडा स्तरका विपद् व्यवस्थापन समितिहरूलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र आधारभूत मानवीय मापदण्डको विषयमा क्षमता विकास तालिम सञ्चालन गर्ने । वडाको जनप्रतिनिधि, कर्मचारीहरू, टोल विकास संस्थाका अगुवाहरूलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र आधारभूत मानवीय मापदणडहरूको वारेमा तालिम दिने । वडामा दोहोरिरहने विपद्हरूको प्रतिकार्यको लागि अति प्रभावित वडाहरूमा र नगरको केन्द्रमा समुदायको सहभागितामा बाढी, भूकम्प र आगलगीको नियमित रूपमा नमुना अभ्यासहरू गर्ने।
- खोलालाई प्राकृतिक रूपमा वग्न दिनु पर्दछ भन्ने सचेतनालाई अगाडि बढाउँदै कम्तिमा नगरपालिकाले जारी गरेको मापदण्ड (खोला, पैनी, नहरको किनारबाट छोड्नु पर्ने मापदण्ड) लाई कार्यान्वयन गर्ने। आपत्कालीन अवस्थामा तत्काल परिचालन गर्ने गरी वडामा एक स्वयमसेवक समूह गठन गरी क्षमता विकास तालिम दिएर तयारी हालतमा राख्ने। जसलाई नजिकको प्रहरी र सेनासंग समन्वय गराउने। वडा क्षेत्रमा घटिरहने विपद्हरूको तथ्यांक संकलन गर्ने र अध्यावधिक गर्नको लागि स्वयम सेवकहरू परिचालन गर्न योजनावद्ध कार्यक्रमहरू राख्ने। सूचना

समन्वय र सर्वेक्षण, खोज तथा उद्धार, प्राथमिक उपचार र राहत वितरण कार्यदल गठन गरी स्वयमसेवकहरूलाई सकृय परिचालन गर्ने गरी क्षमता विकास तथा विपद् व्यवस्थापन सम्वन्धी कार्यहरूमा संलग्न गराउने। प्रत्येक टोल विकास संस्थाका पदाधिकारीहरूलाई विपद् व्यवस्थापन सम्वन्धी क्षमता विकासको तालिमहरू उपलब्ध गराउने।

- बाली विमा, पशु विमा तथा भवन निर्माण मापदण्डको विषयमा नियमित रूपमा टोलसंस्थाहरू विकास गरी उनीहरूसंग अन्तरकृया सञ्चालन गर्ने।
- वडा भित्र सञ्चालनमा रहेका व्यवसायिक संस्थाहरूलाई सामाजिक दायित्वको रूपमा विपद् व्यवस्थापन कोषमा निर्माण गर्न लगाएर समुदायमा विपद् व्यवस्थापनको कृयाकलापहरू सञ्चालन गर्नको लागि पहल गर्ने। वित्तीय संस्थाहरू (सहकारी तथा बैंक) संग रहेको सामाजिक उत्तरदायित्वको कोषलाई विपद् व्यवस्थापनमा परिचालन गर्न वित्तीय संस्थाहरूलाई सहजिकरण गर्ने र उनीहरुसंग सहकार्य गर्ने।
- वडामा कम्तीमा एक स्थानमा आधारभूत संरचना सहितको सुरक्षित स्थान निर्माण गर्ने। नगरपालिका भित्र रहेका मुख्य खोलाहरूमा जोखिम अध्ययन गरी प्राथमिकताका आधारमा तारजाली वा मेसिनरी वाल निर्माण गरी संरक्षणका लागि वृक्षारोपण र संरक्षणको नमुना प्रदर्शन गर्ने।
- आपतकालीन अवस्थामा तत्काल प्राथमिक उपचार दिन सक्ने गरी वडामा अवस्थित स्वास्थ्य चौकीको भौतिक संरचना र मानव स्रोतहरूको स्तरोन्नती गर्ने। वडा स्तरको विपद् व्यवस्थापन समितिहरू, स्वास्थ्यका CRT र RRT लाई सकृय गराउने।
- खोला व्यवस्थापनको योजना समुदायबाट निर्माण गर्ने सो अनुसार कार्यन्वयन गर्ने। समुदायको सहभागितामा कार्यक्रम कार्यन्वयन गर्ने। वडा स्तरमा बारम्बार दोहोरीरहने आगलागी, बाढी जन्य विपद्रको प्रतिकार्यको लागि आवश्यक सामग्रीहरू सहित स्वयमसेवक दलको संरक्षणमा रहने गरी वडामा सुचिकृत गरी तयारी अवस्थामा राख्ने।
- विद्यालयहरूमा वृहत विद्यालय सुरक्षा कार्यक्रम लागु गरी कम्तिमा विद्यालय सुधार योजना तर्जुमा निर्देशिकाले निर्दिष्ट गरेका विपद् जोखिम न्यूनीकरणका क्रियाकलापहरू सञ्चालन गर्ने।
- विद्यालय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्न विद्यालय शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ र सरोकारवालाहरूलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी क्षमता विकासको तालिम सञ्चालन गर्ने र नियमित कृत्रिम अभ्यास गर्ने।
- अतिरिक्त विपद् उत्थानशीलताका लागि स्थानीय पाठ्यक्रम तयार गरी लागु गर्ने र सबै विद्यालहरूमा विपद् फोकल शिक्षकको व्यवस्था गरेर क्षमता अभिवृद्धि गर्ने ।

# खण्ड छ :
# समस्या, प्राथमिकता र योजना

## ६.१ विपद् तथा जलवायु उत्थानशील योजनाका क्रियाकलापहरू

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार नगरपालिकाले प्रमुख रूपमा आफ्ना विकास निर्माणका कार्यहरूलाई ५ वटा विषयगत समितिहरू निर्माण गरेर अगाडि वढाइरहको छ। समग्र नगरपालिकाको विकास निर्माणका योजनाहरू यिनै समितिहरूको नेतृत्वमा तर्जुमा हुने भएकोले यी विषयगत क्षेत्रमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्रियाकलापहरूलाई मूलप्रवाहीकरण गर्न समुदायस्तरमा हुने योजना छलफल प्रक्रियाबाट नै प्राथमिकता दिनुपर्ने हुन्छ। यस नगरपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमाका लागि गरिएका वडास्तरीय भेला तथा छलफलबाट प्राप्त समस्याहरूलाई विषयगत रूपमा यस खण्डमा राखिएको छ। जसले विषयगत क्षेत्रका योजनाहरूलाई विपद् उत्थानशील बनाइ विकासलाई दिगो बनाउन सघाउ पुर्याउछ।

### ६.१.१ आर्थिक विकास :

**कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी र वित्तीय क्षेत्रलाई विपद् व्यवस्थापन क्षेत्रमा परिचालन**

- महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, दीर्घ रोगीहरूमा विपद् जोखिम बारे ज्ञान र क्षमताको विकासका कामहरू गर्नु पर्ने साथै यी समूहको विपद् क्षमता अभिवृद्धिका अवसरमा सहभागिता कमी,
- योजना तर्जुमा, कार्यान्वयन र निर्णय प्रक्रियामा लक्षित समूहको सहभागिता कमी,
- विपद्का समयमा विपद् प्रतिकार्यका कार्यहरूमा लक्षित समूहहरू प्राथमिकतामा नपर्नु साथै भिन्न समूहका भिन्न आवश्यकता हुने हुँदा उक्त कुरामा आवश्यक ध्यान जान नसक्नु,
- समुदायको आँखामा सडक, कल्भर्ट, पुल, भवन जस्ता संरचना निर्माण र तटवन्धन मात्र विकास र विपद् व्यवस्थापनको योजना हो भन्ने वुझाइ रहनु,
- वडास्तरको योजनामा कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र र विपद् व्यवस्थापनको योजनामाहरू समुदायबाट कम उठ्नु ।
- सुरक्षित पर्यटनको क्षेत्रमा स्थानीय तहको पर्याप्त ध्यान जान नसक्नु,
- वन्यजन्तुको प्रकोप बढेको तर यसको स्थायी समाधानका लागि अध्ययन र कार्यान्वयनमा कमी हुनु,
- बालीनालीमा रोगकीराको प्रकोप र विषादीको वढ्दो प्रयोगका कारण माटोमा उत्पादन क्षमता घटेर खाद्यान्न र अन्य बाली उत्पादनमा ह्रास आएको ।
- स्थानीय उत्पादनले पर्याप्त बजार पाउन नसक्नु ।

### ६.१.२ सामाजिक विकास :

**शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैङ्गिक समानता तथा समाजिक समावेशीकरण**

- शिक्षामा धेरै जसो कमजोर भौतिक पूर्वाधार, पर्याप्त बालमैत्री डेक्सवेन्चको अभाव ।
- विषयगत शिक्षकहरूको अभावमा गुणस्तरीय शिक्षा प्रवर्द्धनमा समस्या ।
- स्वास्थ्य क्षेत्रमा भौतिक पूर्वाधार तथा दक्ष जनशक्तिको अभाव ।
- स्थानीय रूपमा सञ्चालित कलकारखानाहरूबाट उत्पन्न धुलो धुवा तथा प्रदुषणबाट स्थानीय समुदायमा समस्या उत्पन्न भएको ।
- खोलामा फोहरमैला फाल्ने गरेको कारण सरसफाई, संस्कृति प्रवर्द्धनमा समस्या ।

- समुदाय स्तरमा बढी क्रियाशील रहने टोल विकास संस्थाहरूले विपद् व्यवस्थापनमा प्रमुख भूमिका खेल्न सक्छन् भन्ने तर्फ ध्यान जान नसक्नु,
- सरूवा रोग नियन्त्रणका लागि पूर्वाधार, संरचना, दक्ष जनशक्ति तथा उपकरणको कमी,
- विद्यालयहरूमा आपत्कालीन स्वास्थ्य सेवा उपलब्ध कमी,
- सुरक्षित विद्यालय सम्बन्धी अवधारणाको कमी,
- सबै विद्यालय भवनहरू भूकम्प प्रतिरोधी नभएको,
- विद्यालय व्यवस्थापन समिति, शिक्षक, बालबालिका र अभिभावकमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी बुझाइको कमी,
- विपद् तथा जलवायु परिवर्तन र यसले निम्त्याएका समस्या र समाधानका उपाय सहितको स्थानीय पाठ्यक्रम विकास गर्नु पर्ने,
- विपद् व्यवस्थापन फोकल शिक्षकको व्यवस्था नभएको,
- विद्यालयको संकटासन्नता पहिचान र विश्लेषण नभएको, विद्यालय विपद् जोखिम व्यवस्थापन योजना नरहेको,
- विपद्बाट सुरक्षित हुनका लागि पारिवारिक तहको कार्ययोजनाको अभाव,
- वडाको पदाधिकारी तथा टोलहरूमा विपद् व्यवस्थापन सम्बन्धी वुझाइमा कमी,
- महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, दीर्घ रोगीहरूमा विपद् बारे ज्ञान र क्षमताको अभाव,
- योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र निर्णय प्रक्रियामा लक्षित समूहको सहभागिता कमी,
- लक्षित समूहलाई विपद् प्रतिकार्यमा प्राथमिकतामा नराख्नु,

## ६.१.३ पूर्वाधार विकास :

**सडक तथा पुल (झोलुङ्गे पुल समेत), सिंचाइ, भवन तथा सहरी विकास, उर्जा तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत), संचार**

- पालिकाको सबै क्षेत्रमा पर्याप्त सिँचाइको व्यवस्था नभएको,
- भवन आचार संहिताको पूर्ण पालना नभएको,
- भूकम्पीय सचेतनामा कमी,
- बस्ती तथा निजी भवन, सडक, विद्युत वितरण प्रणाली, खानेपानीका संरचना, विद्यालय लगायतका पूर्वाधार जोखिमयुक्त रहेको,
- वडाको जोखिम क्षेत्रहरूमा व्यवस्थित सुरक्षित आश्रयस्थलको अभाव,
- अपाङ्गतामैत्री तथा बालमैत्री सडक पेटीको अभावका साथै भौतिक पूर्वाधारहरु अपाङ्गतामैत्री नहुनु,
- सडकमा व्यवस्थित ढलको अभावले समुदायमा समस्या,
- सडक सुरक्षा र प्रयोग बारे ज्ञान चेतना र सन्देशको अभावमा सडक अनुसार सबारी गति निर्धारण नभइ सडक दुर्घटना बढेको,
- नगरपालिकामा विपद् सूचना प्रणालीलाई व्यवस्थित गर्न आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना भएको तर पुरै व्यवस्थित भइनसकेको।

## ६.१.४ वन वातावरण तथा विपद् व्यवस्थापन :

**वन तथा भूसंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन, वारूणयन्त्र सञ्चालन**

- जोखिम क्षेत्रहरूको नक्शांकन गरी भूबर्गिकरणका आधारमा बस्ती व्यवस्थित गर्नु पर्ने ।

- साना घरेलु उद्योगहरूबाट निस्किएको केमिकलको कारण समुदायमा प्रदूषणको समस्या ।
- नगरपालिकाको अझै केहि स्थानहरूमा खानेपानी पुग्न नसक्नु ।
- जलाधार क्षेत्र सुख्खा हुने क्रम बढेको,
- जैविक विविधतामा ह्रास,
- नदी उकासमा बसोबास गर्ने समुदायालइ व्यवस्थित गर्न नसक्नु ।
- खोला व्यवस्थापन नगरेमा भविस्यमा दोहमना बजार क्षेत्र नै विस्तारै कटान हुने सम्भावना छ ।
- समुदाय स्तरमा टोलसंस्थाहरूलाई विपद् व्यवस्थापनमा प्रमुख भूमिका खेल्न सक्छन् भन्ने सोच भएपनि हालसम्म टोलसंस्थाहरू विकास नभएको,
- खोज उद्धार तथा राहत र आपत्कालीन प्रवन्धका पर्याप्त सामग्रीहरूको अभाव,
- आपत्कालीन अवस्थामा सूचना संकलनका लागि (IRA र MIRA) गर्नसक्ने जनशक्तिको अभाव,

## ६.१.५ सुशासन र संस्थागत विकास :

**(मानव संसाधान विकास, संस्थागत क्षमता विकास, संस्थागत पूर्वाधार, नागरिक वडापत्र तथा टोकन प्रणाली, सेवाप्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग तथा संचार व्यवस्थापन)**

- नगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि रणनीतिक कार्ययोजना नभएको ।
- वडाहरूमा विपद् व्यवस्थापन समिति निर्माण भएको तर समितिहरू निस्कृय देखिएको,
- वडा र नगरपालिकामा विपद् व्यवस्थापन कोषको स्थापना भएको तर कोष परिचालन कार्यविधि परिमार्जन (७० प्रतिशत पूर्वतयारी र न्यूनीकरणमा खर्च गर्नेगरी) नगरिएको ।
- वडास्तरीय विपद् व्यवस्थापन समितिका पदाधिकारीहरूलाई आफ्नो कार्य विवरण प्रष्ट नभएको,
- वडाको पदाधिकारी तथा टोलहरूमा विपद् व्यवस्थापन सम्बन्धी वुझाइमा कमी,
- संघ, प्रदेश, जिल्ला, पालिका र वडा तहसम्मको प्रभावकारी समन्वयको अभाव,
- वडा र टोल संस्थाहरू वीच समन्वयको कमी,
- विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलनका क्रियाकलापहरूको लागि सरकारी, गैर सरकारी तथा निजी क्षेत्रको समन्वयात्मक लगानीको अभाव,
- जलवायु परिवर्तन र विपद् सम्बन्धी एकिकृत सूचना व्यवस्थापनमा कमी,
- तालुक संस्थाहरूले विपद् तथा आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्यको लागि गरिएको सूचना प्रभावकारी प्रवाह गर्ने संयन्त्रको अभाव
- विपद् सम्बन्धी सूचना प्रचार प्रशारण गर्ने सामुदायिक संरचनाको अभाव,
- वडाको योजना प्रकृयामा टोल स्तरको विपद् व्यवस्थापनको विषयले प्राथमिकता नपाउनु,
- विपद् व्यवस्थापन सम्बन्धी रैथाने ज्ञान र प्रविधिलाई प्रोत्साहन गर्ने कार्यक्रमहरू नहुनु
- समुदायमा स्वयंसेवकहरू तयार गरी फष्ट रेस्पोन्डरको रूपमा विकास गर्न नसकिएको,
- विपद् व्यवस्थापनको क्षेत्रमा तालिम प्राप्त दक्ष जनशक्तिहरूको पहिचान गरेर पालिकामा सुचिकृत गरी रोष्टर निर्माण नभएको।

# खण्ड सात :

# विपद् तथा जलवायु उत्थानशील योजना

## ७.१ सोच, लक्ष्य र रणनीति

**सोच**

"सुरक्षित, समृद्ध तथा विपद् उत्थानशील उर्लावारी नगरपालिका"

**लक्ष्य**

१. सन् २०३० सम्ममा विपद्बाट हुने घाइते तथा मृत्युदरमा ५०%ले कम गर्ने

२. सन् २०३० सम्ममा विपद्बाट प्रभावित व्यक्तिहरूको सङ्ख्यालाई ६०% ले कम गर्ने

३. सन् २०३० सम्ममा विपद्बाट हुने आर्थिक क्षतिलाई ८०% ले कम गर्ने

४. सन् २०३० सम्ममा विपद् बाट महत्वपूर्ण पूर्वाधार र आधारभूत सेवाहरूमा अवरोध ५०% ले कम गर्ने

५. सन् २०३० पालिकाको कूल भू-भागको ३०% वनमा सघन बृक्षारोपण गर्ने

**रणनीति**

१. विपद् तथा जलवायु परिवर्तन जोखिमको बारेमा बुझाइ वढाउने

२. विपद् तथा जलवायु परिवर्तन जोखिम शासकीय पद्धतिको सुदृढ गर्ने

३. विपद् तथा जलवायु परिवर्तन जोखिम न्यूनीकरणमा निजी सार्वजनिक लगानी वढाउने

४. संरचना सहितको स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रको संस्थागत विकास गर्दै प्रतिकार्य, पुनर्लाभ, पुनर्स्थापन र पुनर्निर्माणमा सुदृढीकरण

५. वन कार्यालयसंगको सहकार्यमा सामुदायिक वन व्यवस्थापन, सघन वृक्षारोपण गर्ने

## ७.२ विपद् जोखिम न्यूनीकरणका उपायहरू

संविधानको अनुसूचि ८ ले स्थानीय तहलाई कानून वनाउन दिएको अधिकार र स्थानीय सरकार सन्चालन ऐन २०७४ मा उल्लेखित स्थानीय तहले गर्नुपर्ने विपद् जोखिम व्यवस्थापनका नीतिगत जिम्मेवारीहरूलाई व्यवहारमा उतार्नका लागि विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य योजना, विपद तथा जलवायु उत्थानशील योजना तथा स्थानीय जलवायु अनुकुलन योजना गरी तीनवटा योजनाको अभ्यास नेपालमा हुँदै आएको छ । तर यी सवैले समुदायको ज्यान र धन जोगाउने र उत्थानशीता विकास नै यसको मुल लक्ष भएकोले यसलाई लामो समयको छलफल र वहस पछि गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले स्थानीय विपद तथा जलवायु उत्थानशील योजना दिग्दर्शन २०८१ जारी गरेको छ । यो योजनाले निर्देश गरेको ढाँचामा यो योजना निर्माण गरिएको छ । योजनाले जम्मा ८ वटा प्राथमिकताहरू तोकेको छ । यहि ८ वटा प्राथमिकतालाई आधार मानेर योजनालाई प्राथमिकिकरण गरिएको छ ।

## ७.२ स्थानीय विपद तथा जलवायु उत्थानशील योजनाका लागि प्राथमिकताका क्षेत्रहरू

स्थानीय विपद तथा जलवायु उत्थानशील योजना दिग्दर्शनले निर्देश गरेको विषय क्षेत्र अनुसारका समस्याहरू विश्लेषण गर्ने क्रममा समस्या समाधानका लागि देखिएका कृयाकलापहरूलाई योजनाले तोकेको फर्मेटमा राखेर सोपिङ लिष्टको रूपमा यसमा राखिएको छ ।

### ७.२.१ प्राथमिकताका क्षेत्र १ : विपद् तथा जलवायु परिवर्तन जोखिम बुझाइ

- समुदाय र पालिकाको बहु-प्रकोप विपद् र जलवायु परिवर्तन जोखिमको पहिचान
- सबै सार्वजनिक र निजी विद्यालयहरू, स्वास्थ्य सुविधाहरू, सार्वजनिक भवनहरू र सार्वजनिक महत्वका सम्पदाहरूको संरचनात्मक एकीकृत जोखिम लेखाजोखा गरी प्रमुख प्रकोपहरू जोखिम, लगानी र कार्यको दायरा सूचित गर्ने ।
- क्षेत्रगत विकास आयोजनाहरूको लागि विपद् र जलवायु परिवर्तन जोखिम परीक्षण र लेखाजोखा प्रणाली स्थापना गर्ने ।
- सीमा जोखिमहरू लेखाजोखा गर्ने । उदाहरणका लागि छिमेकी पालिकासँग मिलेर समाधान गर्नुपर्ने विपद् जस्तैः बाढी, डुबान, जङ्गलमा आगलागी, जङ्गली जनावर आतङ्क आदि ।
- जोखिम क्षेत्रहरूको नक्शाङ्कन/अध्यावधिक
- टोल संस्थाहरूलाई विपद् जोखिम व्यवस्थापन सम्बन्धी आधारभूत ३ दिने तालिम ।

### ७.२.२ प्रा. क्षेत्र २ : स्थानीय तहमा विपद् तथा जलवायु परिवर्तन जोखिम शासकीय पद्धतिको सुदृढीकरण

- पालिका अन्तर्गतका सम्बन्धित सबै शाखाको भूमिका र जिम्मेवारी निर्धारण
- प्रभावकारिताका लागि स्थानीय तहको कानूनी व्यवस्था बलियो बनाउने
- प्रभावकारी विपद् तथा जलवायु उत्थानशीलताको लागि स्थानीय तहको संगठनात्मक संरचना र मानव संसाधन र कार्यहरूको समीक्षा र
- अद्यावधिक गर्ने ।
- विपद् तथा जलवायु उत्थानशील योजनाको योजना आवधिक, वार्षिक योजना र कार्यक्रममा एकीकृत गर्ने
- आवश्यक निर्देशिका, मापदण्ड र कार्य सञ्चालन कार्यविधि तर्जुमा वा परिमार्जन गर्ने
- विपद् जोखिम न्यूनीकरण रणनीति पत्र तयार गर्ने ।
- विपद् सम्वेदनशील भू-उपयोग योजना निर्माण
- पालिकाको राहत मापदण्ड निर्माण/परिमार्जन गर्ने ।
- स्थानीय विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधिलाई परिमार्जन गर्ने ।
- स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको कार्यविधि निर्माण गरी लागु गर्ने
- स्थानीय जलवायु अनुकुलन योजना निर्माण गर्ने ।
- विपद् व्यवस्थापन समिति र क्लष्टरको त्रैमासिक वैठक
- पालिका स्तरका सबै विद्यालयहरूको वृहत विद्यालय सुरक्षा योजना निर्माण गर्ने ।
- विद्यालयहरूमा विपद् व्यवस्थापन समिति गठन र परिचालन गर्ने ।
- नगरपालिकामा आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना गरी विपद्बाट क्षतिको विवरण वडास्तरबाट नियमित रूपमा अध्यावधिक गरी अभिलेख राख्ने,
- पर्यटनको सम्भावना भएको स्थानहरूको पहिचान गरी पर्यटन प्रवर्द्धनको लागि निजी लगानीको लागि प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गर्ने ।

### ७.२.३ प्राथमिकताका क्षेत्र ३ : उत्थानशीलता वृद्धिका लागि विपद् तथा जलवायु परिवर्तन जोखिम न्यूनीकरणमा निजी तथा सार्वजनिक लगानी

- सबै विद्यालय, स्वास्थ्य संस्था र सार्वजनिक भवनहरू जलवायु परिवर्तन लगायतका बहु प्रकोप जोखिमहरूबाट सुरक्षित बनाउने ।
- सम्भावित उच्च जोखिमयुक्त बस्ती र घरहरूको पुनर्स्थापना । (एकीकृत बस्ती)
- नमुना उत्थानशील समुदायको विकास (उदाहरणका लागि एक पालिका एक टोल)
- जोखिमको आधारमा स्थानीय परम्परागत वास्तुकलालाई प्रवलीकरण र प्रोत्साहन गर्ने आर्थिक र प्राविधिक सहयोग
- अत्यावश्यक पूर्वाधार जस्तैः सडक, जलविद्युत, स्वास्थ्य, खानेपानी आपुर्तिलाई उत्थानशील बनाउने
- कलकारखानाहरूबाट उत्पन्न प्रदुषण नियन्त्रणका लागि समन्वयकारी भूमिका र खानेपानीको वैकल्पिक व्यवस्थाहरू गर्ने ।
- गैसस/निजी क्षेत्रसँग विपद् व्यवस्थापन क्षेत्रमा लगानी वैठक
- बृहत विद्यालय सुरक्षाका लागि स्थानीय संस्था र निजीक्षेत्रहरुसँग सहकार्य गर्ने ।
- पालिका क्षेत्रमा अवस्थित हस्पिटलमा वर्नवेड स्थापनाको लागि निजीक्षेत्रहरूसँग सहकार्य गर्ने ।
- सबै स्वास्थ्य संस्थाहरुमा आपत्कालीन अवस्थाको लागि औषधी तथा अन्य सामग्रीको पूर्वतयारी गर्ने ।
- वडास्तरमा जोखिम न्यूनीकरणको योजना निर्माण गरी कार्यान्वयनका लागि निजीक्षेत्रसँग समन्वय र सहकार्य गर्ने,
- सडकको क्षमता अनुसार सबारी सञ्चालनको मापदण्ड तयार गरी लागु गर्ने
- नगरस्तरीय पर्यटन परिषद गठन गरी कार्यविधि निर्माण गरी पर्यटकीय क्षेत्रहरूमा पर्यटन व्यवस्थापन समिति, पर्यटन सूचना केन्द्र स्थापना गठन गरी परिचालन गर्ने ।

### ७.२.४ प्राथमिकताका क्षेत्र ४ : प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण

- स्थानीय स्तरको आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य केन्द्रको स्थापना र योजनाको तयारी
- स्वयम्सेवक समूहको गठन र परिचालन
- उपकरण, गोदाम, भण्डारण र उपकरणहरू परीक्षण गर्ने प्रणाली
- आवधिक अभ्यास र नमुना घटना अभ्यास (Muck drill) सञ्चालन
- डोजर, ट्रक जस्ता प्रतिकार्यमा उपयोगी सवारी साधन सञ्चालन गर्ने निजी क्षेत्रसँग सहकार्य
- छिमेकी पालिकासँग सहकार्य
- विषयगत समितिहरू बीचमा त्रैमासिक वैठक
- बाढी र आगलागीको विषयमा बार्षिक रूपमा नमुना अभ्यास
- वडा स्तरमा द्रुत लेखाजोखा समिति गठन र परिचालन गर्ने ।
- पहिचान गरिएको जोखिम क्षेत्रको वडाहरूमा खोज तथा उद्धारका आधारभूत सामग्रीहरू भण्डारण गर्ने ।
- खोला उकास क्षेत्रमा बसोबास गर्ने समुदाय पहिचान गरी स्थानान्तरणको लागि सहजिकरण गर्ने ।
- राहत वितरणका लागि तत्काल प्रभावितहरूलाई परिचय पत्र वितरणको व्यवस्था मिलाउने ।
- राहत वितरणको कामहरू एकद्धार प्रणालीको विकास गर्ने ।
- निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि निरन्तर समन्वय र सहकार्य प्रणाली विकास गर्ने ।
- विपद्को प्रतिकार्यका लागि द्रुत लेखाजोखा अभिलेख तयारीका लागि आवश्यक फारम र कार्यविधिहरू तयार गरी लागु गर्ने ।
- अपाङ्गता भएका मानिसहरू, जेष्ठ नागरिक सुत्केरी, गर्भवती तथ्याङ्क नियमित अध्यावधिक गर्ने।
- विद्यालयको भौतिक संरचनाहरूलाई अपाङ्गता मैत्री वालमैत्री, महिलामैत्री बनाउने ।

- विद्यालयहरूको संरचनात्मक र गैरसंरचनात्मक वस्तुहरू पहिचान गरी त्यसबाट हुन सक्ने जोखिम न्यूनीकरणको कामहरू गर्ने ।
- पालिकामा स्वास्थ्य आपत्कालीन प्रतिकार्य योजना तयार गर्ने ।
- सुख्खा क्षेत्रहरूमा वैकल्पिक सिंचाइ व्यवस्थापन गर्ने
- विद्यालयका कक्षाकोठा तथा वसाइ व्यवस्थापनलाई सरूवारोग व्यवस्थापनमैत्री बनाउने ।
- पूर्वाधार विकास निर्माणका लागि खानेपानी, सिंचाइ, दुर सञ्चार, सडक तथा विद्युत प्राधिकरणबीच समन्वय वैठक वस्न नीतिगत निर्णय गरी कार्यान्वयन गर्ने ।
- प्रत्येक वडामा कम्तिमा एक स्थानमा सुरक्षित र खुल्ला स्थान निर्माण गर्ने ।
- उच्च जोखिममा रहेका बस्तीका घरधुरीहरलाई स्थानान्तरण गर्ने ।

### ७.२.५ प्राथमिकताका क्षेत्र ५ : पुनर्लाभ, पुनर्स्थापना र पूनर्निर्माणमा अझ बलियो र राम्रो

- पुनर्लाभ योजनाः बहु-प्रकोपका कारण भविष्यमा विपद् सिर्जना भइ क्षत्रि्रस्त हुने निजी आवास र बस्तीहरूको पुनर्स्थापना र पुनर्निर्माणको योजना
- बहु प्रकोपको कारणले क्षत्रि्रस्त सार्वजनिक पर्ूवाधार, निजी आवास र बस्तीहरूको पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माण । सामाजिक-आर्थिक पुनर्लाभ र पुनर्स्थापना
- पालिकाका जनप्रतिनिधिहरूलाई मानवीय मापदण्डको विषयमा ३ दिने तालिम ।
- जोखिम क्षेत्रका बस्तीहरूबाट छनौट गरी कम्तीमा २५ जना युवाहरूलाई खोज तथा उद्धारको तालिम दिइ रोष्टरमा राख्ने ।
- विपद् व्यवस्थापनका लागि अन्तरवडा समन्वय वैठक गरी साझा योजना निर्माण गर्ने
- विपद् व्यवस्थापनका कामहरूको प्रभावकारिता वारेमा त्रैमासिक समीक्षा कार्यक्रम
- खोला, खोल्सी, कुलो जस्ता सार्वजनिक कुराहरूको दर्ता प्रकृया मिलाउने र वहाव क्षेत्रको मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने,
- कृषि उद्यमीहरूका लागि निःशुल्क माटो परीक्षणको व्यवस्था मिलाउने ।
- विपद् प्रभावित र लक्षित वर्ग केन्द्रित आय आर्जनका कार्यक्रमहरु बनाइ लागु गर्ने।
- कृषि क्षेत्रमा वढ्दै गरेको बालीरोग निदानका लागि कृषि प्राविधिक र कृषकहरू बीचमा सघन सम्वाद कार्यक्रम सञ्चालन गर्ने ।
- प्राकृतिक चिस्यानकेन्द्र निर्माणका लागि साना कृषकहरूलाई अनुदान कार्यक्रम
- उत्पादनलाई बजारसँग जोड्नका लागि प्रत्येक वडामा कृषि सूचना केन्द्र स्थापना र सञ्चालन गर्ने ।

### ७.२.६ प्राथमिकताका क्षेत्र ६ : तालिम र क्षमता अभिवृद्धि

- भवन र पर्ूवाधार निर्माणमा संलग्न जनशक्तिलाई तालिम र प्रमाणीकरण
- सरोकारवालालाई विपद्सँग सम्बन्धित वित्तीय विषयमा तालिम दिने
- टोल संस्थाहरूलाई विपद् जोखिम व्यवस्थापन आधारभूत तालिम ।
- स्थानीय तहका पदाधिकारीहरूलाई विपद् व्यवस्थापन सम्बन्धी कानूनी व्यवस्थाका वारेमा प्रशिक्षण ।
- बृहत विद्यालय सुरक्षा योजनाका विषयमा प्र अ र वि व्य स अध्यक्षहरूलाई २ दिने प्रशिक्षण
- विपद् सम्पर्क शिक्षक र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क शिक्षकहरुलाई ३ दिने प्रशिक्षण
- वेरोजगार युवाहरूलाई स्वरोजगार वनाउन उद्यमशीलता तालिम तथा बिउपूँजी सहयोग गर्ने
- व्यवसायिक निरन्तरता योजना निर्माण गर्न निजीक्षेहरूको क्षमता विकास तालिमहरू सञ्चालन गर्ने ।

- कृषिबालीमा लाग्ने रोग कीरा नियन्त्रणको लागि कृषि शाखाबाट आवश्यक परामर्श र कृषि समूहमा प्रशिक्षण सञ्चालन,
- प्राङ्गारिक विषादी बनाउने कार्यक्रमलाई प्रोत्साहन गरी कृषकहरूलाई तालिम

### ७.२.७ प्राथमिकताका क्षेत्र ७ : बहुप्रकोप पूर्वसूचना प्रणाली

- बहु-प्रकोप पर्ूव सूचना प्रणालीमा सम्बन्धित निकायसँग सहकार्य गर्ने
- प्रकोपको सूचना विशेष क्षेत्र र वर्गलाई समेत प्रभावकारी हुने गरी प्रवाह गर्ने -एसएमएस, सामाजिक सञ्जाल मिडिया, एफएम/एएम रेडियो,
- टि.भी., साइरन)
- आपत्कालीन कार्य सञ्चालन र कमाण्ड कन्ट्रोल केन्द्र स्थापना र सुदृढीकरण
- मनसुन पूर्वतयारीका लागि स्थानीय भाषामा सचेतनामुलक सामग्री निर्माण र प्रशारण ।
- एस एम एस प्रणालीको प्रयोग गरी टोल स्तरीय सामुदायिक समूहरु मार्फत बहुप्रकोप पूर्वसूचना प्रणालीको विकास गर्ने ।
- डिएचएफ र तालुक संस्थाबाट जारी भएका सूचनाहरू समुदायसम्म पुग्ने आधिकारिक संरचना तयार गरी परिचालन गर्ने ।
- सामाजिक सुरक्षा भत्ता कार्यक्रमहरूलाई मनसुन अगाडि र डिएचएमको सूचना (थ्रेसहोल्ड नाघेमा) पछि तत्काल वितरण गर्न कार्यविधि तयार गरी कार्यान्वयन गर्ने।
- पूर्वाधार विकास क्षेत्रमा विपद् व्यवस्थापनका लागि पूर्वसूचना प्रणालीका संरचना निर्माण र परिचालन
- भूकम्प प्रतिरोधि घर निर्माण र यसका फाइदाका विषयमा स्थानीय भाषामा तयार गरिएका सामग्रीहरूलाई प्रचार प्रसार गर्न स्थानीय संचार क्षेत्र र टेलिकमसँग समन्वय गर्ने ।
- सडक दुर्घटनाको उच्च जोखिम क्षेत्रहरूमा सडक सुरक्षा सम्बन्धी होर्डिङबोडहरू राख्ने ।
- पालिकाको उपयुक्त स्थानमा जलवायु मापन केन्द्र स्थापना गरी प्रयोगमा ल्याउने ।

### ७.२.८ प्राथमिकताका क्षेत्र ८ : विपद् जोखिम हस्तान्तरण र वित्तीय व्यवस्थापन

- जोखिम हस्तान्तरण संयन्त्र स्थापना
- सामाजिक सुरक्षा संयन्त्र
- विपद् व्यवस्थापन कोष
- विकास साझेदारहरूलाई सहभागी गराउने
- जोखिम सिर्जनाकर्ताद्वारा भुक्तानी व्यवस्था
- वारुणयन्त्रका कर्मचारीहरुको लागि र उद्धारको अग्रभागमा रहेर काम गर्ने उद्धारकर्ताको लागि दुर्घटना विमाको व्यवस्था गर्ने ।
- समुदायमा विमा परामर्श शिविर सञ्चालन गर्ने ।
- कृषिमा महिला उद्यमीहरूका लागि निःशुल्क १०० प्रतिशत विमा कार्यक्रम सञ्चालन गर्ने ।

## ७.३ विपद जोखिम न्यूनीकरणका उपायहरू

### ७.३.१ प्राथमिकताका क्षेत्र १ : विपद् तथा जलवायु परिवर्तन जोखिम बुझाइ

तालिका ६२ विपद् तथा जलवायु परिवर्तन जोखिम बारेको बुझाइ

| रणनीतिक कृयाकलापहरू | अपेक्षित नतिजा | समयावधि | अनुमानित लागत (लाखमा) | अन्तरआवद्धता | | | | | जिम्मेवार निकाय | सहयोगि निकाय | प्राथमिकता | सुचक |
| १ | स्थानीय सरोकारवालाहरुको सहभागितामा पूर्वतयारी बैठक र कार्यशालाको आयोजनाः मनसुन प्रारम्भ हुनुअघि पूर्वतयारी बैठक गर्ने । नगरपालिकाको जोखिमपूर्ण वस्तीहरुको पहिचान, घरधुरी, जनसंख्याको तथ्याङ्कहरु लिने कम्तीमा द्रुत सर्भेक्षण टोली गठन गर्ने र द्रुत सर्भेक्षण फारम र विपद्को विस्तृत तथ्याङ्क संकलन फारम तयार गरी तयारी अवस्थामा राख्ने । | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र | सवै क्षेत्रका प्रमुख, सरोकारवाला निकायहरु, सुरक्षा निकाय, गैसस | पहिलो वैठक असारको दोश्रो हप्ता भित्र क्षेत्रगत समीक्षा र अन्तिम कार्यशाला असार मसान्त भित्र | १० चिया नास्ताको लागि (यसमा अन्य विकास साझेदारहरु लाई पनि समन्वय गरी साझेदारी गर्न सकिन्छ ।) |
| २ | वडा स्तरमा प्रकोप नक्शा तयार गरी आवश्यकता अनुसारको क्षेत्रहरुमा होर्डिङ वोर्ड राख्ने । | ,, ,, | सरोकारवाला निकायहरु, वडा कार्यालय गैसस | मनसुन पूर्व | ५० |
| ३ | विपद पूर्वतयारी तथा प्रतिकार्यमा काम गर्ने विकास साझेदार तथा निकायहरुको सूची तयार गरी अध्यावधिक राख्ने । | ,, ,, | वडा समिति, गैससहरु | मनसुन पूर्व | संस्थागत पहल (पैसा खर्च नगरी गर्ने) |
| ४ | प्रभावितहरुको विस्तृत विवरण संकलन गर्दा सुत्केरी, गर्भवती, एकल महिला, जेष्ठ नागरिकहरुको विवरण अनिवार्य समावेश गर्ने गरी फारमहरु तयार गर्ने। | ,, ,, | वडा समिति, गैससहरु | मनसुन पूर्व | संस्थागत पहल |
| ५ | MIRA सम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गर्ने । MIRA TOOL को लागि अवश्यक फाराम र निर्देशिका तयार गर्ने | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र | नगरपालिका, विषयगत क्षेत्र प्रमुखहरु, गैसस, पत्रकार | मनसुन पूर्व | आवश्यकता हेरेर विकास साझेदारसंग साझेदारी गर्ने |
| ६ | मनसुन पूर्वतयारीको लागि आश्यक (बाढी, हुरीवतास, आगलागी, भुकम्प, महामारी) चेतनामुलक रेडियो जिंगल तथा पम्प्लेटहरु तयार गरी स्थानीय भाषामा प्रसारण गर्ने । | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र | नगरपालिका, विकास साझेदार र जिजिक्षेत्र | मनसुनको अवस्था अनुसार | १०० |
| ७ | नगरपालिकामा विपद् सूचना डेक्स स्थापना गर्ने । | ,, ,, | नगरपालिका | मनसुन पूर्व | संस्थागत पहल |

| क्रस | पूर्वतयारीको कृयाकलापहरु | नेतृत्व | सहयोगी निकाय/संस्था | समय | अवश्यक वजेट रु हजारमा |
|---|---|---|---|---|---|
| ८ | विस्थापितहरुको पहिचानका लागि आवश्यक संख्यामा परिचयपत्र छपाई गरी तयारी अवस्थामा राख्ने | ,, ,, | नगरपालिका, वडा समिति, गैसस | मनसुन पूर्व | १० |
| ९ | विपद् व्यवस्थापन समितिका पदाधिकारी र जनप्रतिनिधिहरुलाई विपद् तथा आधारभूत मानवीय सहायताका मापदण्ड सम्वन्धी तालिम दिने । | ,, ,, | नगरपालिका, गैससहरु | मनसुन पूर्व | ५० |
| १० | प्रत्येक घर तथा सार्वजनिक स्थानहरुमा हातधुने अभ्यासलाई संस्थागत गर्न हेण्डवास स्टेसनहरु राख्नको लागि सचेतनाको कार्यक्रम सहित अभियान सञ्चालन गर्ने । | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र | नगरपालिका, गैससहरु विद्यालयहरु | निरन्तर | वडा कार्यालय तथा विकास साझेदारहरु संग समन्वय गर्ने |
| ११ | पूर्वतयारी तथा द्रुत लेखाजोखाको विवरण संकलन तथा प्रतिवेदनको लागि आवश्यक फारम तथा प्रारुपहरु तयार गरी वडा स्तरीय विपद् व्यवस्थापन समिति, कार्यदल तथा स्वयमसेवक समूहलाई उपलब्ध गराउने । | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र | नगरपालिका, गैससहरु विद्यालयहरु | मनसुन पूर्व | संस्थागत पहल (पैसा खर्च नगरी गर्ने) |
| १२ | बाढी, भूकम्प, आगलागी, शीतलहर, महामारी, हावाहुरी आदिको विषयमा समुदायमा पूर्वसूचना तथा चेतावनी प्रणालीको प्रसारण सामग्री तयार गर्ने । मोवाइल म्यासेजमा र भ्वाइस म्यासेजमा खवर गर्ने प्रणाली विकास गर्ने । | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र | नगरपालिका, गैससहरु विद्यालयहरु | मनसुन पूर्व | १०० |
| १३ | तपसिलवमोजिमको मानव संसाधन विकास तथा व्यवस्थापन गर्ने ।<br>• प्रत्येक वडा र सङ्कटासन्न समुदायमा उद्धारकर्मी तथा प्राथमिक उपचारक टिम तयार गर्ने ।<br>• विपद्को समयमा उद्धारमा खटाउन सकिने स्वयमसेवकहरुको वडागत नामावली अद्यावधिक गर्ने ।<br>• गठन भएका सबै कार्यदलको द्वैमासिक बैठक गरी मनसुन प्रकोपको पूर्वतयारी योजना तयार गर्न लगाउने । | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र | वडा समिति, सुरक्षा निकाय, गैससहरु | मनसुन पूर्व | २०० क्षमता विकासको लागि<br>अन्य विकास साझेदारहरुसंग समन्वय गर्ने |
| १४ | नगरपालिका तहमा मास्क निर्माण गर्ने कामको प्रवर्द्धनको लागि तालिमहरु सञ्चालन गरी महिलाहरुको जिविकोपार्जनसंग जोड्ने । | ,, ,, | नगरपालिका, गैससहरु विद्यालयहरु | निरन्तर | १०० |
| | बाढी, आगलागी तथा भूकम्पको समयमा आवश्यक खोज तथा उद्धारको सामग्रीहरु | समग्र व्यवस्थापन, | नगरपालिका, विकास साझेदार | असार | १००० |

| क्रस | पूर्वतयारीको कृयाकलापहरु | नेतृत्व | सहयोगी निकाय/संस्था | समय | अवश्यक वजेट रु हजारमा |
|---|---|---|---|---|---|
| | पहिचान गर्ने र स्थानीय सुरक्षा निकायमा भण्डारण गर्ने । | सूचना, खोज तथा उद्धार | | | |
| १६ | स्थानीय सामग्रीहरुको प्रयोगबाट खोज उद्धारको लागि आवश्यक सामग्री तयार गर्ने प्रशिक्षणहरु सञ्चालन गर्ने । जस्तैः बाढीको लागि (प्लाष्टिकको वोतल र जुटको वोराको लाईफ ज्याकेट, केराको वोट र जुटको धागोबाट वोट निर्माण आगलागीको लागि (फायर हिटर र पानी पम्प तथा पोखरीबाट पानीको व्यवस्था आदी) | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र | नगरपालिका, विकास साझेदार, सुरक्षा निकाय | मनसुन पूर्व | १०० |
| १७ | खोज तथा उद्धारको लागि समुदाय स्तरमा नमूना अभ्यास नियमिति गर्ने ।<br>(बाढी, आगलागी र भूकम्प) | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र | सवै विषयगत प्रमुख, सुरक्षा निकाय र विकास साझेदार | मनसुन पूर्व | ५० |
| १८ | कम्तिमा नगरपालिका क्षेत्रका कार्यालय तथा सार्वजनिक भवनहरुमा अग्नी समन यन्त्र (Fire extinguishers) अनिवार्य स्टल गर्ने । | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र | सवै विषयगत प्रमुखहरु, वडा कार्यालय, विकास साझेदार | मनसुन पूर्व | १०० |

## आपत्कालीन प्रतिकार्य योजना

विपद् भएको अवस्था र त्यसपछि स्थिति सामान्य नभएसम्मको लागि मानवीय सहयोग उपलब्ध गराउने प्रक्रियामा यस क्षेत्रले देहायअनुसार कार्य गर्नु पर्नेछः

तालिका नम्वर ७८ : समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना

| क्रसं | प्रतिकार्य सम्बन्धी कार्य | परिमाण | जिम्मेवारी | सहयोगी निकाय तथा संस्था | समयावधि |
|---|---|---|---|---|---|
| | विपद् सम्बन्धी प्रारम्भिक सूचना संकलन गरी आपत्कालीन प्रतिकार्य र पूर्वतयारीका लागि वडास्तर सम्म र सम्बन्धित निकायहरुमा तत्काल प्रारम्भिक सूचना प्रवाह गर्ने । | १ पटक र आवश्यकता अनुसार | समग्र व्यवस्थापन क्षेत्र | नगरपालिका सुरक्षा निकाय रेडक्रस सञ्चार क्षेत्र | विपद् पर्नासाथ तत्काल |
| | तत्काल समग्र व्यवस्थापन क्षेत्रको बैठक बस्ने, जसमा अन्य सबै विषयगत क्षेत्रका प्रमुखहरुलाई सहभागी गराउने । बैठकमा प्रारम्भिक द्रुत लेखाजोखा गर्न जिम्मेवारी तोक्ने | शुरुमा १ पटक र आवश्यकता अनुसार | समग्र व्यवस्थापन क्षेत्र | सबै विषयगत क्षेत्र प्रमुख | |
| | सबै विषयगत क्षेत्रहरुलाई सामग्री तथा उपकरणहरु सहित तयारी रहन सूचना प्रवाह गर्ने । | आवश्यकता अनुसार | समग्र व्यवस्थापन क्षेत्र | स्थाविव्यस | विपद् पर्नासाथ तत्काल |

| | | | | | |
|---|---|---|---|---|---|
| | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र (LEOC) ले समग्र प्रकृयाको नेतृत्व गर्ने । LEOC नहुँदासम्म सुरक्षा निकायहरु, रेडक्रस, स्थानीय साझेदार संस्था, ब्यापार संघ तथा युवा स्वयंसेवकहरुको सूचना तथा समन्वय केन्द्र बनाउने । | १ समन्वय केन्द्र | समग्र व्यवस्थापन क्षेत्र | नगरपालिका सुरक्षा निकाय | विपद् पर्नासाथ तत्काल |
| | वडा र नगरपालिकामा गठित सबै क्षेत्र, कार्यदल र सरोकारवाला लाई तत्काल खवर गर्ने र समन्वय गरी तयारीको अवस्थामा राख्ने | आवश्यकता अनुसार | समग्र व्यवस्थापन क्षेत्र | स्थाविव्यस नगरपालिका सुरक्षा निकाय | विपद् हुनासाथ |
| | विपद् आउना साथ उपकरणसहित खोज तथा उद्धार कार्यकोलागि खोज तथा उद्धार टोली परिचालन गर्ने | आवश्यकता अनुसार | समग्र व्यवस्थापन क्षेत्र | नगरपालिका सुरक्षा निकाय | विपद् पर्नासाथ तत्काल |
| | घाइतेको उपचारका लागि स्वास्थ्य संस्थाको नेतृत्वको प्राथमिक उपचार कार्यदललाई परिचालन गर्ने । | आवश्यकता अनुसार | समग्र व्यवस्थापन क्षेत्र | स्वास्थ्य तथा पोषण क्षेत्र र स्वास्थ्य संस्थाहरु | आवश्यकतानुसार |
| | विशेषगरी महिला, बालबालिका, अशक्त, जेष्ठ नागरिक जस्ता सङ्कटासन्न वर्गको तथ्याङ्क संकलन गरी खोज तथा उद्धारमा प्राथमिकता दिने । | आवश्यकता अनुसार | समग्र व्यवस्थापन क्षेत्र | वडा समिति रेडक्रस सुरक्षा निकाय | प्रभावितको उद्धार नसकिएसम्म |
| | क्षतिको प्रारम्भिक सूचना संकलन गर्ने र सरोकारवाला निकायलाई उपलब्ध गराउँदै जाने | निरन्तर | समग्र व्यवस्थापन क्षेत्र | नगरपालिका | १२ घण्टा भित्र |
| | स्थानीय विपद् व्यवस्थापन समितिको आपतकालीन बैठक बोलाउने<br>जानकारी तथा सूचना सङ्कलन गरी परिस्थितिको विश्लेषण गर्ने । सबै विषयगत क्षेत्र र तिनका सदस्यलाई आपतकालीन मानवीय सहयोगको लागि सक्रिय पार्ने, परिस्थिति अनुसार पहिले गरिएको कार्यविभाजनको समीक्षा र विश्लेषण गरी पुनरावलोकन गर्ने । | आवश्यकता अनुसार | समग्र व्यवस्थापन क्षेत्र | नगरपालिकासबै क्षेत्रका प्रमुखहरु | १) विपद शुरु भएको २ घण्टा भित्र<br>२) पहिलो सात दिन सम्म १ दिन बिराएर<br>३) त्यसपछि हप्तामा १ पटक (विपद्को अवस्था अनुसार) |
| | प्रारम्भिक द्रुत लेखाजोखासम्बन्धी (Initial Rapid Assessment) औजारहरुको प्रयोग गरी तत्कालीन मानवीय सहयोगको लागि सूचना सङ्कलन गर्ने | १ पटक | समग्र व्यवस्थापन क्षेत्र | सुरक्षा निकाय रेडक्रस सञ्चार माध्यम | २४ घण्टा भित्र |
| | सञ्चारमाध्यमका लागि प्रत्येक दिन सूचना तथा समाचार उपलब्ध गराउने । | दिनमा १ पटक | समग्र व्यवस्थापन क्षेत्र | सबै क्षेत्रका प्रमुख | पहिलो साता हरेक दिन र पछि आवश्यकतानुसार |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रारम्भिक जानकारी तथा प्रतिवेदनका आधारमा आपतकालीन मानवीय सहयोग उपलब्ध गराउन निम्न प्रक्रिया गर्ने<br>तत्काल उपलब्ध गराउनु पर्ने मानवीय सहयोगको प्राथमिकता र आवश्यकता निर्धारण गर्ने,<br>प्रभावकारी कार्यान्वयन गर्नको लागि सम्बन्धित क्षेत्रहरू (Clusters) लाई सुझाव दिने ।<br>सबै क्षेत्रहरुसंग समन्वय गरी मानवीय सहयोगमा संलग्न संस्था तथा व्यक्तिलाई सुरक्षा उपलब्ध गराउने तथा अन्य सरोकारवालालाई अध्यावधिक कार्यतालिका उपलब्ध गराउने । | शुरुमा १ पटक र त्यसपछि आवश्यकता अनुसार | समग्र व्यवस्थापन क्षेत्र | स्थाविव्यस सबै क्षेत्रका प्रमुख तथा सदस्य | विपद आउनासाथ ० घण्टादेखि नै प्राथमिकता निर्धारण गर्ने |
| | एक संयन्त्र तयार गरी सहि तथ्याङ्कका आधारमा विपद् प्रभावितहरुको लाई परिचयपत्र वितरण गर्ने | १ पटक | समग्र व्यवस्थापन क्षेत्र | नगरपालिका | ३ दिन पछि |
| | बहुक्षेत्रगत प्रारम्भिक द्रूत लेखाजोखा (MIRA) सञ्चालन गर्नेः<br>लेखाजोखा कार्यदल परिचालन गरी क्षति तथा प्रभावको सूचना सङ्कलन गर्ने,<br>लेखाजोखाका लागि फाराम उपलब्ध गराउने | १ पटक | समग्र व्यवस्थापन क्षेत्र | नगरपालिका सुरक्षा निकाय रेडक्रस मीरा कार्यदल, | ३ देखि ५ दिन भित्र |
| | सङ्कलित सूचना तथा तथ्याङ्कको आधारमा प्रतिवेदन तयार पार्ने<br>प्रभावित परिवारको सङ्ख्या प्रक्षेपण गर्न<br>प्रभावित समुदायसँग तथ्याङ्क प्राप्त गरी तुलनात्मक समीक्षा गर्ने<br>प्रभावित क्षेत्रमा विद्यमान सार्वजनिक सेवा उपलब्ध गराउने संस्थाहरूको अवस्था र स्रोतको समीक्षा गर्ने<br>उपलब्ध उद्धार तथा अन्य प्रतिकार्य सम्बन्धी सेवा, क्षमता र उद्धार सामग्रीको अवस्थाको समीक्षा गर्ने,<br>नपुग स्रोत तथा साधनको यकिन गर्न प्रतिवेदनमार्फत सबै क्षेत्रलाई आह्वान गर्ने | शुरुमा १ पटक र त्यसपछि आवश्यकता अनुसार | समग्र व्यवस्थापन क्षेत्र | स्थाविव्यस मीरा कार्यदल, सुरक्षा निकाय दातृ निकाय | पहिलो प्रतिवेदन– ७ दिनभित्र दोस्रो प्रतिवेदन– १५ दिनभित्र आवश्यकता अनुसार |
| | सहयोगको कार्यतालिका अध्यावधिक गर्न निम्न कार्य गर्नेः<br>मीरा (MIRA) बाट प्राप्त सूचना तथा तथ्याङ्कको विश्लेषण गर्ने<br>कार्यदलहरुको सहयोगको थप कार्यतालिका तयारी गर्ने | शुरुमा १ पटक र त्यसपछि आवश्यकता अनुसार | समग्र व्यवस्थापन क्षेत्र | स्थाविव्यस विषयगत क्षेत्रका सदस्य | नियमित रुपमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | कार्यदल, विपद् व्यवस्थापन समिति तथा अन्य सरोकारवालालाई अध्यावधिक कार्यतालिका उपलब्ध गराउने | | | | |
| | मानवीय सहयोगको अनुगमन गर्ने र सुधारका लागि पृष्ठपोषण (Feedback) लिने दिने कार्य गर्ने । | निरन्तर | व्यवस्थापन क्षेत्र | सबै क्षेत्रका प्रमुख/सदस्य | नियमितरुपमा |
| | राहत वितरणलाई निर्विवाद बनाउन मापदण्ड बनाइ सरोकारवाला सबैको सहभागिता अनिवार्य गराउने, जसमा विपद् प्रभावित, महिला, युवा, अपाङ्गता भएका, जेष्ठ नागरिक र बालबालिका आदिलाई अनिवार्य सहभागी गराउने । | निरन्तर | समग्र व्यवस्थापन क्षेत्र | स्थाविव्यस सबै क्षेत्रका प्रमुख/सदस्य | नियमितरुपमा |
| | निम्नअनुसार अभिलेख तयार गर्ने<br>उद्धार गरिएका व्यक्ति<br>बेपत्ता वा मृत्यु भएका व्यक्ति<br>नष्ट भएका घर, विद्यालय वा अन्य भौतिक सम्पत्ति<br>मरेका घरपालुवा पशुपंक्षी<br>क्षतिग्रस्त भौतिक सम्पत्ति<br>क्षतिग्रस्त बाली र खेतीयोग्य भूमि<br>क्षतिग्रस्त भैतिक संरचना र सार्वजनिक सम्पत्तिको विवरण | एउटा पूर्ण अभिलेख | समग्र व्यवस्थापन क्षेत्र | वडा समिति<br>सुरक्षा निकायहरु<br>रेडक्रस<br>स्वयंसेवकहरु | नियमितरुपमा |
| | स्थानीय विपद् व्यवस्थापन समितिको निर्देशन बमोजिमका काम गर्ने | निरन्तर | समग्र व्यवस्थापन क्षेत्र | नगरपालिका स्थाविव्यस | नियमित |

## ९.३.२ खाद्य तथा कृषि विषयगत क्षेत्र

तालिका नम्वर ७९: विषयगत क्षेत्र (Cluster) को नेतृत्व गर्ने निकाय र सदस्यहरू

| क्रसं | निकाय तथा संस्था | नाम | पद | फोन मोवाइल |
|---|---|---|---|---|
| १ | कृषि शाखा प्रमुख | अम्विका प्रसाद लुइटेल | संयोजक | ९८४२०९४३२७ |
| २ | सहकारी शाखा प्रमुख | कविता ढुंगाना | सदस्य | ९८४२०७४८८९ |
| ३ | कृषक समूहका प्रतिनिधि | विजय | सदस्य | ९८१९०२१४८४ |
| ४ | उद्योग तथा व्यापार संगठनका प्रतिनिधि | सुनिल वोहरा | सदस्य | ९८४२०४४६८५ |
| ५ | कृषि तथा जीविकोपार्जनका क्षेत्रमा कार्यरत संघसंस्थाहरू | | सदस्य | |
| | | | | |

स्रोत : पालिकास्तरीय परामर्श कार्यशाला २०८१

**खाद्य तथा कृषि विषयगत क्षेत्रको क्षेत्रगत उद्देश्य**

- विपद्को अवस्थामा प्रभावितहरूलाई तत्काल खानेकुरा, विस्थापित भई शिविरमा बसेकालाई चामल, दाल, नुन, तेल आदि खाद्य सामग्री उपलब्ध गराउने, खानेकुरा पकाउनको लागि आवश्यक प्रवन्ध मिलाउने र कृषि क्षेत्रमा भएको क्षति विवरण तयार गर्न जिम्मेवारी निर्वाह गर्ने ।

- विपदमा परेर खाद्यान्नको समस्यामा परेका समुदाय तथा व्यक्तिलाई खाद्यान्न सहयोग उपलब्ध गराउनु तथा खाद्यान्नमा सबैको समानुपातिक पहुँच कायम गर्ने वातावरण बनाउने ।
- सुत्केरी, आमाको दूध खाने बच्चा, कुपोषणमा परेका बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती महिला जस्ता संवेदनशील अवस्थामा रहेका समुदायलाई पोषणयुक्त खाद्यान्न उपलब्ध गराउने सुनिश्चितता गर्ने ।

**पूर्वतयारी योजना**

तालिका ८० : खाद्य तथा कृषि क्षेत्रको पूर्वतयारी योजना

| क.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | नेतृत्व | सहयोगी निकाय तथा संस्था | समय | अवश्यक वजेट |
|---|---|---|---|---|---|
| १ | विपद्को अवस्थामा खाद्यान्न खरिद तथा आपूर्तिका लागि सम्भाव्य उद्योगहरू पहिचान गर्ने साथै सहयोग लिन सकिने कार्यालय, संस्थाहरूसँग समन्वय गर्ने | खाद्य तथा कृषि क्षेत्र | वडा कार्यालय, उद्योग बाणिज्य संघ, कृषक सञ्जाल, सहकारी | मनुसुन पूर्व बर्षमा २ पटक | संस्थागत पहल (खर्च नलाग्ने) |
| २ | विपदबाट प्रभावित हुनसक्ने १५०० घरपरिवारको लागि खाद्यान्न १५ दिनका लागि (चामल, दाल, तेल, नुन आदि) भण्डारण गर्ने | खाद्य तथा कृषि क्षेत्र | वडा कार्यालय, उद्योग बाणिज्य संघ, कृषक सञ्जाल, सहकारी | मनुसुन पूर्व बर्षमा २ पटक | ३००० |
| ३ | तयारी खानेकुराका लागि तत्काल खरिद गर्न सकिने गरी पसलहरू पहिचान गर्ने वा अनुवन्ध करार गर्ने | खाद्य तथा कृषि क्षेत्र | वडा कार्यालय, | बर्षमा २ पटक मनसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |
| ४ | विपद्को समयमा खाद्य सामग्री वितरण गर्ने तौरतरिका/प्रक्रिया बारे विषयक्षेत्रका सदस्यहरूबीच छलफल तथा कृत्रिम घटना अभ्यास गर्ने | खाद्य तथा कृषि क्षेत्र | वडा कार्यालय, उद्योग बाणिज्य संघ, कृषक सञ्जाल सहकारी | बर्षमा १ पटक मनसुन पूर्व | ५० |
| ६ | विस्थापीत परिवारको लागि अस्थायी आश्रयको लागि ५०० सेल्टर किट भण्डारण गर्ने र अन्य विकास साझेदार संस्थाहरुलाई पनि भण्डारणको लागि सहजीकरण गर्ने । | खाद्य तथा कृषि क्षेत्र | वडा समिति रेडक्रस, गैसस व्यापार संघ | मनसुन पूर्व | ८,००० |
| ७ | ५०० घरधुरीको लागि एक हप्ताको खाद्यान्न सामग्री भण्डारण गर्ने । खाद्यान्नको मापदण्ड तयार गरी सोहि अनुसार कार्यान्वयन गराउने | खाद्य तथा कृषि क्षेत्र | व्यापार संघ रेडक्रस, गैसस | मनसुन पूर्व | ५०० |
| ८ | विपद् भएको दिनको पहिलो दिन देखि नै क्याम्प निर्माण गरी विस्थापितहरुलाई खाना खुवाउनको लागि उद्योग बाणिज्य संघसंग समन्वय गर्ने । | खाद्य तथा कृषि क्षेत्र | उद्योग बाणिज्य संघ | विपदको बेलामा | संस्थागत पहल (खर्च नलाग्ने) |

**आपत्कालीन प्रतिकार्य योजना**

कुनै पनि विपद् आएको समयमा तथा त्यसपछि लगत्तै विस्थापित तथा प्रभावित मानिसलाई विनाभेदभाव खाद्यान्न उपलब्ध गराउनु यस क्षेत्रको कार्याधिकार हो । यसको लागि खाद्य क्षेत्रले देहायअनुसार काम गर्नेछः

तालिका ८१ : खाद्य तथा कृषि क्षेत्रको प्रतिकार्य योजना

| क्रसं | प्रतिकार्य सम्बन्धी कार्य | परिमाण | जिम्मेवारी | सहयोगी निकाय तथा संस्था | समयावधि |
|---|---|---|---|---|---|
| | खाद्य तथा कृषि क्षेत्रको आपत्कालीन बैठकको आयोजना गर्ने | शुरुमा १ पटक र आवश्यकता अनुसार | खाद्य तथा कृषि क्षेत्र | कृषि ज्ञान केन्द्र पशु विज्ञ केन्द्र खाद्य क्षेत्रका सदस्य तथा सहयोगी | विपद् पर्नासाथ तत्काल पहिलो हप्ता एकदिन विराएर र त्यसपछि आवश्यकतानुसार |
| | विपद् प्रभावित क्षेत्र तथा विस्थापित मानिसको जानकारी सङ्कलन गर्ने र खाद्यान्नको आवश्यकता पहिचान गर्ने । यसका लागि सुत्केरी महिला, गर्भवती, बालबालिका, जेष्ठ नागरिकहरुको अलग अलग संख्या पहिचान गर्ने । | आवश्यकता अनुसार | खाद्य तथा कृषि क्षेत्र | नगरपालिका खाद्य क्षेत्रका सदस्य तथा सहयोगी | विपद् आएको थाहा पाउनासाथ |
| | प्रभावित क्षेत्रको अनुगमन तथा निरीक्षण र बहुक्षेत्रगत लेखाजोखा गर्ने । | ३ पटक | खाद्य तथा कृषि क्षेत्र | कृषि ज्ञान केन्द्र सुरक्षा निकाय रेडक्रस | २४ घण्टाभित्र |
| | आपत्कालीन समयको लागि तयारी खाना वितरण गर्ने । | आवश्यकता अनुसार | खाद्य तथा कृषि क्षेत्र | कार्यदलका सदस्य निजी क्षेत्र | २४ घण्टा देखि १० दिनसम्म |
| | समन्वय क्षेत्रसँग सम्पर्क गरी बहुक्षेत्रगत प्रारम्भिक द्रूत लेखाजोखा (मीरा–MIRA) को प्रतिवेदन तयार गर्ने | १ पटक | खाद्य तथा कृषि क्षेत्र | नगरपालिका | ३ देखि ७ दिन भित्र |
| | तथ्याङ्कका आधारमा एक संयन्त्र बनाइ विस्थापितलाई रासनकार्ड वितरण गर्ने । | १ पटक | खाद्य तथा कृषि क्षेत्र | नगरपालिका | २४ घण्टाभित्र |
| | भण्डारण गरिएको खाद्यान्नको अनुगमन तथा निरीक्षण गर्ने र गुणस्तर भएको सुनिश्चितता गर्ने | आवश्यकता अनुसार | खाद्य तथा कृषि क्षेत्र | नगरपालिका सुरक्षा निकाय | नियमित |
| | स्वीकृत मापदण्डअनुरूप खाद्यसामग्री वितरणको व्यवस्था मिलाउने । यदि आवश्यक भएमा स्थानीय मापदण्ड तयार गर्ने । | आवश्यकता अनुसार | खाद्य तथा कृषि क्षेत्र | नगरपालिका सुरक्षा निकाय | नियमित |
| | नपुग हुने खाद्यसामग्री खरिद व्यवस्थापन र भण्डारण गर्न निजीक्षेत्रसंग समन्वय र सहकार्य गर्ने । | आवश्यकता अनुसार | खाद्य तथा कृषि क्षेत्र | नगरपालिका | ५ दिन भित्र |
| | खाद्यान्नमा सबै विस्थापित समुदायको सहज पहुँचको सुनिश्चितता गर्ने | आवश्यकता अनुसार | खाद्य तथा कृषि क्षेत्र | नगरपालिका सुरक्षा निकाय | नियमित |
| | सुत्केरी तथा बच्चालाई दूध खुवाउने महिला, कुपोषणमा परेका बालबालिका, बिरामी, जेष्ठ नागरिकहरुलाई पोषणयुक्त खाना वितरण गर्ने । | आवश्यकता अनुसार | खाद्य तथा कृषि क्षेत्र | नगरपालिका स्वास्थ्य तथा पोषण क्षेत्र | नियमितरुपमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | नागरिक समाजका विभिन्न क्षेत्रबाट वितरण हुने खाद्यान्नको अभिलेख राख्ने र नपुग वा खाद्यान्न प्राप्त गर्न नसकेका समुदायको पहिचान गरी खाद्यान्न उपलब्ध गराउने । | आवश्यकता अनुसार | खाद्य तथा कृषि क्षेत्र | नगरपालिका सुरक्षा निकाय | नियमितरुपमा |
| | वैकल्पिक जिवीकोपार्जनका स्रोतहरुको पहिचान गरी विस्थापितहरुको क्षमता र चाहना बमोजिम व्यवस्था गर्ने । | आवश्यकता अनुसार | खाद्य तथा कृषि क्षेत्र | क्षेत्रका सदस्य वन्दोवस्ती क्षेत्र | नियमितरुपमा |
| | खाद्यान्न वितरण प्रक्रियालाई सहज र सरल बनाउन विपद् प्रभावित समुदायको नेतृत्वलाई सुनिश्चित गर्ने।<br>नियमित अनुगमन गर्ने र विवाद हुनबाट जोगिने | आवश्यकता अनुसार | खाद्य तथा कृषि क्षेत्र | क्षेत्रका सदस्य वन्दोवस्ती क्षेत्र | नियमितरुपमा |
| | खाद्यान्न वितरणमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने | आवश्यकता अनुसार | खाद्य तथा कृषि क्षेत्र | क्षेत्रका सदस्य वन्दोवस्ती क्षेत्र | नियमितरुपमा |
| | खाद्य क्षेत्रको नियमित बैठक तथा प्रतिवेदन तयारी गरी सबै सरोकारवालालाई उपलब्ध गराउने | आवश्यकता अनुसार | खाद्य तथा कृषि क्षेत्र | क्षेत्रका सबै सदस्य | हरेक हप्ता |

## ९.३.३ स्वास्थ्य तथा पोषण क्षेत्र

तालिका ८२: विषयगत क्षेत्र (Cluster) को नेतृत्व गर्ने निकाय र सदस्यहरू

| क्रसं | निकाय तथा संस्था | नाम | पद | फोन मोबाइल |
|---|---|---|---|---|
| १ | नगरपालिका स्वास्थ्य शाखा प्रमुख | सुरेश खड्का | संयोजब | ९८४२६५२७२१ |
| २ | स्वास्थ्य चौकी प्रमुखहरू(सवै) | संदिप | सदस्य | ९८४२०४०१७२ |
| ३ | स्वयमसेविका प्रतिनिधीहरू(सवै) | यमुना सुवेदी | सदस्य | ९८१७२००५३५ |
| ४ | आधारभूत अस्पताल प्रतिनिधी | डिवि सुनुवार | सदस्य | ९८४२०८४२०५ |

स्रोत : पालिकास्तरीय परामर्श कार्यशाला २०८१

**स्वास्थ्य तथा पोषण क्षेत्रको क्षेत्रगत उद्देश्य**

- विपदमा घाइते भएकाहरूको प्राथमिक उपचार गर्ने,
- महामारी हुनबाट बचाउने विधिहरू अवलम्वन गर्ने, शिविरमा उपचार गर्न नसकिने प्रकृतिका स्वास्थ्य समस्या भएका विरामी वा घाइतेलाई अस्पतालसम्म पुऱ्याई स्वास्थ्य उपचारको सुनिश्चितता गर्ने,
- महिला तथा बालबालिकामा पोषणको कमी भएमा त्यसबाट हुनसक्ने समयस्याबारे प्रभावित र सरोकारवालालाई सचेत गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ । साथै यस विषयक्षेत्रले कोभिड-१९ लगायतका महाव्याधीको संक्रमण, रोकथाम र व्यवस्थापनको कार्य समेत गर्नेछ ।
- रोग फैलिएमा प्रभावकारी रूपमा नियन्त्रण गर्नु,
- आधारभूत स्वास्थ्य सेवामा प्रभावित तथा विस्थापितको पहुँच सुनिश्चित गर्न स्वास्थ्य शिविर सञ्चालन, मानवस्रोत परिचालनजस्ता उपाय अपनाउनु,
- कुपोषणबाट प्रभावित विस्थापित महिला, बालबालिका तथा जेष्ठ नागरिक र विरामीलाई पुरक खानाको व्यवस्था गरी उनीहरूको स्वस्थ जीवनको प्रत्याभुति गर्नु ।

**पूर्वतयारी योजना**

तालिका ८३ : स्वास्थ्य तथा पोषण क्षेत्रको पूर्वतयारी योजना

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | नेतृत्व | सहयोगी निकाय तथा संस्था | समय | अवश्यक वजेट रू हजारमा |
|---|---|---|---|---|---|
| १ | विपद् पश्चात तत्काल देखा पर्ने स्वास्थ्य समस्या समाधानका लागि चाहिने औषधीहरू भण्डारण गर्ने ५०० जनाको लागि | स्वास्थ्य तथा पोषण क्षेत्र | वडा कार्यालय, स्वयम सेविका, स्वास्थ्य शाखा | मनुसुन पूर्व बर्षमा १ पटक | १०० |
| २ | द्रुत प्रतिकार्य टोली -Rapid Response Team-RRT_ लाई पुनर्ताजगी तालिम तथा सामग्री व्यवस्थापन । | स्वास्थ्य तथा पोषण क्षेत्र | वडा कार्यालय, स्वयम सेविका, स्वास्थ्य शाखा | मनुसुन पूर्व बर्षमा १ पटक | संस्थागत पहल (खर्च नलाग्ने) |
| ३ | प्रतिकार्यका लागि आवश्यक दक्ष मानव संशाधनको सूची तयार, अद्यावधिक गर्ने | स्वास्थ्य तथा पोषण क्षेत्र | वडा कार्यालय, स्वयम सेविका, स्वास्थ्य शाखा | मनुसुन पूर्व बर्षमा १ पटक | संस्थागत पहल (खर्च नलाग्ने) |
| ४ | स्वास्थ्य सम्बन्धी शिक्षण सामग्रीको व्यवस्था तथा स्वास्थ्य शिक्षाको लागि स्वास्थ्यकर्मीको व्यवस्था गर्ने | स्वास्थ्य तथा पोषण क्षेत्र | वडा कार्यालय, स्वयम सेविका, स्वास्थ्य शाखा | मनुसुन पूर्व बर्षमा १ पटक | संस्थागत पहल (खर्च नलाग्ने) |
| ५ | कोभिड-१९ संक्रमण लगायत महामारी रोकथाम, नियन्त्रण र परीक्षण तथा उपचार सम्बन्धी जनचेतना अभिबृद्धि कार्यक्रम सञ्चालन गर्ने | स्वास्थ्य तथा पोषण क्षेत्र | वडा कार्यालय, स्वयम सेविका, स्वास्थ्य शाखा | मनुसुन पूर्व आवश्यकता अनुसार | ५० |
| ६ | विभिन्न संस्थाहरूसँग भएको स्वास्थ्य सरसफाइ सामग्रीहरूको मौज्दात विवरण सङ्कलन गर्ने । | स्वास्थ्य तथा पोषण क्षेत्र | वडा कार्यालय, स्वयम सेविका, कार्यरत संघसंस्था, विकास साझेदारहरु, | मनुसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |
| ७ | प्रत्येक विद्यायमा अनिवार्य हेण्डवास स्टेसन व्यवस्थापन गर्नको लागि विद्यालयहरुलाई सहजीकरण गर्ने | स्वास्थ्य तथा पोषण क्षेत्र | वडा कार्यालय, स्वयम सेविका, शिक्षा शाखा, विकास साझेदारहरु, | मनुसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |
| ८ | नगरपालिका र आसपासका सरकारी, सामुदायिक तथा निजी स्वास्थ्य सेवा प्रदायक र उनीहरूसँग भएको स्रोतको सूची र सहयोगको खाका तयार गर्ने | स्वास्थ्य तथा पोषण क्षेत्र | वडा कार्यालय, स्वयम सेविका, स्वास्थ्य शाखा, विकास साझेदारहरु, RRT | मनुसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |
| ९ | स्वास्थ्य तथा पोषण क्षेत्रसंग समन्वय गरी ६ महिना देखि ५ बर्षमुनीको बालबालिका, जेष्ठ नागरिक, गर्भवती र सुत्केरी महिलाहरुको लागि ५०० न्यूट्रिसन किट भण्डारण गर्ने गराउने | स्वास्थ्य तथा पोषण क्षेत्र | वडा कार्यालय, स्वयम सेविका, स्वास्थ्य शाखा, विकास साझेदारहरु, RRT | मनुसुन पूर्व | १००० |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | नेतृत्व | सहयोगी निकाय तथा संस्था | समय | अवश्यक वजेट रू हजारमा |
|---|---|---|---|---|---|
| १० | स्वास्थ्य शिबिर सञ्चालनका लागि स्वास्थ्यकर्मीको सूची तयार गर्ने। | स्वास्थ्य तथा पोषण क्षेत्र | वडा कार्यालय, स्वयम सेविका, स्वास्थ्य शाखा, विकास साझेदारहरु, RRT | मनुसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |
| ११ | एम्बुलेन्सको सहज परिचालनको लागि सूचीकरण गरी आवश्यक बन्दोवस्त मिलाउने । | स्वास्थ्य तथा पोषण क्षेत्र | वडा कार्यालय, स्वयम सेविका, स्वास्थ्य शाखा, विकास साझेदारहरु, RRT | मनुसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |

**आपत्कालीन प्रतिकार्य योजना**

तालिका ८४ : विपद्को अवस्थामा जनस्वास्थ्यको रक्षा र स्वच्छता प्रवर्द्धनका लागि यस क्षेत्रले देहायका कार्यहरु गर्नेछः

| क्रसं | प्रतिकार्य सम्बन्धी कार्य | परिमाण | जिम्मेवारी | सहयोगी निकाय तथा संस्था | समयावधि |
|---|---|---|---|---|---|
| | आपत्कालीन बैठक आयोजना गरी विपद्को अवस्थाको मूल्याङ्कन गर्ने सहयोगी संस्थाको क्षमता पहिचान, कार्य तथा जिम्मेवारी विभाजन गर्ने,<br>सामग्री आपूर्तिकर्ताको सूची तयार गर्ने,<br>विद्यमान स्रोत र मागको विश्लेषण गर्ने, | शुरुमा १ पटक र आवश्यकता अनुसार | स्वास्थ्य तथा पोषण क्षेत्र | स्वास्थ्य केन्द्र<br>सुरक्षा निकाय<br>RRT<br>महिला स्वास्थ्य स्वयंसेविकाहरु | विपद् हुनासाथ |
| | वडा र समुदाय तहमा स्वच्छता प्रवर्द्धन समिति परिचालन गर्ने।<br>विशिष्ट सेवा दिनु पर्ने जनसङ्ख्याको पहिचान गर्ने,<br>प्रतिकार्य योजना अनुरूप भएका पूर्वतयारीको पुनरावलोकन गर्ने,<br>विपद् व्यवस्थापन समिति र अन्य क्षेत्र तथा सरोकारवालासँग सम्बन्ध राखी काम गर्ने व्यवस्था मिलाउने,<br>विपदबाट स्वास्थ्यमा उत्पन्न समस्याबारे सूचना तथा जानकारी सङ्कलन गर्ने । | आवश्यकता अनुसार | स्वास्थ्य तथा पोषण क्षेत्र | स्थाविव्यस<br>स्वास्थ्य चौकी<br>सुरक्षा निकाय<br>स्वयंसेविका<br>युवा सञ्जाल,<br>RRT | विपद् हुनासाथ |
| | घाइतेको उपचारका लागि तत्काल स्वास्थ्यकर्मीको नेतृत्वमा प्राथमिक उपचार कार्यदल खटाउने र थप उपचारको आवश्यकता परेकाहरुको छनौट गरी अस्पताल पठाउने व्यवस्था मिलाउने । | आवश्यकता अनुसार | स्वास्थ्य तथा पोषण क्षेत्र | स्वास्थ्य केन्द्र<br>RRT सुरक्षा निकाय युवा क्लव<br>महिला स्वास्थ्य स्वयंसेविकाहरु | विपद् हुनासाथ |
| | बहु क्षेत्रगत द्रुत लेखाजोखाको प्रतिवेदनको आधारमा स्वास्थ्यसम्बन्धी आवश्यकता पहिचान गर्ने | ३ पटक | स्वास्थ्य तथा पोषण क्षेत्र | सूचना कार्यदल | प्रतिवेदन प्राप्त भएपछ |
| | जनस्वास्थ्य सम्बन्धी जनचेतना अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन गर्ने । | ३ पटक | स्वास्थ्य तथा पोषण क्षेत्र | स्वास्थ्य केन्द्रहरु<br>युवा क्लव | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | महिला स्वास्थ्य स्वयंसेविकाहरु | |
| | सुत्केरी तथा बच्चालाई दूध खुवाउने आमा, गर्भवती महिला र कुपोषित बालबालिकालाई पोषणयुक्त खाद्यान्नको लागि खाद्य क्षेत्रलाई सिफारिस गर्ने । | आवश्यकता अनुसार | स्वास्थ्य तथा पोषण क्षेत्र | महिला स्वास्थ्य स्वयंसेविकाहरु | २४ घण्टा भित्र |
| | महिला स्वास्थ्य स्वयंसेविका युवा तथा महिला समूह मार्फत जनस्वास्थ्यसम्बन्धी जनचेतना अभिवृद्धिको कार्यक्रम सञ्चालन गरी सरसफाइ प्रवर्द्धन कार्य गर्ने गराउने<br>स्थानीय भाषामा जनचेतनामूलक क्रियाकलाप माइकिङ्,सडक नाटक<br>सूचना केन्द्र स्थापना गर्ने<br>जानकारीमूलक,शिक्षाप्रद प्रचार सामग्री तयार गरी वितरण गर्ने<br>स्वयंसेवक परिचालन<br>सञ्चार क्षेत्रको परिचालन<br>बाल/युवा क्लबको परिचालन<br>शिविरमा सुरक्षा व्यवस्थापन<br>अन्य क्षेत्रहरुसंगको निकट समन्वय | आवश्यकता अनुसार | स्वास्थ्य तथा पोषण क्षेत्र | नगरपालिका<br>रेडक्रस<br>गैससहरु<br>RRT | २४ घण्टा भित्र शुरु गरी निरन्तर |
| | समुदायबाट र अन्य क्षेत्रबाट पृष्ठपोषण सङ्कलन र पुनरावलोकन गरी सुधारका क्षेत्र पहिचान गर्ने । | आवश्यकता अनुसार | स्वास्थ्य तथा पोषण क्षेत्र | नगरपालिका<br>रेडक्रस गैससहरु | निरन्तर |
| | शिबिरमा मलेरियालगायत सरुवा रोग नियन्त्रणको लागि विषादी छर्किने ।झुल वितरण गर्ने । | आवश्यकता अनुसार | स्वास्थ्य तथा पोषण क्षेत्र | स्थाविव्यस<br>गैससहरु | आवश्यकतानुसार |
| | आवश्यकता अनुसार शिबिरमा स्वास्थ्य केन्द्र र पोषण क्लिनिक स्थापना गर्ने । पोषणका लागि खाद्य क्षेत्रलाई सिफारिस गर्ने । | आवश्यकता अनुसार | स्वास्थ्य तथा पोषण क्षेत्र | स्थाविव्यस<br>गैससहरु | आवश्यकतानुसार |
| | अन्य क्षेत्र र विपद् व्यवस्थापन समितिसँग मिलेर अनुगमन सुचकहरु तयार गरी अनुगमन गर्ने र विपद् प्रभावितहरुका गुनासो र सुझावको कार्यान्वयन गर्ने | आवश्यकता अनुसार | स्वास्थ्य तथा पोषण क्षेत्र | स्थाविव्यस<br>गैससहरु | निरन्तर |
| | स्वास्थ्य तथा पोषणको अवस्था र भएका कार्य तथा आवश्यकताको समीक्षा गर्ने । | आवश्यकता अनुसार | स्वास्थ्य क्षेत्र | स्थाविव्यस<br>गैससहरु | हरेक दिन |
| | पानीजन्य सरुवा रोगको प्रकृति पहिचान गर्ने र त्यसअनुसार स्वास्थ्य प्रवर्द्धन र सचेतना अभिवृद्धि गर्ने | आवश्यकता अनुसार | स्वास्थ्य क्षेत्र | स्थाविव्यस<br>गैससहरु | हरेक दिन |
| | नियमित तथा आवश्यकतानुसार अतिरिक्त खोप कार्यक्रम सञ्चालन गर्ने । | आवश्यकता अनुसार | स्वास्थ्य क्षेत्र | स्थाविव्यस<br>गैससहरु | आवश्यकतानुसार |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रतिवेदन तयार गरी विपद् व्यवस्थापन समितिमा र सरोकारवालालाई उपलब्ध गराउने | आवश्यकता अनुसार | स्वास्थ्य क्षेत्र | स्थाविव्यस | हरेक दिन |

## ९.३.४ खानेपानी तथा वातावरण स्वच्छता प्रवर्द्धन क्षेत्र

तालिका ८५ : विषयगत क्षेत्र (Cluster) को नेतृत्व गर्ने निकाय र सदस्यहरू

| क्रसं | निकाय तथा संस्था | नाम | पद | फोन मोवाइल |
|---|---|---|---|---|
| १ | वन वातावरण तथा विपद् व्यवस्थापन समिति | कुमार लुइटेल | संयोजक | ९८५२०४४८३१ |
| २ | भौतिक पूर्वाधार तथा योजना शाखा | पोखराज शाह | पदेन सदस्य | ९८६१५९६५०८ |
| ३ | खानेपानी तथा सरसफाइ शाखा प्रमुख | नगेन्द्र प्र. तिम्सिना | सदस्य | ९८५२०३०९१९ |
| ४ | युवा क्लव प्रतिनिधि | | प्रतिनिधी | |
| ५ | उर्लाबारी खानेपानी आयोजना प्रतिनिधि | चिन्तामणी पौड्याल | प्रतिनिधी | ९८५२०३४०२२ |
| ६ | सरसफाइको क्षेत्रमा कार्यरत गैसस | | प्रतिनिधि | |
| ७ | वन वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक | कुमार कणेल | | ९८५२०४४८३१ |
| ८ | फोहरमैला व्यवस्थापनमा काम गर्ने संस्था प्रतिनिधि | भिम भट्टराई | | ९८५२०२४३८२ |

स्रोत : पालिकास्तरीय परामर्श कार्यशाला २०८१

**खानेपानी तथा वातावरण स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्रको उद्देश्य**

- विपद्को अवस्थामा खानेपानी आपूर्ति गर्ने,
- विपद्का कारण ढलेका बोटबिरूवाहरू हटाउने, विपद्जन्य घटनाबाट सिर्जना भएका फोहोरहरू सरसफाई गर्ने, मरेका पशुपंक्षीहरूको व्यवस्थापन गर्ने,
- व्यक्तिगत सरसफाई र वातावरणको लागि स्वच्छता सम्बन्धी सरसामानहरू -जस्तैः हाईजिन किट, पियुष, क्लोरिन, डस्टविन, ....) उपलब्ध गराउने जिम्मेवारी निर्वाह गर्नेछ ।
- झाडापखाला, हैजा तथा औलो र पानीजन्य एवं कीटजन्य सरुवारोगहरूको रोकथाम तथा उपचार सुनिश्चित गर्नु,

**पूर्वतयारी योजना**

तालिका ८६ : खानेपानी तथा वातावरण स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्रको पूर्वतयारी योजना

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | नेतृत्व | सहयोगी निकाय तथा संस्था | समय | वजेट रू हजारमा |
|---|---|---|---|---|---|
| १ | वास (WASH) क्षेत्रमा काम गर्ने निकाय तथा संस्थाको पहिचान गरी सदस्य निकाय वा संस्था र तिनका प्रतिनिधिको विवरण अध्यावधिक गर्ने क्षेत्रमा रहन इच्छुक संस्थाहरूको विवरण सङ्कलन गरी सूचीकरण गर्ने,<br>यस क्षेत्रमा काम गर्ने गैसस नीजिक्षेत्रसंग समन्वय गर्ने । | खानेपानी तथा वातावरण स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्र | वडा कार्यालय, युवा क्लव, महिला समूह, विकास साझेदारहरु, | मनुसुन पूर्व बर्षमा १ पटक | संस्थागत पहल (खर्च नलाग्ने) |
| २ | सम्भावित ५०० विस्थापितहरुको परिवारको लागि अस्थायी शौचालयको शौचालय र खानेपनी व्यवस्थापनको सामग्री भण्डारण गर्ने। | खानेपानी तथा वातावरण स्वच्छता | वडा कार्यालय, युवा क्लव, महिला समूह, | मनुसुन पूर्व बर्षमा १ पटक | ११०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | प्रवर्द्धन विषयगत क्षेत्र | विकास साझेदारहरु | | |
| ३ | खानेपानी, सरससफाइ तथा स्वास्थ्य प्रवर्द्धनसम्बन्धी तालिम प्राप्त व्यक्तिको सूची तयार गर्ने | खानेपानी तथा वातावरण स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्र | वडा कार्यालय, युवा क्लव, महिला समूह, विकास साझेदारहरु | मनुसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |
| ४ | पानी शुद्धीकरण र हाइजीन कीट, साबुन पानीले हात धुने सम्बन्धमा सरसफाइको लागि घरदैलो अभियान सञ्चालन गर्न महिला स्वास्थ्य स्वयंसेविकालाई अभिमुखीकरण गरी परिचालन गर्ने । | खानेपानी तथा वातावरण स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्र | वडा कार्यालय, युवा क्लव, महिला समूह, विकास साझेदारहरु | मनुसुन पूर्व | ५० |
| ५ | विपद्को समयमा खानेपानी शुद्धीकरणको लागि आवश्यक पर्ने क्लोरीन, पियुष जस्ता औषधिको उचित भण्डारण गर्ने । | खानेपानी तथा वातावरण स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्र | वडा कार्यालय, विकास साझेदारहरु, | मनुसुन पूर्व | ५० |
| ६ | सरसफाईका लागि आवश्यक पर्ने सामग्री तथा उपकरणहरू उपयुक्त ठाउँमा भण्डारण गर्ने । | खानेपानी तथा वातावरण स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्र | वडा कार्यालय, विकास साझेदारहरु, | मनुसुन पूर्व | ५० |
| ७ | खानेपानी ओसार्ने, जम्मा गर्ने र वितरण गर्ने साधनहरू मर्मत सम्भार गरी चालु अवस्थामा राख्ने । | खानेपानी तथा वातावरण स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्र | वडा कार्यालय, विकास साझेदारहरु, | मनुसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |
| ८ | आपत्कालीन अवस्थामा प्रयोग गर्न सकिने खानेपानीको स्रोतहरू पहिचान र संरक्षण गर्ने । | खानेपानी तथा वातावरण स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्र | वडा कार्यालय, युवा क्लव, महिला समूह, विकास साझेदारहरु | मनुसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |

**आपत्कालीन प्रतिकार्य योजना**

तालिका ८७ : विपद्को अवस्थामा जनस्वास्थ्यको रक्षा र स्वच्छता प्रवर्द्धनका लागि यस क्षेत्रले देहायका कार्यहरु गर्नेछः

| क्रसं | प्रतिकार्य सम्बन्धी कार्य | परिमाण | जिम्मेवारी | सहयोगी निकाय तथा संस्था | समयावधि |
|---|---|---|---|---|---|
| | आपत्कालीन बैठक आयोजना गरी विपद्को अवस्थाको मूल्याङ्कन गर्ने ।<br>सहयोगी संस्थाको क्षमता पहिचान, कार्य तथा जिम्मेवारी विभाजन गर्ने,<br>सामग्री आपूर्तिकर्ताको सूची तयार गर्ने, | हरेक विपदमा १ पटक र आवश्यकता अनुसार | WASH क्षेत्र | स्वास्थ्य संस्थाहरु<br>सुरक्षा निकाय<br>स्वयंसेविका<br>युवा सञ्जाल, | विपद् हुनासाथ |

| | | | | | |
|---|---|---|---|---|---|
| | विद्यमान स्रोत र मागको विश्लेषण गर्ने, | | | महिला समूहहरु<br>RRT | |
| | वडा र समुदाय तहमा स्वच्छता प्रवर्द्धन समिति परिचालन गर्ने।<br>विशिष्ट सेवा दिनु पर्ने जनसङ्ख्याको पहिचान गर्ने,<br>प्रतिकार्य योजना अनुरूप भएका पूर्वतयारीको पुनरावलोकन गर्ने,<br>विपद् व्यवस्थापन समिति र अन्य क्षेत्र तथा सरोकारवालासँग सम्बन्ध राखी काम गर्ने व्यवस्था मिलाउने,<br>विपदबाट स्वास्थ्यमा उत्पन्न समस्याबारे सूचना तथा जानकारी सङ्कलन गर्ने । | आवश्यकता अनुसार | WASH क्षेत्र | स्वास्थ्य संस्थाहरु<br>सुरक्षा निकाय<br>स्वयंसेविका<br>युवा सञ्जाल,<br>महिला समूहहरु<br>RRT | विपद् हुनासाथ |
| | विपद प्रभावितहरुलाई आवश्यकतानुसार स्वच्छ खानेपानीको नियमित आपूर्ति गराउने | आवश्यकता अनुसार | WASH क्षेत्र | स्वयंसेविका<br>युवा सञ्जाल,<br>महिला समूहहरु | १२ घण्टा भित्र |
| | विभिन्न संस्थाहरूसँग भएको स्वास्थ्य सरसफाइ सामग्रीहरूको मौज्दात विवरण सङ्कलन गर्ने । | आवश्यकता अनुसार | WASH क्षेत्र | गैससहरु | १२ घण्टा भित्र |
| | विद्यालयमा स्थापित बालसमूहहरूबीच सरसफाइसम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्ने । | | WASH क्षेत्र | विद्यालयहरु | २४ घण्टा भित्र |
| | स्वास्थ्य प्रवर्द्धनका तथा सरसफाइका सामग्री वितरण गर्ने<br>Hygiene kit<br>WASH kit<br>Dignity kit | आवश्यकता अनुसार | WASH क्षेत्र | स्वास्थ्य संस्थाहरु<br>स्वयंसेविका<br>युवा सञ्जाल,<br>महिला समूहहरु<br>RRT | २४ घण्टा भित्र |
| | खानेपानी शुद्धीकरणका सामान वितरण (बाल्टिन २ वटा १० र १५ लि., मग १, पियुष पहिलो १ हप्ता र बाँकी दिनका लागि वाटरगार्ड वा पियुष १ प्रति परिवार ) | १ पटक | WASH क्षेत्र | रेडक्रस<br>गैससहरु | २४ घण्टा भित्र |
| | समुदाय स्थानान्तरण हुने स्थान वा शिबिर तथा प्रभावित स्थानीय तहमा स्वास्थ्य प्रवर्द्धनसँग सम्बन्धित खानेपानी, शौचालयजस्ता संरचना तथा सरसफाइको अवस्थाको अध्ययन गर्ने । | आवश्यकता अनुसार | WASH क्षेत्र | स्वास्थ्य संस्था<br>रेडक्रस गैससहरु | १२ घण्टा भित्र |
| | महिला स्वास्थ्य स्वयंसेविका युवा तथा महिला समूह मार्फत सरसफाईसम्बन्धी जनचेतना अभिवृद्धिको कार्यक्रम सञ्चालन गरी सरसफाइ प्रवर्द्धन कार्य गर्ने गराउने स्थानीय भाषामा जनचेतनामूलक क्रियाकलाप | आवश्यकता अनुसार | WASH क्षेत्र | स्वास्थ्य संस्थाहरु<br>सुरक्षा निकाय<br>स्वयंसेविका<br>युवा सञ्जाल,<br>महिला समूहहरु | १२ घण्टा भित्र शुरु गरी निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| | • माइकिङ्<br>• सडक नाटक<br>• सूचना केन्द्र स्थापना गर्ने<br>• जानकारीमूलक, शिक्षाप्रद प्रचार सामग्री तयार गरी वितरण गर्ने<br>• स्वयंसेवक परिचालन<br>• सञ्चार क्षेत्रको परिचालन<br>• बाल/युवा क्लबको परिचालन<br>• शिविरमा सुरक्षा व्यवस्थापन<br>• अन्य क्षेत्रहरुसंगको निकट समन्वय | | | RRT<br>गैससहरु | |
| | समुदायबाट र अन्य क्षेत्रबाट पृष्ठपोषण सङ्कलन र पुनरावलोकन गरी सुधारका क्षेत्र पहिचान गर्ने | आवश्यकता अनुसार | WASH क्षेत्र | रेडक्रस गैससहरु स्वयंसेविकाहरु | निरन्तर |
| | शिबिरमा मलेरियालगायत सरुवा रोग नियन्त्रणको लागि विषादी छर्किने । झुल वितरण गर्ने । | आवश्यकता अनुसार | WASH क्षेत्र | रेडक्रस<br>गैससहरु | आवश्यकतानुसार |
| | शिबिर रहेको क्षेत्रको पूर्ण सरसफाइसम्बन्धी कार्य गर्ने । | आवश्यकता अनुसार | WASH क्षेत्र | स्वास्थ्य संस्थाहरु<br>स्वयंसेविका<br>युवा सञ्जाल,<br>महिला समूहहरु<br>RRT गैससहरु | हरेक दिन |
| | पानीजन्य सरुवा रोगको प्रकृति पहिचान गर्ने र त्यसअनुसार स्वास्थ्य प्रवर्द्धन र सचेतना अभिवृद्धि गर्ने । | आवश्यकता अनुसार | WASH क्षेत्र | | हरेक दिन |
| | मरेका पशु पंक्षिहरुको उचित व्यवस्थापन गर्ने | आवश्यकता अनुसार | WASH क्षेत्र | रेडक्रस<br>गैससहरु | आवश्यकतानुसार |
| | प्रतिवेदन तयार गरी विपद् व्यवस्थापन समितिमा र सरोकारवालालाई उपलब्ध गराउने । | आवश्यकता अनुसार | WASH क्षेत्र | | हरेक दिन |

### ९.३.५ आपतकालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्र

तालिका ६८ : विषयगत क्षेत्र (Cluster) को नेतृत्व गर्ने निकाय र सदस्यहरू

| क्रसं | निकाय तथा संस्था | नाम | पद | फोन मोवाइल |
|---|---|---|---|---|
| १ | नगरपालिका उपप्रमुख | मिना खतिवडा पौडेल | संयोजक | ९८४२२९०६८५ |
| २ | आर्थिक विकास महाशाखा | गोविन्द कार्की | सदस्य | ९८५२०४२०२२ |
| ३ | भौतिक विकास तथा योजना शाखा प्रमुख | मुरारी प्रसाद अधिकारी | पदेन सदस्य | ९८५२०२४५३२ |
| ४ | उच्च जोखिम क्षेत्रका वडा अध्यक्ष एकजना | तिलक कुमार पाण्डे | सदस्य | ९८१६३५०७६९ |
| ५ | नेपाल रेडक्रस सोसाइटी नगर सभापति | गोपाल प्रसाद रिमाल | सदस्य | ९८४२२९०७६४ |
| ६ | महिला वालवालिका शाखा प्रमुख | चन्द्रकला सुब्बा | सदस्य | ९८४२०९९८७४ |
| ७ | अपाङ्ग महासंघ नगरसमिति प्रतिनिधि | व्यास कुमार लिम्वु | सदस्य | ९८१५३११३०२ |
| ८ | ईलाका प्रहरी कार्यालय प्रमुख प्रतिनिधि | देवेन्द्र दास | सदस्य | ९८५२०९११४८ |
| ९ | उद्योग बाणिज्य संघ | शेर वहादुर भण्डारी | सदस्य | ९८५२०२३२३३ |
| १० | यातायात व्यावसायी महासंघ प्रतिनिधि | केशव वहादुर थापा | सदस्य | ९८०७३८४६७१ |

| | | | | |
|---|---|---|---|---|
| ११ | होटल व्यावसायी संघ प्रतिनिधि | मनोहरी दाहाल | सदस्य | ९८५२०४६२६७ |
| १२ | नगर प्रहरी प्रमुख | याम वहादुर कार्की | सदस्य | ९८४२०६९५०७ |

स्रोत : पालिकास्तरीय परामर्श कार्यशाला २०८१

**आपतकालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्रको क्षेत्रगत उद्देश्य**

- विपद्को कारण घरमा क्षति पुगी बस्न नसक्ने अवस्थामा रहेका प्रभावितहरूलाई आपत्कालीन आश्रय वा बासको लागि अस्थायी संरचना निर्माण गर्ने ।
- प्रभावितहरूलाई त्रिपाल, भाँडाकुँडा, लत्ताकपडा जस्ता गैर-खाद्य सामग्री वितरण गर्ने जिम्मेवारी निर्वाह गर्ने ।
- सुरक्षित तथा आरामदायी बस्ने ठाउँको प्राप्तिका लागि भौतिक एवं सामाजिक आवश्यकताहरूमा व्यक्ति तथा परिवारहरूको पहुँच सुनिश्चित गर्ने ।
- विपद्का कारणले घरवारविहीन बनेका मानिसका निमित्त स्थायी समाधानको खोजीका लागि प्रयत्न गर्नुका साथै विस्थापितलाई मानवअधिकारको उपभोग गर्न सक्षम बनाउने ।
- घरायसी आवश्यकताका भाँडाकुँडा तथा व्यक्तिगत सम्मान र मर्यादासहित दैनिक जीवनयापनका लागि आवश्यक सामग्रीहरूमा विस्थापितको समानुपातिक पहुँच गराउने ।

**पूर्वतयारी योजना**

तालिका ८९ : आपतकालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्रको पूर्वतयारी योजना

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | नेतृत्व | सहयोगी निकाय तथा संस्था | समय | अवश्यक वजेट रू हजारमा |
|---|---|---|---|---|---|
| | नगरपालिकाको विपद् जोखिम क्षेत्र नजिक खुल्ला स्थानहरु पहिचान गरी अस्थायी आश्रय स्थलको लागि आवश्यक भौतिक पूर्वाधारहरु निर्माण गर्ने । जस्तैः चर्पि, ट्युववेल, सेड आदी। | आपतकालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्र | विषयगत क्षेत्र प्रमुख, वडा समिति, पूर्वाधार विकास शाखा, साझेदार | मनसुन पूर्व | १००० जोड कोषको रुपमा |
| | यस क्षेत्रमा संलग्न सदस्य संस्थाहरूको विवरण अद्यावधिक गर्ने । सम्भावित सहयोगी निकाय तथा संस्थाहरूको पहिचान गरी आवासको लागि उपलब्ध साधन र स्रोतको सूची तयार गर्ने । | आपतकालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्र | विषयगत क्षेत्र प्रमुख, वडा समिति, पूर्वाधार विकास शाखा, साझेदार | मनसुन पूर्व | संस्थागत पहलबाट |
| | आवास तथा गैर खाद्य सामग्रीको आपूर्तिको लागि बजार र बिक्रेताका वैकल्पिक सूची बनाउने, आवश्यकता अनुसार सम्झौता गर्ने । | आपतकालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्र | विषयगत क्षेत्र प्रमुख, वडा समिति, पूर्वाधार विकास शाखा, साझेदार | मनसुन पूर्व | संस्थागत पहलबाट |
| | ५०० परिवारको लागि सेल्टर किट भण्डारण गर्ने गराउने । | आपतकालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्र | वडा समिति रेडक्रस, गैसस, उद्योग वाणिज्य संघ | मनसुन पूर्व | २००० |
| | आवास तथा गैरखाद्य सामग्री भण्डारणको सूची राख्ने नगरपालिका र अन्य सरोकारवालालाई उपलब्ध गराउने । | आपतकालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्र | वडा समिति, पूर्वाधार विकास शाखा, विकास साझेदार, रेडक्रस | मनसुन पूर्व | संस्थागत पहलबाट |
| | अस्थायी आश्रय स्थल बनाउन सुविधायुक्त खुला क्षेत्रको व्यवस्थापन र संरक्षण गर्ने । | आपतकालीन आश्रय तथा | वडा समिति, पूर्वाधार विकास शाखा, विकास साझेदार, | मनसुन पूर्व | संस्थागत पहलबाट |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | नेतृत्व | सहयोगी निकाय तथा संस्था | समय | अवश्यक वजेट रू हजारमा |
|---|---|---|---|---|---|
| | | गैरखाद्य सामग्री क्षेत्र | | | |
| | अस्थायी आश्रय वा बास निर्माणको लागि टोली गठन गर्ने र दक्षता अभिबृद्धिका लागि कृत्रिम घटना अभ्यास गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्र | वडा समिति, पूर्वाधार विकास शाखा, विकास साझेदार, | मनसुन अगाडी | ३०० |

**प्रतिकार्य योजना आपत्कालीन प्रतिकार्य योजना**

विपद आएको समयमा तथा त्यसपछि लगत्तै विस्थापित तथा प्रभावित मानिसलाई विनाभेदभाव खाद्यान्न उपलब्ध गराउनु यस क्षेत्रको कार्यधिकार हो । यसको लागि यस क्षेत्रले देहायअनुसार काम गर्नेछः

तालिका ९० : आपतकालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्रको प्रतिकार्य योजना

| क्रसं | प्रतिकार्य सम्बन्धी कार्य | परिमाण | जिम्मेवारी | सहयोगी निकाय तथा संस्था | समयावधि |
|---|---|---|---|---|---|
| | विषयगत क्षेत्रको आपत्कालीन बैठकको बस्ने । | शुरुमा १ पटक र आवश्यकता अनुसार | आश्रय तथा गैरखाद्य क्षेत्र | स्थाविव्यस नगरपालिका क्षेत्रका सदस्यहरु | विपदको संकेत देखिनासाथ |
| | विपदबाट प्रभावित क्षेत्र तथा विस्थापित मानिसको तथ्याङ्क समग्र व्यवस्थापन सूचना तथा खोजउद्धार कार्यदलबाट तत्काल प्राप्त गर्ने र आवास तथा गैरखाद्य आवश्यकता पहिचान गर्ने । | आवश्यकता अनुसार | आश्रय तथा गैरखाद्य क्षेत्र | सुरक्षा निकाय सूचना समन्वय क्षेत्र गैसस | विपद आउनासाथ शुरु गर्ने |
| | मानवीय सहयोग गर्ने संस्थाहरूसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने । | आवश्यकता अनुसार | आश्रय तथा गैरखाद्य क्षेत्र | सूचना समन्वय क्षेत्र नीजि क्षेत्र गैसस | विपद आउनासाथ शुरु गर्ने |
| | संरक्षण तथा सुरक्षा क्षेत्र सँग समन्वय गरी तत्काल लगाउने लुगाफाटो तथा अन्य खाना तथा गैरखाद्य सामग्री वितरण गर्ने (महिला, बालबालिका, सुत्केरी तथा संवेदनशील व्यक्तिलाई विशेष ध्यान दिने) | आवश्यकता अनुसार | आश्रय तथा गैरखाद्य क्षेत्र | स्थाविव्यस युवा सञ्जाल गैसस व्यापार संघ | १२ घण्टा भित्र |
| | कार्यदललाई परिस्थिति विश्लेषणको लागि प्रभावित क्षेत्रमा पठाउने र प्राप्त सूचना र अवस्थाअनुरूप कार्ययोजनाको समीक्षा गर्ने | आवश्यकता अनुसार | आश्रय तथा गैरखाद्य क्षेत्र | स्थाविव्यस युवा सञ्जाल सुरक्षा निकाय | ६ घण्टा भित्र र यसपछि निरन्तर |
| | पहिचान भएका पूर्वनिर्धारित स्थानहरूमा अस्थायी आवासमा बसोवास गराउने । पूर्वनिर्धारित स्थानमा नअटेका विस्थापितलाई त्रिपालको व्यवस्था गरी | आवश्यकता अनुसार | आश्रय तथा गैरखाद्य क्षेत्र | स्थाविव्यस युवा सञ्जाल सुरक्षा निकाय | ६ घण्टा भित्र र यसपछि निरन्तर |

| क्रसं | प्रतिकार्य सम्बन्धी कार्य | परिमाण | जिम्मेवारी | सहयोगी निकाय तथा संस्था | समयावधि |
|---|---|---|---|---|---|
| | तत्काल सुरक्षित स्थानमा बस्ने व्यवस्था मिलाउने | | | | |
| | विस्थापितलाई उद्धार गरी राखिएको क्षेत्रको निरीक्षण र थप आवश्यकताको पहिचान गर्ने | आवश्यकता अनुसार | आश्रय तथा गैरखाद्य क्षेत्र | युवा सञ्जाल सुरक्षा निकाय | ६ घण्टा भित्र र यसपछि निरन्तर |
| | आवश्यकताअनुसार ओछ्याउने, ओड्ने, लगाउने कपडा तथा खाना पकाउने, खाने भाँडावर्तन स्वीकृत मापदण्ड अनुसार वितरण गर्ने । | आवश्यकता अनुसार | आश्रय तथा गैरखाद्य क्षेत्र | नगरपालिका स्थाविव्यस व्यापार संघ | १२ घण्टा भित्र |
| | नागरिक समाजका विभिन्न क्षेत्रबाट वितरण हुने राहतको अभिलेख राख्ने र नपुग वा राहत प्राप्त गर्न नसकेका समुदायको पहिचान गरी राहत उपलब्ध गराउने । | आवश्यकता अनुसार | आश्रय तथा गैरखाद्य क्षेत्र | नगरपालिका सुरक्षा निकाय गैससहरु | नियमितरुप मा |
| | राहत वितरणसम्बन्धी कार्य, समस्या र समाधानबारे जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति तथा अन्य सरोकारवालालाई जानकारी गराउने । | आवश्यकता अनुसार | आश्रय तथा गैरखाद्य क्षेत्र | स्थाविव्यस कार्यदलहरु व्यापार संघ | हरेक दिन |
| | विस्थापितको प्रत्यक्ष सहभागितामा शिबिर व्यवस्थापन समिति गठन गरी स्फेयर मापदण्ड अनुसार हुने गरी शिविर स्थापना गर्ने । | आवश्यकता अनुसार | आश्रय तथा गैरखाद्य क्षेत्र | नगरपालिका स्थाविव्यस | विपद् पश्चात परिस्थिति हेरेर |
| | शिविरहरुको नियमित अनुगमन गर्ने र प्रभावितहरुका गुनासाहरुलाई तत्काल सम्बोधन गर्ने । | आवश्यकता अनुसार | आश्रय तथा गैरखाद्य क्षेत्र | नगरपालिका स्थाविव्यस | नियमितरुप मा |
| | अवस्था सामान्य भएपश्चात शिविर तथा सार्वजनिक स्थानबाट प्रभावितहरुको वासस्थानमा फर्काउन आवश्यक समन्वय गर्ने | १ पटक | आश्रय तथा गैरखाद्य क्षेत्र | नगरपालिका स्थाविव्यस | अवस्था सामान्य हुन थाले पछि |
| | खाद्य क्षेत्र संगको नियमित बैठक तथा प्रतिवेदन तयारी गरी सबै सरोकारवालालाई उपलब्ध गराउने | आवश्यकता अनुसार | आश्रय तथा गैरखाद्य क्षेत्र | नगरपालिका स्थाविव्यस | हरेक दिन र आवश्यकता नुसार |

### ९.३.६ संरक्षण तथा सुरक्षा क्षेत्र

तालिका नम्वर : ९१ विषयगत क्षेत्र (Cluster) को नेतृत्व गर्ने निकाय र सदस्यहरू

| क्रसं | निकाय तथा संस्था | नाम | पद | फोन मोवाइल |
|---|---|---|---|---|
| १ | महिला तथा वालवालिका शाखा प्रमुख | चन्द्रकला सुब्बा | पदेन सदस्य | ९८४२०९९८७४ |
| २ | कार्यपालिका सदस्य महिला | मनमाया तामाङ | सदस्य | ९८४२०६९०१७ |

| | | | | |
|---|---|---|---|---|
| ३ | स्थानीय प्रहरी प्रतिनिधि (महिला सेल) | ललिता मिश्र | सदस्य | ९८५२०९११४८ |
| ४ | महिला सञ्जाल प्रतिनिधि | तारा पौडेल | सदस्य | ९८५२०३९२३० |
| ५ | स्वास्थ्य शाखा प्रतिनिधि | संगिता गजमेर | सदस्य | ९८४६६८४२८८ |
| ६ | नगर प्रहरी प्रतिनिधि | चित्र भट्टराई | सदस्य | ९८१०५०६२९८ |
| ७ | जेष्ठ नागरिक नगर सञ्जाल प्रतिनिधि | ज्ञान प्रसाद निरौला | सदस्य | ९८४२१०४१२२ |
| ८ | महिला सहकारी संस्था प्रतिनिधि | लक्ष्मी तामाङ | सदस्य | |

स्रोत : पालिकास्तरीय परामर्श कार्यशाला २०८१

**संरक्षण तथा सुरक्षा क्षेत्रको क्षेत्रगत उद्देश्य**

- विपद्को समयमा महिला, गर्भवती महिला, सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरू, शिशु, बालबालिका, बृद्धबृद्धाहरूलाई संरक्षण गर्ने,
- उनीहरूको आवश्यकता बमोजिमका सरसामानहरू जस्तैः सेनेटरी प्याड, खेलकुदका सामान आदि उपलब्ध गराउने
- घरपरिवारका सदस्य गुमाएकाहरू तथा विपद्का कारण त्रसित व्यक्तिहरूलाई मनोसामाजिक परामर्श सेवा दिने र हिंसामुक्त वातावरण सिर्जना गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्ने ।
- महिला तथा बालबालिकालगायत जोखिममा परेका समूहलाई हिंसा, मानसिक तनाव, शोषण, दुर्व्यवहार, भेदभावबाट मुक्त राखी सुरक्षाको प्रत्याभूति दिनु यस क्षेत्रको उद्देश्य रहेको छ ।
- विशेषगरी जेष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति, महिलाजस्ता बढी प्रभावित हुने वर्गको संरक्षणका लागि यस क्षेत्रले काम गर्नेछ ।

**पूर्वतयारी योजना**

तालिका नम्वर ९२ : संरक्षण तथा सुरक्षा क्षेत्रको प्रतिकार्यको लागि पूर्वतयारी योजना

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | नेतृत्व | सहयोगी निकाय तथा संस्था | समय | अवश्यक वजेट रू हजारमा |
|---|---|---|---|---|---|
| | समन्वय बैठक गरी सदस्यहरूको विवरण अध्यावधिक गर्ने । | संरक्षण तथा सुरक्षा क्षेत्र | वडा समिति, स्थानीय प्रहरी, स्वास्थ्य शाखा, महिला सञ्जाल | मनसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |
| | मनोसामाजिक विमर्षर्ताहरुको विवरण अध्यावधिक गर्ने . जसमा नाम, ठेगाना, संस्थाथा, पद, मनोसाामाजिक विमर्शको क्षेत्र, सम्पर्क नम्वरहरु अध्यावधिक गर्ने | संरक्षण तथा सुरक्षा क्षेत्र | वडा समिति, स्थानीय प्रहरी, स्वास्थ्य शाखा, महिला सञ्जाल | मनसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |
| | ५०० महिलाको लागि आवश्यक सरसफाइ तथा महिनावारी व्यवस्थापन -MHM kit_ र किशोरीहरुको लागि Dignity kit भण्डारण गर्ने गराउने । यस किटमा सेनेटरी प्याड वा सेनेटरी प्याडको लागि ४ मिटर सुतिको नरम कपडा, अन्डरवेयर, तौलिया, टर्च लाईट, लुगा धुने र नुहाउने सावुन, काइयो, नेलकटर, व्रस, पेष्ट आदि राख्ने । | संरक्षण तथा सुरक्षा क्षेत्र | वडा समिति, स्थानीय प्रहरी, स्वास्थ्य शाखा, महिला सञ्जाल, विकास साझेदारहरु | मनसुन पूर्व | ५०० जोड कोषको रुपमा |
| | महिला र वालबालिका मैत्री र अपाङ्गमैत्री आवासको मापडण्ड तयार गरी आवास तथा गैर खाद्यान्न विषयगत क्षेत्रसंग समन्वय गर्ने ।<br>हरेक अस्थायी आवास क्षेत्रहरुमा महिलाहरुको लागि छुट्टै ट्वाइलेट र वाथरुम वनाउने । | संरक्षण तथा सुरक्षा क्षेत्र | स्थाविव्यस गैससहरु स्वयंसेविका, सुरक्षा निकाय | मनसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | नेतृत्व | सहयोगी निकाय तथा संस्था | समय | अवश्यक वजेट रू हजारमा |
|---|---|---|---|---|---|
| | यदि अपाङ्गता भएका व्यक्तिहरुको संख्या यकीन भएमा शौचालय र खानेपानी तथा आवास अपाङ्गतामैत्री वनाउने । महिलाहरुको लागि आवश्यक महिनावारी व्यवस्थापन किट र किशोरीहरुका लागि डिग्नीटि किट अनिवार्य व्यवस्थापन गर्ने । हरेक अस्थायी आवास क्षेत्रमा महिलाहरुको सुरक्षाको लागि रिफरल र रिपोर्टिङ्ग संयन्त्र -Referal and Reporting mechanism_ सञ्चालन कार्यविधि तयार गरी तयारी हालतमा राख्ने | | | | |
